# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०३

**मन्त्री परिषद्लाई सल्लाहकार परिषद्मा बदल्ने संशोधन**

**संविधान सभा नै किन ?**
**-नरहरि आचार्य**

**माओवादीको पछिल्लो वक्तव्य र वार्ताको संभावना**



मूल्य रु. २५/- भारतमा भा.रु. १८/-

# ध्वस्त जुम्ला





**विशेष:**
**मूल्याङ्कनको अन्तर्क्रियाउपर माधव नेपालको टिप्पणी**

# राजधानी

## राष्ट्रिय दैनिक

# विज्ञापनदातालाई खुशीको खबर !

आदरणीय विज्ञापनदाताहरुलाई अझ बढी सेवा प्रदान गर्ने हेतुले राजधानी दैनिकमा छापिने **वर्गीकृत/वर्गीकृत डिस्प्ले**को विज्ञापन दरमा केही अवधिका लागि मात्र निम्नानुसार हेरफेर गरिएको छ :

| पहिले | अब |
|---|---|
| वर्गीकृत प्रतिशब्द रु. ५/- | वर्गीकृत प्रतिशब्द रु. ३/- |
| डिस्प्ले एकपटक रु. ५००/- | डिस्प्ले एकपटक रु. ३५०/- |
| (मु.अ.क. बाहेक) | (मु.अ.क. बाहेक) |

## मौकाको फाइदा उठाउनुहोस् ।

विस्तृत जानकारीका लागि सम्पर्क:

मार्केटिङ्ग डिभिजन

**उत्सर्ग प्रकाशन प्रा.लि.**

न्यू प्लाजा, पुतलीसडक, काठमाडौं

फोन नं. :४३५८९२, ४२८९४८, ४३९२१९, फ्याक्स :९७७-१-४२८९४७

केन्द्रीय कार्यालय : राजधानी नगर, चावहिल, काठमाडौं, फोन : ४९८०८०

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २१, पूर्णाङ्क– १०३
मंसिर – २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ


**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
श्याम खड्का
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

**मूल्य : रू. २५/-**


## ध्वस्त जुम्ला र वार्ताको भविष्य ८



जुम्लामा माओवादी आक्रमण आफैंले भोग्दा
*- गौरीबहादुर कार्की*

आक्रमणपछिको जुम्लामा मैले जे देखें
*- डा. चैतन्य मिश्र*

## ७ माओवादीको पछिल्लो वक्तव्य र वार्ताको संभावना

● मन्त्रिपरिषद्लाई सल्लाहकार परिषद्मा बदल्ने संशोधन ● शैक्षिक सन्त्रास ● राष्ट्रिय कार्यकर्ता भेला र एमालेको नीति ● स्वास्थ्य सेवालाई निजीकरण गर्ने अर्को खेल ● यसरी प्रारम्भ भयो, श्रीलंकामा गृहयुद्ध

## देश पञ्चायतकालमा फर्कन लाग्यो

*अब देशलाई कुन दिशामा लाने भन्ने कुरा जनतालाई निर्णय गर्न दिनुपर्छ*
डा. सुन्दरमणि दीक्षित

३६



**माधवकुमार नेपाल**

## १२ वर्षमा कहाँ भयो गल्ती ?

एमाले सत्ताको सवालमा अलि बढ्तां केन्द्रित भयो भन्ने सवाललाई अस्वीकार गर्न सकिन्न

**नरहरि आचार्य**

## उपयुक्त विकल्प संविधानसभा

यसरी हुनसक्छ जनतालाई साँच्चै नै सार्वभौम बनाउने संविधानसभाको गठन र नयाँ संविधानको निर्माण


**हाम्रो मूल्यांकन :**
● निरंकुशताविरोधी संयुक्त संघर्ष ३
**आवरण कथा :**
● ध्वस्त जुम्ला र वार्ताको भविष्य
*- विनोद ढुंगेल* ८
● माओवादीको पछिल्लो वक्तव्य र वार्ताको संभावना ७
**कुराकानी :**
● देश पञ्चायतकालमा फर्कन लाग्यो
*- डा. सुन्दरमणि दीक्षित* ३६
● यसरी प्रारम्भ भयो, श्रीलंकामा गृहयुद्ध
*- श्याम श्रेष्ठ* ३३
**स्वास्थ्य :**
● स्वास्थ्य सेवालाई निजीकरण गर्ने जमर्को
*- शरद वन्त* १६
**घटना र प्रवृत्ति :**
● भू.पू. गोरखा सैनिकहरुको विजय ५
● सल्लाहकार परिषद्मा बदल्ने संशोधन ५
● शैक्षिक सन्त्रास
*- तुल्सीदास महर्जन* ६
● राष्ट्रिय कार्यकर्ता भेला र एमालेको नीति
*- नारायण ढकाल* १८
● निकास : जनताको प्रभुसत्ता जनतालाई नै ४५
**बहस :**
● उपयुक्त विकल्प संविधानसभा हो
*- नरहरि आचार्य* ३८
**अन्तर्क्रिया :**
१२ वर्षमा कहाँ भयो गल्ती ?
*- माधवकुमार नेपाल* ४२
**संस्कृति :**
● नेपाली संस्कृतिमा संस्कार-पर्वको महत्वबारे एक संक्षिप्त चिन्तन
*- डा प्रेमकुमार खत्री* २४
**कम्युनिष्ट विश्व :**
● पाउलो फ्रेरेको पार्टीका विशेषताहरु
*- राजेन्द्र महर्जन* २०
**दर्शन :**
● बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद
*- प्रज्ञानरत्न* २३
**आत्मकथा :**
● बाबुरामहरु पातलो मसालबाट फुटेर आएका थिए
*- निर्मल लामा* २६
**प्रतिक्रिया :**
● 'मूल्याङ्कन'बारे प्रतिक्रियाहरु
*- खगेन्द्र संग्रौला* २८
*- सुरेश ढकाल* ३०
**कविता :**
● प्रजातन्त्रको दन्त्यकथा
*- रोशन शेरचन* ३१
● भो, हेलिकप्टर !- *मनरुप नेप्च्युन* ३१
**किताब :**
● आमा र यमदूतहरु
*- गोविन्द वर्तमान* ३२
**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४१००५९ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ ।
कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. साह, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ७७१४४८

# आवश्यकता मनतातो होइन प्रभावकारी संयुक्त संघर्षको

**असोज १८** को शाही घोषणा, असोज २५ को अधिकारविहीन कठपुलती मन्त्रिपरिषद् गठन, कात्तिक ११ को सरकारको कार्य सम्पादन नियमावलीमा आधारभूत संशोधन र मंसिर २ को मन्त्रिमण्डल विस्तारले के छर्लङ्ग पारेका छन् भने अब राज्यसत्ताको लगाम सिंहदरवारमा रहेन, यो राजदरवारमा स्थानान्तरण भएको छ । नेपालमा अब संवैधानिक राजतन्त्र विद्यमान रहेन, यो सक्रिय र निरंकुश राजतन्त्रमा रुपान्तरित भएको छ ।

अहिलेको परिवर्तन केवल शेरबहादुरको सरकारको ठाउँमा लोकेन्द्रबहादुरको सरकार गठन हुनुमा मात्रै सीमित छैन, नेपालको राज्य-व्यवस्थामै गुणात्मक स्वरुपको परिवर्तन भएको छ । असोज १८ अघिको सर्वाधिकारसम्पन्न मन्त्रिपरिषद्को अधिकार क्षेत्र र त्यसपछिको सल्लाहकार मन्त्रिपरिषद्को अधिकार क्षेत्रमा आकाश जमिनको अन्तर छ । २०४७ सालको संविधानको गुदीको अपहरण भैसकेको छ, केवल बहुदलीयताको आवरणमात्र बाँकी देखिएको छ ।

२०४७ सालको संविधानले त नेपालमा निर्वाचित संसदले बनाएको सरकार र कानूनको आधारमा शासन गर्ने व्यवस्था गरेको थियो । तर यहाँ अहिले अध्यादेश र हुकुमको भरमा शासन गर्ने प्रणाली शुरु भएको छ । संविधानतः जनतामा निहित प्रभुसत्ता र राजकीय सत्ता अब बलपूर्वक स्वयम् घोषणाद्वारा दरवारमा निहित भएको दाबी गरिएको छ । नेपालमा राजनीतिक तवरले प्रतिक्रान्ति घटित भएको छ ।

जनता र दरवारबीच कायम भएको सम्झौता एकतर्फी रुपमा दरवारबाट तेस्रोपटक भंग भएको छ : पहिलो पटक २००७ सालमा, अर्को १७ सालमा र तेस्रो अहिले २०५९ सालमा । धोखा सहँदासहँदा नेपालीहरु दरवारसितको सम्झौताप्रति नै आजित भएका छन् । एउटा ठूलो विश्वासको संकट जनसमुदायमा पैदा भएको छ । एउटा अहं प्रश्न नेपालीहरुको मनमस्तिष्कमा सिर्जना भएको छः बेलायत र जापानमा झैं संवैधानिक राजतन्त्रलाई उच्च सम्मान दिएर राखिएको दरवार नेपालमा हरेक पटक निरंकुश



वसन्तपुरमा कांग्रेसको विशाल आमसभा

राजतन्त्रमै जान किन उद्वेलित भइरहन्छ ? के राजतन्त्र र प्रजातन्त्र एकसाथ अस्तित्वमा रहन नसक्ने कुरा हाम्रो देशमा प्रमाणित भएको हो ?

हामीलाई लाग्दछ, सम्वैधानिक राजतन्त्रकै सीमाभित्र विवादरहित र सम्मानित भएर बस्ने बाटो रोज्नुमै राजतन्त्रको दीर्घकालीन कल्याण छ । २१ औं शताब्दीमा पनि राजतन्त्र निरंकुश र सक्रिय हुन खोज्ने हो भने असन्तुष्ट आमजनताहरु त्यसको ध्रुवीय प्रतिक्रियामा गणतन्त्रतर्फ उन्मुख हुने सम्भावना प्रबल छ ।

दरवारको असोज १८ को शाही घोषणापछि नेपालका जनअधिकारका पक्षधर सबै राजनीतिक दलहरुले त्यसको तीब्र विरोध गरेका छन् । तर कमजोरी के देखिएको छ भने उद्देश्य एउटै भएर पनि आन्दोलन एकताबद्ध र प्रभावकारी हुन सकेको छैन र संघर्षमा जनसहभागितालाई व्यापक र गहन पार्न सकिएको छैन । मनतातो पानीले भात पाक्दैन भनेझैं मनतातो संघर्षले पनि कुनै प्रतिफल ल्याउँदैन । एकताबद्ध संघर्षका निम्ति संयुक्त वाम मोर्चा, नेपाल र जनमोर्चा, नेपालले बारम्बार पहल गरेका छन् । तर मूलतः एमाले निर्णायक स्थानमा भएर पनि संयुक्त संघर्षका निम्ति तम्तयार भइरहेको छैन । ऊ प्रतिगमनविरुद्ध नेपाली कांग्रेसजति पनि जुझारु, दृढ र संयुक्त संघर्षको पक्षधर देखापरिरहेका छैन । आखिर किन ?

हामीलाई लाग्छ, एमालेले आफ्नो वर्तमान ढुलमुले प्रवृत्तिमा व्यापक हेरफेर ल्याउनु जरुरी छ । ऊ संयुक्त संघर्षको अगुवा भएर निक्लिनु जरुरी छ । एमाले दृढ र जुझारु भएर निक्लियो भने वर्तमान आन्दोलनको स्वरुप र शक्तिमै गुणात्मक हेरफेर आउन संभव देखिन्छ । दरवार त्यो स्थितिमा आफ्नो कदमबाट पछि हट्न बाध्य हुनसक्ने देखिन्छ । ध्येय एउटै भएका प्रतिगमनविरोधी शक्तिहरुले एक्लाएक्लै मनतातो आन्दोलन गरिरहँदा नाक जोगाउने निहुँसम्म प्राप्त होला, तर निरंकुशतन्त्रतिरको प्रतिगमनचाहीँ कदापि विफल हुनसक्दैन । संयुक्त जनआन्दोलन नै यतिबेलाको राष्ट्रको अपरिहार्य आवश्यकता हो । प्रतिगमनविरोधी सबै शक्ति अविलम्ब एकजूट भएर अहिलेको दोष र अपूर्णताबाट मुक्त प्रजातन्त्रको निम्ति प्रभावकारी संघर्ष गर्ने हो भने संघर्षमा विजय सुनिश्चित छ ।

यो पंक्ति लेखिरहँदा एमालेले संयुक्त आन्दोलनका लागि पहल गर्ने खबर प्रकाशनमा आएको छ। साथसाथै, माओवादीले राजनीतिक कार्यकर्ताहरुमाथि अपराधी र सुराकी भएपनि कार्वाही नगर्ने निर्णय गरेको खबर पनि प्रकाशनमा आएको छ। यी दुवै निर्णय स्वागतयोग्य छन् । यी निर्णयले संयुक्त आन्दोलनको वातावरण तैयार पार्न महत्वपूर्ण भूमिका खेल्नेछन् भन्ने आशा गर्न सकिन्छ । हामी आशा गरौं- आउँदो महिना प्रभावकारी जनआन्दोलनको महिना हुनेछ । ❑

# मन्त्रिपरिषद्लाई सल्लाहकार परिषद्मा बदल्ने संशोधन

"कार्यकारी अधिकार राजाबाट मन्त्रिपरिषद्मा सरिसक्यो" भन्नेहरूलाई कार्तिक ११ मा संशोधित श्री ५ को सरकारको कार्य सम्पादन नियमावली, २०४७ ले गालामा बलियो चड्कन हान्ने कार्य गरेको छ । नियमावलीको यो संशोधनले के प्रष्ट पारेको छ भने अहिलेको लोकेन्द्रबहादुर चन्दको मन्त्रिपरिषद्ले नेपालको संविधान-२०४७ मुताविकको सर्वाधिकारसम्पन्न मन्त्रिपरिषद् होइन, यो केवल सल्लाहकार परिषद् हो- सक्रिय र कार्यकारी राजाको । अरू त अरू, यो सरकारले अब एकजना सचिव, सैनिक महासेनानी र आई.जी.पी.समेत आफूखुसी नियुक्ति र सरुवा-बढुवा गर्न सक्दैन, न त यसले अब कुनै विदेशी राष्ट्रसित कुनै सन्धि-सम्झौता नै गर्न सक्छ । यो नियमावली संशोधनले मन्त्रिपरिषद्को कार्यक्षेत्रलाई ज्यादै सीमित र संकुचित बनाएको छ । २०३७ सालपछिको पंचायतकालीन मन्त्रिपरिषद् जति पनि कार्यकारी अधिकार बाँकी रहेन यो मन्त्रिपरिषद्सित । राज्य संचालनको कुनै पनि महत्वपूर्ण कार्यकारी काम गर्न राजालाई सल्लाह टक्र्याउनुबाहेक वर्तमान मन्त्रिपरिषद्को अब कुनै हैसियत बाँकी देखिँदैन । त्यो सल्लाह मान्नु नमान्नु राजाको खुसीको कुरो हुनेछ ।

त्यसो त यो कार्य सम्पादन नियमावलीमा संशोधन मन्त्रिपरिषद् स्वयंले गरेको हो । तर यो कस्तो मन्त्रिपरिषद् हो, जसले आफू स्वयंले आफू स्वयंलाई यति पंगु र अधिकारविहीन पार्ने निर्णय गर्नसक्छ ? सायद नेपाल र विश्वमै मन्त्रिपरिषद्ले यस्तो गरेको यो पहिलो उदाहरण हुनसक्छ ।

पहिलोपटक २०४७ मा बनेको श्री ५ को सरकारको कार्य सम्पादन नियमावली भनेको त्यो आधार दस्तावेज हो, जसमा राजा, प्रधानमन्त्री, मन्त्रिपरिषद् र मन्त्रीहरूको अधिकार, कार्यक्षेत्र र कार्य सम्पादन प्रक्रिया तोकिएको हुन्छ । यो दस्तावेज मन्त्रिपरिषद् स्वयंले बनाउन सक्ने र आवश्यकता परेमा त्यसैले मात्र संशोधन गर्न सक्ने दस्तावेज हो । तर यो कार्यान्वयनमा लानुअघि राजाको पूर्व सहमति भने लिनुपर्दछ । यो दस्तावेज सामान्यतया बाहिर सार्वजनिक जानकारीमा ल्याइने कागजात होइन । र, यसअनुसार कसैले काम गर्‍यो गरेन, यसको पालना कसैले गर्‍यो गरेन भनेर अदालतमा पनि प्रश्न उठाउन सकिन्न । यो एउटा आन्तरिक तर प्रमुख आधारपत्र हो । जसअनुसार दरवार र मन्त्रिपरिषद्को, राजा र प्रधानमन्त्रीको, प्र.मं. र मन्त्रीको कार्यक्षेत्र, अधिकार क्षेत्र, सम्बन्ध र कार्य सम्पादन गर्ने प्रक्रिया निर्धारित हुन्छ । यसको सामान्य संशोधन विगतमा नभएको होइन, २०४८ र २०५२ सालमा यसको संशोधन भएको थियो । तर मन्त्रिपरिषद् स्वयंलाई राजाको कठपुतलीमा बदल्ने गरी नियमावलीमा संशोधन भएको यो पहिलो पटक हो ।

गत डेढ महिनाभित्र भएका तीनवटा कार्यहरू दुईवटा मन्त्रिपरिषद् गठन पुनर्गठन गर्ने निर्णयसँग यो नियमावली संशोधनलाई गाँसेर हेर्नुपर्दछ, अनिमात्र यो अर्थपूर्ण हुन सक्छ । असोज १८ को शाही घोषणा, कार्तिक २५ र

मंसिर २ को मन्त्रीपरिषद् गठन-पुनर्गठन प्रक्रिया, १२ मंसिरको चन्द सरकारकै सिफारिसमा भएको राजपरिवार खर्च व्यवस्थासम्बन्धी अध्यादेश र सार्वजनिक सेवा (सञ्चालन, अनुगमन तथा निरीक्षण) अध्यादेश २०५८ नाउँको दौडाहा टोलीसम्बन्धी अध्यादेश र कार्तिक ११ को नियमावली संशोधन एक आपसमा अभिन्नरूपले अन्तर्सम्बन्धित छन् । यस्तो भन्न सकिन्छ- असोज १८ को शाही घोषणाले र बीचका अरू कामले राज्यसत्ता सिंहदरबारबाट राजदरबारमा सार्न जग हाल्ने र महल बनाउने कार्य गरेको थियो, कार्य सम्पादन नियमावलीको संशोधनले चाहिँ त्यो प्रक्रियामा छानो लगाउने कार्य गरेको छ । नियमावली संशोधनपछि अब सत्ताधिकार सिंहदरबारमा ठ्याप्पै बाँकी रहेन, यो पूर्णतया दरबारमा सरेको छ । पोहोर राजदरबार हत्याकाण्डपछि नियमावली संशोधनसम्म आइपुग्दा नेपालमा राजनीतिक प्रतिक्रान्तिको एउटा चक्र पूरा भएको छ । विगत डेढ वर्षमा सम्वैधानिक राजतन्त्र अब पूर्ण स्वरूपमा पुनः सक्रिय र निरंकुश राजतन्त्रमा रूपान्तरित भएको छ । अब केवल बहुदलीय ढाँचाको बाहिरी राजनीतिक खोल वा स्वरूपमात्र बाँकी छ ।

यसअघिसम्म जननिर्वाचित सरकारले गरेको निर्णयलाई राजाले लालमोहर लगाएर अनुमोदन गर्ने चलन थियो । गएको ११ वर्षदेखिको यो कार्यपद्धति अब पूरै उल्टिएको छ । अब दरबारले प्रमुख कार्यकारी निर्णयहरू स्वीकार गरिसकेपछि मात्र मन्त्रिपरिषद्ले त्यसलाई निर्णय वा निर्देशनको रूपमा परिपालना गर्नुपर्नेछ ।

राजपत्रांकित विशिष्ट श्रेणीका कुनै पनि पदाधिकारीको नियुक्ति, सरूवा र बढुवा गर्ने निर्णय अब पहिलेजस्तो मन्त्रिपरिषद्ले स्वतन्त्र रूपमा गर्नसक्ने छैन । त्यसको निम्ति राजाको सहमति अनिवार्य हुनेछ । यसको मतलब सहसचिव र सचिवहरूले अब मन्त्रिपरिषद्को खटनमा बस्नुपर्ने छैन, उनीहरू अब दरबारको खटनमा चल्नुपर्नेछ । यस्तो भएपछि निजामति प्रशासनमाथि मन्त्रिपरिषद्को नियन्त्रण बाँकी रहने छैन । जुन मन्त्रिपरिषद्ले नियुक्ति, सरूवा, बढुवा केही पनि गर्न सक्दैन, त्यसलाई सचिव, सह-सचिवले टेर्नु पर्ने आवश्यकता के रहन्छ ?

त्यस्तै, गृहमन्त्रालयलाई अब सशस्त्र प्रहरी र जनपद प्रहरीका आइजीपी र डिआइजीले पनि नटेर्नसक्छ, किनभने अब उनीहरूको पद सिर्जना, नियुक्ति, सरूवा, बढुवा, राजीनामा, सजायँ गृहमन्त्रालय एक्लैको निर्णयबाट हुँदैन । राजदरबारले स्वीकृति दिएमा मात्र त्यो कुरा लागू हुनसक्छ । यस्तो भएपछि सिंगो प्रहरी प्रशासन मन्त्रिपरिषद्को नियन्त्रणमा नरहनसक्छ । सेना त पहिलेदेखि दरबारको खटनमा थियो नै, अब प्रहरी प्रशासन र निजामति प्रशासनमाथि पनि मन्त्रिपरिषद्को पकड बाँकी नरहेपछि मन्त्रिपरिषद्को हातमा बाँकी रह्यो नै के त ? यसप्रकार, यो नियमावली संशोधनले राज्यसत्ता र राज्य-व्यवस्था वास्तविक रूपमा सिंहदरबारबाट राजदरबारमा स्थानान्तरण गरेको छ ।

अब अर्थमन्त्रालय र परराष्ट्र मन्त्रालयको कार्यक्षेत्र र अधिकार क्षेत्र पनि ज्यादै खुम्चन गएको छ । कुनै पनि विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ-संस्थासित यिनीहरूले अब स्वतन्त्र रूपमा आर्थिक-राजनीतिक सन्धि-सम्झौता गर्न सक्ने छैनन्, त्यसको निम्ति पहिले दरबारको अनुमति जरूरी हुनेछ । विदेशी सरकार र संघ-संस्थासित बहन गर्नुपर्ने दायित्व, बचनबद्धता र विदेशी सहायतासम्बन्धी महत्वपूर्ण कुरो छिनोफानो गर्न पनि मन्त्रिपरिषद्ले निर्णय गर्नुअघि राजाको अनुमति जरूरी हुनेछ । यतिसम्म कि सरकारी सम्पत्ति, दान दातव्य, हस्तान्तरण र बेचबिखनसमेत दरबारको अनुमतिविना मन्त्रिपरिषद् एक्लैले निर्णय गर्नसक्ने छैन । अब हरिसिद्धी ईँटा टायलको बेचबिखन वा शानेवानिको निजीकरण-सम्बन्धी निर्णयसमेत सम्बन्धित मन्त्रालयले स्वतन्त्र रूपमा गर्नसक्ने छैन ।

एउटा नियमावलीको संशोधनले पनि सिंगो संविधान संशोधन गर्नसक्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो यो । यो नियमावलीको संशोधनले नेपालको संविधानको धारा ३५ (२) र (३) को त्यो व्यवस्थालाई निष्क्रिय बनाएको छ, जसमा श्री ५ बाट गरिबक्सने सबै कार्यहरू 'मन्त्रीपरिषद्को सल्लाह र सम्मति'मा गरिने र 'नेपाल अधिराज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन, गर्ने अभिभारा मन्त्रिपरिषद्उपर रहनेछ' भनेर किटान गरिएको छ । यो संशोधनले पहिलेको व्यवस्था पूरै उल्ट्याएर मन्त्रिपरिषद्को 'सम्मति'मा राजाले कार्यकारी निर्णय गर्ने होइन, राजाको सम्मतिमा मन्त्रिपरिषद्ले कार्यकारी निर्णय गर्ने प्रणाली बसाल्न खोजेको छ । अब नेपाल अधिराज्यको शासन व्यवस्थाको 'निर्देशन, नियन्त्रण र संचालन' मन्त्रिपरिषद्ले होइन, राजदरबारले गर्नेछ, मन्त्रिपरिषद्को कामचाहिँ सल्लाह र सम्मति होइन, सल्लाहमात्र प्रदान गर्नु हुनेछ । ❑

## सरकारको कार्य सम्पादन नियमावलीमा संशोधन

**राजाको स्वीकृति पाएपछि मात्र मन्त्रिपरिषद् अर्थात् सरकारले निर्णय गर्न सक्ने विषयहरु (११ कात्तिक, २०५९ पछिको प्रावधान)**

१. शाही सेनाका महासेनानी वा सो सरह र सोभन्दा माथिका अधिकृतहरू (प्रधानसेनापति बाहेक)का पदहरूको सिर्जना, नियुक्ति , सरूवा, बढुवा र ती पदहरूबाट राजीनामा ।

२. सशस्त्र प्रहरी नायव महानिरीक्षक वा सो सरह र सोभन्दा माथिका अधिकृतहरूलाई दिइने सजायँ ।

३. महासेनानी वा सो सरह र सोभन्दा माथिका अधिकृतहरूलाई दिइने सजायँ ।

४. शाही नेपाली सेनाको कार्यालयको स्थापना, स्थानान्तरण र खारेजी ।

५. प्रचलित कानूनबमोजिम सशस्त्र प्रहरी नायव महानिरीक्षक वा सो सरह र सोभन्दा माथिका पदको सिर्जना, नियुक्ति , सरूवा, बढुवा र पदहरूबाट राजीनामा ।

६. प्रहरी नायव महानिरीक्षक वा सो सरह र सोभन्दा माथिका अधिकृतहरूलाई दिइने सजायँ ।

७. सशस्त्र प्रहरी बलको कार्यालय स्थापना, स्थानान्तरण र खारेजी ।

८. शान्ति सेना वा यस्तै अन्य कार्यमा सेना खटाइने विषय ।

९. विदेशी राष्ट्र वा सरकारसँग हुने सन्धि-सम्झौतासम्बन्धी विषय ।

१०. प्रचलित कानून बमोजिम राजपत्रांकित विशिष्ट श्रेणीका पदहरूमा नियुक्ति, सरूवा र बढुवा ।

११. प्रचलित कानूनबमोजिम प्रहरी नायव महानिरीक्षक वा सो सरह र सोभन्दा माथिका पदको सिर्जना, नियुक्ति, सरूवा, बढुवा र पदहरूबाट राजीनामा ।

१२. विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँग हुने सन्धि-सम्झौता वा बहन गर्नुपर्ने दायित्व, बंचनबद्धता र तत्सम्बन्धी विषय तथा वैदेशिक सहायतासम्बन्धी अन्य महत्वपूर्ण कुराहरू ।

१३. सरकारी सम्पत्ति दानदातव्य, हस्तान्तरण र बेचबिखन ।

## भू.पू. गोरखा सैनिकहरूको विजय

दोस्रो विश्वयुद्धको समयमा जापानद्वारा युद्धबन्दी बनाइएका पूर्व ब्रिटिश गोरखा सैनिकहरूले पनि पूर्व ब्रिटिश युद्धबन्दी सैनिकहरूसरह प्रतिव्यक्ति १० हजार पाउण्ड क्षतिपूर्ति पाउने भएका छन् । यही क्षतिपूर्ति पाउन र बेलायती सैनिकसरह समान पेन्सन पाउनका लागि गोरखा भू.पू. सैनिक संघले १० वर्षदेखि बेलायत सरकारविरूद्ध संघर्ष गर्दै आइरहेको थियो । दोस्रो विश्वयुद्धमा लडेका नेपाली सैनिकहरू भारतीय सेनाको भएकाले उनीहरूले बेलायती युद्धबन्दीसरह क्षतिपूर्ति नपाउने कुरा बेलायतको रक्षा मन्त्रालयले भनेको थियो । तर युद्धबन्दी बनाइएका केही गोरखा सैनिकहरूले बेलायती रक्षा मन्त्रालयविरूद्ध मुद्दा दायर गरेका थिए । नोभेम्बर २७, २००२ (मंसिर ११ गते) बेलायतको उच्च अदालतले नेपाली युद्धबन्दी सैनिकहरूलाई पनि बेलायती युद्धबन्दी सैनिकहरूसरह नै क्षतिपूर्ति दिनुपर्ने फैसला गऱ्यो । गोरखा भू.पू. सैनिक संघका अध्यक्ष पद्मबहादुर गुरूङका अनुसार यो फैसला गोरखा भू.पू. सैनिकको अधिकारको लडाईंमा एउटा महत्वपूर्ण फड्को हो । गोरखा भूपू सैनिक संघले नोभेम्बर २७ को दिनलाई विजय दिवसको रूपमा मनाउने घोषणा गरेको छ ।

अझै पनि गोरखा सैनिकले बेलायती सैनिकहरू समान सुविधा पाएका छैनन् । भू.पू. गोरखा सैनिकहरूले अझै पनि बेलायती भू.पू. सैनिकले पाउनेभन्दा दुईतिहाइ कम निवृतिभरण पाउँछन् । त्यही असमान व्यवहारविरूद्ध गोरखा भू.पू. सैनिक संघले बेलायतको उच्च अदालतमा मुद्दा हालेको छ । त्यो मुद्दा पनि छिट्टै फैसला हुँदैछ र त्यसमा पनि नेपाली सैनिकहरूको पक्षमा नै फैसला हुनेछ भन्ने कुरामा गोरखा भू.पू. सैनिक संघका महासचिव कृष्णकुमार राई आशावादी हुनुहुन्छ । ❑

# शैक्षिक सन्त्रास


**नेकपा** (माओवादी)सँग सम्बद्ध विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले आह्वान गरेको आउँदो मंसिर २३ गते देखिको उपत्यकाव्यापी अनिश्चितकालीन र २६, २७ गतेको देशव्यापी शैक्षिक हड्तालले गर्दा अहिले शैक्षिक क्षेत्र निकै त्रस्त हुन पुगेको छ ।

अखिल (क्रान्तिकारी)ले गत वर्ष श्री ५ को सरकार, शिक्षा तथा खेलकूद मन्त्रालयसमक्ष १३ सूत्रीय माग पेश गरेको थियो । र, ती मागहरू पूरा गराउने उद्देश्यले उसले अहिलेसम्ममा कैयौं पटक शैक्षिक हड्ताल आह्वान गरिसकेको छ । गत वर्षको एस. एल. सी. परीक्षाको मुखमा पनि नेकपा (माओवादी)को पाँच दिने 'नेपाल बन्द'को आह्वानले पनि शैक्षिक क्षेत्रलाई निकै नै अप्ठेरोमा पारेको थियो । तर जनताको व्यापक दवावको कारणबाट पछि त्यो हड्ताल तत्काललाई स्थगन गरी परीक्षा सकिएपछिको मितिमा सारिएको थियो ।

अखिल (क्रान्तिकारी)का अध्यक्ष देवेन्द्र पराजुलीद्वारा मंसिर २ गते जारी गरिएको प्रेस विज्ञप्तिमा आफ्नो संगठनले प्रस्तुत गरेका १३ सूत्रीय मागप्रति सरकार अलिकति पनि गम्भीर नदेखिएको कारणले अहिलेको हड्ताल आह्वान गर्नु परेको कुरा दाबी गरिएको छ । विज्ञप्तिमा सो संगठनले निजी विद्यालयहरूमा ५० प्रतिशत शुल्क घटाउनु पर्ने, शिक्षामा व्यापारीकरण रोक्नु पर्ने जस्ता पछिल्लो पटक सरकारसमक्ष प्रस्तुत गरेका विभिन्न मागहरूप्रति सरकारले समय अगावै सकारात्मक प्रतिक्रिया नदिएमा मंसिर २३ गतेदेखि उपत्यकाव्यापी अनिश्चितकालीन र २६, २७ गते देशव्यापी शैक्षिक हड्ताल गर्ने कुरा उल्लेख गरिएको छ ।

अहिले आह्वान गरिएको हड्तालले उपत्यकाभित्र मात्रै करिब २ हजार ५ सय शिक्षण संस्थाका करीब ३ लाख विद्यार्थीहरू प्रत्यक्ष रूपमा प्रभावित हुनेछन् । यसैबीच निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन)ले हड्ताल फिर्ता नलिइएमा हड्तालको समयमा निजी विद्यालयहरू संचालन नगर्ने जानकारी सरकारलाई दिएको छ ।

अखिल क्रान्तिकारीले सरकारसमक्ष राखेका शैक्षिक मागहरूप्रति बौद्धिक समुदायलगायत सर्वसाधारणहरूको नकारात्मक टिप्पणी भेटिँदैन । सो संगठनले पटक-पटक आह्वान गर्ने हड्ताललाई मध्यनजर राखी गत वर्ष शिक्षा तथा खेलकूद मन्त्रालयले शैक्षिक समस्याको पहिचान गरी समाधानका उपायसहितको प्रतिवेदन प्रस्तुत गर्न डा. निर्मलप्रसाद पाण्डेको संयोजकत्वमा डा.मनप्रसाद वाग्ले, शिवराज लोहनी, चुमानसिंह बस्नेत र रामसरोवर दुवे सदस्य रहेको पाँच सदस्यीय उच्चस्तरीय कार्यसमिति गठन गरेको थियो । तर उक्त समितिले बुझाएको प्रतिवेदनलाई अहिलेसम्म सरकारले कार्यान्वयनमा ल्याएको देखिदैन । सोही समितिका एक वरिष्ठ सदस्य डा. मनप्रसाद वाग्लेले अखिल क्रान्तिकारीले राखेका मागहरू जायज हुन् भने सरकारले पूरा गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।



देवेन्द्र पराजुली

तर पटक-पटक दवावपूर्ण ढंगले शैक्षिक संस्थाहरू बन्द गर्ने कार्वाहीप्रति भने उनी सहमत देखिँदैनन् ।

अखिल क्रान्तिकारी प्रत्यक्ष रूपमा नै नेकपा (माओवादी)सँग सम्बद्ध भएको बुझिएको र यसको कार्यशैली दवाब तथा हिंसात्मक भएकोले ऊसँग अभिभावक तथा सर्वसाधारण जनता त्रस्त देखिन्छन् । अहिलेको समयमा अखिल क्रान्तिकारीले आह्वान गरेका हड्तालहरूलाई कसैले पनि अवज्ञा गर्दैनन् । किनकि यसअघिको सरकारमात्र होइन अहिलेको सरकारले पनि जनतालाई सुरक्षा दिन नसकेको कुरा प्रष्ट छ । त्रासकै कारणले हड्तालको समयमा न शिक्षकहरूले स्कूलमा पढाइ गर्छन् न त अभिभावकहरूले नै आफ्ना छोराछोरीहरूलाई स्कूल पठाउँछन् ।

अहिले सर्वसाधारण जनता अत्यन्तै अन्योलमा परेका छन् । एकातिर अखिल (क्रान्तिकारी)ले हड्तालको आह्वान गरेको छ भने अर्कोतिर त्यस हड्तालप्रति सरकारको कुनै चासो देखिंदैन । हिजो कुनै निश्चित समयको लागि आह्वान गरिएको हड्तालमा त विद्यार्थी-अभिभावकहरूले त्यो अवधिको समाप्तिलाई पर्खेर आफूलाई आश्वस्त पार्ने काम गरे, तर यो अनिश्चितकालीन हड्तालमा अब उनीहरू केलाई हेरेर आश्वस्त हुन्छन् ?

त्यसैले अहिलेको अनिश्चितकालीन शैक्षिक हड्तालले नेपालको शैक्षिक गतिलाई नराम्ररी नै अवरूद्ध पार्नेछ । विचार गर्नुपर्ने कुरा के छ भने नेपालमा शैक्षिक गति अवरूद्ध भएर यहाँका हुनेखाने वर्गलाई खासै असर हुँदैन । किनकि अहिले पनि थुप्रै मध्यमवर्गका छोराछोरीहरू विदेशमा गएर पढिरहेका छन् । र, अहिले यहाँ शिक्षण संस्थाहरू अनिश्चितकालीन बन्द भएमा, निश्चित छः बाँकी मध्यम वर्गका छोराछोरीहरू पनि विदेशमा गएर पढ्न जानेछन् ।

यस्तो बन्दबाट अत्यन्तै नराम्ररी प्रभावित हुने तप्का भनेको मजदूर, किसान, साना व्यापारी, शिक्षक-कर्मचारीहरू तथा अन्य निम्न आयका वर्गहरू हुन् । किनकि उनीहरूले आफ्ना छोराछोरीहरूलाई विदेशमा पढ्न पठाउन सक्दैनन् । त्यसैले यस सवालमा सरकार तथा विद्रोही पक्ष दुबैले गम्भीर रूपमा सोच्नु जरूरी छ ।

**अखिल क्रान्तिकारीका मागहरू जायज छन् तर दवावपूर्ण ढंगले शैक्षिक संस्थाहरू बन्द गर्ने कार्वाहीहरू नाजायज छन् भन्नेहरू बेसी छन्**

आफूलाई अलिकति पनि सर्वसाधारण जनताप्रति जिम्मेवार ठान्छ भने सरकारले यो अनिश्चितकालीन हड्ताललाई आँखा चिम्लिनु पटक्कै मिल्दैन । उसले विद्रोही विद्यार्थीहरूलाई वार्तामा ल्याई यो समस्यालाई समयमै सुल्झाउने प्रयत्न गर्नु पर्दछ । यदि सरकार यस मामलामा पटक्कै लचिलो हुँदैन र विद्रोहीहरूलाई दबाएर मात्रै समस्या समाधान हुन्छ भन्ने ठान्छ भने त्यसले थप मूठभेडको स्थिति सृजना गर्ने मात्र होइन, समस्यालाई अरू जटिल बनाउनेछ ।

अर्को कुरो, अखिल क्रान्तिकारीको यो अनिश्चितकालीन बन्दको कार्यक्रमले ऊस्वयंलाई सर्वसाधारणबीच अरू अलोकप्रिय बनाउनेछ । उसले 'सर्वसाधारण जनताका छोराछोरीहरूको राम्रो भविष्यका लागि' भनेर उनीहरूकै कुभलो हुने कार्यक्रम गर्दैछ । किनकि यो अनिश्चितकालीन हड्तालले उपत्यकामा मात्रै लाखौं विद्यार्थीहरूको भविष्य अन्धकारमा डुब्ने निश्चित छ । त्यसैले विद्यार्थीहरूको हक र हितको लागि क्रियाशील संगठन भनेर आफूलाई दाबी गर्ने अखिल क्रान्तिकारीले यस मामिलामा गम्भीर रूपमा सोच्नु जरूरी छ ।

यसैबीच मंसिरको दोस्रो हप्ताको अन्त्यतिर एक विज्ञप्ति जारी गरी अखिल क्रान्तिकारीका अध्यक्ष देवेन्द्र पराजुलीले सरकारले यदि उनीहरूमाथि लगाइरहेको 'आतंककारी'को घोषणा फिर्ता लिइन्छ र समाधानका लागि वार्ता गरिन्छ भने हड्तालबारे पुनर्विचार गर्न सकिने कुरा बताएका छन् । यसले अब सरकार र अखिल क्रान्तिकारीबीच वार्ता हुन्छ र बन्दको कार्यक्रमलाई सकारात्मक घुम्तीतर्फ लग्ने छ भन्ने आशा जन्माएको छ ।

वास्तवमा अहिले सर्वसाधारण जनताहरू अखिल क्रान्तिकारीले राखेका कतिपय मागहरूप्रति सकारात्मक देखिए पनि उसको अनिश्चितकालीन बन्दको घोषणाप्रति कोही पनि सहमत देखिंदैनन् । उनीहरू सरकार र विद्रोही दुबैदेखि रूष्ट छन् । किनकि एकातिर विद्रोही विद्यार्थी संगठनले जबर्जस्त हिंसात्मक कार्वाहीको आडमा बन्दको घोषणा गरेर सर्वसाधारण जनताका छोराछोरीहरूको भविष्यलाई अन्धकारमा धकेल्ने काम गरेको छ भने अर्कोतिर यो समस्यालाई जिम्मेवार ढंगले सुल्झाउन सरकारले केही पनि कदम उठाएको छैन ।

यस्तो परिस्थितिमा लाखौं विद्यार्थीहरूको भविष्यलाई ध्यानमा राखी सरकारले अखिल (क्रान्तिकारी)माथि आरोपित 'आतंककारी' को घोषणा फिर्ता लिएर विद्रोही विद्यार्थीहरूलाई वार्तामा ल्याएर समस्याको समाधान शान्तिपूर्ण रूपमा गर्न खोज्नु जरूरी छ । त्यस्तै, अखिल (क्रान्तिकारी)ले पनि अहिले घोषणा गरिराखेको अनिश्चितकालीन हड्ताललाई पुनर्विचार गरी स्थगन गरेर वार्ताको टेबुलमा आउनु आफ्नो लागि पनि श्रेयस्कर हुन्छ भन्ने कुरा बुझ्नु जरूरी छ ।

● *तुल्सीदास महर्जन*



# माओवादीको पछिल्लो वक्तव्य र वार्ताको सम्भावना

**मंसिर १७** गते माओवादी पार्टीको पोलिट्व्यूरोको हालैको वैठकका निर्णयहरू सार्वजनिक गर्न अध्यक्ष प्रचण्डद्वारा जारी गरिएको ताजा प्रेस-विज्ञप्तिले गतिरोधग्रस्त नेपाली राजनीतिमा नयाँ चहलपहल ल्याइदिएको छ । विशेषतः वार्ता टोलीको गठनको खवरले हिंसा-हत्याद्वारा वाक्कदिक्क भएका जनतामा त्राणको आशा जगाएको छ । अब के साँच्चै माओवादीहरू सरकारसित तुरून्तै वार्ता गर्न राजी भए त ? उनीहरू अब के चन्द सरकारलाई मान्यता दिन राजी भए ? यी प्रश्नहरू यतिबेला चारैतिर ज्वारभाटाझैं उठिरहेका छन् ।

माओवादी अगुवाको वक्तव्यले "पुरानो सत्ताका वर्तमान संचालकसित"समेत वार्ता गर्न सकिने कुरा उल्लेख गरेकाले यस्तो संशय चारैतिर जागेको हो । तर यसको अर्थ चन्द सरकारसित वार्ता गर्न माओवादी तयार भएको भन्ने चाहिं निक्लिँदैन । मेरो ठम्याइमा पुरानो सत्ताको वर्तमान संचालक भनेको वर्तमान समयमा कार्यपालिकाको अधिकार आफूमा लिएको दरवारलाई संकेत गरेको हो । किनभने अहिले त चन्द सरकार पुरानो सत्ताको नयाँ संचालकको रूपमा विद्यमान नै छैन; ऊसित कुनै सत्ताधिकार नै छैन । दरवारलाई सल्लाह टक्र्याउनुसिवाय उसले केही पनि गर्ने हैसियत राख्दैन । त्यस्तो सरकारसित वार्ता गर्नुको उपादेयता नै के ?

यो वक्तव्यले फेरि पनि पहिलेकै निरन्तरतामा वार्ताको लागि गोलमेच सम्मेलनकै कुरो उठाएको छ । माओवादीले पहिलेदेखि वार्ताको प्रमुख एजेण्डाका रूपमा उठाउँदै आएको अन्तरिम सरकार र संविधानसभाको एजेण्डा फेरि पनि यो वक्तव्यमा उठाएको छ । यसको तात्पर्य के हो भने वार्ता टोली गठन भए पनि माओवादीले गर्न खोजेको वार्ता भनेको दरवार एक्लैसित होइन, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि- वौद्धिक व्यक्तित्वहरूसहितको दरवार-माओवादी वार्ता हो । त्यही वार्ताको निम्ति माओवादी पोलिट्व्यूरोले वार्ता टोली गठन गरेको हो । र, गोलमेच सम्मेलनमा वार्ताको प्रमुख एजेण्डा फेरि पनि संविधानसभाको निर्वाचन नै हुनेछ भनेर वक्तव्यले स्पष्ट पार्न खोजेको हो ।

यो वक्तव्यले ल्याएको विल्कूलै नयाँ कुरा भनेको अब उप्रान्त अपराधी र सुराकी नै भए पनि कुनै पनि राजनैतिक दलका कार्यकर्तालाई भौतिक कारवाही नगर्ने भन्ने हो र जनतासित प्रत्यक्ष सरोकार राख्ने भौतिक संरचनालाई ध्वंश नगर्ने भन्ने हो । यी दुबै कुरा बन्द गर्न हामीले लगातार आवाज उठाउँदै आएका थियौं; देशका सबैजसो राजनीतिक दल र नागरिक समाजले यो माग गर्दै आएका थिए । यस्ता कार्यवाहीले माओवादीको लोकप्रियता र जनसमर्थनमा पनि काफी ह्रास ल्याइरहेको थियो । अहिले माओवादी नेतृत्वले यो कुरा स्वीकार्नु निक्कै सकारात्मक कुरो हो । यी दुई निर्णयले- एकातिर प्रतिगमनविरोधी संयुक्त जनआन्दोलन निर्माण गर्न र पार्टीहरूबीचको आपसी कटुता घटाउन महत्वपूर्ण भूमिका खेल्नेछ, अर्कोतिर, माओवादी स्वयंलाई लोकप्रिय बनाउन यसले उल्लेखनीय भूमिका खेल्न सक्नेछ । बस् यति कि वक्तव्यमा आएको कुरा कडाइपूर्वक कार्यान्वियन हुनुपर्छ र कार्यान्वयन नगर्नेमाथि सार्वजनिक रूपमा कारवाही हुनुपर्छ । यो सिर्फ वक्तव्य हुनुहुँदैन । माओवादी पार्टीमा कार्यकर्ताको वैचारिक-सांस्कृतिक रूपान्तरणको कार्यक्रम र एजेण्डा घनीभूत नहुनु, सैन्य एजेण्डामात्र प्रमुख हुनुको कारणले माथिको निर्णय तल कार्यान्वियन नहुने समस्या देखापरिरहेछ । त्यो समस्या माओवादीले हल गर्नु आवश्यक छ, अन्यथा माथिको स्वीकारोक्ति अर्थपूर्ण हुँदैन र माओवादी नेतृत्वप्रति पनि जनसमुदायमा विश्वासको संकट सिर्जना हुन्छ ।

> **वक्तव्यमा आएको कुरा कडाइपूर्वक कार्यान्वियन हुनुपर्छ र कार्यान्वयन नगर्नेमाथि सार्वजनिक रूपमा कारवाही हुनुपर्छ, यो सिर्फ वक्तव्य हुनुहुँदैन ।**

वक्तव्यले अन्य राजनीतिक दलहरूसित, संघ-संस्था र वौद्धिक समुदायसित अग्रगामी निकासको निम्ति वार्ताको प्रक्रिया चलाउने कुरा पनि गरेको छ । त्यो पुरानै निर्णयको निरन्तरता हो । ❑

## वार्ता र युद्धबारे माओवादीको पछिल्लो विचार

हालै ने.क.पा.(माओवादी)को केन्द्रीय समितिको पोलिटब्यूरोको पूर्ण बैठक अध्यक्ष प्रचण्डको अध्यक्षतामा सम्पन्न भएको छ । सो बैठक सत प्रतिशत सदस्यताको उपस्थितिमा सम्पन्न भएको दाबी गरिएको छ । सो बैठकले लिएका महत्वपूर्ण निर्णयहरूको सारसंक्षेप सार्वजनिक गर्न अध्यक्ष प्रचण्डद्वारा १७ मंसिरमा जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ :

(क) वर्तमान राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिका विशेषताहरूको विश्लेषण गर्दै प्रस्तावले देशमा विद्यमान राजनैतिक प्रतिगमनका विरूद्ध ध्रुवीकरणको नयाँ प्रकिया र संभावनालाई गंभीरतापूर्वक लिंदै वर्तमान संकटबाट नेपाली समाजलाई अग्रगामी निकाससहित मुक्त गर्न संयुक्त र एकतावद्ध पहलमा जोड दिएको छ ।

(ख) प्रस्तावले पार्टीका आगामी राजनैतिक र फौजी रणनीति तथा कार्यनीतिको योजना प्रस्तुत गरेको छ । राजनैतिक योजनामा विद्यमान संकटको अग्रगामी निकासका निमित्त गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको आवश्यकतामा पुनः जोड दिंदै प्रस्तावले आजको अन्योल समाप्त गर्न देशका सबै राजनैतिक दल, संघ, संस्था र वौद्धिक समुदायसँग वार्ता र संवादको प्रक्रियालाई गंभीरतापूर्वक अगाडि बढाउँदै संयुक्त आन्दोलन निर्माण गर्ने प्रश्नमा विशेष जोड दिएको छ । त्यस प्रकारको सहज वातावरण निर्माण गर्न पार्टीका तर्फबाट अन्य कुनै पनि राजनैतिक दलका कार्यकर्ता (सुराकी र अपराधी भए तिनको भण्डाफोर गर्ने र सम्बन्धित पक्षको उपल्लो नेतृत्वलाई जानकारी दिने) माथि भौतिक कार्यवाही बन्द गर्ने तथा अन्य राजनैतिक पक्षबाट आफ्ना कार्यकर्ताहरूलाई जनयुद्धका विरूद्ध सुराकी र अपराध नगर्न कडा निर्देशन दिन आग्रह गर्ने कुरा स्पष्ट गरिएको छ ।

(ग) प्रस्तावले देशमा विद्यमान संकटको शान्तिपूर्ण, सकारात्मक र अग्रगामी राजनैतिक निकासका निमित्त सबै राजनैतिक पक्षकासाथै पुरानो सत्ताका वर्तमान संचालकसँगसमेत वार्ता र संवाद अगाडि बढाउन सकिने र बढाउनु पर्ने कुरालाई स्पष्ट गरेको छ । त्यसअनुसार बैठकबाट पुरानो सत्ताले उपयुक्त वातावरण निर्माण गरेमा ऊसँग वार्ता गर्न केन्द्रीय वार्ताटोलीसमेत गठन गरिएको छ ।

(घ) प्रस्तावले जनहितसँग प्रत्यक्ष सरोकार राख्ने भौतिक संरचनामाथि सेबोटेज(प्रहार) नगर्न जोड दिएको छ ।

(ङ) प्रस्तावले अन्तमा पार्टीका अग्रगामी राजनैतिक र फौजी संघर्षका कार्यक्रमहरूको रूपरेखा स्पष्ट गरेको छ । ❑




# ध्वस्त जुम्ला र वार्ताको भविष्य

■ विनोद ढुंगेल

गत कार्तिक २८ गतेको रात माओवादीहरूले दुई वर्षअघि एक पटक आक्रमण गरिसकेको गोर्खाको ताकुकोट र साढे दश महिनाअघि सामान्य आक्रमण गरेको विकट कर्णाली अंचलको सदरमुकाम जुम्लाको खलंगामा झण्डै झण्डै एकै समय पारेर भीषण आक्रमण गरे ।

दुई वर्षअघि आक्रमण गर्दा पांचजना प्रहरीको मृत्यु भएको थियो । यस पटक २३ जना प्रहरीले ज्यान गुमाए । माओवादीतर्फ हताहत भएको विवरण आधिकारिक रूपमा आएन ।

सोही इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीबाट एक हप्ताअघि माओवादीका गोर्खा-लम्जुङ्ग-तनहुँका सैन्य कमाण्डर आशाकाजी श्रेष्ठ मारिएको घटनाको बदला लिन माओवादीले त्यहाँ आक्रमण गरेको थाहा भएको छ । शाही नेपाली सेनाका पूर्व जवान श्रेष्ठ माओवादीमा प्रवेश गरेपछि सो क्षेत्रका माओवादी सेनालाई प्रशिक्षित गर्ने कार्यमा संलग्न रहँदै आएको बताइन्छ । गोरखा सदुरमुकामदेखि नौ कोश उत्तर र घ्याम्पेसाल सैनिक शिविरबाट ६ घण्टाको पैदल दूरीमा रहेको ताकुकोट इ.प्र.का.का अधिकांश हतियार भने माओवादीले लगेका थिए ।

गत वर्ष पुस १२ गते साँझ खलंगामाथिको सिंगाचौरको डांडाबाट माओवादी आक्रमण र सैनिक प्रतिकारका क्रममा भीमबहादुर र शिवकली सुनारको मृत्यु भएको थियो, प्रहरी नायक उपरीक्षक कृष्णप्रसाद चालिसेसमेत दुई प्रहरी र दश सर्वसाधारण घाइते भएका थिए । यद्यपि त्यो रातभरि सैनिकको तर्फबाट हजारौं राउण्ड गोली चलाइएको स्थानीय वासिन्दाहरू बताउँछन् ।


*माओवादी आक्रमणबाट ध्वस्त भएको जुम्लाको लोकसेवा आयोगको कार्यालय*
*तस्वीर : गोपी बुढा*

यसपटकको जुम्ला आक्रमणको कथा भने निकै कहालीलाग्दो छ । 'लौ, जिन्दगी यत्ति नै रहेछ' गत पुसको घटनापछि यस्तो अनुभव भएको सुनाउने स्थानीय वासिन्दाहरू कार्तिक २८ गते रातभरिको दोहोरो गोलाबारीमा कतिखेर परिने हो भनेर भयग्रस्त रहे । गत वर्षको 'फायरिङ्ग' मात्र नभएर त्यसपछि पनि माओवादीले कुनै पनि दिन आक्रमण गर्नसक्ने प्रचार गरिरहेकोले जनस्तरमा आक्रमणको खतरा निरन्तर महसूस भइरहेको थियो ।

'सदरमुकाम हान्न ठूलो फौज तैनाथ छ', 'अछाम, दाङ त हानिसक्यौं, जुम्ला त केही पनि होइन' यस्ता हल्ला जुम्लाको सदरमुकाम खलंगामा चलिरहेकै थिए । एक-दुई हप्ताअघिदेखि भने निगालो पाइने लेकहरूतिर थुप्रै डोको बुनिरहेको हल्ला थियो ।

त्यसैबीच नेकपा (माओवादी)को आह्वान तथा संयुक्त क्रान्तिकारी जनपरिषद् नेपालको आयोजनामा कार्तिक २५ देखि २७ गतेसम्म तीन दिने नेपाल बन्द भयो । गाउँ र सदरमुकाम ओहोरदोहोर गर्नेहरूलाई माओवादीले 'चेकिङ्ग' गरेर मात्र अनुमति दिने त्यहाँको चलन नेपाल बन्दमा भने फेरियो । ती तीन दिन सरकारले नै गाउँ शहर आवतजावतमा प्रतिबन्ध लगायो । माओवादीलाई सहयोग नपुगोस् भन्ने उद्देश्यले त्यसो गर्नुका साथै बन्द शुरू हुने अघिल्लो साँझदेखि कर्फ्यूको समय एक घण्टा बढाएर



*सेनाको ब्यारेक नजिकै रहेको ध्वस्त वाणिज्य बैंक*
*तस्वीर : गोपी बुढा*

साँझ ७ को सट्टा ६ बजे कायम गरियो । 'बन्दमा पनि खलंगाका सबै पसल खुलाइएका थिए तर सामान किनबेच गर्न भने प्रतिबन्ध थियो' आक्रमणको रात त्यहीं रहनुभएका पुनरावेदन अदालत जुम्लाका न्यायाधीश गौरीबहादुर कार्की भन्नुहुन्छ ।

न्यायाधीश कार्की तथा स्थानीय वासिन्दाहरूका अनुसार, राती डाँडामा बत्ती बल्दा सरकारी अधिकृतहरू, खासगरी प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षकहरू आवास छाड्थे । अर्दली, पालेलाई पनि उनीहरू कहाँ हुन्छन् पत्तो हुँदैनथ्यो । खासगरी तीन दिने बन्दमा सुरक्षा अधिकारीहरू निक्कै सतर्क थिए । तर ती तीन दिनसम्म केही अनिष्ट नभएपछि सुरक्षा निकाय अब केही नहुनेमा ढुक्क थियो । हुन पनि त्यति कडा सुरक्षा घेराभित्र पसेर आक्रमण होला भन्ने कल्पनाबाहिरकै विषय थियो । यद्यपि जुम्लाको पूर्वी पहाडी भेगबाट खाद्यान्न ओसारिरहेका केही व्यक्तिलाई सेनाले 'कारवाही' गर्दा खलंगा आक्रमणको पूर्व जानकारी पाइसकेको थियो ।

यसैले पनि जुनसुकै बेला आक्रमण हुनसक्ने खतराको 'नियमित रिपोर्ट' माथिल्लो निकायसमक्ष पठाइसकिएकोले सुरक्षा प्रमुखहरू चूपचाप भने थिएनन् । 'सो बारेमा छलफलका लागि भनेर सबै कार्यालयका हाकिमसा'वहरू आर्मी व्यारेक जानुभएको थियो' जुम्ला आक्रमणमा घाइते भएका प्रहरी हवल्दार सन्तोष खत्रीका शब्दमा 'छलफल सकिएर सरहरू त्यो रात १० बजेर ३२ मिनेट जाँदा आ-आफ्नो आवासमा फर्कनुभयो र उहाँहरू फर्किएको तीन मिनेटपछि नै चारैतिरबाट आक्रमण शुरू भयो ।' सुरक्षा अधिकारीहरू जंगलबाट ल्याइएको एउटा बँदेल मारेर खानपिन गरी सो रात देवीदल गुल्मबाट छुट्टिएका थिए ।

वास्तवमा आक्रमण शुरू हुनुअघि माओवादी छापामारहरू उनीहरूका निशानाहरूमा तैनाथ भइसकेका थिए । सर्वप्रथम चार-पाँचजना छापामारहरू सैनिक गुल्मको नजिकै तलतिर टुँडिखेलको छेउमा रहेको राष्ट्रिय वाणिज्य बैंकको सुरक्षागार्डलाई कब्जा गरी प्रबन्धक बाबुकाजी सिलवालको ढोका फुटाएर कोठाभित्र पसे र उनको टाउकोमा रिवल्भर तेर्स्याएर 'क्याशियर' खोजे । क्याशियर पनि त्यही घरको हाताभित्र अर्को घरमा बस्थे । छापामारहरूले उनलाई बोलाए, तर क्याशियर आएनन् बरू साँचोको झुप्पो उनीहरूतिर फालिदिए । साँचो मिलाएर खोल्न त्यो हतारमा संभव थिएन । तसर्थ उनीहरूले क्याशियरलाई नै बोलाए । तर अगाडिको भऱ्याङ्गबाट ओर्लिएमा सैनिक सेण्ट्रीले देख्ने हुनाले गार्डलाई पछाडिको झ्यालबाट निकाली आफ्नो काँधमा टेकाएर छापामारहरूले ओराले । 'अर्घाखाँचीमा त आर्मीको व्यारेकमा लगेर राखेको थियो, यहाँ पनि त्यसै गरेको त छैन ?' उनीहरूको यो सवाललाई प्रबन्धकले 'नगदी किताव' नै देखाइदिएर चित्त बुझाए । एक छापामारले त ती बैंक कर्मचारीहरूलाई सँगै लैजान खोजेका थिए, तर तल बसेका अर्का 'अलि सिनियरजस्ता लाग्ने'ले लैजानु आवश्यक नभएको बताएपछि कर्मचारीहरूलाई भान्छा कोठाभित्र थुनिदिएर छापामारहरू नगद र सुनचाँदीसहित बाहिरिए ।



*जुम्ला जिल्लाको सदरमुकाम खलंगा बजार/तस्वीर : गोपी बुढा*

त्यतिबेलासम्म बैंकबाहिर बस्नेहरूले संभवतः बम 'फिट' गरिसकेका थिए । तसर्थ उनीहरू बाहिरिएको दुई मिनेटभित्रै बम विष्फोट भयो । बैंक ध्वस्त भयो । तर अलि तल भएकोले भान्छा कोठामा थुनिएकाहरूको ज्यान जोगियो ।

लगभग बैंकमा भएको विष्फोटनको आवाजसँगै सिंगै खलंगा विष्फोटनका भयानक आवाजहरूभित्र पुरियो । बम सँगसँगै गोलीका पर्राहरू मकै भुटेसरी पड्किए । हवल्दार सन्तोष खत्रीलगायत चारजना प्रहरीहरू गोली सकिएपछि ज्यान र बन्दुक जोगाउन माओवादी सैन्य टोली छेउबाटै घिस्रेर नजिकैको विद्यालयभित्र पसे । खत्रीले त्यतिबेला माओवादी छापामारहरूसित आधुनिक हतियारहरू मात्र देखेनन्, युद्ध व्यवस्थापन पनि देखे । 'माओवादीहरू विभिन्न समूहमा विभाजित थिए । सबैभन्दा अगाडि खुकुरी बोकेकाहरू थिए, उनीहरू कार्यालयभित्र पसेर प्रहरीलाई आत्मसमर्पण गर्न र हतियार बुझाउन लगाउँथे । त्यसपछिको समूहमा विभिन्न हतियार लिएकाहरू हुन्थे, जसले प्रहरीमाथि जवाफी फायरिङ्ग गर्थे' उनले देखेको माओवादी हमलाको यस्तो सदृश्य बयान छ ।

'हामीले जुम्ला घेरीसक्यौं, आत्मसमर्पण गर, हतियार फ्याँक, माओवादी जिन्दावाद' जस्ता



*जुम्लाको जिल्लाको ध्वस्त प्रशासन कार्यालय/तस्वीर : गोपी बुढा*

# जुम्लामा माओवादी आक्रमण आफैले भोग्दा



तस्वीर : विनोद दुंगेल

गौरीबहादुर कार्की
*न्यायाधीश, पुनरावेदन अदालत*

## आक्रमणको समयमा त्यहीं उपस्थित न्यायाधीशबाट प्रत्यक्ष वर्णन

कार्तिक २८ गते विहीवारको जुनेली रात । एक्कासी विष्फोटनको आवाजले म ब्यूँफिएँ । माओवादीले आक्रमण गरेछ- खलंगामा । आक्रमणलाई सेना र प्रहरीले प्रत्याक्रमण गरेको कुरा बम र गोलीका आवाजबाट मात्र थाहा हुन्थ्यो । बेलाबेलामा छानामाथि नै कान फुट्लाजस्तो आवाज आउँथ्यो । भ्यालबाट तत्काल हेर्ने आँट पनि हुँदैनथ्यो । बजार हल्लीखल्ली र कोलाहलमा डुबेको थियो । तर स्थानीय जनता मूर्दा शान्तिमा थिए । केही छिनमै सँगै रहेको पुनरावेदन अदालत, जहाँ आफू बसेर न्याय निरूपण गर्थें, पनि आगोको मुस्लोभित्र फस्यो । उठेर सबै कपडा लगाएँ र एक्लै रहेको तलाबाट तल ओर्लने तरखरमा लागें । घरपछाडिको चोकबाट चारैतिर नियालें- चन्दननाथ गाविस क्षेत्रमा रहेका सिडियो कार्यालय र महत गाविस क्षेत्रका सरकारी कार्यालयहरू र केही निजी घरसमेतबाट आगोको ज्वाला दन्किदै थियो । धुवाँले आकास कुहिरीमण्डल थियो । त्यसमा बारूदको गन्ध थपिएर आँखा पिरो हुन्थ्यो । त्यससँगसँगै आकाशै फुट्ला जसरी विष्फोट हुने बम र बन्दूकले एक छिन त सास नै टक्क अडिन्थ्यो ।

राती नाइटभिजन हेलिकोप्टर चक्कर लगाउन आइपुग्दा माओवादीहरू बजारमा पसिसकेका थिए । बजार र वस्तीमाथि हेलिकोप्टरबाट प्रहार गरेको भए धेरै सर्वसाधारण हताहत हुन्थे तर त्यसो भएन । सेना पनि व्यारेक छोडेर प्रत्याक्रमणमा निस्केको भए माओवादीले सजिलै व्यारेक कब्जा गर्थे । माओवादीले घरहरूमा आगो लगाउनुअघि मट्टितेल छर्केका थिए । र, काम लाग्ने लत्ताकपडा, भाँडाकुँडा र कम्प्युटरजस्ता सामान लगेका थिए । मेरो घरपतिको कोठाबाट पनि केही कपडाहरू लगेछन् र भुटेका ठेट्ना मकैको पाँच किलो जतिको पोको छोडेछन् । राती १ बजेतिर म बसेको टोलका ढोका खोल्न आग्रह गरिएको थियो । दोस्रो पटक नाइटभिजन हेलिकोप्टर आएपछि माओवादी ढोका फुटाएरै भित्र पसे । घरपतिको कोठा खानतलासीपछि उनीहरूसँगै मलाई पनि बाहिर निकाले । मेरो परिचय मागे ।

> **आधा घण्टाभन्दा लामो गल्फत्ती र छलफलपछि कोठामा गएर भए जति रूपियाँ खल्ती टक्टक्याएर दिएँ । उनीहरूले पैसा गनेर डायरीमा लेखे । मेरो नाम सोध्दै थिए, मैले कार्ड नै दिएँ ।**

मैले न्यायाधीश भएको परिचय दिएपछि 'प्रतिक्रियावादी सरकारको न्यायाधीश भएकोले हामीसँगै हिंड्नुपर्छ' भने । उनीहरू तीनजना थिए । उनीहरूले भने- "हामी लडिरहेछौं, हाम्रा साथीहरू शहीद भइरहेका छन्, तपाईंहरू घुस खाएर बस्ने ? हामी छोड्दैनौं ।"

उनीहरूको प्रत्युत्तरमा मैले भनें- "मुगुमा तत्काल खाद्यान्न ढुवानी गर्नू भनेर आदेश दिने न्यायाधीश मैं हुँ । त्यस्तो आदेश गऱ्यो भनेर उता सरकार रिसाइरहेको छ, यता तपाईंहरू यसो भन्ने ? जनकारवाही गर्नुपर्ने लिष्टमा मेरो नाम छ भने भन्नुस् । मैले पनि जनताकै काम गरिरहेको छु । यति हुँदाहुँदै पनि लाने भए लानूस्, मार्ने भए मार्नूस् ।"

त्यसपछि उनीहरूले मेरो तलब सोधे । मासिक १४ हजार रूपियाँ भन्ने बताएपछि २० हजारको माग गरे । तर, म पाँच दिनअघि मात्र आएको र त्यति पैसा नभएकोले पछि बैंक खुलेपछि दिने बताएँ । तर उनीहरूले बैंक लुटिइसकेको बताए । मैले मसँग 'चानचुन दुई हजारमात्र छ' भनें । करीव आधा घण्टाभन्दा लामो गल्फत्ती र छलफलपछि माथिल्लो तलामा रहेको मेरो कोठामा उनीहरूसँग गएर भए जति रूपियाँ खल्ती टक्टक्याएर दिएँ । उनीहरूले पैसा गनेर डायरीमा लेखे । मेरो नाम सोध्दै थिए, कार्ड नै दिएँ । उनीहरूलाई चित्त बुझाउन म 'नजिर संग्रह' लेखक भएको परिचय पनि दिएँ । त्यसपछि मेरो कोठा सबै जाँच गरेर निस्कनुअघि उनीहरूले भने- "अब तपाईंलाई केही हुँदैन, ढुक्क हुनुहोस् । बाहिर आउँदै गरेको अर्को टोलीलाई 'कमरेड संग्राम' नाम गरेका उनैले फर्काए । विहान उज्यालो भएपछि 'छिनासिम' अर्थात् खलंगा बजारको फोटो खिच्न पाइएन, किनकि डायरी खसालेर गएका 'संग्राम'को टोलीले मेरो लोडेड क्यामरा पनि लगिसकेको थियो ।"

विहान साढे ६ बजे बजारमा निस्कने म नै सायद पहिलो व्यक्ति थिएँ । अरू सबै भ्यालबाट हेर्दै थिए । विजयनगर चोकमा केही डोका, संगीनको ठूलै मूठो, राँगो काट्ने खुकुरी, विरामी बोक्ने दुईवटा खट अलपत्र थिए । कृषि विकास कार्यालयको छत खसिसकेको थिएन, बल्दै थियो । अरू कार्यालयहरू पनि जल्दै थिए । साढे सात बजेसम्मको सन्नाटापछि बल्ल फाट्टफुट्ट सेना बजारमा निस्के र फालिएको बममा पर्नसक्ने बताउँदै सबैलाई भित्र बस्न आदेश दिए ।

विहान थाहा भयो- राष्ट्रिय अनुसन्धान कार्यालयका दुई असईलाई अपहरण गरेर रातभरि छिनासाँघुमा राखे पनि हतियार नबोक्ने कर्मचारी भएकोले जेनेभा सन्धिको पालना गर्दै छोडेको बताएर माओवादीहरूले विहान फर्काएछन् । माओवादीले केही नगरेकाहरू पनि त्यत्तिकै डराएका थिए । त्यही सन्त्रासको बीचमा आक्रमणको भोलिपल्ट दिनभरि पनि खलंगामै रहेर म अपरान्ह सैनिक हेलिकोप्टरमा नेपालगंज फर्किएँ । यता भने- म र न्यायाधीश विष्णु ढकाल मरेको हल्ला फैलिएको थियो । ❑

अनेक नारा लगाउँदै माइकिङ्ग गर्दै र हल्लाखल्ला मच्चाउँदै माओवादीहरू खलंगाभरि फैलिएका थिए । चन्दननाथ र महत गाविसका क्रमशः दुई र एउटा वडामा फैलिएको खलंगा बजारमा त्यस रात मेला लागेजस्तो हल्लाखल्ला चलेको अनुभव न्यायाधीश कार्की सुनाउनु हुन्छ ।

विष्फोटन शुरू हुनासाथ जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायक उपरीक्षक विजयश्वर घिमिरे सैनिक गुल्मतिर दौडिए । उनले बाटैबाट सेनानी हिरालाल जोशीसँग 'संचार सेट'मार्फत् सम्पर्क गरे र आफू लुकेर बसेको ठाउँको जानकारी दिए । तर उनी सैनिक गुल्मभित्र पस्न भने पाएनन् । बरू तबसम्म कारागार कब्जा गरिसकेका छापामारहरूले त्यहाँ कब्जा गरिएको प्रहरीको 'संचार सेट'मार्फत् सबै कुराकानी सुनिरहेका थिए । त्यसैको आधारमा उनीहरूले प्रनाउ घिमिरे लुकेको चन्दननाथ माविसँगैको विज्ञान प्रयोगशाला भवन नै विष्फोट गरी ध्वस्त पारिदिए र घिमिरेको सग्लो शवसमेत फेला परेन ।

प्रजिअ दामोदर पन्त भने गोली हानाहान शुरू भएपछि आवासपछाडि खनिएको एउटा 'बङ्कर'मा लुकेका थिए । तर, सो भवन नै विष्फोटनबाट ध्वस्त भयो । त्यहीं पुरिएका पन्तको बङ्करमा 'भ्यान्टिलेशन'का लागि राखिएको पोलिथिन पाइप जलेका कारण धुवाँ आएर सास फेर्न नसकी मृत्यु भोग्न बाध्य भए । तबसम्म क्षेत्रीय प्रहरी इकाई कार्यालयका प्रनाउ शिवनारायण मण्डलको भने भिडन्तकै क्रममा गोली लागेर मृत्यु भइसकेको थियो ।



*प्रजिअ दामोदर पन्तको यही 'बङ्कर'मा पुरिएर मृत्यु भयो/तस्वीर : गोपी बुढा*

सो आक्रमणमा परी क्षेप्रइकाका प्रनाउ मण्डलसहित ६ जना, जिप्रकाका प्रनाउ घिमिरेसहित १२ जना, प्रहरी ४ नं. गुल्मका १३ जना, कारागारका तीनजना र प्रजिअको निवासका एक जना गरी जम्मा ३५ जना प्रहरीको मृत्यु भयो । देवीदल गुल्मको मूल ढोकामा पहरा दिइरहेका दुई र 'ट्रेञ्च'मै बम खसेर दुई गरी चार सैनिक मारिए ।

आक्रमणका क्रममा कारागारमा रहेका पूर्व माओवादी कार्यकर्ता प्रवीण आचार्य (प्रकाश), मीना नेपाली र कमला बुढालाई माओवादीले हत्या गरे । बाँकी १८ मध्ये भागेका १० जना कैदी तथा बन्दीमात्र फिर्ता आए । प्रहरीको भान्से सुर्खेत निवासी दिलबहादुर आले र गोर्खा निवासी रेशम अचार्यलाई माओवादीले काटेर मारे । दोहोरो भीडन्तका क्रममा मालपोत कार्यालयका पियन रामप्रसाद खनाल, स्थानीय पसले खड्ग श्रेष्ठ र मानसिक सन्तुलन बिग्रिएका स्थानीय बिर्ख नेपालीको ज्यान गुम्यो ।

**'शाही सेनालाई रक्षात्मक अवस्थामा रहन बाध्य तुल्याई फौजी शक्तिलाई परास्त गरी सदरमुकाम कब्जा गर्ने योजनामा पूरै सफलता प्राप्त गरेको' दावी प्रचण्डले गर्नुभएको छ**

आक्रमणका बेला केही प्रहरी ज्यान जोगाउन सैनिक गुल्मतिर दौडिए । उनीहरूले गुल्मबाट माओवादीहरूतर्फ प्रहार गरिरहेका सेनालाई 'सम्पर्क गरेर आफूहरू 'कर्लिङ्ग' गरेर (घिस्रिएर) आउँदै गरेको जानकारी दिए र केही माथिबाट गोली हान्न आग्रह गरे । तर गुल्मभित्र माओवादीहरू पस्नसक्ने खतरा महशूस गरेको सेनाले प्रहरीको आग्रह पूरा गर्न सकेन । गुल्म जाने बाटोमै भोलिपल्ट केही प्रहरीको लास देखेका खलंगावासीहरू भन्छन्- "ती प्रहरी सेना वा माओवादी जसको गोलीबाट पनि मारिएका हुनसक्छन् ।" न्यायाधीश कार्की पनि कार्तिक २९ गते गुल्म जाने बाटोमै प्रहरीका केही लास भेटिएको थाहा पाएको बताउनुहुन्छ ।


माओवादीहरूले प्रहरी कार्यालय र अन्य सरकारी कार्यालयहरूलाई निशाना बनाएका कारण पनि सैनिक गुल्म आक्रमणमा थोरै मात्र शक्ति लगाएको अनुभव स्थानीय व्यक्तिहरूले गरेका छन् । माओवादीहरूले सिंगाचौर, कर्णाली प्राविधिक शिक्षालयतर्फको क्षेत्र र सैनिक गुल्मको उत्तरपूर्वी डाँडोबाट पालैपालो 'लङ रेञ्ज' आक्रमण गरेका थिए । आक्रमण जारी रहेको अवस्थामा राती दुई पटक नाइटभिजन हेलिकोप्टर पुगेको थियो । त्यतिबेला माओवादी आक्रमण केही शिथिल महशूस भए पनि हेलिकोप्टर फर्किएपछि पुनः बढेको अनुभव खलंगावासीले गरेका थिए । धुवाँको मुस्लोमाथि हेलिकोप्टरहरू प्रभावकारी हुनसकेका थिएनन् । 'नाइटभिजन भनेको त आकाशमा बलेको बत्ती देखेर चित्त बुझाउने बाटोमात्र रहेछ', हवल्दार खत्रीको युद्ध क्षेत्रको अनुभव छ- "धेरै माथि उडेको हुँदा नाइटभिजनको उज्यालो तलसम्म पनि आएन, फेरि त्यसले फालेको बम माओवादीहरूकै बीचमा खस्छ भन्ने पनि कुनै ग्यारेन्टी हुँदैन ।" हेलिकोप्टर आउँदा आक्रमण अलि मत्थर भएकोले केही त्राण मिलेको महशूस गरे पनि हेलिकोप्टको आवाज सुन्दा खलंगावासी अर्को खतराबाट भयभीत हुन्थे- कतै हेलिकोप्टरले खसालेको बम मेरै टाउकोमाथि पड्किन आइपुग्ने त होइन !

सो रात माओवादीहरूले केही पसल र केही घरहरूबाट सामान पनि लगे । न्यानो कपडा र जुत्ताहरू तथा नगद उनीहरूले प्रशस्त लगे पनि स्थानीय वासिन्दाहरू सो कुरा बताउनै डराउँछन् । गुल्मकै सिधा तल भएकोले मुख्य बजार भने



*४ नं गुल्म निरीक्षण गर्दै मानवअधिकार आयोगको टोली/तस्वीर : गोपी बुढा*

# वार्ता बारे अध्यक्ष प्रचण्ड



**● तपाईंहरू सरकारसँग वार्ताका निम्ति तयार रहेको कुरा पनि गरिरहनुभएको छ र फेरि ठूलठूला सशस्त्र भिडन्तहरू पनि भइरहेका छन् । वास्तवमा वार्ता र समस्याको राजनैतिक समाधानबारे तपाईंहरूको ताजा धारणा के हो ?**

– वार्ता र समस्याको राजनैतिक समाधानबारे हाम्रो पुरानो धारणा नै नयाँ र ताजा रहेको कुरामा हामी विश्वस्त छौं । जनयुद्धको ऐतिहासिक पहलपूर्व नै जनताका समस्याहरूको राजनैतिक समाधानका निमित्त ४० सूत्रीय मागसहित हामी तात्कालीन देउवा सरकारसँग वार्तामा गएको कुरा आम नेपालीलाई मात्र होइन अब त विश्वलाई नै थाहा भइसकेको छ । तर वार्ताद्वारा समस्या समाधान गर्नुको सट्टा रोमियो अपरेशनका नाममा जनतामाथि राज्यआतंक थोपर्ने प्रक्रिया अगाडि बढाइएपछि हामीले बाध्य भएर जनयुद्धको पहल गर्‍यौं । जनयुद्धको पहलपछि पनि सिद्धान्ततः हामी पुरानो सत्तासँग वार्ताको विरोधी होइनौं भन्ने कुरा स्पष्ट गर्दै आएको कुरा सर्वविदित्तै छ । तर पुरानो सत्ताले कथित 'किलो शेरा टू' का नाममा जनहत्या र आतंककै बलमा म..न् जनयुद्धलाई निमोठ्ने कसरत गर्‍यो । हामीले त्यसको प्रतिरोधमा आधार इलाकाहरूको निर्माण गर्दै अगाडि बढ्यौं । गत साल पुरानो सत्ताले युद्धविरामसहित वार्ताको निम्ति आह्वान गरेपछि हामीले त्यसको सकारात्मक प्रत्युत्तर दिँदै तीन महिनासम्म वार्ताको टेबुलमा बसेको कुरा पनि कसैबाट छिपेको छैन । तर जब पुरानो सत्ताले वार्तालाई हाम्रो हदैसम्मको लचकताका बावजूद कुनै राजनैतिक निकासविनाको नाटकका रूपमा लिएको र भित्रभित्रै जनयुद्धलाई सखाप पार्न शाही सेना परिचालन गरेको देख्यौं तब हामी त्यसको प्रतिरोधमा आगाडि बढ्यौं र आजको अवस्थासम्म आइपुगेका छौं । यसबाट कुन कुरा स्पष्ट हुन्छ भने हामी वार्ताका निमित्त वार्ताको नाटकको पक्षमा होइन जनताको सर्वोत्तम हित गर्ने सकारात्मक र अग्रगामी राजनैतिक निकासका निम्ति वार्ताको पक्षमा छौं । अहिले पुरानो सत्ता कब्जा गरेर बसेकाहरूसँग पनि हाम्रो पुरानै नीति कायम रहेको कुरा स्पष्ट गरिसकेका छौं । उनीहरूले वार्ताको ढोका खुला छ भने हामीले त्यसको जवाफमा आफ्नो धारणा सार्वजनिक गर्‍यौं । तर शासकहरूले वार्ताको कुरा गरे पनि दिनदिनै दर्जनौंको संख्यामा जनताको हत्या गर्न छोडेका छैनन् । त्यसकारण हामीले त्यसको प्रतिरोध गर्न पनि छोडेका छैनौं ।

> **राजनैतिक रूपले जनतालाई ०४६ सालको उपलब्धिसम्म मात्र सीमित गरेर होइन, त्योभन्दा बढी अधिकारसम्पन्न तुल्याएर मात्र समस्याको बास्तविक राजनैतिक समाधान हुनसक्दछ**

राजनैतिक रूपले जनतालाई ०४६ सालको उपलब्धिसम्म मात्र सीमित गरेर होइन त्योभन्दा बढी अधिकारसम्पन्न तुल्याएर मात्र समस्याको बास्तविक राजनैतिक समाधान हुनसक्दछ भन्ने हाम्रो दृढ धारणा रहिआएको छ । त्यसका लागि प्रारम्भिक कदमका रूपमा हामीले अन्तरिम सरकार र संविधानसभाको निर्वाचन भनिरहेका छौं; जनतालाई आफ्नो संविधान निर्माण आफैं गर्न दिने यो न्यूनतम प्रजातान्त्रिक मुद्दामा कसैको विमति हुनुपर्ने कुनै कारण हामी देख्दैनौं । महान् नेपाली जनतालाई अविश्वास गर्दै संविधानसभाको विरोधमा कतिपय आत्मसमर्पणवादी कायरहरू– मुख्यतः एमाले गुटका कतिपय नेताहरूले गर्ने गरेको कूतर्क सुन्दा हामीलाई आश्चर्य लाग्छ ।

कुरा एकदम सीधा र स्पष्ट छ कि देशमा विद्यमान गृहयुद्धको सकारात्मक अग्रगामी राजनैतिक निकासका निम्ति हामी आज पनि वार्ताको पक्षमा छौं । तर यदि वार्तालाई हतियारका रूपमा प्रयोग गरेर जनयुद्धलाई सखाप पार्ने सपना कसैले देखेको छ भने त्यो कहिल्यै पूरा हुने छैन । जनतालाई वास्ताविक अर्थमा सार्वभौम अधिकार सम्पन्न तुल्याएर मात्र समस्याको समाधान हुन सक्दछ ।

❑ *जनआवाज (इन्टरनेट पत्रिका)*

---

लुटिन पाएन । आक्रमणका क्रममा चन्दननाथ मन्दिरका चारवटा गाई गोली लागेर मरेका थिए भने एउटा गोरू र प्रहरीको कुकुरसमेत घाइते भएका थिए । तर कतिपय ठाउँमा भने उनीहरूले जेनेभा सन्धिको कुरा उठाउँदै पीडित प्रहरीलाई उद्दार गरेको र स्थानीय बासिन्दाको घरपसलबाट सामान लिंदा पैसासमेत तिरेको पनि पाइएको छ ।

माओवादीहरूले पश्चिमतिरको सिंहचौर (कालिकोट जाने बाटो), दक्षिणतिरको कार्तिकस्वामी जाने पुल (छिनासांघु), उत्तरको कर्णाली प्राविधिक शिक्षालय (मुगु जाने बाटो) र पूर्वको विमानस्थल (दानसांघु कटेर गर्ज्याङ्कोट, जाजरकोट र डोल्पातिर जाने बाटो) गरी चारै नाकाबाट प्रवेश गरी खलंगामा आक्रमण गरेका थिए । आक्रमणका क्रममा प्रहरीहरू लुकेका छन् कि भनेर घरहरू खानतलासी गर्ने, माओवादीबाट आत्मसमर्पण गरेकाहरूलाई खान बस्न दिनेलाई खोज्ने पनि गरेका थिए । बढी भ्रष्टाचार हुने निकाय भनेर चिनिएका विकासे अड्डाका हाकिमहरूमध्ये स्थानीय विकास अधिकारी हरि वाशिष्ठ आफ्नो आवासमा नबसी अन्तै लुकेर सुत्ने गरेका कारण आक्रमणबाट जोगिए भने खानेपानी, सिंचाई, कृषि विकास, पशुसेवा आदि विकासे अड्डाका प्रमुखहरूले भने दशैंमा घर गएदेखि नफर्किएका कारण युद्धको पीडा भोग्नु परेन ।

स्थानीय आँखा उपचार केन्द्र र दन्त चिकित्सा केन्द्रमा रातभरि माओवादी घाइतेहरूको उपचार भयो । रातभरि लड्नेहरू कति मरे, केही अनुमान भएन । बिहान ५५ जना माओवादीहरूको लाश सदरमुकाममा संकलन भएको बताइयो र अहिले त्यो संख्या एक सय आठ पुगेको दावी सुरक्षा फौजले गरेको छ । तर स्थानीय बासिन्दा भने चार दर्जन लास देखेको पनि ठोकुवा गरेर लेखो लगाउन सक्दैनन् । सो घटनापछि

*आक्रमणपछि यत्रतत्र छरिएका प्रहरीका पोशाकहरु/तस्वीर : गोपी बुढा*



माओवादीका अध्यक्ष प्रचण्डले निकालेको वक्तव्यमा पनि हताहत हुने छापामारहरूको संख्या खुलाइएको छैन ।

कहिले छिनासांघु त कहिले दानसाँघुतिर बेवारिस लाशहरू फाट्टफुट्ट देखापरिरहने जुम्लामा कार्तिक २८ गतेको रातभरिको भीडन्तमा मारिएका माओवादीका लाशहरूलाई नष्ट गर्नुअघि पूरा गर्नुपर्ने वैधानिकता पूरा गर्नेतर्फ चासो देखाएको पाइँदैन । २९ गते विहान ११ बजेतिर तीन-चारवटा लाश घिसार्दै कारागारतिर लगेको देखिएको स्थानीय केही युवाहरूले बताएका छन् ।


विहान सवा ६ बजेतिर गोली हानाहान रोकियो । तबसम्ममा माओवादीका लडाका र मुख्य मान्छेहरू बाटो लागिसकेका थिए र नाका नाकाबाट 'फायर' गर्दै केही माओवादीहरू मात्र सुरक्षा फौजलाई अल्मल्याएर बसेका थिए । तर युद्ध रोकिएपछि पनि विहान खलंगावासीहरूमा बाहिर निस्कने साहस जम्मा भएन ।

त्यति बेलासम्ममा जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, जिल्ला प्रहरी कार्यालय, क्षेत्रीय प्रहरी इकाई कार्यालय, प्रहरी ४ नं. गुल्म, पुनरावेदन अदालत, जिल्ला अदालत, कृषि अनुसन्धान परिषदको कार्यालय, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, मालपोत कार्यालय, लोकसेवा आयोग, जिल्ला वन कार्यालय, जिल्ला हुलाक कार्यालय, नागरिक उड्डयन प्राधिकरण, जिल्ला शिक्षा कार्यालय, कर्मचारी मिलन केन्द्र, जिल्ला भूसंरक्षण कार्यालय, जिल्ला कारागार शाखालगायतका २७ सरकारी कार्यालयहरू र केही गैरसरकारी कार्यालयसमेत ध्वस्त भइसकेका थिए ।

प्रशासनसमक्ष आत्मसमर्पण गरेका माओवादीहरू बस्ने र जोपेक नामक कीटनाशक औषधि पसल भएको घर माओवादीले जलाएपछि सो घरमा डेरा गरी बस्ने जिल्ला कृषि विकास कार्यालयका बाली अधिकृत वेदप्रसाद चौलागाईं भ्यालबाट हामफालेर बाँचे । सो नजिकैको अर्को घर पनि माओवादीले ध्वस्त पारे, जसको तल्लो तलामा छापाखानाका सामानहरू थिए भने माथि पुनरावेदन अदालतका मुख्य न्यायाधीश कामानन्दप्रसाद देव लुकेर सुत्ने गरेको अदालतकै डिट्ठाको डेरा थियो ।

सो आक्रमणमा 'शाही सेनालाई रक्षात्मक अवस्थामा रहन बाध्य तुल्याई सदरमुकाममै रहेको सिंगो दुश्मनको फौजी शक्तिलाई परास्त गरी सदरमुकाम कब्जा गर्ने योजनामा पूरै सफलता प्राप्त गरेको' दावी माओवादीका अध्यक्ष प्रचण्डले गर्नुभएको छ ।

दोहोरो हानाहान बन्द भएको करीब एक घण्टासम्म पनि सुरक्षाकर्मीहरू बजारमा आएनन् । विहानको खाना प्रायः कसैले पकाएनन्, पकाएकाहरूमध्ये पनि धेरैले बालबच्चालाई मात्र ख्वाए । मुख धुने, दाँत माभ्नेजस्ता नियमित कर्महरूप्रति पनि खलंगावासीमा कुनै वास्ता रहेन । मान्छेहरू अवाक् थिए । माओवादीहरूले कुनै कुटपिट नगरे पनि स्थानीय बासिन्दाहरूमा भयानक



*आक्रमणको ८ दिनपछि पनि भिडन्तमा मारिएका माओवादी छापामारहरुको लाश खलङ्गाको टुँडिखेलमा अलपत्र रहयो* *तस्वीर : गोपी बुढा*

त्रासदीको अनुभूति थियो । विस्तारै सुरक्षाकर्मीहरू बजारमा निस्किए । जथाभावी हिंड्डूल गर्दा छरिएका बमहरूमा पर्नसक्ने बताएर सजग गराउँदै उनीहरूले अस्तव्यस्त अवस्थामा फेला परेका विष्फोटक पदार्थ, खुकुरी, संगीनलगायतका हतियार, डोको, बिरामी बोक्ने खट आदि संकलन गरे । यत्रतत्र छरिएका लाशहरू टुँडिखेलमा जम्मा गरियो । विहान ९:३० तिर एउटा हेलिकोप्टर अवतरण गरेपछि मात्रै स्थानीय बासिन्दाहरू बाहिर निस्कन थाले ।

## आक्रमणको सन्नाटामा वार्ताको भविष्य

एकातिर यस्ता आक्रमणहरूबाट जनमानसमा



*आक्रमणबाट प्वाल परेको पानी ट्यांकी र जुम्ला विमानस्थल कार्यालय/तस्वीर : गोपी बुढा*

सन्नाटा छाएको छ भने सुरक्षाकर्मीहरू पटक पटक भीषण हमलापछिको पराजयका कारण स्तब्ध छन् । आक्रमणपछि खलंगा पुग्नुभएका प्रहरी महानिरीक्षक प्रदीपसमशेर जबरा समक्ष त प्रहरीहरूले आक्रोश नै व्यक्त गरेका थिए । माओवादीसँग अत्याधुनिक हतियारहरू भएको अवस्थामा पुराना हतियार दिएर पठाएपछि लड्न नसकेको बताउँदै उनीहरूले 'मर्न पठाउने काम गरेको' भनी कडा आपत्तिसमेत जनाएका थिए ।

आक्रमणपछि पनि तत्काल त्यहाँ पुगेर भौतिक र मानसिक रूपले पीडित जनताको पीडा सुन्ने कोही भएन । सैनिक र प्रहरीको नेतृत्वलाई मातहतका कर्मचारीको बेदना सुन्दै ठिक्क थियो भने केही दिनपछि पुगेको राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलको टोलीले केही आश्वासन दिने हैसियतै राख्दैनथ्यो । त्यसमाथि सो टोली स्वयमलाई नै साँझ पाँच नबज्दैदेखि नागरिक समाजसँग अन्तरक्रिया गर्नबाट समेत वञ्चित गरिएको थियो । कुनै राजनीतिक दलका नेता वा मन्त्रीसम्म तत्काल कोही पनि त्यो ध्वस्त अञ्चल सदरमुकाममा पुगेन । 'पहिलाका मन्त्रीहरू त जननिर्वाचित भएकाले होला, देखाइटोपल्न भए पनि आउँथे, अहिलेका त त्यही पनि आएनन्' स्थानीय बासिन्दाहरू अर्घाखाँची आक्रमणपछि तत्कालीन गृहमन्त्री खुमबहादुर खड्का सन्धिखर्क पुग्नुभएको स्मरण गर्दै आक्रोश पोख्छन्- "अहिलेका मन्त्रीलाई त जनता नचाहिएर होला, त्यही पनि आएनन् ।" स्मरणीय छ गृहमन्त्री धर्मबहादुर थापा घटनाको १३ दिनपछि जुम्ला पुग्नुभएको थियो ।

यो अवस्थामा माओवादीका अध्यक्ष प्रचण्डले भने सो पार्टीको जनमुक्ति सेनाको सुप्रिम कमाण्डरको समेत हैसियतले 'एक मारिए सय र सय मारिए हजार जन्मने नियमअनुसार दुश्मनको

अत्याचारको प्रतिरोधमा जनसमुदायका बीचबाट ज्यामितीय रूपमा क्रान्तिकारी योद्धाहरूको जन्म भइरहेको' जनाएर पार्टी पंक्तिमा उत्साह थप्ने कोशिस गरेको देखिन्छ । उहाँले युद्धसँगसँगै वार्ताको कुरा पनि गर्नुभएको छ । प्रचण्डको भनाइ छ- "हाम्रो पार्टी र जनसमुदायको शान्तिपूर्ण, सकारात्मक र अग्रगामी राजनैतिक निकासको अत्यन्त लचिलो गोलमेच सम्मेलन, अन्तरिम सरकार, संविधानसभाजस्ता मागहरूको बेवास्ता गरी वार्ताको कुरा गर्दै जनताको हत्या गरिरहने विद्यमान प्रकृया जारी रहेमा अझ उच्च प्रतिरोधहरू अगाडि बढ्नेछन् ।"

त्यसो त आक्रमण हुँदैमा वार्ता हुनसक्दैन भन्ने कुरालाई भने गत वर्षको सरकार-माओवादी वार्ता प्रसंगले नै जवाफ दिइसकेको छ । २०५८ साल साउनको दोस्रो हप्ताको शुरूमै युद्धविराम र त्यसको पाँच हप्ता नबित्दै विधिवत वार्ता शुरू हुनुअघि पनि भीषण हमलाहरू नभएका होइनन् । युद्धविराम हुनु ठीक ११ महिनाअघि कर्णालीकै विकट जिल्ला डोल्पाको सदरमुकाम दुनै कब्जा गरेका माओवादीहरूले वार्ताको पाँच महिनाअघि २०५७ चैत १९ र २४ गते रूकुमकोट र नौमुलेमा चढाइ गरेका थिए । असार २८ गते रोल्पाको होलेरीबाट झण्डै ६ दर्जन प्रहरी अपहरण गरेको १० दिनपछि नै युद्धविराम सम्भव भएको थियो ।

अहिलेका आक्रमणहरूले सरकारलाई वार्तामा बस्नका लागि थप दवाव सिर्जना गरेका मतहरू पनि पाइन्छन् । 'जुम्ला, गोर्खाजस्ता ठूला आक्रमणले सरकारलाई वार्तामा तान्ने काम गर्छ', अपराधशास्त्र तथा आतंकवादका विज्ञ डा. लोकेन्द्र शर्मा भन्नुहुन्छ- "माओवादी चूपचाप लागेर बस्यो भने त सरकारलाई मन लागेको बेलामा मात्रै वार्ताको वातावरण बन्छ ।" माओवादी अध्यक्ष प्रचण्डले पनि 'दिनदिनै दर्जनौंको संख्यामा जनताको हत्या' भइरहेकोमा त्यसको 'प्रतिरोध' स्वरूप हमलाहरू भएको बताउनुभएको छ ।

यो अवस्थामा 'वार्ता प्रकृया प्रत्यक्ष र द्रुत गतिमा नभए पनि प्रारम्भिक अवस्थामा भइरहेको' जानकारी दिने गृहमन्त्री धर्मबहादुर थापा आक्रमणका सम्बन्धमा नरम भाषामा भन्नुहुन्छ- "वार्ताको वातावरण सिर्जना गर्नको निम्ति निश्चित रूपमा त्यस्ता गतिविधि रोक्यो भने बढी सहयोगी हुन्छ ।" तर वर्तमान सरकारकै महिला, बालबालिका तथा समाजकल्याण मन्त्री गोरेब्रहादुर खपाङ्गी वार्ता शुरू भएपछि आक्रमण मत्थर हुँदै जाने दावी गर्नुहुन्छ । "माओवादीका बम, बन्दूक अझै पड्किरहे पनि त्यसबाट आत्तिनुपर्ने कुरै छैन, उनीहरूको त्यो नियमित प्रकृया हो । त्यसले वार्तालाई केही असर गर्दैन ।" उहाँ भन्नुहुन्छ- "हातहतियारकै मात्र कुरा गरिरह्यो भने शान्ति प्रकृया अझ ढिला हुन्छ ।"

यसरी वार्ताको संभावनालाई अहिले पनि कसैले नकारेको भने छैन, बरू यसलाई त सबैले आवश्यकताकै रूपमा औंल्याएका छन् । दाङ्ग, स्याङ्जा र सोलु आक्रामणपछि प्रतिक्रयास्वरूप तत्कालीन देउवा सरकारले माओवादीलाई 'आतंककारी' घोषणा गरी संकटकाल र सेना परिचालन गरेको थियो । अहिले माओवादीले अर्घाखाँची, जुम्ला, ताकुकोट आक्रमणका 'सफलता'लाई मात्र मूल्यांकन गरेर बस्यो भने वार्ता नजिक हैन, टाढा पुग्छ र विदेशीहरू अझ नजिक आउने निश्चित छ ।

अहिले पनि सरकारी वा विद्रोही सेनाले प्रयोग गरिरहेका हतियारहरू विदेशी नै हुनाले हतियार आपूर्तिको रूपमा विदेशी स्वार्थलाई सहयोग पुगिरहेको छ । भोलि जुनसुकै पक्ष जितको नजिक पुगेको तर जित्न नसकेको अवस्थामा तेस्रो शक्तिको आमन्त्रण नहोला भन्न सकिन्न । त्यसबाहेक मध्यस्थकर्ताकै नाममा पनि 'विज्ञ' को रूपमा पश्चिमेलीहरूको हस्तक्षेप हुनसक्छ । श्रीलंकामा विदेशी मध्यस्थकर्ताहरूको प्रयासमा भइरहेको शान्तिवार्ता प्रकृयाको अध्ययन गरेर फर्किनुभएका वामपन्थी बुद्धिजीवी मल्ल के. सुन्दर त्यहाँका राजनीतिक दलका नेताहरूले नै विदेशी स्वार्थ लादिएको महसूस गरेको उल्लेख गर्दै भन्नुहुन्छ- "हतियार, सैनिक वा मध्यस्थकर्ता जुनसुकै नाममा पनि यहाँ विदेशी हस्तक्षेप हुनसक्छ र ती कुनै पनि अवस्थामा निर्णायक शक्ति नेपालीहरू हुन सक्दैनन् ।"

तर माओवादी अध्यक्ष प्रचण्डले भने एक राजनैतिक अपीलमा 'सकारात्मक राजनैतिक निकासका निम्ति वार्ताको ठोस वातावरण बनाउनुको सट्टा आफ्नो निरंकुशतालाई सुदृढ गर्न वार्ताको हल्ला गर्ने रणनीति अपनाउने सामन्ती शासकहरूका विरूद्ध संघर्षको आँधीबेहरी सृष्टि गर्नुबाहेक' अर्को विकल्प नरहेको उल्लेख गर्नुभएको छ । तर त्यसभन्दा पछिको एक अन्तरवार्तामा भने उहाँले भन्नुभएको छ- "विद्यमान गृहयुद्धको सकारात्मक अग्रगामी राजनैतिक निकासका निमित्त हामी आज पनि वार्ताको पक्षमा छौं । तर यदि वार्तालाई हतियारका रूपमा प्रयोग गरेर जनयुद्धलाई सखाप पार्ने सपना कसैले देखेको छ भने त्यो कहिल्यै पूरा हुनेछैन ।"

यो अवस्थामा यसरी चरम विश्वासको संकट देखा परिरहेको छ । अहिलेसम्म युद्धविराम गर्नसक्ने सम्मको संकेत पनि कुनै पक्षबाट व्यक्त भएको छैन । युद्धविराम गर्छु नभन्नु युद्ध गरिरहने कुराको संकेत हो ।

❑❑

# आक्रमणपछिको जुम्लामा मैले जे देखें

■ डा. चैतन्य मिश्र

**माओवादीले** जुम्लामाथि आक्रमण गरेको दशौं दिनमा मानवअधिकार आयोगको टोलीसँगै म पनि त्रिभुवन विश्वविद्यालयको प्राध्यापक तथा समाजशास्त्र विज्ञको हैसियतले त्यहाँ पुगेको थिएँ । 'मानवअधिकारवादीहरुलाई समेत यहाँ आइपुग्न १० दिन लागेछ' यो हामीमाथिको व्यंग्य थियो जुम्लाका स्थानीयबासीहरुको । तर पनि त्यहाँका राजनैतिक नेताहरु, समाजसेवीहरु र स्थानीयवासीहरुसँग बसेर त्यहाँको समस्याहरु बुझ्ने पहिलो टोली हामी नै थियौं ।

पहिलोपटक मैले जुम्लालाई प्रत्यक्ष हेर्ने मौका पाएँ । मैले पहिला सुनेको मात्र थिएँ- जुम्ला आर्थिक तथा भौतिक रुपले काठमाण्डौभन्दा निक्कै पिछडिएको जिल्ला हो । त्यहाँ पुग्दा मलाई त्यो कुरा साँच्चै नै सही अनुभूति भयो । जुम्ला र काठमाण्डौको तादम्य राजनैतिक र सुरक्षाको हिसावले पनि धेरै भिन्न देखियो । हुन त भरखरै माओवादीको आक्रमण भएको विशेष स्थितिले गर्दा पनि यस्तो भएको हुनसक्छ । तैपनि त्यहाँ माओवादीको बाहेक अन्य पार्टीको पार्टीगत क्रियाकलाप केही देखिएन । कुनै पनि दलका कार्यकर्ताहरुमा स्थानीय रुपमा केही गरौं, भन्ने अठोट देखिएन र 'केही हुनुपर्‍यो' भनेर उनीहरुले संघर्ष गरेको पनि देखिएन । हामी पुगेको केही दिनअघि मात्र त्यहाँ माओवादीबाहेक अन्य पार्टीहरुको संयुक्त भेला भएको रहेछ । त्यसलाई सर्वदलीय भेला नभनेर सर्वपक्षीय भेला भनिएछ र त्यसलाई 'नागरिक समाज'को संज्ञा दिइएछ । त्यसबाट के भान हुन्छ भने त्यहाँका राजनैतिक कार्यकर्ताहरुमा दलप्रति मोह भंग भएको र राजनैतिक क्षेत्र साँघुरिँदै गइरहेको छ । त्यहाँ अहिले पनि केही नेमकिपाका समर्थक शिक्षकहरु अहिलेसम्म आफ्नो पार्टीप्रति राजनैतिक आस्था कायम राखेरै बसिरहेका रहेछन् । उनीहरुको भनाइअनुसार 'कि हामीलाई तिमीहरुको राजनीतिमा चित्तबुझ्ने पार, नभए हामीले तिमीहरुलाई चन्दा दिने किन ?' भनेर माओवादीलाई चन्दा नदिएर बसेका रहेछन् उनीहरु ।

त्यहाँका कृषि कर्मचारीहरुको भनाइअनुसार जुम्ला खाद्यान्नको हिसावले आत्मनिर्भर ठाउँ हो । त्यहाँको भौगोलिक स्थिति हेर्दा पनि जुम्ला एउटा उपत्यका भएकोले सम्म र पानी प्रशस्त भएको ठाउँ हो । यसले गर्दा त्यहाँ धान र अन्नहरु उत्पादन हुनुको साथै स्याउ, ओखर, काजु, पेष्टा, किसमिस आदि फलफुलहरु प्रशस्त उत्पादन हुनसक्ने देखिन्छ र अहिले पनि केही मात्रामा उत्पादन भइरहेको छ । यदि त्यहाँ यातायात पुग्ने हो भने त्यो ठाउँमा हुने उत्पादनले बजार पाउने थियो र आर्थिक-भौतिक विकासको हिसावले जुम्ला सम्पन्न हुने देखिन्छ ।

गोरखालीहरुको कर्णाली र जुम्लामाथि भएको अत्याचारले गर्दा ऐतिहासिक रुपले नै र अहिलेको भौतिक तथा आर्थिक विकास कार्यक्रमहरुमा त्यहाँ भएको पक्षपातले गर्दा जुम्लावासीहरु काठमाण्डौदेखि रिसाएको कुरा सुनेकै हो । अहिलेको घटनापछि त उनीहरुमा झनै क्रोध थपिएको छ । उनीहरुको भनाइ थियो- पहिले पार्टीहरुको मन्त्रीमण्डल हुँदा

त्यहाँ कुनै घटना हुनेबित्तिकै कुनै न कुनै मन्त्री पुग्थे, तर यसपटक घटना घटेको १० दिन पुग्दासम्म कुनै पनि मन्त्री त्यहाँ पुगिसकेको थिएन । त्यहाँका कर्मचारी तथा सुरक्षा बलको समेत आत्मबल ज्यादै न्यून भएको देखियो । केही सुरक्षाकर्मीहरुले त 'हामीलाई यहाँ बलिको बोको बन्न पठाइएको हो' भनेर सम्म पनि भने । कर्मचारीहरुभित्रै पनि केही हदसम्म एकअर्काप्रति अविश्वासको स्थिति त्यहाँ पैदाभएको देखिन्छ । आक्रमण हुने कुरा थाहा पाएर पनि एकअर्कोलाई नभनेको भन्ने शंका त्यहाँका कर्मचारीहरुको बीचमा पैदाभएको छ । अफिसरविहीन भएका छन्, त्यहाँका अफिसहरु । जुम्ला आक्रमण हुनुभन्दा पहिला नै तल्लो स्तरका कर्मचारीहरुले कायममुकायम भएर अफिस चलाउँथे । आक्रमणयता त त्यो स्थितिले झन् भयावह रुप लिएको छ ।

हामी त्यहाँ पुग्दासम्म जुम्लाको स्थिति लथालिंग थियो । माओवादीहरुले जलाएका कति घरहरुबाट त १० दिन पछिसम्म धुँवा निस्किरहेको थियो । कैयौं भत्केका घरहरुमा केही जस्तापाताहरु छानामा अड्किएर रहेका थिए । हावाले वा केहीले ठक्कर दिनेबित्तिकै ती जस्तापाताहरु खस्न सक्थे र त्यसबाट मानिसहरु घाइते हुने सम्भावना थियो । जिल्ला प्रहरी कार्यालयमा मरेका प्रहरीहरुको नाम लेखिएका लुगा, हेलमेट, जुत्ताहरु त्यसै छरिएर रहेको स्थितिमा थियो जुन हेर्दै टिठ लाग्थ्यो । त्यहाँका मानिसहरुका अनुसार माओवादीहरुको लाश अझै पनि अर्धपुरिएको अवस्थामा छन् र ती लाशहरुलाई स्याल र गिद्धहरुले लुछेर खाइरहेका छन् । त्यसलाई तह लगाउने र व्यवस्थित गर्ने जिम्मा कसको हो अझैसम्म निर्णय हुनसकेको छैन । त्यहाँको स्थिति हेर्दा मानौं त्यहाँ सरकार नै छैन जस्तो लाग्छ । माओवादी फेरि आउँदैछन् भन्ने हल्ला त्यहाँ बेला बेलामा भइरहन्छ ।

त्यहाँका मानिसहरुका भनाइअनुसार बेलुकी १०:४० बजे आक्रमण भएको रहेछ । आक्रमणमा सामान्य मानिस ४ जनासहित सुरक्षा बलका ४० जना र माओवादीतर्फका ४८ जनामात्र मरेको हामीले सूचना पायौं । केही प्रहरीहरुले माओवादीसमक्ष आत्मसमर्पण गरेका थिए भन्ने कुरा पनि सुनियो । र, केही प्रहरीहरु विशेष गरेर एयरपोर्टमा लामो समयसम्म लडेका कुराहरु पनि सुनियो । त्यसैले गर्दा एयरपोर्टको घरको माथिल्लो तल्ला जल्न पाएन र त्यहाँ रहेका औजार र सामानहरु सुरक्षित रहे । फलस्वरुप त्यहाँ प्लेन छिटो चल्न सम्भव भयो । त्यहाँ प्रहरी फोर्स ३ ठाउँमा छरिएर रहेको रहेछ । जसमध्ये १७ जना प्रहरीहरु जेलमा रहेछन् । १७ जनामध्ये १६ जनालाई माओवादीहरुले बन्दी बनाएर लिएर गएका थिए र उनीहरुलाई छाडी पनि सके । संभवतः एकजना प्रहरी मरेको हुनसक्ने त्यहाँका मानिसहरुको भनाइ रहेको छ ।



तस्वीर : गोपी बुढा


## जुम्लामाथि आक्रमण भएको १० दिनपछिसम्म पनि जलेका घरहरूबाट धुँवा आइरहेको थियो

त्यस आक्रमणमा सबभन्दा बढी प्रहरीहरु मारिए । सैनिकहरु कोही पनि मारिएनन् भन्ने कुरा हामीले सुन्यौं । किनभने प्रहरीहरु नै माओवादीहरुसँग प्रत्यक्ष रुपमा लडेका थिए । आक्रमण भएपछि सैनिकहरु सैनिक क्याम्पबाट बाहिर नै आएनछन् । उनीहरु हतियार माओवादीहरुको हातमा पर्न नदिने उद्देश्यले त्यसको रक्षा गरिरहेका थिए भन्ने कुरा सुनियो । मुख्य कुरा त त्यहाँको वाणिज्य बैंक सैनिक क्याम्पभन्दा करिव सय डेढसय गज मात्र पर थियो । त्यति नजिकको बैंकको समेत सैनिकहरुबाट रक्षा हुन सकेन । अहिले पनि सैनिकहरुलाई गस्तीमा जाँदा ३ घण्टाको बाटोभन्दा पर नजाने अर्डर रहेछ । शायद आक्रमणको बेला पनि क्याम्पबाट बाहिर ननिक्लने स्ट्याडिङ अर्डर थियो होला भन्ने त्यहाँका मानिसहरुको शंका छ ।

अहिले त्यहाँ बैंक नभएको कारण कर्मचारीहरु र व्यापारीहरुलाई ठूलो समस्या परिरहेको छ । बैंकबाट पैसा झिक्न नपाएकोले कर्मचारीहरुलाई आवश्यक खाद्यान्न र अन्य सामानहरु किन्न सकिरहेका छैनन् । माओवादी र सुरक्षाकर्मीहरुका बीचमा त्यहाँका जनता, शिक्षक र कर्मचारीहरु पिसिएका छन् । उनीहरुलाई एक ठाउँबाट अर्को ठाउँमा जान ज्यादै कठिनाइ भइरहेको छ । उनीहरु एक ठाउँबाट अर्को ठाउँमा जाँदा दुवै पक्षबाट सोधपुछ र खान तलासी हुन्छ । सबभन्दा बढी मारमा त्यहाँका स्वास्थ्यकर्मीहरु परेका छन् । गोली लागेका र घाइते भएका माओवादीहरु ल्याएर उपचार गराउन माओवादीहरु उनीहरुका आउँछन् । एकातिर नैतिकता र माओवादी दबावले गर्दा उनीहरु माओवादीहरुको उपचार गर्न बाध्य छन् भने, अर्कोतिर 'माओवादीको उपचार किन गरेको' भनेर सुरक्षाकर्मीहरुले उनीहरुलाई कुटपिट र धुनछेक गरेर दुःख दिन्छन् ।

जुम्लाका स्वास्थ्य चौकी र उपचौकीहरुमा पठाउन बन्द गरेर जिल्लामै राखिएका थुप्रै औषधिहरु आक्रमणको बेला माओवादीले लगेको कुरा पनि सुनियो । त्यस्तै गरेर, त्यहाँका घरघरमा भएका हातहतियारहरु, जुन सरकारले लिएर एकैठाउँमा राखिएको थियो, ती हतियारहरु पनि सबै नै लिएर गए । पसल पसलमा पनि माओवादीहरुले थुप्रै सामानहरु लुटेर लगेको कुरा सुनियो । त्यहाँका पसलेहरुको भनाइअनुसार उत्तर पश्चिमबाट आउने माओवादीहरु धेरैजसोले पसलहरुबाट सामान लुटेर लगे भने पूर्वबाट आउने माओवादीहरु धेरैजसोले पैसा तिरेर सामान लगे । एउटा पसलमा जुन पसलको मालिक डरले भागेका थिए, त्यहाँ सामान लगेको भनेर २०० रुपियाँ माओवादीले किलामा टाँगेर छाडेर गएको कुरा पनि सुन्न पाइयो । अहिले जुम्लामा त्यहाँका साधारण मानिसहरुले आफूलाई चाहिने सामान आवश्यक मात्रमा किन्न पाउँदैनन् । एकजना मान्छेले बढीमा ५ किलो चामल, १ पाकेट चाउचाउ, १ जोर जुत्ता र त्यस्तै गरेर अन्य सामान पनि सीमित मात्रामा मात्र किन्न पाउँछ । त्यो पनि ज्यादै महँगो मूल्य तिरेर । जस्तो मट्टितेल १ लिटरको ६० रुपियाँ, चिनी १ किलोको ७० रुपियाँ खानेतेल १ लिटरको १२५ रुपियाँ पर्छ । फलामको सामान त किन्नै पाइदैन ।

यसरी जुम्लाका जनताहरु हरेक हिसावले आफूमाथि अन्याय र अत्याचार भएको महशूस गरिरहेका छन् । मलाई पनि अति आवश्यक सामानहरुको किनबेच सीमित पार्ने सरकारको यो नीति उपयुक्त हो जस्तो लाग्दैन । सामान्य रुपले सोच्दा पनि एकदमै साँगुरो रुपले परिभाषित गरेको इलाकामा थोरै समयको लागि त्यस्तो खालको सामानहरु नपठाउने सैनिक हिसावले उपयुक्त हुन्थ्यो होला । तर अनिश्चित कालसम्म चल्नसक्ने युद्धको दौरानमा सिंगै क्षेत्रमा दैनिक आवश्यकताका सामानहरु नपठाउने नियम बाँध्नु सैनिक हिसावले पनि उपयुक्त होलाजस्तो मलाई लाग्दैन । निश्चित ठाउँ, जहाँ शत्रु पक्ष अथवा माओवादीहरुको सैन्य शिविर तथा ट्रेनिङ्ग शिविर छ, त्यहाँ निश्चित समयको लागि नाकावन्दी गर्नु एउटा कुरा हो । तर सिंगै क्षेत्रमा अति आवश्यक सामानहरु तथा औषधिहरुसमेत नपठाउने गर्नाले माओवादीलाई मात्र हानि हुने नभई त्यहाँका आम जनताको लागि हानि हुन्छ । अझ यो नीतिले माओवादीलाई अपठ्यारो पर्ला नपर्ला भन्न सकिन्न, तर आमजनतालाई भने अवश्य पनि अप्ठ्यारो परेको छ । यो खाली त्यहाँका जनतालाई चिढाउने कुरा मात्र हो । त्यसैले मानवीयताको नाताले पनि सबै कुराहरु खुल्ला गर्नुपर्ने आवश्यकता छ । र, साथै यो माओवादीहरुसँग लड्नको लागि पनि उपयुक्त रणनीति हो कि होइन विचार गर्नुपर्छ जस्तो मलाई लाग्छ । ❑



# स्वास्थ्य सेवालाई निजीकरण गर्ने अर्को खेल

○ डा. शरद वन्त

## स्वास्थ्य वीमा : वर्तमान सरकारको कार्यक्रम

**वर्तमान** सरकारले सार्वजनिक गरेको स्वास्थ्य नीति तथा कार्यक्रम स्वास्थ्य क्षेत्रमा र दात्री संस्थाहरूको चौतारीमा यतिखेर विशेष चर्चित बनेको छ । यो छोटो लेख पनि त्यही परिचर्चा श्रृंखलाकै एउटा कडी भएतापनि यो लेखको उद्देश्यबारे शुरूमै सानो चर्चा गर्नु जरूरी छ । पहिलो कुरा, राजनीतिक क्षेत्रमा मात्र होइन, नागरिक समाजभित्रै पनि वर्तमान सरकारको निर्माण प्रक्रिया निक्कै आलोचित भएको छ र यसको वैधानिकताको प्रश्न केही हदसम्म अझै पनि अनुत्तरित नै छ । त्यस सन्दर्भमा हेर्ने हो भने, यो सरकारले प्रस्तुत गरेको नीति, योजना तथा कार्यक्रममाथि नै पनि वैधानिकताको प्रश्न उठ्नसक्छ । दोस्रो कुरा, अहिले देश जसरी हिंसा, अशान्ति, राजनैतिक संकट, अनिश्चितता र अन्यौलबाट गुज्रिरहेको छ, त्यसलाई हेर्दा जे-जस्ता नीति र कार्यक्रमहरू बने पनि तिनीहरूको कार्यान्वयन हुनसक्ने संभावना पनि ज्यादै न्यून भएको हुँदा यस्ता घोषित नीति र कार्यक्रमहरूमाथि टिप्पणी गर्नु नै पनि त्यति ठूलो औचित्य नहोला । तापनि, यिनै नीतिहरूबाट वर्तमान सरकारको वर्गीय चरित्रको विश्लेषण र मूल्यांकन गर्न सकिने भएकोले तिनीहरूमाथि बहस हुनु आवश्यक छ । यो लेखको तात्पर्य पनि यही हो ।

त्यसो त स्वास्थ्य मन्त्रालयले घोषणा गरेको १८ बुँदे नीति तथा कार्यक्रम 'नयाँ' भनिएता पनि यो सर्वथा नौलो भने होइन । स्वास्थ्य मन्त्रालयले विगतमा सार्वजनिक गरिसकेको तथा नीति दस्तावेज (policy documents) मा स्पष्टसँग व्यक्त गरिसकेका नीति र कार्यक्रमहरूलाई एकीकृत गरेर प्रस्तुत भएका कारणले मात्र यो नयाँ हुनसक्तैन । तीमध्ये धेरैजसो बुँदाहरूमा विभिन्न मञ्चहरूमा पटक पटक छलफल भएकै पनि हुन् । यसरी सार्वजनिक रूपमा छलफल नभएका केही बुँदाहरूमध्ये प्रस्तुत लेखमा स्वास्थ्य वीमाबारे छोटकरी चर्चा गर्ने प्रयत्न गरिएको छ । हालै घोषित स्वास्थ्य वीमाको नीति कार्यान्वयन भएमा, तर यसले सही दिशा लिन नसकेमा नेपाली जनताको स्वास्थ्यमा अत्यन्तै गहिरो नकारात्मक असर पार्नसक्ने भएकाले यसबारे वृहत चर्चा परिचर्चा हुनु जरूरी ठानिएकोले पनि यो प्रयत्न गरिएको हो ।

### स्वास्थ्य वीमाको शुरूवात :

औद्योगिक राष्ट्रहरूमा उदार पूँजीवादको विकास सँगसँगै स्वास्थ्य सेवाको मूल्यलाई वस्तुसरह खुला बजारले नियन्त्रण गर्न थालेपछि नागरिकहरू स्वयंले आफ्नो व्यक्तिगत सुरक्षाको लागि अन्य सम्पत्तिजस्तै स्वास्थ्यको पनि वीमा गर्नुपर्ने आवश्यकता महशूस गर्न थाले । बेलायत, स्वीडेन, डेनमार्क, क्यानाडा आदिजस्ता लोककल्याणकारी राज्य (welfare state) सिद्धान्तमा आधारित स्वास्थ्य सेवा प्रणाली भएका मुलुकहरूमा बाहेक अधिकांश विकसित देशहरूमा निजी रूपमा गरिने व्यक्तिगत वीमा नै स्वास्थ्य सेवाको मूल्य चुक्ता गर्ने मुख्य आधार मानिन्छ । त्यस्तो निजी वीमाको कारोवारमा राज्यको कुनै प्रत्यक्ष भूमिका रहँदैन । यो विमित र वीमा कम्पनीको बीचमा हुने सम्झौताको विषय हो ।

यो भन्दा फरक, गरीब विकासोन्मुख मुलुकहरूमा भने स्वास्थ्य सेवामा हुने खर्च राज्यले धान्न नसकेपछि विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोषको सिफारिस र दबावमा 'ढाँचागत समायोजन' (Structural Adjustment Programe) अन्तरगत राज्यले स्वास्थ्य सेवामा गर्ने खर्च कटौती गर्न स्वास्थ्य सेवालाई निजीकरण गर्न थालियो । निजीकरण गर्नको लागि बजारको व्यवस्था र क्रेता अथवा उपभोक्ताहरूको खोजीसमेत गर्ने दायित्व विश्वबैंक र मुद्राकोषले राज्यमाथि नै थोपर्‍यो । बजारको व्यवस्था गर्न त तुलनात्मक रूपमा त्यति मुश्किल भएन, केही सुविधाहरू दिएर निजी क्षेत्रका लगानीकर्ताहरूलाई निम्त्याउनेबित्तिकै सेवाको आपूर्तिको संभावना त भयो । तर, गरीब देशहरूका अत्यन्तै न्यून क्रयशक्ति भएका बहुसंख्यक नागरिकहरूबाट बजारलाई सन्तुष्ट पार्नसक्ने क्रेताहरूको जमात तयार गर्नु त्यति सजिलो कुरा भएन । सोझो 'सेवा शुल्क' (user fee) लादेर मात्रै क्रेताहरूको त्यो जमात तयार गर्न नसकेपछि मात्रै होइन, विश्व बैंक र मुद्राकोषले क्रूरतासँग लादेको सेवा शुल्कबाट अफ्रिकी देशहरूको जनस्वास्थ्यमा परेको अत्यन्तै नकारात्मक प्रभावको चौरतिरबाट तीव्र आलोचना हुन थालेपछि त्यसैलाई अर्को रंगले पोतेर स्वास्थ्य वीमाको अवधारणा अघि सारिएको हो । आजभोलि विकासोन्मुख देशहरूमा राज्यको पहलमा हुने गरेको वीमाको बहस यसैको नतिजा हो ।



नेपालमा फाट्ट-फुट्ट रूपमा गैर-सरकारी क्षेत्रबाट सामुहिक स्वास्थ्य वीमाको प्रयोग भएको भए पनि राज्यको तहबाट स्वास्थ्य वीमाको नीतिको शुरूवात लगभग आधा दशकअघि दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (Second Long Term Health Plan 1997-2017) सँगै भएको हो । दोस्रो दीर्घकालीन योजनामा बाह्रौं पंचवर्षीय योजना (सन् २०१२-२०१७) अवधिमा स्वास्थ्य वीमा लागु गरेर स्वास्थ्यमा हुने लगानी पूर्ण रूपमा असुल गर्ने कुरा स्पष्ट उल्लेख गरिएको छ । बजारीकरण र निजीकरणलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु नै दीर्घकालीन स्वास्थ्य योजनाको मूलमन्त्र भएको हुनाले स्पष्टै छ- यसले तर्जुमा गरेको र इंगित गरेको स्वस्थ्य वीमा स्वास्थ्य सेवालाई निजीकरण गर्ने प्रकृयाको चरमविन्दु नै हो । त्यसैले

होला, सायद विगतका सरकारहरूले यस मुद्दालाई खुला वहसमा ल्याउन र सार्वजनिक गर्न त्यत्ति आँट गरिसकेका थिएनन् ।

अब प्रश्न उठछ, के वर्तमान सरकारले घोषणा गरेको स्वास्थ्य वीमाको अवधारणा दीर्घकालीन योजनाको भन्दा फरक छ त ? यो प्रश्नको सही उत्तर खोज्नको लागि स्वास्थ्य वीमासँग गाँसिएका दुईवटा मूलभूत प्रश्नहरूको चर्चा गर्नु जरूरी हुन्छ ।

**पहिलो प्रश्न : वीमा शुल्क कसरी भुक्तान गरिन्छ, नागरिकको निजी खल्तीबाट या राज्य कोषबाट ?**

**दोस्रो प्रश्न : स्वास्थ्य सेवाको आपूर्ति कहाँबाट हुन्छ, निजी क्षेत्रबाट वा राज्यको स्वामित्वमा भएका संस्थाहरूबाट ?**

पहिलो प्रश्नको सन्दर्भमा, विश्व स्वास्थ्य संघले एउटा विशेष Commission on Macroeconomics and Health (CMH) मार्फत् गराएको अध्ययनअनुसार विकासोन्मुख देशहरूमा आधारभूत स्वास्थ्यको लागि प्रतिव्यक्ति प्रतिवर्ष ३४ अमेरिकी डलर खर्च गर्नुपर्ने हुन्छ । यो रकम भनेको हाल नेपालमा स्वास्थ्यमा प्रतिव्यक्ति भैरहेको खर्चको (जसमध्ये ७० प्रतिशत जति निजी खल्तीबाट हुनेगर्दछ) तीन गुणा हो । जुन देशले स्वास्थ्य मन्त्रीको कार्यालयमा कुर्सी फेर्नको लागि समेत विश्व बैंकबाट ऋण लिनुपर्छ, त्यो देशले त्यो अनुपातमा स्वास्थ्य लगानी बढाउला भन्ने कुरा पत्याउन सकिन्न । यो संभव पनि छैन । किनकि, देशको क्षमता नभएर मात्रै होइन, विश्वबैंकले त्यसो गर्न कहिल्यै अनुमति दिने छैन र विश्वबैंकको ऋणको दलदलमा चुर्लुम्म डुबेको देशले त्यसको प्रतिकार पनि गर्न सक्तैन । त्यसैले घोषित स्वास्थ्य वीमाको शुल्क स्वास्थ्य सेवाको उपभोक्ताकै निजी खल्तीबाट जाने कुरा स्पष्ट छ । निकट भविष्यमै लागु गरिने भनिएको पाइलट फेजमा स्वास्थ्य वीमाको शुरूवात संगठित क्षेत्र (formal sector) बाट गरिने घोषणाले पनि यही कुरालाई इंगित गर्दछ ।

दोस्रो प्रश्नको सन्दर्भमा सरकारी, निजी क्षेत्र र गैर-सरकारी क्षेत्रबाट कुन कुन अनुपातमा स्वास्थ्यसेवा प्रदान गरिन्छ, त्यसको सही तथ्यांक नभए पनि निजी क्षेत्रबाट आपूर्ति हुने स्वास्थ्यसेवाको परिमाणमा क्रमशः वृद्धि भैरहेको त सर्वविदितै छ । साथै, सरकारी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको मात्रा र गुणमा समेत ह्रास आउँदै गरेको त स्वयं सरकारले पनि स्वीकारेकै तथ्य हो । त्यसमाथि, स्वास्थ्यमा उदारीकरण र निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यलाई सरकारले मूल मन्त्रभैं जपेको यथार्थले पनि स्वास्थ्य सेवामा निजी क्षेत्रको संलग्नता बढ्दै जाने कुरामा कुनै द्विविधा छैन । यसले घोषित स्वास्थ्य वीमा कार्यक्रममा निजी क्लिनिक तथा अस्पताल एवं स्वस्थ्यकर्मीहरूको प्रचुर सहभागिता हुने सोभो पुष्टि हुन्छ । निचोडमा भन्ने हो भने, अब नेपाली जनताले आफ्नो खल्तीबाट पैसा तिरेर निजी क्लिनिक या अस्पतालमा स्वास्थ्य वीमा गराउनुपर्ने हुन्छ ।

## फरक के पर्छ त ?

स्वास्थ्य वीमा भनेको कुनै दिन पर्न सकिने संभावित विरामीको उपचारको अग्रीम भुक्तानी हो । 'नेपालीहरू स्वास्थ्य सेवाको मूल्य तिर्न सक्षम तथा इच्छुक पनि छन्' भनेर विश्वबैंकले दावी गरे पनि आर्थिक रूपमा सम्पन्न सानो समूहलाई छाड्ने हो भने त बहुसंख्यक नेपालीहरूको स्वास्थ्य सेवाको दिनदिनै महँगीदै गएको मूल्य तिर्नसक्ने क्षमता ज्यादै न्यून छ । र, आर्थिक विकासको ढाँचा र वितरण यस्तै रहने हो भने क्रयशक्ति अभ्न ह्रास हुँदै जानेछ । जीवन र मरणको बीचमा अड्किंदा त उपचारको न्यूनतम मूल्य चुकाउन नसकेर मृत्यु स्वीकार्न बाध्य भएका अधिकांश नेपालीहरू स्वास्थ्यसेवाको निम्ति अग्रीम मूल्य तिर्न, यद्यपि त्यो मूल्य वास्तविक मूल्यको तुलनामा सानो हुन्छ, आर्थिक रूपले सक्षम छैनन् । फलस्वरूप, धेरैजसो गरीब तथा विपन्न नेपालीहरूले स्वास्थ्यवीमा गर्न नसकेकै कारणले स्वास्थ्य सेवाबाट बन्चित हुनुपर्नेछ । संयुक्त राज्य अमेरिका जस्तो धनी मुलुकमा पनि करोडौं गरीब, खासगरी अश्वेत, अमेरिकनहरूले स्वास्थ्यवीमा गर्न सकेका छैनन्- यो त प्रणाली कै नियति हो । स्वास्थ्य सेवाहरू शहरहरूमा घनीभूत भएर संपन्न वर्गका लागि मात्र प्राप्य हुने बजारिया वस्तु हुनेछ । धनी र सम्पन्नहरूकै लागि लक्षित गरिने हुनाले स्वास्थ्यसेवा बढी सुविधायुक्त हुनुको साथै अभ्न महँगो बन्नेछ र गरीबहरूको लागि भन् भन् दुर्लभ हुँदै जानेछ । यसरी, हुनेखाने र गरीब निमुखाको स्वास्थ्यको स्थितिमा विद्यमान असमानता अभ्न गहिरिदै जानेछ ।

## र, अन्त्यमा

'समानता', 'सामाजिक न्याय' जस्ता पैंचो मागिएका शब्दहरूले नीति र भाषण रंगाउन खोजे पनि वर्तमान सरकारले उदारीकरण र निजीकरणलाई अन्तिम टुंगोमा पुऱ्याउने प्रतिवद्धता बोकेको कुरा सबैभन्दा पहिले स्वास्थ्य क्षेत्रमा अभिव्यक्त भएको छ । जनतालाई भन्दा दात्री संस्थाहरूलाई बढी रिभ्काउन कसरत गर्नु, विश्वबैंकले स्वास्थ्यवीमाको मुकुण्डो लगाएर सरकारलाई स्वास्थ्य सेवा बजारको दलाली गर्न बाध्य गराउँदा पनि त्यसको सांकेतिक प्रतिकारसमेत गर्न नसक्नु या नखोज्नुले सरकार कसको स्वार्थमा समर्पित छ भन्ने कुराको विश्लेषण गर्न धेरै गाह्रो नपर्ला । विश्वका कतिपय गरीब देशहरूले थोरै लगानीमै पनि जनताको स्वास्थ्य स्थितिमा महत्वपूर्ण प्रगति गर्न सकेका अनेकौं उदाहरणहरू पाइन्छन् । विकल्प र संभावनाहरू अनेकौं हुनसक्थे, इमान्दारीताका साथ जनताप्रति समर्पित भएर चासो राखिएको भए । तर सरकारले यसको कुनै आवश्यकता ठानेन र सरकारलाई अन्य विकल्पहरूको आवश्यकता थिएन पनि । यही उसको वर्गीय विशेषता हो । ❑


देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीब्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी, हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# राष्ट्रिय कार्यकर्ता भेला र एमालेको नीति

- नारायण ढकाल

**नेकपा एमालेको अहिलेको नीति भनेको नेपाली कांग्रेसले २०३३ सालपछि लिएको 'राष्ट्रिय मेलमिलाप'को नीतिजस्तै हो ।**


गएको मंसिर तीन गते काठमाण्डौको राष्ट्रिय सभागृहमा ने.क.पा. एमालेको राष्ट्रिय कार्यकर्ता भेला सम्पन्न भयो । जनसचेतनता कार्यक्रमको तयारीको सन्दर्भमा आयोजित त्यो प्रथम भेला धेरै अर्थमा महत्त्वपूर्ण थियो । खासगरी गत २०५९ असोज १८ गते राति राजाले शाही घोषणामार्फत् निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई पदबाट बरखास्त गरी सार्वभौमसत्ता र कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि उत्पन्न सम्वैधानिक एवं राजनीतिक संकटको परिप्रेक्ष्यमा त्यसको बढी महत्व गाँसिएको थियो । केन्द्रीय कमिटीका सदस्यहरू, राष्ट्रिय परिषद्का सदस्यहरू, केन्द्रीय विभाग, केन्द्रीय फ्र्याक्सनका सचिवहरू र जिल्ला कमिटीका सचिवहरू सहभागी भएको सो भेलाले पारित गरेका प्रस्तावहरू राजनीतिक क्षेत्रमा अझै चर्चा र विश्लेषणको विषय बनिरहेका छन् ।

यस पटकको राष्ट्रिय कार्यकर्ता भेला विगतका कार्यकर्ता भेलाहरूभन्दा निक्कै फरक ढंगमा आयोजना भएको देखियो । पहिलो सत्रमा महासचिव माधवकुमार नेपालले डिमाई आकारमा छापिएको बाह्र पृष्ठ लामो सम्वोधन दस्तावेज पढेर सुनाउनुभयो । त्यसपछि त्यसउपर लिखित प्रश्नहरू दिन कार्यकर्ताहरूलाई आह्वान गरियो । दोस्रो सत्रमा कार्यकर्ताबाट प्रेषित एक सयवटा लिखित प्रश्नहरूलाई महासचिव नेपालले एक्लै जवाफ दिनुभयो । केही राजनीतिक र विविध प्रस्ताव पारित भएपछि भेला स्वतः समापन भयो ।

यसअघिका यस्ता भेलाहरू कार्यकर्ता र नेतृत्वमाझ सम्वादको दृष्टिले निक्कै सजीव र आकर्षक हुन्थे । वि.सं. २०५४ मा पार्टी विभाजनपछि पोखरामा आयोजित यस्तै कार्यकर्ता भेला कार्यकर्ताको राजनीतिक उत्साह र रचनात्मक पहलको हिसावले अहिलेको भन्दा निक्कै फरक थियो । २०४६ को जनआन्दोलनपछि अन्तरपार्टी जनवादी संस्कृतिलाई आफ्नो पार्टी जीवनको अंग बनाउने राजनीतिक समूहमा नेकपा एमाले नै सबभन्दा अग्रगामी र गतिशील भएर आएको थियो । पार्टी संयन्त्रलाई गतिशील बनाउन नेकपा एमालेले जनवादी प्रतिस्पर्धा, नियमित अधिवेशन, फलदायी कार्यकर्ता भेला र नेतृत्व, कार्यकर्ता माझको अन्तरसम्वादलाई जोड दिएर सोअनुरूप अभ्यास गर्न थालेको थियो । यसले पार्टीभित्र नेतृत्व र कार्यकर्ता माझको जीवन्त सम्बन्धलाई बलियो बनाएको थियो । २०४७ देखि २०५३ सम्मको पार्टीको चमत्कारपूर्ण सांगठनिक विस्तार यही पार्टी शैलीको उत्पादन थियो भन्ने मेरो धारणा छ ।

कुनै पनि भेलामा प्रस्तुत दस्तावेजहरूमाथि समूहगत छलफल र सुझाव संकलन गर्ने परिपाटीले केन्द्रीय तहको नीति-निर्माणमा सकारात्मक भूमिका खेल्छ भन्ने स्थापित परम्पराभन्दा अलग ढंगबाट आयोजना भएको यसपटकको भेलाले जनवादलाई भन्दा केन्द्रीयतालाई बढी प्राथमिकता दिएको हो कि भन्ने शंकालाई प्रशस्त ठाउं प्रदान गरेको थियो । तथापि सो भेलाका संचालक स्थायी समिति सदस्य ईश्वर पोखरेलले हतार, समयको अभाव र अन्य प्राविधिक समस्याले गर्दा भेलाको स्वरूप यस किसिमको हुन गएको हो भन्ने बयान दिएपछि सहभागीहरूले अनुभूत गरेको असजिलो केही हदसम्म भए पनि हट्न गएको देख्न सकिन्थ्यो ।

महासचिव माधवकुमार नेपालले प्रस्तुत गर्नुभएको सम्वोधन वक्तव्यमा ६ वटा प्रमुख शीर्षकहरू छन् । मुलुकको वर्तमान परिस्थिति, प्रतिनिधिसभाको अस्वाभाविक विघटन, ६ दलको सहमति र देउवाको सिफारिस, शाही घोषणा सम्बन्धमा दृष्टिकोण, लोकेन्द्र मन्त्रिपरिषदप्रतिको दृष्टिकोण र समस्याको निकास शीर्षकमा केन्द्रित सो वक्तव्यको मुख्य सार भनेको २०५९ साल कार्तिक ७ गतेको पार्टीको स्थायी समितिको वैठक र लगत्तैको केन्द्रीय कमिटीको एकतीसौं वैठकका निर्णयहरू हुन् । ती दुवै वैठकले वर्तमान राजनीतिक संकटलाई निदान गर्न जनसचेतनता कार्यक्रम संचालन गर्ने निर्णय गरेका थिए । त्यही आलोकमा महासचिवको सम्वोधन वक्तव्यको वैचारिक-राजनीतिक अन्तर्य निर्माण भएको छ । राष्ट्रिय कार्यकर्ता भेलामा केन्द्रीय सचिवालयले वितरण गरेको जनसचेतनतासम्बन्धी हाते पुस्तिकाको उन्नाइसौं पृष्ठको अन्तिम परिच्छेदमा महासचिव भन्नुहुन्छ : "अहिले देशमा उत्पन्न भएको सम्वैधानिक र राजनीतिक जटिलता तथा राजनीतिक दल र राजाबीच उत्पन्न भएको आशंका एवं द्वन्दको समाप्तिका लागि राजाबाट चालिएका असम्वैधानिक कदमहरूलाई सच्याउने र विश्वासको वातावरण कायम गर्नेतर्फ कदमहरू चालिनुपर्छ । देशको वर्तमान जटिल स्थितिलाई सामान्य अवस्थामा ल्याउन कुनै एउटा राजनीतिक शक्तिले मात्र सक्ने अवस्था छैन ।




*नेकपा (एमाले)को जनसचेतना कार्यक्रम : राष्ट्रिय कार्यकर्ता भेलाको एक दृश्य (फोटोः शालिग्राम तिवारी)*

सबै प्रमुख राजनीतिक दल र राजाको समेत सामूहिक प्रयत्न र प्रतिवद्धताले मात्र हामी स्थितिलाई सुधार्न सक्छौं ।"

उक्त भेलामा महासचिव नेपालले कार्यकर्ताहरूको प्रश्नको उत्तर दिंदै स्पष्ट भन्नुभएको थियो- "त्यसै भएर नै हामीले अहिले न संघर्ष न आत्मसमर्पणको नीति लिएका हौं ।" अर्थात् अहिले नेकपा एमाले असोज अठारको शाही घटनाको प्रतिक्रियामा संघर्षलाई भन्दा "सहमति, समभदारी एवं सम्वादद्वारा मुलुकमा विद्यमान संकटको निकास" खोज्ने दिशामा (हाते पुस्तिका पृष्ठ ६ को पहिलो अनुच्छेद) क्रियाशील देखिन्छ । "दक्षिणपन्थीहरूले मुलुकलाई प्रतिगमनतिर धकेल्न र उग्रवामपन्थीहरूले अराजकतातिर घचेट्न खोजिरहेको वर्तमान अवस्थामा जनआधारित राजनीतिक पार्टीहरूलगायत सबै सम्वैधानिक शक्तिहरूको एकताले मात्र देशलाई बचाउन, प्रजातन्त्रलाई कायमै राखी अग्रगामी दिशातिर अघि बढ्न र सम्वैधानिक राजतन्त्रको पनि मर्यादा कायम राख्न सक्दछ ।" (सोही पृष्ठको दोस्रो अनुच्छेद)

सो राष्ट्रिय कार्यकर्ता भेला पार्टीले निर्णय गरेको जनसचेतनता कार्यक्रमको कार्यान्वयनको पक्षमा बढी केन्द्रित थियो । सो कार्यक्रम मंसिरभरि संचालन हुनेछ ।

मंसिर २० गतेदेखि २९ गतेसम्म मुलुकका १३ वटा महत्वपूर्ण शहरहरूमा जनसभाहरूको आयोजना पनि हुनेछन् । पार्टी केन्द्रद्वारा निर्देशित यी कार्यक्रमहरूलाई प्रभावकारी ढंगले सफल बनाउन पार्टीका सबै नेता, कार्यकर्ता र सिंगो पार्टी पंक्तिलाई परिचालित गर्ने ध्येय राखिएको छ । यी सबै गतिविधिहरूको लक्ष्य संविधान माथिको अतिक्रमणका बारेमा जानकारी गराउँदै प्रतिगमनका विरूद्ध सचेत पार्ने, ०४६ सालको उपलब्धि, नेपालको अधिराज्यको संविधान ०४७ को रक्षा र निकासका निम्ति जनमत निर्माण गर्ने, राजनीतिक पार्टी, राजा र नागरिक समाजलाई सम्वाद एवं समभदारीका साथ अघि बढ्न प्रेरित गर्ने र मुलुकलाई द्वन्द र मुठभेडबाट जोगाउँदै अग्रगतिको आधार निर्माण गर्ने रहेको देखिन्छ । (पृष्ठ ७)

यसरी उक्त राष्ट्रिय कार्यकर्ता भेलामा महासचिव नेपालले सम्वोधन वक्तव्यमार्फत् व्यक्त गर्नुभएको विचार, सहभागी कार्यकर्ताहरूको प्रश्नको उत्तर र त्यहाँ प्रस्तुत भएको जनसचेतनता कार्यक्रमसम्बन्धी हाते पुस्तिका २०५९ बाट के बुभिन्छ भने नेकपा एमालेको अहिलेको नीति भनेको नेपाली कांग्रेसले २०३३ सालपछि लिएको 'राष्ट्रिय मेलमिलाप'को नीतिजस्तै हो । पंचायती तानाशाहीको जगजगीको त्यो समयमा पनि बी.पी. कोइरालाले 'न संघर्ष न आत्मसमर्पणको' नीति अघि ल्याएका थिए । त्यो नीति ल्याउनुका पछाडि शीतयुद्धको द्वन्दका प्रभावहरूले भूमिका खेलेका थिए । नेपालमा संघर्ष बढेर गएमा देश कम्युनिष्टहरूको हातमा पुग्ला भनेर बी.पी. कोइराला ज्यादै नै चिन्तित थिए । त्यसैले राजासित आत्मसमर्पण नगर्ने र सहमतिको ठाउँ राख्ने कुरातिर ढल्किएका थिए । उनको गल्ती के थियो भने नेपालका कम्युनिष्टहरूको प्रजातान्त्रिक आन्दोलनप्रतिको प्रतिवद्धतालाई उनले धेरै शंका गरे । फलस्वरूप इतिहासले उनको नीतिलाई कुनै कोणबाट पनि अनुमोदन गरेन । बरू हाम्रो राजनीतिक आन्दोलनको इतिहासले पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिलाई वस्तुगत यथार्थका रूपमा अनुमोदन गऱ्यो । राष्ट्रिय मेलमिलापको नीतिले पंचायत ढलेन । बरू २०४६ सालको फागुनमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चा एक भएर आन्दोलनमा उत्रिएपछि नै राजाको तीस वर्षे निरंकुशताको पराजय भयो र बहुदलीय प्रजातन्त्र र सम्वैधानिक राजतन्त्रको स्थापना भयो । संभवतः यो ऐतिहासिक सत्यका बारेमा अब स्वयं बी.पी.को पार्टी नेपाली कांग्रेसभित्र पनि कुनै विवाद छैन ।

**पार्टी प्रणालीमा अट्न नसकेको, प्राडो पजेरो सिद्धान्तका हिमायती र अनुशासनहीनहरुलाई मन्त्रिमण्डलमा समावेश गरेर राजाले राजनीतिक दलहरुको भावनालाई कतै पनि ठाउँ दिएका छैनन् भन्ने कुरा यो पछिल्लो घटनाले बताएको छ**

विगत एक दशकयता आउँदा नेकपा एमालेले आफ्नो आधारभूत चरित्रमा निक्कै धेरै परिवर्तनहरू ल्याएको छ । तीसको दशकको उत्तरार्धका अन्तिम वर्षहरूमा तत्कालीन भापा समूहले आत्मसात गरेको नीति र अहिलेको नीतिमा तुलना गर्दा यो पार्टीमा भएको यति ठूलो रूपान्तरण मानौ सपना पो हो कि भैं लाग्ने अवस्था छ । शुरूमा सशस्त्र संघर्षको नीति आयो, त्यो दशकसम्म रह्यो । त्यसपछि जनसंघर्षको नीति आयो, त्यसको अवधि पनि अर्को एक दशकसम्म रहन गयो । त्यसै क्रममा २०४६ पछि त्यसले संसदीय संघर्षको बाटो समात्यो । प्रजातन्त्रपछिका शुरूका चार वर्षहरूको लेखाजोखा त्यो चार वर्षपछिका अरू आठ वर्षहरूको हाराहारीमा गर्न सकिन्न । पछिका आठ वर्षहरू विशुद्ध संसदीय व्यवहारमा समर्पित समय हो नेकपा एमालेको ।

यो पछिल्लो अवधिमा पार्टीको जन्म, परिष्कार र फैलावटको ऐतिहासिक समयमा अवलम्बन गरिएको वर्ग संघर्षको ठाउँमा सहमति र समन्वयलाई नै बढी जोड दिएको पाइन्छ । अहिलेको "न संघर्ष न आत्मसमर्पणको नीति" पनि यही गन्तव्यको सह-उत्पादन हो र राष्ट्रिय कार्यकर्ता भेलामा महासचिव नेपालले भद्रता र उदारतापूर्वक स्थापना गर्न खोज्नुभएको वैचारिक मान्यता पनि यही नै हो ।

तर असोज १८ पछि नेकपा एमाले जति भद्र र उदार देखिएको छ, राजाले त्यसलाई सकारात्मक रूपमा मान्यता दिएका छैनन् । असोज २५ मा चन्द मन्त्रिमण्डलको गठन भएपछि यता असोज १८ गतेको प्रतिगामी कर्मलाई पुष्ट पार्न अरू धेरै कामहरू भइसकेका छन् । कार्तिक ११ गते कार्यसम्पादन नियमावलीको संशोधनपछि अब मन्त्रिमण्डलको हैसियत पंचायती मन्त्रिमण्डलको हैसियतभन्दा भिन्न रहन गएको छैन । यसमा रक्षा, परराष्ट्र, अर्थ र गृहजस्ता महत्वपूर्ण मन्त्रालयको निर्णय गर्नुअघि श्री ५ को परामर्श लिनुपर्ने व्यवस्था गरिएको छ । यसबाहेक कार्तिकको अन्तिम हप्तातिर राजनीतिक दलहरूका नेताहरूसित कुराकानी गरेको भन्दा भिन्न र विपरित दिशाबाट त्यसको लगत्तै मन्त्रिमण्डलको विस्तार गरिएको छ । पार्टी प्रणालीमा अट्न नसकेको, प्राडो पजेरो सिद्धान्तका हिमायती र अनुशासनहीनहरूलाई मन्त्रिमण्डलमा समावेश गरेर राजाले राजनीतिक दलहरूको भावनालाई कतै पनि ठाउँ दिएका छैनन् भन्ने कुरा यो पछिल्लो घटनाले बताएको छ । मंसिर तीन गतेको राष्ट्रिय कार्यकर्ता भेला हुँदा यी सबै तथ्यहरू पूर्ण आकृतिमा प्रकट भइसकेका थिए । यस्तो अवस्थामा नेकपा एमालेले 'न संघर्ष न आत्मसमर्पणको' नीति काखी च्याप्नु कति सामयिक र कालजयी हुन्छ ? राष्ट्रिय कार्यकर्ता भेलाको लगत्तैपछि मेरो मनमा उत्पन्न भएको यक्ष प्रश्न यही नै हो ।

राष्ट्रिय कार्यकर्ता भेलामा महासचिव नेपालले राष्ट्रिय मेलमिलापको नीतिको पक्षमा धेरै व्याख्यान दिनुभए पनि कार्यक्रमका सभापति स्थायी समिति सदस्य अमृतकुमार बोहोराको समापन वक्तव्य केही बेग्लै प्रकारले प्रस्तुत भएको थियो । उहाँले भन्नुभयो- "जनसचेतनता कार्यक्रम आफैं नै संघर्षको एउटा कार्यक्रम हो ।"

संक्षेपमा भन्नु पर्दा शाही कदमको प्रतिगामी आयामका विरूद्धमा लडाकू संघर्षतिर तत्कालै गइहाल्ने नीतिका पक्षमा एमाले देखिंदैन । साना वामपन्थी र प्रजातन्त्रवादीहरूसित मोर्चागत संरचनामा बाँधिएर अघि बढ्ने विषयमा पनि एमालेको सहमति पाइँदैन । यस्तो नीति अख्तियार गर्नुका पछाडि माओवादी अराजकतावादीलाई फाइदा पुग्ने डरले हो वा अन्य अदृश्य डरले हो- ती कुराहरू आगामी व्यवहारबाट नै राम्ररी स्पष्ट होलान् । ❑

# पाउलो फ्रेरेको



# नयाँ खालको पार्टीका विशेषताहरू के के हुन् ?

● राजेन्द्र महर्जन

**चुनावद्वारा** ब्राजिलको सत्तामा भर्खरै आसीन भएको वर्कर्स पार्टी अफ ब्राजिल (PTB)को आन्तरिक प्रजातन्त्र जति प्रजातान्त्रिक देखिन्छ, त्यति नै यस पार्टीको आन्तरिक संरचना पनि मजबूत र लचिलो देखिन्छ । यस पार्टीका मजबूत खम्बाहरू हुन्- भुइँतहमा क्रियाशील जनआन्दोलनहरू, गाउँदेखि शहरसम्म फैलिएका पार्टी-पंक्तिहरू र स्थानीयदेखि राज्यस्तरसम्मका सरकारहरूमा निर्वाचित जनप्रतिनिधिहरू !

पार्टी-पंक्तिहरूको आन्तरिक संरचना चाहिं यस पार्टीलाई जुझारू, प्रजातान्त्रिक र समाजवादी मास (जन) पार्टीको रूपमा विकास गर्ने लक्ष्यअनुरूप ढालिएको छ । एकातिर पार्टीलाई समाजवादी उद्देश्यअनुरूपको जुझारू जनमुखी संगठन पनि बनाइराख्ने अनि अर्कोतिर चुनावमा पूँजीवादी पार्टीहरूसँग कडा प्रतिस्पर्धा पनि गर्नसक्ने प्रजातान्त्रिक मास पार्टीको रूपमा विकसित गर्ने नीति अख्तियार गरिएको छ ।

यो पार्टीको मूल आधार भनेको 'न्यूक्लियस' हो । देशभरि फैलिएका यस्ता न्यूक्लियसहरूकै बलियो जालो (नेटवर्क) हो- वर्कर्स पार्टी अफ ब्राजिल ! न्यूक्लियसहरूलाई पार्टी-संगठनको आधारभूत इकाईको रूपमा लिइन्छ । न्यूक्लियसहरूको निर्माणको पृष्ठभूमिमा विख्यात चिन्तक अन्तोनियो ग्राम्सीले इटालीमा निर्माण गर्नुभएको र सैद्धान्तीकरण गर्नुभएको 'फ्याक्टरी कमिटी'को इतिहास रहेको छ । यी न्यूक्लियसहरू मूल रूपमा काम गर्ने ठाउँ र छरछिमेकमा संगठित गरिन्छन् । गरीखानेहरूको काम गर्ने ठाउँ वा बस्ने ठाउँलाई संगठनको मुख्य आधार मानेर न्यूक्लियसहरूको जालो फिँजाइन्छ । यसका सदस्यहरूलाई militante (जुझारू) भनिन्छ ।


यस पार्टीको सदस्य हुन कमसेकम एक ठाउँको न्यूक्लियसले तपाईलाई स्वीकारेकै हुनुपर्छ । पार्टी सदस्यताका लागि एउटा अनिवार्य प्रावधानको व्यवस्था गरिएको छ । त्यो प्रावधान हो- यस पार्टीका सदस्य हुन चाहनेहरू कुनै न कुनै भुइँतहको सामाजिक आन्दोलनका जुझारू सदस्य हुनैपर्छ । त्यस्ता व्यक्तिहरूले पार्टी- सदस्यताका लागि निवेदन दिंदा उनीहरूले नजिकका छिमेकी वा सहकर्मीहरूको समर्थन प्राप्त गरेकै हुनुपर्छ । जब तिनीहरूले आवेदकहरूद्वारा विगतका सामाजिक संघर्षहरूमा देखाइएको जुझारूपनाको मूल्यांकन गरेर हार्दिकतापूर्वक समर्थन गर्छन्, तबमात्रै न्यूक्लियसलगायत जिल्ला र नगरपालिका स्तरका पार्टी कमिटीहरूले सजिलै पार्टी-सदस्यका रूपमा स्वीकार्छन् । माथिल्ला कमिटीहरूले स्थानीय कमिटीहरूद्वारा निर्णित कुराहरूलाई बिना कुनै व्यवधान स्वीकार्ने चलन छ । किनकि विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमै लागू गर्ने लक्ष्यअनुरूप यस पार्टीमा भुइँतहमा क्रियाशील नेता-कार्यकर्ता र न्यूक्लियसका निर्णयहरूलाई बेसी सम्मान गरिन्छ ।

न्यूक्लियसहरूका यस्ता जुझारूहरू एकसाथ दुइवटै ठाउँमा अर्थात् काम गर्ने ठाउँ वा बस्ने ठाउँमा संगठित हुन्छन् । दुईतिरको सदस्यता र जिम्मेवारीले उनीहरूलाई काम गर्ने ठाउँ र बस्ने ठाउँका समस्याहरू र संघर्षहरूसँग घनिष्ठ रूपमा जोड्ने काम गर्छ, उनीहरूलाई भुइँफुट्टे पार्टी-नोकरशाह हुनबाट बचाउने काम गर्छ ।

न्यूक्लियसहरूका जुझारूहरूको दुईतर्फी सदस्यताको बारेमा स्पष्ट हुन यस पार्टीका संस्थापक नेतृ तथा 'यूनिभर्सिटी अफ द स्टेट अफ रियो डि जेनेरियो'की प्राध्यापक मारिया हेलेना मोरिएरा अल्भेजको दुईतर्फी सदस्यतालाई उदाहरणको रूपमा लिन सकिन्छ । उनी आफूले पढाउने सो यूनिभर्सिटी र बस्ने ठाउँ लारान्जेरासस्थित न्यूक्लियसमा संगठित छिन् ।

लारान्जेरास भनेको १६ औं निर्वाचन क्षेत्रअन्तर्गत पर्छ, जहाँ सान्ता तेरेजा, फ्लेमेङ्गो, कोस्मे भेल्लोमा बसोबास गर्ने मानिसहरू समेटिएका छन् । त्यस निर्वाचन क्षेत्रका सबै न्यूक्लियसका जुझारूहरू महिनामा एकपटक भेटघाट गर्छन् । तर छरछिमेक र काम गर्ने ठाउँमा भने हप्तामा वा दुई हप्तामा मिटिङ्ग गरिन्छ, कहिलेकाहीं मात्रै महिनामा एकपटक मात्रै ।

मिटिङ्गहरू माथिको सर्कुलर या निर्देशन आउँदामात्रै बस्ने चलन उनीहरूमा छैन । मिटिङ्ग गर्नु वा त्यसको निर्णयअनुसार काम गर्नुको पछाडि हरेक नीतिनिर्णयमा जनता र कार्यकर्ताहरूको सक्रिय सहभागिता प्रत्याभूत गर्ने मनशाय रहेको हुन्छ । सकेसम्म बृहत् सहभागिताद्वारा निर्णय गर्ने र क्रियान्वयन गर्ने मनशायअनुसार मिटिङ्गहरू व्यवस्थित र संचालित गरिन्छन् । विश्व र राष्ट्रका समस्याहरूका बारेमा, पार्टीका नीति र कार्यक्रमहरूका सवालमा आलोचनात्मक चिन्तन गर्नेदेखि लिएर स्थानीय स्तरका जल्दाबल्दा मुद्दाहरूमा छलफल गरी सामूहिक निष्कर्ष निकाल्ने अनि संघर्ष या सृजनाका कामहरूमा लागिपर्ने प्रक्रिया निरन्तर जारी राखिएको छ । जनता वा कार्यकर्ताहरूलाई चिन्तन-मनन नगराइकन, विचार-विश्लेषण नगराइकन काममा मात्रै जोत्ने उत्पीडक वर्गीय प्रवृत्तिलाई त्याग्ने क्रममा यस्तो प्रक्रिया अप्नाइएको हो । अतः यस्ता




**पार्टी सदस्यताका लागि एउटा अनिवार्य प्रावधानको व्यवस्था गरिएको छ । त्यो प्रावधान हो- यस पार्टीका सदस्य हुन चाहनेहरू कुनै न कुनै भुइँतहको सामाजिक आन्दोलनका जुझारू सदस्य हुनैपर्छ ।**

मिटिङ्गहरूमा क्रान्तिको गफमात्रै गरेर समय बिताउनुको सट्टा आफू र स्ववर्गले दिनदिनै भोगिरहेका समस्याहरूका बारेमा गभीर छलफल गरिन्छ, पीडा साटासाट गरिन्छ अनि दुःख र पीडा हटाउन सामुहिक पहल गरिन्छ ।

यथार्थमा न्यक्लियसहरू चिन्तन र कर्म गर्ने चौतारी, माथिल्लो तहका नेता वा महाधिवेशन प्रतिनिधि छान्ने मञ्च र देशव्यापी रूपमा फैलिएको संगठन र संघर्षको आधारभूत जराको रूपमा विकसित गरिएको छ । यिनै भुइँतहका न्यूक्लियसहरूबाट निर्णित हुँदै राष्ट्रिय स्तरमा विस्तार हुने पार्टीको नीति र कार्यक्रममाथि, र, अन्ततः सिंगो पार्टीमाथिको स्वामित्व र नियन्त्रण जुझारू कार्यकर्ताको र तिनीहरूमार्फत् जनताको हुने संरचना र पद्धतिको विकास गर्ने प्रयास थालिएको देखिन्छ । निश्चित रूपमा यस्ता खालका संरचना र पद्धतिहरू नेताहरूले मात्रै चिन्तन गर्ने अनि चिन्तनबाट वञ्चित भएका वा गरिएका कार्यकर्ताहरू चाहिं केन्द्रमुखीमात्रै भइरहने अद्यापि प्रचलित परम्परागत संरचना र पद्धतिहरूलाई उल्ट्याउने सह्राहनीय प्रयत्नको रूपमा लिन सकिन्छ ।

'टप' अर्थात् माथिको केन्द्रलाई भन्दा 'बटम' अर्थात् तलको आधारलाई बलवान तुल्याउने र केन्द्रीय नेताहरूलाई भन्दा जनता र कार्यकर्ताहरूलाई सशक्तीकरण गर्ने प्रयासको एउटा गजबको उदाहरण पार्टीको नीति र कार्यक्रम निर्माण तथा उम्मेद्वार छनौटको क्रममा देखिएको छ । केन्द्रका नेताहरूका इच्छा, आकांक्षा र हस्तक्षेपहरूलाई समेत कुनातिर पन्छाउन सकिन्छ भन्ने उदाहरण सशक्त हुँदै गइरहेका जुझारूहरूले पटक पटक देखाइसकेका छन् ।

सन् १९८८ मा यस पार्टीका चामत्कारिक नेता लुला र उहाँ संगठित रहेको साओ पाउलोको कार्यकारी समितिद्वारा साओ पाउलो शहरको मेयर पदको उम्मेद्वारका रूपमा संसद् सदस्य प्लिनीयो डे आरूदा साम्पियोलाई छानिएको र लबिङ्ग गरिएको थियो । तर साओ पाउलोका अधिकांश न्यूक्लियसका प्रतिनिधिहरूले लुइजा इरून्दिनालाई मेयर पदको उम्मेद्वार बनाउने पक्षमा अत्याधिक मत दिएर नेतृत्वको इच्छालाई लत्याइए । र, अन्ततः लुइजा बहुमत जनताको विश्वासको भोट पाएर १ करोड ३० लाख साओ पाउलोबासीका चर्चित र प्रभावशाली महिला मेयरमा निर्वाचित भइन् ।

त्यस्तै लुलालगायत केन्द्रीय नेताहरूले 'ग्रीन पार्टी'का अध्यक्ष फर्नान्दो ग्याबीयराको पक्षमा आन्तरिक चुनावी अभियान चलाउँदा न्यूक्लियसका प्रतिनिधिहरूले 'ब्राजिलीयन सोशलिष्ट पार्टी'का जोआओ पाउलो बिसोललाई उम्मेद्वार बनाउने पक्षमा अत्याधिक मत दिएर नेतृत्वलाई कार्यकर्ता र जनताको अभिमतको कदर गर्न बाध्य पारेका थिए । संविधानसभाका लागि दक्षिणी ब्राजिलका विधायकमा निर्वाचित भएका बिसोलले पनि संविधान निर्माणको क्रममा काम गरीखाने वर्गको पक्षमा ऐन-कानून बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

यी उदाहरणबाट के देखिन्छ भने यस्ता खालका संरचना र पद्धतिहरूको निर्माणका प्रयासहरूबाट पार्टीभित्र नेता र कार्यकर्ताहरूलाई भुइँफुट्टे पार्टी-नोकरशाह बन्न नदिने तथा केन्द्र र केन्द्रीय नेताहरू बलवान र निरंकुश हुन नसक्ने गरी अंकुश लगाउने प्रक्रिया सृजना हुने संभावना बढी छ, जुन अति नै महत्वपूर्ण पक्ष हो ।

## दुईखाले संरचना

यसरी नयाँ खालका संरचना र पद्धतिहरूको निर्माण गर्ने यस पार्टीका प्रयासहरूलाई सबैभन्दा बेसी सन् १९७९ मा स्थापित राजनीतिक पार्टीसम्बन्धी कानूनले र केही मात्रामा वामपन्थी पार्टीसम्बन्धी परम्परागत धारणाले अप्ठ्यारोमा पारेको देखिन्छ । यी दुवै कानून र धारणाअनुसार पार्टीहरूको संरचना 'टप टु डाउन' अर्थात् माथिबाट तल निर्माण भएको हुनुपर्छ । केन्द्रीय समिति वा पोलिट्ब्यूरोले क्षेत्र, जिल्ला र नगर स्तरका समितिका सदस्यहरूको छनौट गरिएको हुनुपर्छ । त्यस्तै सो कानूनअनुसार वर्ग, जाति, नस्ल, धर्म र लिङ्गका आधारमा पार्टी निर्माण गर्न पाइँदैन । वर्गमा आधारित पार्टी पनि बनाउन नपाइने कानूनी प्रावधानले गरिखाने वर्गको पार्टीको रूपमा औपचारिक रूपमा दर्ता गर्न यसलाई असजिलो त भयो, तर असंभव चाहिं भएन ।

त्यसैगरी कानूनअनुसार पार्टीको वैधानिकताका लागि सम्पूर्ण सदस्यहरूको नामावली दर्ता गर्नु पर्ने प्रावधानले पनि यसलाई अप्ठ्यारोमा नपारेको कहाँ हो र । त्यसैले यसले दुईथरि संगठनात्मक ढाँचा निर्माण गऱ्यो । बाहिर देखाउनका लागि, कानूनअनुसार टप टु बटमको ढाँचा बनाउने, सोहीअनुरूप दमनकारी यन्त्रसमक्ष खुल्नसक्ने, रोजगारीको अप्ठ्यारो नभएका र दमनयन्त्रसँग जुध्नसक्ने जुझारू सदस्यहरूको नाम दर्ता गराउने र वर्गमा आधारित सिद्धान्तको बारेमा दर्ता गरिएको दस्तावेजमा चुपो लाग्ने नीति अख्तियार गर्ने काम गरियो ।

अर्कोतिर यस्ता परम्परागत धारणा र कानूनलाई लत्याएर नयाँ ढाँचाकाँचाको सांगठनिक संरचना र नवीन पद्धति श्रृजना गरियो । केही नेताहरूको बर्चश्व हुने र केन्द्रीय समिति वा पोलिट्ब्यूरोको प्रभूत्व हुने टप टु बटमको सट्टा बटम टु टपको ढाँचा निर्माण गरियो । र, सबै नीति-निर्णय गर्ने ठेक्का माथिल्ला नेताहरूको काँधमै राखिछाड्ने अप्रजातान्त्रिक प्रक्रियालाई च्यातेर सम्पूर्ण तह र तप्काका जुझारू सदस्यहरूको सक्रिय सहभागितामा नीति-निर्णय गर्ने प्रक्रिया अप्नाइयो । ब्राजिलको पितृसत्तात्मक समाजमा विद्यमान 'दास र मालिकको जस्तो सम्बन्ध'लाई संस्थागत गर्न टेवा दिने खालको नेता-कार्यकर्ताबीचको सम्बन्धलाई फेर्ने पद्धति र शैली अप्नाउन थालियो ।

आफ्नो आन्तरिक संरचनालाई बचाइराख्न, गरीखाने वर्गको पक्षपोषण गरिराख्न र विशाल

***'टप' अर्थात् माथिको केन्द्रलाई भन्दा 'बटम' अर्थात् तलको आधारलाई बलवान तुल्याउने र केन्द्रीय नेताहरूलाई भन्दा जनता र कार्यकर्ताहरूलाई सशक्तीकरण गर्ने प्रयासको एउटा गजबको उदाहरण पार्टीको नीति र कार्यक्रम निर्माण तथा उम्मेद्वार छनौटको क्रममा देखिएको छ ।***

*विजित राष्ट्रपति*
*क. लुला दा सिल्भा*



कार्यकर्ताको पंक्तिलाई सुरक्षित राखिछाड्न यस पार्टीले एउटै समितिको पनि दुई दुई पटक सम्मेलनहरू गर्छ, एउटा खुला र वैधानिक रूपमा, अर्को आन्तरिक र जेनुइन रूपमा । यसले खुला र वैधानिक रूपमा निर्धारित समयमा नियमित ढंगले स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरका 'अफिसियल कन्भेन्सन'हरू गरिन्छन्, तर तिनका नीति-निर्णयहरू आन्तरिक सम्मेलन (प्री-कन्भेन्सन)हरूद्धारा पहिले नै तय भइसकेका हुन्छन्, जुन सम्मेलनहरूमा कानुनी रूपमा दर्ता भएका र नभएका जुझारू सबै सदस्यहरूको सक्रिय सहभागिता हुन्छ ।

यसरी यसले एकसाथ कानुनी रूपमा एउटा राजनीतिक पार्टीको हैसियत प्राप्त गरिराख्न र प्रजातान्त्रिक ढंगले चल्ने जनाधारयुक्त समाजवादी पार्टीको रूपमा

क्रियाशील भइराख्न यस्तो खालको अर्ध भूमिगत ढाँचा र शैली अप्नाएको देखिन्छ । यसै सिलसिलामा यो पार्टी निकै सफल भएको र अद्यापि जीवित प्रजातान्त्रिक पार्टीको रूपमा झन्झन् फैलिरहेको पाइन्छ ।

## केही नौला विशेषताहरू

नीतिनिर्णय क्रियान्वयनमा कार्यकर्ताहरूको सहभागिता, नेतृत्वमाथिको अंकुश र आन्तरिक प्रजातन्त्रको अभ्यासजस्तै यस पार्टीको अर्को विशेषता हो- विकेन्द्रीकृत पार्टी संरचना । यो पार्टी साध्यलाई जति महत्व दिन्छ, त्यत्तिकै महत्व दिन्छ- साधन र माध्यमलाई पनि । प्रजातान्त्रिक ढंगको समाजवादी पार्टी श्रृजना गर्ने साध्यअनुरूप नै यसले विकेन्द्रीकृत पार्टी संरचना निर्माण गरेको हो । साधन र माध्यमहरू साध्यअनुरूप नभएमा जतिसुकै सुन्दर र आकर्षक उद्देश्य पनि विचलित र विकृत हुने दृढ अडानसहित यसले पार्टीको ढाँचा नै विकेन्द्रीकृत गरेको देखिन्छ, ता कि नीतिनिर्णय र क्रियान्वयनमा कार्यकर्ताहरूको सहभागिता पनि भरपूर मात्रामा विकेन्द्रीकृत होस्, ता कि केन्द्र र केन्द्रीय नेतृत्व अति बलवान र निरंकुश नहोऊन् ।

उद्देश्यमात्रै प्रजातान्त्रिक बनाएर, संगठनको ढाँचा, संगठनात्मक पद्धति र पार्टी एव व्यक्तिको जीवनशैलीलाई चाहिँ प्रजातान्त्रिक बनाइएन भने जुनसुकै पार्टी, सरकार र व्यवस्था पनि ढल्दारहेछन् भन्ने ऐतिहासिक ज्ञान सोभियत संघलगायत पूर्वी यूरोपमा समाजवाद ढलेको उदाहरणबाट यस पार्टीले प्राप्त गरिसकेको संकेत पाइन्छ । पूर्वी यूरोप र ब्राजिलको अनुभव हेर्दा सबैले हेक्का राख्नुपर्ने कुरा के हो भने निरंकुश र केन्द्रीकृत पार्टी-संरचना हावी भएको स्थितिमा र आन्तरिक प्रजातन्त्रविहीन अवस्थामा चल्ने संगठनात्मक पद्धति र पार्टी एवं व्यक्तिको जीवनशैलीबाट प्रजातान्त्रिक ढंगको समाजवादी समाज निर्माण गर्न सकिँदैन ।

यस पार्टीको अर्को विशेषता हो- अन्तरपार्टी प्रजातन्त्र । त्यसैले यसका सबैजसो अंगप्रत्यंगमा छलफल, बहस र अन्तर्क्रियाहरूको एउटा धारा निरन्तर बगिरहेको हुन्छ । वैचारिक द्वन्द्वविना अन्तरपार्टी प्रजातन्त्र बलियो नहुने ठहरसहित क्रियाशील यस पार्टीमा चौतर्फी बहस चलिरहेकै हुन्छ । विभिन्न थरी वैचारिक प्रवृत्तिहरूबीचका बहसहरूका लागि धनी यस पार्टीभित्र र बाहिर विचार राख्न नपाउने अप्रजातान्त्रिक वातावरणको कारणले नवीन विचारहरू कुण्ठित हुनुपर्ने र अराजक ढंगले विद्रोहसमेत गर्नुपर्ने समस्या जटिल रूपमा उठेको देखिँदैन ।

त्यसमाथि विभिन्न थरि वैचारिक प्रवृत्तिहरूबीच समूह समूह बनाएर बहस गर्न दिने र प्यानल बनाएर चुनावी प्रतिस्पर्धासमेत गर्न दिने द्वन्द्वात्मक प्रक्रियाको अस्तित्वले यसको आन्तरिक प्रजातन्त्रलाई निकै बलियो बनाइरहेको विश्लेषण छ ।



*क. लुलाका समर्थकहरु साओ पाउलोमा विजयोत्सव मनाउँदै*

**यसको सबैभन्दा ठूलो र अधिक महत्वपूर्ण विशेषता भनेको गरीखाने वर्गको सशक्तीकरणको प्रयास र प्रक्रिया हो**

यस्तो खालको अन्तरपार्टी प्रजातन्त्रको अभ्यास गर्दा पार्टी-अनुशासनका समस्याहरू कसरी हल गर्ने भन्ने सवाल पक्कै पनि उठ्छ । यस सवालको सही जवाफ यस पार्टीले अझैसम्म पनि पाइसकेको छैन भन्ने आत्मस्वीकारोक्ति यहाँ विचारणीय देखिन्छ । तथापि 'जनवादी केन्द्रीयता'को नाममा कार्यकर्तामाथि थोपरिने जड खालको बन्धन र कठोर कर्त्तव्य तथा नेतृत्वको निरंकुश अधिकारबाट मुक्त स्वविवेकजन्य अनुशासनको खोजीमा रहेको यस पार्टीको खोज त्यति धेरै सुगम र सरल चाहिँ पक्कै पनि हुने देखिँदैन ।

यस पार्टीको दावी र दावीअनुरूपको व्यवहारिक प्रयोग हेर्दा के भन्न सकिन्छ भने यसको सबैभन्दा ठूलो र अधिक महत्वपूर्ण विशेषता भनेको गरीखाने वर्गको सशक्तीकरणको प्रयास र प्रक्रिया हो । विकेन्द्रीकृत पार्टी संरचनाभित्र अन्तरपार्टी प्रजातन्त्रको, त्यो पनि सहभागितामूलक प्रजातन्त्रको अभ्यास गर्ने उपक्रमसँगै यसले जनता र कार्यकर्ताहरूको सशक्तीकरणका लागि संगठन र चेतना, संघर्ष र संस्कृतिको व्यापक विस्तारलाई आफ्नो प्रमुख एजेण्डा बनाइरहेको छ ।

प्रत्येक वैश्विक, राष्ट्रिय र स्थानीय सवालमा गरिने नीति निर्माण र त्यसको क्रियान्वयनमा सक्रियतापूर्वक सहभागी हुने, संगठन र संघर्षमार्फत् आत्मबल र सत्ताशक्ति हासिल गर्ने र जहाँकहीं पनि आफू वा अरूमाथि उत्पीडन हुँदा सशक्त जनप्रतिकार संगठित गर्नसक्ने स्तरसम्मका सशक्तीकृत (empowered) मानवहरूको संख्याको विस्तारलाई अब कोरा कल्पनामात्रै भन्न सकिँदैन भन्ने कुरा यसले व्यवहारमै देखाउन थालिसकेको बताइन्छ ।

आफूले उत्पीडनकारी दुश्कर्म कहिल्यै नगर्ने र उत्पीडन सहँदा पनि नसहने सचेत, संगठित र संघर्षशील व्यक्तिहरूको बढीभन्दा बढी विस्तारलाई यस पार्टीका नेता तथा चिन्तकहरूले जनसशक्तीकरण (people's empowerment) भन्ने नामाकरण गरिराखेका छन् । यस विषयमा विश्वविख्यात चिन्तक, शिक्षाविद् तथा यस पार्टीका प्रभावशाली नेता-चिन्तक पाउलो फ्रेरेले यसलाई उत्पीडितहरूको मन-मस्तिष्कमा जमेर बसिरहने उत्पीडकवर्गीय चेतना र संस्कृतिबाट उत्पीडितहरूको मुक्तिको अर्थमा व्याख्या गर्नुभएको छ । धेरैजसो उत्पीडितहरू उत्पीडकवर्गीय चेतना र संस्कृतिमा ढालिएर हुर्कने हुनाले उनीहरूले उत्पीडकहरूकै आँखाबाट आफूलाई हेर्ने, त्यसैले आफू र आफ्नो वर्गमा भएको असीमित क्षमता, शक्ति र संभावनाहरूको अवमूल्यन गर्ने प्रवृत्ति हुन्छ, जुन प्रवृत्ति हटाउँदा उत्पीडितहरू सबल हुन थाल्छन् ।

यस्तो खालको सशक्तीकरण उत्पीडितहरूद्वारा आफ्नै कर्मठ हातबाट गरिने इतिहासको सुन्दर निर्माणमा राम्ररी प्रतिबिम्बित हुन्छ । विषमतापूर्ण वर्तमानका राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रको रूपान्तरण र सिंगो समाजको फेरबदलको सुकर्ममा उनीहरूद्वारा सामूहिक रूपमा गरिने यस्तो खालको सशक्तीकरण सबैभन्दा कलात्मक ढंगले अभिव्यक्त हुन्छ । यस्तो क्रान्तिकारी रूपान्तरणको चिन्तन र कर्ममा क्रियाशील रहेको दाबी गर्ने यस पार्टीको स्पष्ट लक्ष्य हो- ब्राजिलका गरीखाने गरीव र उत्पीडित जनताको मुक्तिकर्मको नेतृत्व गर्नु र यो ऐतिहासिक कार्यभार पूरा गर्नु ।

यसै लक्ष्य पूर्तिका लागि यस पार्टीले राजनीतिक सत्ता प्राप्तिको खुड्किलो चढ्ने सिलसिलामा सयौं स्थानीय नगरपालिकाहरूदेखि लिएर विभिन्न राज्यको सरकार कब्जा गर्दै अन्ततः केन्द्रीय सरकारमा समेत प्रभुत्व जमाएको छ, ब्यालेटद्वारा ! यसै क्रममा यसले चलाइरहेको भुइँतहका सामाजिक आन्दोलनहरू, अहिले अभ्यास भइरहेको 'प्रतिनिधिमूलक प्रजातन्त्र'लाई विस्तृत, व्यापक र गहन पार्न यसले अगाडि ल्याएको 'सहभागितामूलक प्रजातन्त्र' (Participatory democracy) को सिद्धान्त र काम गर्ने ठाउँमा, बसोबास गने टोल र छरछिमेकमा, विभिन्न संस्था र सरकारमा लागू गर्न थालेको गरीखाने वर्गको प्रजातन्त्र धेरैजसो देशका न्यायप्रेमीहरूका लागि आलोचनात्मक अध्ययन, चिन्तन र अनुकरणको विषय भइरहेको छ । ❑

# बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद

**प्रज्ञानरत्न**

प्रतीत्यसमुत्पादको दुःखको कारणसम्बन्धी १२ वटा कारण-कार्यको सिक्रीले दुःखको जरो कारण पहिल्याउने कार्य गरेको छ । दुःखको कारण जानेपछि गर्नु पर्ने काम हो- यसलाई निर्मूल गर्नु । दुःखको जरो कारण निर्मूल पार्न सकियो भने दुःखबाट मुक्ति पाउनु संभव हुन्छ । 'दुःख विनाश गर्नु संभव छ' भन्ने बुद्धको तेस्रो आर्यसत्य यहींबाट पैदा हुन्छ ।

तत्कालीन ब्राम्हणवाद वा पुरोहितवादले पूजा, प्रार्थना गरे दुःखबाट ईश्वरले मुक्ति दिन्छन् र यो जुनीमा धर्म गरे अर्को जुनीमा मुक्ति संभव छ भनेर आम-जनतालाई प्रशिक्षित गर्दै आएकोमा बुद्धले विल्कुलै नयाँ विचार अघि सार्नुभयो- दुःखबाट आफ्नो मुक्ति आफैंले गर्नुपर्छ र त्यसो गर्नु संभव पनि छ, त्यस्तो मुक्तिका लागि ईश्वरको पूजा, प्रार्थना गरिराख्नु पर्दैन, अर्को जुनी पनि पर्खिराख्नु पर्दैन, दुःखको कारण थाहा पाए र त्यसलाई हटाए यहीं र अहिल्यै हरेकको मुक्ति संभव छ । दुःखको कारण छ, तसर्थ यसको कारणलाई नै विनाश गरेर दुःख विनाश गर्नु संभव छ । दुःखको कारण नभएको भए यसको विनाश पनि सम्भव थिएन । निश्चित स्थितिका आधारमा नै दुःख पैदा हुन्छ । त्यो स्थिति वा आधारलाई नै अन्त्य गरेर दुःखबाट छुट्कारा पाउनु सम्भव छ । दुःख पैदा हुने निश्चित स्थिति वा आधार नभएको भए दुःखबाट छुट्कारा पनि संभव हुने थिएन ।

दुःखबाट मुक्त हुनका लागि हटाउन आवश्यक मुख्य कुरा चाहिं के हो त ?

बुद्धको विचारमा- अविधा अर्थात् अज्ञानता नै दुःख पैदा हुनुको जरो कारण हो । अज्ञान नै त्यो आधार वा स्थिति हो, जहाँबाट हरदम दुःख पैदा भइरहन्छ । त्यसैले, दुःखबाट मुक्ति प्राप्त गर्ने हो भने अविधा वा अज्ञानलाई आफूबाट हटाउनुपर्ने हुन्छ । बुद्धको ठम्याइमा तृष्णा नै दुःखको मुहान हो, चाहे त्यो भोगको तृष्णा होस् वा कामवासनाको, चाहे त्यो सुख-सुविधाको तृष्णा होस् वा शक्तिको, चाहे त्यो अस्तित्वको तृष्णा होस् वा नामको, तृष्णाले नै आशक्ति पैदा गर्छ । आशक्तिले जन्म वा पुनर्जन्मको इच्छा, जन्मको इच्छाले जन्म र जन्मले दुःख । त्यसैले, दुःखको मुहान नै थुन्ने हो भने सर्वप्रथम प्रत्येक मान्छेले तृष्णाको अन्त्य गर्नुपर्छ ।

बुद्ध स्वयम्ले बनारसमा दिएको चर्चित उपेदशमा भन्नुभएको छ :

"हे भिक्षुहरू हो, दुःखको उत्पत्ति सम्बन्धमा पवित्र सत्य के हो भने बासना र इच्छाका साथसाथ यो तृष्णा हो, जसले मान्छेलाई जन्मदेखि अर्को जन्मसम्म लगिरहन्छ, जसले कहीं न कहीं तृप्तिको बाटो खोजिरहन्छ, जस्तो कि आनन्दको तृष्णा, अस्तित्वको तृष्णा, सत्ताको तृष्णा ।"

"हे भिक्षुहरू हो, दुःखको विनाशसम्बन्धी पवित्र सत्य के हो भने इच्छाको पूर्ण उन्मूलनद्वारा तृष्णाको विनाश गरिनुपर्छ । इच्छालाई आफूबाट विदाइ गर्ने, निष्काशन गर्ने, आफूलाई यसबाट अलग गर्ने, यसलाई आफूभित्र कुनै स्थान नदिने काम गरिनुपर्छ ।"

*(हेर्नुहोस्, "Early Buddhism", देवीप्रसाद चट्टोपाध्यायद्वारा लिखित Indian Philosophy, पिपुल्स पब्लिसिंग हाउस, नयाँ दिल्ली १९९३, पृष्ठ १२४)*

बुद्धका अनुसार, तृष्णालाई विनाश गरियो भने आसक्तिको नाश हुन्छ, आशक्तिको उन्मूलनको गरियो भने जन्म-पुनर्जन्मको इच्छा खत्तम हुन्छ, जन्म- पुनर्जन्मको इच्छाकै अन्त्य भएपछि जन्म-पुनर्जन्म हुँदैन, जन्म-पुनर्जन्म नै नभएपछि दुःख हुने कहाँबाट ? यसरी दुःखको कारणकै अन्त्य गरेर दुःखको निरोध संभव छ । दुःखको निरोध नै सम्पूर्ण बुद्ध दर्शनको सार हो ।

बुद्धका अनुसार, मान्छेले समस्त अस्तित्वको स्वभाव ठीकसित बुझ्यो भने र त्यही बुझाइका आधारमा आफूलाई अज्ञानबाट, तृष्णा र आशक्तिबाट मुक्त गर्न सक्यो भने यहीं र अहिल्यै दुःखबाट मुक्ति प्राप्त गर्न सक्दछ । अस्तित्वको स्वभाव परिवर्तनशील छ, संसारमा हरेक कुरा बदलिरहेछ र यो अस्थायी र क्षणिक छ । त्यस्तो कुनै कुरा पनि संसारमा अस्तित्वमा छैन, जो चीरस्थायी छ र परिवर्तनशील छैन । उत्पत्ति, बृद्धि र विनाश- समस्त अस्तित्वको स्वभाव हो । जुन वस्तु अस्तित्वमा आउँछ, त्यो अस्तित्वबाट जान्छ पनि । बीऊ भूइँमा परेपछि टुसाउँछ, हुर्कन्छ, विरूवा वा रूख बन्छ र धराशायी हुन्छ । बच्चा जन्मिन्छ, तन्नेरी हुन्छ, बिरामी हुन्छ, बूढो हुन्छ र मर्छ । जहाँ जन्म हुन्छ, त्यहाँ मृत्यु हुन्छ, जहाँ बृद्धि हुन्छ, त्यहाँ विनाश हुन्छ, जहाँ मिलन हुन्छ, त्यहाँ बिछोड हुन्छ, जहाँ शुरू हुन्छ, त्यहाँ अन्त्य हुन्छ । यस प्रकार- यी सबै कुरा हेर्दा बुद्ध के टुंगोमा पुग्नुभयो भने परिवर्तन र अस्थायित्व नै समस्त अस्तित्वको स्वभाव हो । *(हेर्नुहोस्- संयुक्त निकाय-३, ६६, पृष्ठ २८-२८१, विशुद्धि माग्ग, अध्याय १७ (अनुपाद), पृष्ठ १३३-३५, दीघ निकायको महानिदानसुत्त (अनुपाद) पृष्ठ १३५-३७) ।*

बुद्धको मौलिक सिद्धान्त 'प्रतीत्यसमुत्पाद'को एउटा अर्को मुख्य प्रस्थापना सम्पूर्ण अस्तित्व परिवर्तनशील छ र यो अस्थायी छ भन्ने हो । अस्तित्वको परिवर्तन र अस्थायित्व बारेको बुद्धको यो विचार नितान्त वैज्ञानिक द्वन्दात्मक छ । अस्तित्वको यो अनित्य स्वभाव हरेक मान्छेले आफ्नै अनुभूतिबाट आफैं निरीक्षण गर्न र टुंगोमा पुग्न सकोस् भनेर बुद्धले एउटा सरल तर मौलिक ध्यान विधिसमेत विकास गर्नुभयो । त्यो हो- विपस्यना ।

बुद्धको शिक्षाको सार के हो भने यदि हरेक मान्छेले सारा अस्तित्व परिवर्तनशील छ, अस्थायी वा अनित्य छ भनेर अस्तित्वको स्वभाव सही ढंगले जान्ने र बुझ्ने हो भने, मान्छेले आफ्नै अनुभूतिले थाहा पाएर आफूमा अनित्य भाव जगाउने हो भने दुःखको जरो कारण नै निमिट्यान्न हुन संभव छ । यसैलाई बुद्धले अज्ञानबाट मुक्ति भन्नु भएको देखिन्छ । यदि सारा अस्तित्व नै अनित्य छ भने तृष्णा र आशक्ति केमा गर्ने र केका निम्ति गर्ने ? सुखमा किन मात्तिने, दुःखमा किन आत्तिने ?

बुद्धका अनुसार, अस्तित्वका स्वभावबारे सही ज्ञान र बुझाइ हासिल गरेर तृष्णा, आशक्ति र अज्ञानताबाट मुक्ति प्राप्त गर्ने हो भने मान्छेले निर्वाण प्राप्त गर्न सक्छ । निर्वाण प्राप्त गर्ने बाटो वा उपाय छ । बुद्ध स्वयंले पत्तो लगाएको र आफैं हिंडेको त्यो बाटोको नाम हो- अष्टाङ्ग मार्ग, अर्थात् आठवटा अंग भएको बाटो, आठपाइले बाटो । यहींबाट पैदा हुन्छ- बुद्धको चौथो आर्यसत्य- 'दुःख विनाश गर्ने उपाय छ ।'



**यदि सारा अस्तित्व नै अनित्य छ भने तृष्णा र आशक्ति केमा गर्ने र केका निम्ति गर्ने ? सुखमा किन मात्तिने, दुःखमा किन आत्तिने ?**

❑ क्रमशः



डा प्रेमकुमार खत्री

# नेपाली संस्कृतिमा संस्कार-पर्वको महत्वबारे एक संक्षिप्त चिन्तन

**परम्पराको निर्वाहका लागि थापिएका संस्कार पर्व कुनै खास व्यक्ति वा वर्गविशेषका हितमा भए पनि समष्टिमा असान्दर्भिक र अनुपयोगी भए तिनलाई निरन्तरता दिनुको अर्थ छैन**

## दार्शनिक पृष्ठभूमि :

प्रस्तुत लेखमा नेपाली समाजमा प्रचलित संस्कार तथा चाडपर्वको सामाजिक एवम् सांस्कृतिक महत्वको संक्षिप्त चर्चा प्रस्तुत गरिनेछ । संस्कार-पर्व समाजको विकासक्रमलाई झल्काउने क्रियाकलाप हुन् । सामान्य अर्थमा व्यक्ति वा समुदायले सुद्धिकरण वा केही खास अवसरमा धार्मिक वा सामाजिक अवसरलाई विशेष ढंगले मनाउने प्रचलन गर्दा नै संस्कारको जन्म हुन्छ । समाजका सबैले त्यस्ता अवसरलाई नियमितता प्रदान गर्दै समाजको एक अंगका रूपमा स्वीकार गर्छन् । संस्कार यसैले एक पर्वको रूपमा पनि मनाइन्छ । प्रसिद्ध मानवशास्त्री रायडक्लीफ ब्राउनको विचारमा संस्कार (ritual) कुनै मानव समूहको भावना, व्यवहार र संस्कृतिलाई अभिव्यक्ति दिने अर्थपूर्ण क्रियाकलापको नाम हो ।

प्रसिद्ध मानवशास्त्री रोय रापापोर्टको विचारमा परम्परागत क्रियाकलापको नियमपूर्वक गरिएको अभिव्यक्ति खासगरी अदृश्य शक्तिहरूतर्फ संकेत गर्दै गरिएका क्रियाकलापहरूलाई संस्कार भन्न सकिन्छ । मानवशास्त्री होमान्सले लेखेका छन्- संस्कारहरूले तत्कालै केही परिणाम दिंदैनन्, तर तिनीहरूको मानव जीवनमाथि दूरगामी असर हुन्छ । तिनले जीवनलाई शुद्धि प्रदान गर्छन् । यसैले तिनलाई संस्कार भनिन्छ । होमान्सको भनाइअनुसार, संस्कारको तत्कालै केही अर्थ छैन भन्नेचाहिं होइन । संस्कारले समाजको संगठन, विस्तर, विकास र ऐक्यवद्धतालाई कायम राख्छ । संस्कारको माध्यमबाट समाजका सदस्यले आफू त्यस समाजको क्रियाशील तथा महत्वपूर्ण सदस्य भएको महशूस गर्छन् । उनीहरूमा आत्मविश्वास बढ्छ । चिन्ता र अन्य प्रकारका मनोवैज्ञानिक कमजोरीहरू हट्छन् र समाजमा अनुशासन कायम हुन्छ । यो नै संस्कारको सबभन्दा महत्वपूर्ण गुण र लक्षण हो ।

मानवशास्त्रीहरू संस्कारका निम्ति मुख्य लक्षण मान्छन् -

१. सामाजिक मूल्य, जस्तो शुद्धता । यो प्रायः जन्म वृद्धि तथा मृत्युजस्ता अवसरमा देखाउन सकिन्छ ।
२. अदृश्य शक्तिबाट डर तथा डरलाई भगाउने अनेक उपचारहरू ।
३. समाजको वृहतर भलाइका लागि गरिने संस्कार ।
४. समाजको स्थायित्वको लागि गरिने संस्कार ।
५. खास पर्वहरूलाई प्रत्येक वर्ष वा विशेष अवसरमा दोहोऱ्याई गरिने संस्कार ।
६. सामुदायिक भावना र व्यवहारलाई अभिव्यक्ति दिन गरिने संस्कार तथा
७. समाजमा घटेका विशेष अवसरमा एकले अर्कालाई साथ दिन गरिने संस्कार

संस्कारको अर्को एउटा पक्षको पनि यहाँ उल्लेख गर्न आवश्यक हुनेछ । त्यो के हो भने संस्कारको माध्यमले मानिस अदृश्य शक्ति वा परमेश्वरसित नजिक हुने प्रयास गर्छ । आध्यात्मिक भावनालाई जीवित राख्न संस्कारको ठूलो महत्व छ । पुरोहित, धामी वा यस्ता अन्य विशेषज्ञले संस्कारहरूको आयोजना गरी मानिसको त्यो लक्षण पूरा गर्न मद्दत गर्छन् । संस्कार आध्यात्मिक उन्नति र समाजको धार्मिक लक्ष पूर्तिका लागि एक माध्यम हुनसक्छ । यसैले पुरोहित धर्मग्रन्थ र संस्कार जीवनका महत्वपूर्ण पक्ष मानिन्छन् । अर्को अर्थमा, संस्कारले दृश्य र अदृश्य संसारबीचमा एक सन्तुलन कायम गर्दछ । यस्तो सन्तुलनले मात्र मानव समाजमा सामन्जस्य, एकता र समृद्धि कायम हुन्छ । यो संस्कारको महत्वपूर्ण लक्षण हो ।

> डा. प्रेमकुमार खत्रीको यो लेख हामीले गत 'संस्कृति विशेष' अंकमा दिन नसकेकोले यस अंकमा दिएका छौं । लेखकले प्रस्तुत गर्नुभएको विश्लेषण र विचारमाथि पाठकहरुबीच छलफल हुने आशा हामीले लिएका छौं । - मूल्याङ्कन

## संस्कारको सामाजिक आधार :

संस्कारको सामाजिक आधार भनेको परिवार र थर-गोत्र वा समुदाय नै हो । नेपालका सबै जाति-जनजातिहरूले अनिवार्य रूपमा मनाउने संस्कारहरूमा जन्मदेखि मृत्युसम्मका संस्कार (life-cycle rituals) विशेष महत्वका छन् । व्यक्तिको जन्म, दीक्षा वा उपनयन, विवाह, मृत्युजस्ता घटनाले परिवार, गोत्र, समुदाय सबैलाई असर पार्छन् । हाम्रोजस्तो संयुक्त परिवार, विस्तृत र सुगठित कुटुम्ब जात (kinship network) भएको समाजमा यी घटना सामाजिक संरचना, परम्पराको निरन्तरता तथा बृहद् सहभागिताका दृष्टिले पनि महत्वका छन् । परिवारमा शिशु जन्मेपछि सामाजिकीकरणका माध्यमले उसलाई सांस्कृतिक मूल्य मान्यताका पाठ सिकाइन्छ ।

शिशु बढ्दै गएपछि ऊ एक श्रम शक्तिको रूपमा चिनियो । तर बढ्ने क्रममा पहिले उसलाई आमाको दूध, त्यसपछि ठोस आहारा र सोअनुसार हेरचाहको आवश्यकता पऱ्यो । उसलाई विशेष सीप, ज्ञान, तालीम आदि दिन आवश्यक ठानियो । उसलाई लिङअनुसार छोरी भए आमाको नजीक र छोरा भए आमाबाट क्रमशः पृथक गरी बाबुको नजीक लैजाने र त्यसका लागि विशेष संस्कारकै आयोजना गर्ने प्रचलन पनि समाजमा विकसित भयो । छेवर, उपनयन वा त्यस कोटिका संस्कारहरू धेरै संस्कृतिमा पाइन्छन् । प्रसिद्ध मानवशास्त्री भान जेनेपले यस्ता संस्कारलाई लिङ्गअनुसार छुट्याउने संस्कार भनेका छन् । त्यसैगरी मृत्यु संस्कारले समाजको संरचना, नियम विधि आदिलाई प्रष्ट पार्छ । मृत्यु एक रूपान्तरण हो । जीवित अवस्थाबाट मृत अवस्थामा परिणत हुनु व्यक्तिगत रूपले त एउटा महत्वपूर्ण घटना हो नै, सामाजिक दृष्टिले पनि मृत्यु एउटा ठूलो घटना हो । जीवित अवस्थामा एउटा व्यक्ति समाजको महत्वपूर्ण कडी हुन्छ । उसले समाजमा विभिन्न भूमिका खेलेको हुन्छ । मृत्यु हुनासाथ

उसले ओगटेका विभिन्न ठाउँहरू अचानक खालि हुन्छन् । ती सबै खाडल एकै पटक पुर्न सकिन्न । यसैले त्यहाँ संकट र अभावको सिर्जना हुन्छ । मानव तथा समाजशास्त्रले मृत्युलाई समाजको अगाडि उत्पन्न भएको एक हाँकको रूपमा पनि हेर्छन् । मृत्यु संस्कारले ती सबै संकटबाट परिवार र समुदायलाई राहत दिने प्रयास गर्छ । मृत्युपछि मानिस अर्को संसारमा जान्छ भन्ने पनि धारणा छ । त्यो संसारमा उसलाई पठाई उसको आत्मालाई शान्ति दिनु जीवितहरू आफ्नो कर्तव्य ठान्छन् । यसरी पनि मृत्यु संस्कारको जन्म र विकास हुन्छ । मृत्यु अपवित्र घटना हो, यसले मृतकका आफन्तलाई पनि अशुद्ध बनाउँछ, अतएव मृत्युको घटनाबाट पवित्र हुन आवश्यक छ भनी विभिन्न संस्कारहरूको आयोजना गर्ने पनि प्रचलन धेरै समाजमा छ । नेपाली समाजमा त मृत्युसँग सम्बन्धित संस्कारहरू धेरै जटिल र विकृतिपूर्ण पनि छन् ।

संस्कारको आयोजनामा घरको मूली, थकाली, पुरोहित, ज्योतिष आदि व्यक्तित्वको महत्वपूर्ण भूमिका हुन्छ । छोरा र छोरीको लागि छुट्टै वृद्धि संस्कार गर्ने चलन नेपालमा पाइन्छ । जाति, जनजाति, भौगोलिक क्षेत्र, धर्म आदिका आधारमा संस्कारमा भिन्नता पनि पाइन्छ । यसैले नेपालमा मनाइने संस्कारहरू विविधतापूर्ण छन् र तिनले नेपालको विविधतापूर्ण संस्कृतिको प्रतिनिधित्व गर्छन् । नेपाली संस्कृतिको रोचक पक्ष यही नै हो ।

यसरी संस्कार मानव समाजले विकासका विभिन्न खुड्किला पार गर्ने क्रममा अदृश्य शक्तिसित डराएर वा त्यसको सहानुभूति प्राप्त गर्न, जातीय-सामुदायिक ऐक्यवद्धता कायम गर्न र शारीरिक-आध्यात्मिक शुद्धता-स्वच्छता विकास गर्न मनाउने गरेको मान्न सकिन्छ ।

आरम्भमा हाम्रा संस्कार-पर्व, धार्मिक भाव, सामाजिक आवश्यकता, आर्थिक प्रगति वा सफलता संकटबाट मुक्ति, नयाँ समयको आगमनजस्ता नितान्त उपयोगितावादी दृष्टिले जन्मिए र विकसित भए । नवपाषाण युगको कृषिले समाजमा अभूतपूर्व रूपान्तरण गरेको कुरा पुरातत्वविद् श्री गोर्डन चाइल्ड स्वीकार्छन् । मध्यकालसम्म आइपुग्दा पर्व संस्कारहरूमा बढी खर्चिला, अन्धविश्वाससमेत मिश्रित व्यवहारहरू थपिँदा कपितय चाड-संस्कार बोझिला पनि बन्न पुगेका छन् । लामागुरूलाई भनेजति भेटी नबुझाए मृतकको लास उठाउन नपाइने, मासु पर्याप्ति नख्वाए जुठो नचोखिने वा मृतक स्वर्ग नजाने विश्वास तामाङहरूमा विकसित भयो । हजामलाई दानले खुसी नपारे सिन्धुली भेकको दनुवारको मृत्यु संस्कार राम्रो वातावरणमा टुंगिदैन । जन्मदेखि मृत्युसम्मका संस्कारले नाता कुटुम्बवीच पारिवारिक एक्यवद्धता, शुद्धता, आन्तरिक शान्ति, व्यक्तित्व वृद्धि, जिम्मेवारी आदि जनाउँछन् । तर अहिले तिनमा प्रतिष्पर्धा र देखावटीपना बढ्दो छ ।

चाडपर्वहरूमा पनि संस्कारको संरक्षणहेतु सहभागिता कम र देखावटीपनाको प्रवेश बढी प्रष्ट हुन थालेको छ । अतएव, अन्धविश्वास, कुरीति, देखावटीपनाको मात्रालाई उपयोगिताको कारण र व्यवहारले कम गर्दै चाडपर्व-संस्कार-पर्वहरूलाई समयानुसार जाति-जनजाति, स्थानीय क्षेत्रीय परम्परा, सहमेल र समभदारीको कडीका रूपमा स्थापित गर्दै लैजानु आजको आवश्यकता हो । संस्कार-पर्वमा निहित वैज्ञानिकतालाई कुनै आडम्बरको खोल चाहिँदैन । अहिले सरकारले स्थानीय जातीय आधारमा कतिपय पर्वलाई राष्ट्रिय चाडको मान्यता दिन थालेको छ । तिनको संरक्षण सम्बर्द्धनका लागि थप अनुसन्धानको आवश्यकता महशूस हुन थालेको छ । इद, छठ, नयाँ वर्ष (ल्होसरसमेत) केही उदाहरण हुन् ।

## चाडपर्व :

नेपाली संस्कृतिको अर्को महत्वपूर्ण पाटोको रूपमा नेपालमा दर्जनौं, ठूला-मझ्यौला र साना चाडपर्वहरू रहेका छन् । त्यस्ता पर्वहरूलाई राष्ट्रिय, स्थानीय, क्षेत्रीय, जाति-जनजातीय, धार्मिक आस्था, मान्यता आदि विविध वर्गमा

> **लामागुरूलाई भनेजति भेटी नबुझाए मृतकको लास उठाउन नपाइने, मासु पर्याप्त नख्वाए जुठो नचोखिने वा मृतक स्वर्ग नजाने विश्वास तामाङहरूमा विकसित भयो । हजामलाई दानले खुसी नपारे सिन्धुली भेकको दनुवारको मृत्यु संस्कार राम्रो वातावरणमा टुंगिदैन ।**

राखेर अध्ययन गर्न सकिन्छ ।

नेपाली चाडपर्व-जात्रा आध्यात्मिक पृष्ठभूमिमा जन्मेका वा त्यस्तो परिवेशमा मात्र मनाइने चाहिं होइन । आफ्नो अस्तित्व, सामाजिक सम्बन्ध, आर्थिक प्रगति वा संकटबाट बचाउकासमेत दृष्टिले जात्राहरूको जन्म भयो । कृषिको विकास र अतिरिक्त उब्जाले मानिसलाई पहिल्यैदेखि कल्पना गरिएको अदृश्य संसारबारे बढी गम्भीर भएर सोच्न तथा पूजा-उपासना, अभिचारको विकास गर्न मद्दत पुऱ्यायो । घना वस्ती, अनेक प्राकृतिक संकट, विशेषज्ञ वर्गको उदयले मानिसलाई डर, त्रास, खुसी आदि अनुभूति घटनालाई पर्वको रूप दिन सजिलो बनायो । समाजमा पुरोहित वर्गको उदयले जात्रा, पर्व-संस्कारको संगठन सजिलो भयो ।

दशैं, तिहार, छठ, मकरसंक्रान्ति, शिवरात्री, रामनवमी, विस्केटजात्रा, कृष्णाष्टमी, तीज आदि हिन्दू चाडहरू हुन् । बुद्धजयन्ती, सम्यक्, अष्टमीव्रत, मत्स्येन्द्र रथयात्रा र दुम्जे, मनिरिम्दु, ल्होसर, समाजान, इद आदि अनेक किरात, मगरात, गुरूङलगायत जनजातिहरूका आफ्ना विशिष्ट जात्रापर्वहरू वर्षभरिको सांस्कृतिक पात्रोमा अंकित छन् । राष्ट्रिय स्तरका र पुरानो इतिहास बोकेका चाडपर्वहरूले इतिहासको लामो यात्रामा जाति-जनजाति र स्थलहरूबीच सहमेलका आधारमा पारस्परिक सौहार्द्रतापूर्ण सम्बन्धको विकास गरेका छन् । यो नेपाली संस्कृतिको गहन पक्ष हो । यस सन्दर्भमा हिन्दू, बौद्ध र गैर-हिन्दू बौद्ध नेपालीहरूले विशेष आदर र सक्रियताका साथ मनाउने एक पर्व मत्स्येन्द्रनाथको रथयात्राको छोटो चर्चा प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ ।

नेपाल कृषिप्रधान देश भएकाले कतिपय वैदिक पौराणिक पृष्ठभूमिका चाडपर्वलाई पनि नेपालीहरूले कृषिको सफलता, भौतिक समृद्धिसित गाँसेर मनाउने गरेका छन् । मत्स्येन्द्रको रथयात्रापछिको कुमार षष्टीले स्वच्छ घर-आँगन र पिउने पानीको ग्यारेन्टी, नागपूजाले बालीनालीको सफलता र लाखे लगायतका जात्राले भूतप्रेतमाथि नियन्त्रणको बोध गराउँछन् । वर्षाऋतु वास्तवमा रोगव्याधिको पनि समय हो । नेपाली जनमानसमा भूतप्रेत र रोग, हानि-नोक्सानीको घनिष्ठ सम्बन्ध छ । वर्षाभरिका जात्रा-पर्वमा मानिस र प्रेतबीचको संघर्ष प्रष्ट्याइनुको कारण यही हो । ठिमी-बोडेको जिब्रो छेडी नयाँवर्ष मनाउने जात्रा यस्तै संघर्ष र मानवको दानवमाथिको विजयको उदारहण हो ।

हाम्रो कृषि मूलतः आकाशे पानीमा भर पर्ने वाध्यता तथा यस्तो अपरिहार्य वर्षा ल्याउन र रोक्ने काममा आध्यात्मिक शक्तिको हात हुन्छ भन्ने परम्परावादी विश्वासका कारणले मत्स्येन्द्रको रथयात्रा उपत्यकामा लोकप्रिय भयो । देश रक्षा गर्ने काम राजाको हो, राजा जनविश्वासको जगेर्ना गर्ने संस्था पनि हो भन्ने आधारमा यस जात्राभित्र भोटो जात्राको पनि विकास भयो । जात्राले कृषिप्रधान ग्रामीण वस्ती (बुङ्गमति) र व्यापारप्रधान नगरीय वस्ती (पाटन शहर) दुवैलाई समेट्ने व्यवस्था गरियो । मत्स्येन्द्रका लागि दुई मन्दिर बने । मत्स्येन्द्रलाई करूणामय लोकेश्वर (बौद्ध परम्परा) र हिमवखण्डका ८४ शैव सिद्धमध्येका एक सिद्ध भएकाले नाथ सम्प्रदाय (हिन्दू परम्परा)का आराध्य पनि मानिन्छ । यिनलाई पूर्वी भारतको कामाख्यापीठ क्षेत्रबाट नेपाल ल्याएको अनुश्रुति छ । यसरी मत्स्येन्द्रनाथलाई नेपाल ल्याउने काममा राजाका प्रतिनिधि, तान्त्रिक सिद्धिप्राप्त राजाका गुरू तथा त्यस समयको आर्थिक मेरूदण्डको रूपमा रहेको कृषि पेशामा संलग्न कृषक प्रतिनिधिको भूमिका महत्वपूर्ण थियो । प्रतिनिधि टोलीको संरचनाले त्यसबेलाको भूमिका आधारित अर्थतन्त्र, त्यस आर्थिक-राजनीतिक संरचनाको नेतृत्वको रूपमा रहेको सामन्ती व्यवस्था र त्यसको पृष्ठपोषकको रूपमा रहेको सर्वाधिकारप्राप्त पुरोहितप्रथाको महत्व र भूमिकालाई प्रष्ट पारेको छ । कृषिको

विकासले 'वचत आय' (surplus) को सिर्जना हुने र 'त्यसबाट वर्गयुक्त सामाजिक, आर्थिक, राजनीतिक संरचना, धार्मिक परम्परा र शहरी जीवनको विकास हुने हुनाले मत्स्येन्द्रजात्राले नेपालमा सातौं-आठौं शताब्दी (ई.)तिर त्यसको संस्कृतिको विकास भैसकेको बोध हुन्छ । कृषक-विशेषज्ञको रूपमा भित्र्याइएका मत्स्येन्द्रलाई हिन्दू र वौद्ध दुवै पक्षबाट आ-आफ्ना इष्ट देवताको रूपमा दावी गरेकाले उनले पछिका दिनहरूमा समन्वयात्मक भूमिका खेले र काठमाण्डौमा वर्षाका हिन्दू स्वामी इन्द्रको सट्टामा प्रतिस्थापित गरी उनको प्रभावलाई निस्तेज पारिदिएको हुनु सम्भव छ । नेपालका अन्य क्षेत्रमा विविध कालखण्डमा विकसित चाडपर्वहरूको विश्लेषण गरेमा तिनमा उपयोगितावाद, सामाजिक-धार्मिक समन्वय, राजनीतिक उत्प्रेरणा (motivation) एवं अर्थ (meaning) र आर्थिक संरचनाबारे जानकारी पाउन सकिन्छ ।

नेपाली समाजमा प्रचलित चाडपर्वहरूको अवलोकन गर्दा तिनबाट समाज र संस्कृतिका विभिन्न पक्षले अभिव्यक्ति पाएको महसूस गर्न सकिन्छ । उदाहरणार्थ वैदिक पौराणिक युगको शक्ति पूजाको परम्परालाई दशैंले कायम गरेको छ । दशैंको बलियो सामाजिक पक्ष आसुरी शक्तिमाथिको विजय र त्यसको प्रसादस्वरूप टीका ग्रहण गर्न आफ्ना बन्धु नाता कुटुम्बको भेटभाट र सम्बन्धको नवीकरण, दशैंपछिको तिहारले मृत्युले सन्त्रासबाट जोगिने उपायको खोजी गर्दै दाजुभाइ र दिदी बहिनीको प्रगाढ सम्बन्धलाई अझ प्रगाढ बनाउने र मानव एवं पशुबीचको सम्बन्धलाई समेत बलियो र फलदायी बनाएको छ ।

सारांशमा, संस्कार र चाडपर्व विविधतापूर्ण नेपाली संस्कृतिका महत्वपूर्ण अंग हुन् । तिनले नेपालको व्यक्तित्वको परिचय दिन्छन् । वर्षभरिका यस्ता पर्वहरूको विश्लेषण गरेमा तिनका आध्यात्मिकता साथै भौतिक पक्ष त्यतिकै बलियो पाइन्छ । संस्कार पर्व मानिसको समस्या समाधानका उपाय पनि हुन् ।

अन्तमा, मानिसका सोच, विचार र व्यवहारको कसौटी तिनको उपयोगिता हो । हिजो जातिप्रथाद्वारा विभाजित पेशा सान्दर्भिक थियो भने आज त्यो अवैज्ञानिक र असान्दर्भिक हुन गयो र कानूनतः त्यो हट्यो पनि । संस्कार-पर्वका बारेमा पनि यही कुरा लागू हुन्छ । मात्र परम्पराको निर्वाहका लागि थापिएका संस्कार पर्व कुनै खास व्यक्ति वा वर्गविशेषका हितमा भए पनि समष्टिमा असान्दर्भिक र अनुपयोगी भए तिनलाई निरन्तरता दिनुको अर्थ छैन । संस्कार पर्वमा हुने फजुल खर्चलाई समाजहितमा लगाउन सकिन्छ । पर्व संस्कारको वैज्ञानिक व्याख्याको पनि अहिले आवश्यकता छ । श्राद्धमा विरालो बाँध्ने प्रवृत्ति हामीकहाँ अझै हावी छ । संस्कार पर्व हाम्रो असल संस्कृतिका परिचायक र नेपालीको व्यक्तित्वका प्रतीक हुनुपर्छ । ❑



# बाबुरामहरू पातलो मसालबाट फुटेर आएका थिए

○ निर्मल लामा

**संयुक्त जनमोर्चालाई एकलौटी बनाइसकेपछि बाबुराम-किरण-प्रचण्डहरूले लीलामणि पोखरेललाई संसदीय दलको नेताबाट हटाएर कताबाट हो कताबाट संसदीय दलको नेता अमिक शेरचनलाई बनाए ।**

**पार्टीमा** मैले बिस्तार बिस्तारै अवकास लिंदै जाने काम गरें । तर साथीहरूलाई म अवकासमा बस्न चाहेको सम्बन्धमा कुनै कुराबाट पनि चित्त बुझाउन सकिएन । र, त्यसको लागि मैले अर्को उपाय अपनाउन थालें, त्यो हो दिउंसै रक्सी खाने । मैले के सोचें भने जबसम्म म रक्सी खाएर बसेको हुन्न तबसम्म साथीहरूले मलाई पार्टी कामबाट अवकास दिनु हुन्न । साथीहरू मलाई पार्टीमा दिउँसो बोलाउन आउनु हुन्थ्यो, म चाहिं त्यही बेला रक्सी खाएर बस्ने गर्थें ।

पार्टी कामलाई कम गर्दै जाने क्रममा मैले बिस्तारै पार्टी केन्द्रीय कार्यालयमा जाने काम घटाउँदै लगें । मैले पार्टी कार्यालयमा जाने काम नगरेपछि मलाई घरमा आएर बोलाउन आउने काम गरिन थाल्यो । पार्टीबाट कसैले मलाई बोलाउन आउँदा उसलाई एकछिन कोठैमा राखेर म बाहिर आई दुई चार गिलास रक्सी खान्थें र त्यसपछि मात्र त्यो व्यक्तिलाई भेट्ने काम गर्थें । अनि उसलाई म 'के काम छ ?' भनेर सोध्थें । उसले 'दाइ मिटिङ्ग छ, जाऔं' भन्दा म मुख खोलेर 'हा ऽ' गरी उसलाई रक्सीको गन्ध सुँघाएर 'तैपनि म जाने हो ?' भनेर सोध्थें । त्यतिखेर पार्टीबाट मलाई बोलाउन आउने व्यक्तिले अप्ठेरो मानी 'दाइ अहिले पनि यो....यो त भएन नि !' भन्ने गर्थ्यो ।

जवाफमा मैले भन्थें–"म आउन्न मिटिङ्गमा । म रिटायर्ड भइसकें । तर म पार्टी विरोधी होइन । पार्टीसँग मेरो कुनै मतभेद भएर म पार्टीमा आउन्न भनेको होइन । पार्टीभित्र मतभेद हुनु भनेको अस्वभाविक पनि होइन । म के चाहन्छु भने नयाँ साथीहरूले जिम्मेवारी लिऊन् । नयाँ साथीहरू अगाडि बढून् ।"

त्यसपछि बिस्तारै साथीहरूले मकहाँ आउन कम गरे । ठीक त्यही बेला मलाई क्यान्सर भएको थाहा भयो ।

मलाई क्यान्सर भएपछि पार्टीभित्रका मेरा साथीहरू, पार्टी बाहिरका राजनीतिक व्यक्तिहरू, बुद्धिजीवीहरू र आम जनताहरूले मलाई ठूलो सम्मान, सहयोग तथा सहानुभूति प्रदान गरे । त्यसबाट मलाई ' होइन, अझै मैले केही गर्नु पर्छ , मैले अहिल्यै काम गर्न छाड्नु हुन्न' भन्ने भाव पैदा गर्‍यो । त्यसकारण मैले 'अहिले के गर्ने ?' भन्नेबारे केही खाका बनाइसकेको छु । त्यो खाका भन्नाले अहिले समाजमा जुन बिकृति, बिसंगति छ त्यसको विकल्प के भन्ने कुरो हो अथवा त्यसबारेको राजनीतिक कार्यक्रम प्रस्तुत गर्ने हो ।

त्यो कार्यक्रम भ्याएछ भने पार्टीमा प्रस्तुत गर्छु अथवा पार्टी केन्द्रमा राख्छु । केन्द्रले त्यसलाई स्वीकार गर्छ भने म त्यसको कार्यान्वयन गरौं भन्छु । यदि स्वीकार गर्दैन भने महाधिवेशन तुरुन्त बोलाई दे भन्छु । छ महिनाभित्रमा त्यो कार्यक्रम तलदेखि माथिसम्म छलफल गराएर महाधिवेशन बसाल्न म पार्टी केन्द्रमा अनुरोध गर्छु । सम्भव भएमा त्यस कार्यक्रमबारेमा सार्वजनिक रूपमा नै छलफल गर्न लगाउँ भनेर म पार्टीलाई भन्छु ।

यदि महाधिवेशनमा मेरो विकल्पको कार्यक्रम हार्न पुग्छ भने म चुप लागेर बस्छु । त्यसबेला त्यसरी बस्नु सिवाय मेरो अर्को विकल्प रहन्न । मलाई के लाग्छ भने सबभन्दा पहिलो कुरो मैले महाधिवेशनमा प्रस्तुत गर्ने कार्यक्रम कुनै पनि हालतमा मार्क्सवादबाट बिचलित भएको हुँदैन । दोस्रो कुरो, त्यो व्यावहारिक हुन्छ । तेस्रो, त्यसले अहिलेको राजनीतिलाई समातेर त्यसको

**मैले भनें- "जनताले थुक्छ है ! पञ्च भन्छ ! त्यसकारण पार्टीको नाममा लड्नु पर्छ । पार्टीलाई निर्वाचन आयोगमा दर्ता गराउनु पर्छ ।"**

राजनीतिक समाधान खोज्छ, मार्क्सवादी समाधान होइन । यो समाधानले मार्क्सवादी समाधानको नजिक पुऱ्याउँछ ।

बहुदल आएर संविधान निर्माण भएपछि त्यसको पहिलो आम निर्वाचनको घोषणा भयो । एकता केन्द्रको नेतृत्व करिब करिब बहुमत नै बहिष्कार गर्ने पक्षमा थियो । त्यस समयमा केन्द्रीय कमिटीको बैठक बस्नु अघि म विरामी भएर वीर अस्पतालको जनरल वार्डमा भर्ना भएको थिएँ–डाक्टर सुन्दरमणी दीक्षितको वार्डमा । मलाई बेस्करी ज्वरो आएको थियो– १०५ डिग्री फरेनहाइटको ज्वरो । त्यस्तो अवस्थामा मैले केन्द्रीय कमिटीलाई लेख्नु पर्ने भयो– चुनावमा भाग लिनुपर्छ भनेर । बहुदलीय व्यवस्था जनताको एउटा विजय हो । त्यो विजयलाई उपयोग गर्नुपर्छ । त्यो विजयलाई फुलजडी भरेर मेघनाकार्टा पायौं, प्रजातन्त्र पायौं भनेर होइन । कमसेकम चुनावमा भाग लिने अधिकार पायौं । पार्टी खोल्ने अधिकार पायौं । त्यसैले बहुदलको चुनावलाई उपयोग गर्नुपर्छ । यी कुराहरूलाई समावेश गरेर पार्टीलाई चार पाँच पेजको चिठ्ठी लेखें ।

त्यो चिठ्ठी साथीहरूले पढे र त्यसको बारेमा छलफल गरे । पछि म अस्पतालबाट डिस्चार्ज भएर फर्के । केन्द्रीय समितिको बैठक बस्यो । त्यस बैठकले चुनावमा भाग लिनेसम्मन मान्यो तर पार्टीको नाममा होइन, स्वतन्त्रको रूपमा । बहुदलको त्यत्रो लहर आइराखेको थियो । त्यस्तो समयमा स्वतन्त्र भएर चुनाव लड्ने कुरो आयो । अचम्म ! मैले भनें- "जनताले थुक्छ है ! पञ्च भन्छ ! त्यसकारण पार्टीको नाममा लड्नु पर्छ । पार्टीलाई निर्वाचन आयोगमा दर्ता गराउनु पर्छ ।"

उनीहरूले भने-"खतम हुन्छ ! मार्क्सवाद डुब्छ । क्रान्ति डुब्छ ।"

मैले भनें- "ठीक छ, तिमीहरूको मार्क्सवाद बचाऊ, तिम्रो क्रान्ति बचाऊ, तिम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी पनि बचाऊ, अर्को पार्टी खोलेर चुनावमा लड !"

"के खोल्ने ? के खोल्ने ?"-उनीहरू अल्मलिए ।

"कुनै नाम राखेर खोल । अरूसँग मिलेर गर्ने हो भने उनीहरूसँग पनि सल्लाह गर । कृष्णदास, रोहित आदिसँग सल्लाह गर । "

र, साथीहरूले साँच्ची कृष्णदास र रोहितहरूसँग कुराकानी गरे । संयुक्त जनमोर्चा नाम राखेर नयाँ पार्टी खोल्ने निर्णय भयो । तर त्यो निर्णय त्यस्तो दिनमा भयो जसको भोलिपल्ट निर्वाचन आयोगमा पार्टी दर्ता गर्ने समय सकिंदै थियो । रातभरि बसेर पार्टीको कार्यक्रम, विधान, नीति सबै बनाउनु पर्ने भयो । अरू सबैले 'म त सक्दिनं' भन्दै जिम्मा पन्छाउने काम गरे । हाम्रो तर्फबाट निनु, कृष्णदास र



**बहुदलको चुनावलाई उपयोग गर्नुपर्छ । यी कुराहरुलाई समावेश गरेर मैले पार्टीलाई चार पाँच पेजको चिठ्ठी लेखें ।**

रोहितको तर्फबाट एक जना बसेर रातभरिमा पार्टीको विधान, कार्यक्रम र नीति तयार पारिए । भोलिपल्ट दिउँसोभरिमा मस्यौदालाई सच्याएर ४ बजेतिर निर्वाचन आयोगमा गई 'संयुक्त जनमोर्चा, नेपाल' पार्टी दर्ता गरियो ।

नयाँ पार्टी दर्ता भयो, संयुक्त मोर्चाको रूपमा । त्यसमा कृष्णदास पनि थिए, रोहीत पनि थिए । तर हाम्रो एकता केन्द्र पार्टीले त्यस मोर्चालाई आफ्नो एकलौटि हतियार बनाउन खोज्यो । उसले कृष्णदास र रोहितलाई अत्याउन थाल्यो । फसाद भयो । मैले कृष्णदाससित हात जोडेर भनें-"कृष्णदासजी ! हामी संयुक्त मोर्चासम्म आइपुगेका रहेनछौं, त्यसैले तिमीले यो मोर्चा छोडी देऊ ।"

उसले भन्यो-"हो र ? साँच्ची तिमीलाई गाह्रो नै पऱ्यो र ?"

मैले भनें-"हो, गाह्रो पऱ्यो ।"

"ल , छोडी दिन्छु ।"-उसले मेरो कुरामा सहमति जनाई साँच्ची कुनै अप्ठ्यारो नमानी नै छोडी दियो ।


त्यसपछि अर्को बाँकी भनेको रोहित थियो । उसले पनि हाम्रो कुरा त बुझिसकेको नै थियो । त्यसैले उसले पनि चाँडै नै जनमोर्चा छोडी दियो । त्यसपछि संयुक्त जनमोर्चाको अध्यक्ष बाबुराम भट्टराई बन्ने । उनी अध्यक्ष बन्नेबित्तिकै मोर्चाभित्रका मानिसहरूलाई भटाभट निकाल्न थालिए । निनुलगायत सबैजसो मान्छे कार्वाहीमा परे । पहिलेका मान्छेहरूलाई भटाभट कार्वाही गरी बाबुरामले किरण र प्रचण्डका मानिसहरू भर्न थाले । र, उनीहरूले आफ्नो बहुमत बनाएर संयुक्त जनमोर्चालाई एकलौटी बनाउन थाले ।

त्यतिखेर संयुक्त जनमोर्चाको तर्फबाट प्रतिनिधि सभामा ९ जना र राष्ट्रिय सभामा २ जना गरी जम्मा ११ जना जनप्रतिनिधिहरू संसदमा थिए । संयुक्त जनमोर्चालाई एकलौटी बनाइसकेपछि बाबुराम-किरण-प्रचण्डहरूले ती ११ जना सांसदहरूलाई आफ्नो मातहतमा राखी जथाभावी चलाउन थाले । लीलामणि पोखरेललाई उनीहरूले संसदीय दलको नेताबाट हटाए । त्यसपछि उनीहरूले कताबाट हो कताबाट संसदीय दलको नेता अमिक शेरचनलाई बनाए । त्यो अवस्थामा हामीले समेत अमिक शेरचनलाई शंकाको घेरामा राख्न पुग्यौं । हामीले सोच्यौं, ऊ पनि हामीलाई छोडेर किरण-प्रचण्डहरूतर्फ नै गयो ।


तर पछि थाहा पायौं अमिकको बारेमा हामीले जे सोच्यौं त्यो गलत रहेछ । उसले त त्यो संकटको घडीमा संकटमोचनको निम्तिमात्र अन्तरिम रूपमा उनीहरूको प्रस्ताव स्वीकारेको रहेछ । पछि त उसले छोडेर आइहाल्यो नि !

यसरी पार्टीलाई किरण-प्रचण्डहरूले एकलौटी बनाउन थालेपछि पार्टी फेरि फुट्न पुग्यो । पार्टी फुटेपछि फेरि पनि हामी 'एकता केन्द्र' नै भयौं । उनीहरू 'मशाल' भए । नेकपा (चौ.म.) फुटेर एकताका दुईटा मशाल बनेका थिए–एउटा मशाल (मोटो मशाल) र अर्को मसाल (पातलो मसाल) । पछाडि मोटो मशाल, श्रमिक संगठन र चौ.म. मिलेर एकता केन्द्र बनेको थियो । त्यो एकता केन्द्रमा बाबुरामहरू पातलो मसालबाट फुटेर आएका थिए । तर त्यो एकता केन्द्र फुटेर पछि एकता केन्द्र र मोटो मशाल बन्न पुगे । अहिलेको हाम्रो पार्टी एकता केन्द्र त्यो पछिल्लो एकता केन्द्र हो ।

○ **समाप्त**



*क. प्रचण्ड*



*क. बाबुराम भट्टराई*

***प्रस्तुति : तुल्सीदास महर्जन***




खगेन्द्र संग्रौला

# 'मूल्याङ्कन'बारे केही छरपस्ट प्रतिक्रियाहरू

'मूल्याङ्कन'को 'संस्कृति विशेष'का रूपमा प्रकाशित पूर्णाङ्क १०२ पढेपछि मलाई केही प्रतिक्रिया प्रकट गर्न मन लाग्यो । यस अङ्कलाई प्रस्थानविन्दु बनाएर यहाँ मैले 'मूल्याङ्कन'का समग्र पाटाहरूबारे नै केही छरपस्ट प्रतिक्रिया व्यक्त गर्न खोजेको छु । मेरा प्रतिक्रियाहरू मुख्यतः 'मूल्याङ्कन'को विषयको चयन, प्रस्तुतिको बान्की, प्राथमिकता क्रम र यसको भाषा-शैलीसित सम्बन्धित छन् ।

एक । आफ्नो प्रकाशन-यात्रामा १०० अङ्क पार गरेको खुशियालीमा 'मूल्याङ्कन'ले 'संस्कृति विशेष अङ्क' प्रकाशित गरेको छ । तर यस अङ्कको सम्पादकीय भने राजनीतिबारे नै लेखिएको छ । यसले संकेत गर्ने कुरा के हो भने सम्पादकीय फाँटका दृष्टिमा संस्कृति सम्पादकीयको ठाउँ पाउने हैसियत भएको विषय नै ठहरिएनछ । सम्पादकीयको विषय एकदमै नयाँ र ज्वलन्त भइदिएको भए यसरी प्राथमिकताको विवाद उठाइरहनुपर्ने थिएन । तर 'अर्को विकल्प संविधान सभा नै हो' भन्ने शीर्षकमा लेखिएको यो सम्पादकीय यसै पटक चर्चा नगर्दा ठूलो सत्य छुट्ने र ठूलै खती भइहाल्ने विषय भने होइन । यो 'मूल्याङ्कन' आफैंले र अरूहरूले पनि सहस्र पटक चर्चा गरिसकेको विषय हो । शीर्षकमै उत्तर दिएर पेट बेहोरामा उत्तरको ब्याख्या गर्ने खालको यस सम्पादकीयमा राजनीतिक परिदृश्यको एकदमै नौलो यथार्थको उद्घाटन गरिएको छैन । उता अर्को पातोमा छापिएको पुन्टे सम्पादकीयले यस संस्कृति अङ्कबारे नभनी नहुने माउ कुराहरू पनि भन्न भ्याएको छैन । यस अङ्कमा चैतन्य मिश्रको संस्कृति विषयको गम्भीर लेखबाहेक साहित्यका विविध विधाका साथसाथै संगीत, चलचित्र, रङ्गकर्म, टेलिभिजन आदि विषयका चर्चाहरू समावेश गरिएका छन् । कलाका यी विविध पक्षहरू र संस्कृतिको आपसी सम्बन्ध के हो ? यी विविध विषयहरू स्वयं नै संस्कृति हुन् कि यिनीहरू संस्कृतिको निर्माण, परिवर्तन, परिष्कार र संरक्षण गर्ने माध्यमहरू हुन् ? वास्तवमा सम्पादकीय त यस विषयमा पो लेखिनु पर्थ्यो । तर दैनिक राजनैतिक सूचनाप्रतिको अतिशय मोह र संस्कृतिप्रतिको ज्ञात-अज्ञात उपेक्षाका कारण यसो हुन पाएन । गत डेढ दशकमा रूप र आकार दुबै दृष्टिले हाम्रो संचार जगत् अकल्पनीय रूपले विकसित भएको कुरा सत्य हो । तर उपलब्ध माध्यमको सदुपयोग गरी जीवनका गहन्तम् समस्याहरूलाई इतिहास, समाज र संस्कृतिको समग्रतामा केलाउने प्रवृत्तिको विकास हुनुको सट्टा दैनिक सूचना, घटना र पात्रको पछिपछि छिपछिपे र एकाकी रूपले कुद्ने प्रवृत्तिको वर्चस्व रहनाले समग्र राजनीति नै छिपछिपे र एकाकी भएको कुरा पनि त सत्य हो । यदि सत्य यो हो भने 'मूल्याङ्कन'को यो प्राथमिकता-क्रम सही हो र ?

दुई । विषयलाई प्रस्तुत गर्ने शैलीअनुसार त्यसले पाठकमा पार्ने प्रभावको प्रकृति फरक-फरक हुन्छ । एउटा शैली पाठकका अगाडि हरेक समस्याको उत्तर आपूर्ति गरिदिने खालको हुन्छ भने अर्को शैली पाठकलाई समस्याको उत्तर खोज्न प्रेरित र प्रोत्साहित गर्ने खालको हुन्छ । पछिल्लो शैलीले पाठकलाई चिन्तन र मन्थन गर्न, खोजतलास र विश्लेषण गर्न झकझक्याउँछ । यो सत्यको खोजीमा पाठक स्वयंलाई सहभागी तुल्याउने शैली हो । तसर्थ यो लोकतान्त्रिक शैली हो । 'मूल्याङ्कन'ले सामान्यतः पछिल्लो हैन, पहिलो शैली अँगालेको देखिन्छ । कतिपय सन्दर्भमा त 'मूल्याङ्कन'को राजनीतिक विश्लेषण तथ्य र तर्कको आधारमा समाजको गर्भमा लुकेका सम्भावनाहरूको पूर्वानुमान गर्ने समाजशास्त्रीय विधिमा भन्दा पनि ज्योतिषमा आधारित भएझैं लाग्छ । प्रश्नवाचक शीर्षक राख्ने यसको आफ्नै काइदा छ । जस्तो कि 'कसरी बढ्दै छ सेना अपरेशनमा ?', 'के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?', 'अब माओवादी कतातिर ?', 'बाह्र वर्षमा कहाँ भयो गल्ती ?', 'के माओवादीहरू चन्द सरकारसित वार्तामा आउँदैछन् ?' आदि । शीर्षकमा प्रश्न राखिन्छ र पेट ब्यहोरामा त्यसको उत्तर आपूर्ति गरिन्छ । पाठकलाई तर्क गर्ने, चिन्तन गर्ने र खोजी गर्ने ठाउँ नै छाडिँदैन । लेखक सबै उत्तरको ज्ञाताको स्थानमा रहन्छ र पाठक उसले आपूर्ति गरिदिने उत्तरहरूको उपभोक्ता मात्र हुन्छ । के यो शैली पाठकको वैचारिक र बौद्धिक विकासमा सहायक भइरहेको छ ?




तीन । 'विचार अन्तर्क्रिया' 'मूल्याङ्कन'का प्रत्येक अङ्कमा घोषणा गरिने उद्देश्य हो । तर यसका कतिपय कार्यहरू आफ्नो घोषित उद्देश्य विपरीत देखिन्छन् । यसका प्रत्येक अङ्कमा अनेक छद्‌म नाममा एकै व्यक्तिका अनेक लेख-टिप्पणीहरू छापिने गरेका छन् । मेरो विचारमा वाध्यात्मक परिस्थितिमा बाहेक छद्‌म नाममा प्रस्तुत हुनु जिम्मेवारीपूर्ण कार्य होइन । छद्‌म नाममा एउटै अङ्कमा अनेक ठाउँमा एकैजनाका विचार छापिनु त झनै अशोभनीय कार्य हो । यसबाट एक त सहभागिताको घेरो साँगुरो हुन्छ, अर्को कुरा, यस्तो कार्यले पत्रिकालाई नै एकरस र निरस तुल्याइदिने खतरा हुन्छ । फेरि, फलानो छद्‌म नाम फलानाको हो भनेर झण्डैजसो आम पाठकमाझ चिनिनु, तैपनि त्यो छद्‌म नाम भने स्थायी रहिरहनु त हास्यास्पद विडम्बना नै हो । 'विचार अन्तर्क्रिया' सम्बन्धी उद्देश्यले पाठहरूमा स्वभावतः विविध नाम र विविध विचारहरूको क्रियाशील र निरन्तर सहभागिताको अपेक्षा जगाइदिन्छ । आफ्नो घोषित उद्देश्य र त्यसले पाठकहरूमा जगाइदिने अपेक्षा विपरीत 'मूल्याङ्कन'मा छद्‌म नामको बहुलताले किन स्थायित्व पाइरहेको होला ?

चार । 'मूल्याङ्कन'ले विश्वका भिन्नभिन्न मुलुकहरूका कम्युनिष्ट आन्दोलनहरूको इतिहास र वर्तमान अवस्थाबारे पाठकहरूलाई जानकारी दिनु राम्रै कुरा हो । तर यस्ता जानकारीहरू प्रायः घटनावलीको विवरण-वृत्तान्तमै सीमित पाइन्छन् । कहिलेकाहीं त एउटै मुलुकको आन्दोलन सम्बन्धी सामग्रीलाई खण्डित गरी तीन-चार अङ्कसम्म तन्काउने गरिएको पनि छ । चैतन्य मिश्रको लेखलाई पनि खण्डित गरी प्रकाशित गरियो । यसो गर्दा पाठकहरूमा असुबिस्ता र अरूचिको भावना पैदा हुनसक्छ । अघिल्लो महिनामा पढेको विषय पछिल्लो महिनामा पुग्दा पाठकले प्रायः बिर्सिसकेको हुन्छ, र यसरी पाठकको मानसमा समग्र लेखको प्रभाव नै खण्डित हुनपुग्छ ।

फेरि, विभिन्न मुलुकका कम्युनिष्ट आन्दोलनहरूको विवरण-वृत्तान्त पढेर मात्र

**शीर्षकमा प्रश्न राखिन्छ र पेट ब्यहोरामा त्यसको उत्तर आपूर्ति गरिन्छ । पाठकलाई तर्क गर्ने, चिन्तन गर्ने र खोजी गर्ने ठाउँ नै छाडिँदैन ।**

पाठकहरूको बौद्धिक स्तर र विश्लेषण क्षमतामा वृद्धि भइहाल्ने होइन । 'मूल्याङ्कन' समाजवादी आन्दोनप्रति प्रतिबद्ध पत्रिका भएको हुँदा यसले समाजवादसँग सम्बद्ध गम्भीर सैद्धान्तिक प्रश्नहरूबारे चर्चा-परिचर्चा चलाउनु राम्रो हुँदो हो । उदाहरणको लागि, समाजवादको निर्माण-प्रक्रिया सम्बन्धमा लेनिन र रोजा लक्जेम्बर्गबीच बहसको चुरो कुरो के थियो ? एक छिमलको विश्व समाजवाद ढलिसक्यो । के अहिले त्यस बहसको प्रासङ्गिकता बढेको छैन ? भर्खरै जन्मिएको सोभियत संघमा आन्तरिक द्वन्द्व र बाह्य हस्तक्षेपको पृष्ठभूमिमा, र एक अर्थमा त्यसको निहुँमा, 'सबै सत्ता सोभियतलाई' अर्थात् जनतालाई भन्ने मान्यताको सट्टा सबै सत्ता कम्युनिष्ट पार्टीलाई भन्ने मान्यताको बिजारोपण भयो । त्यसपछि क्रमशः सबै सत्ता केन्द्रिय समितिलाई, सबै सत्ता पोलिट ब्यूरोलाई हुँदै सबै सत्ता पार्टीका महासचिवमा केन्द्रित हुन पुग्यो । समाजवादको नाउँमा एक व्यक्तिमा सत्ताको केन्द्रिकरण, व्यक्तिको वरिपरि उसका अन्धभक्तहरूको जन्म, पार्टीभित्र र आम समाजमा भिन्न मतहरूबीच वादविवादको निषेध, त्यसबाट उत्पन्न वैचारिक जडता र अन्ततः समाजवादकै अवसान – के समाजवादको यो पक्ष सार्थक बहसको विषय होइन ? नेपाली कम्युनिष्ट आन्दोलनमा आफूलाई अब्बल दर्जाको क्रान्तिकारी भनाउन चिनिया सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्तप्रति प्रतिबद्धता जनाउने गरिन्छ । के हो चिनिया सांस्कृतिक क्रान्ति भनेको ? त्यसको सिद्धान्त र व्यवहारबीचका विरोधाभाषहरू के के हुन् ? त्यसका सकारात्मक र नकारात्मक पाटाहरू के के हुन् ? बहसका विषयहरू यी पनि होलान् ।

पाँच । 'मूल्याङ्कन'को भाषा पढ्दा मनसुली चामलको भात खाँदा प्रत्येक गाँसमा ढुङ्गा लागेझैं अनुभव हुन्छ । 'बल्की', 'बाबजुद', 'भलै', 'सिर्फ', 'खेमा', 'दौरानमा', 'साफ नहुन्जेल' आदिजस्ता पराइ भाषाका बिराना शब्द र शब्दावलीहरू 'मूल्याङ्कन'मा छ्यास्छ्यास्ती पाइन्छन् । यस क्रमले कहाँसम्म फड्को मारिसकेको छ भने अहिले त यसमा 'ओरियन्टेशन' र 'डेडलक'जस्ता शब्दहरूको पनि ससम्मान प्रवेश भइसकेको छ । भाषाका खोटहरू शब्दमा मात्र सीमित नभई वाक्य-गठनसम्म पनि विस्तारित भएका छन् । अङ्क ९७ को पृष्ठ ५ मा एउटा उदाहरण हेरौं । *'प्रतिगामी तत्वका लागि गृहयुद्ध र संकटकाल यसकारणले चाहिएको छ, किनकि यसको निहुँमा होलसेलमा संभव नभए पनि अंश-अंशमा देशलाई प्रतिगमनको बाटोमा लान सकिन्छ ।'* यो भद्दा र कुरूप वाक्य-गठन लेखकको अज्ञानताको भन्दा पनि असावधानीको नतिजा हो भन्ने मलाई लाग्छ । भाषाको सहजता, शुद्धता, निजत्व र सौन्दर्यको थोरै मात्र पनि चेत हुनेका हातबाट यस्तो वाक्य लेखिनु असम्भव छ । 'परन्तु' शब्दको प्रयोग गराइ देख्दा यो शब्द त 'मूल्याङ्कन'को अति प्रिय सिद्धान्त र आदर्श नै पो हो कि भन्ने छनक पाइन्छ । अङ्क ९७ मा अन्दाजी तीन हज्जार-पैंतीस सय शब्दका लेखहरूभित्र मैले ४० वटा 'परन्तु' फेला पारें । अर्को कुनै अङ्कमा मैले ५५ वटा 'परन्तु' गनेको थिएँ । 'परन्तु'लाई बिर्सिइयो भने जीवनको अर्थ नै पो बिर्सिइन्छ कि भनेझैं गरी कतैकतै त एउटापछि लगत्तै अर्को वाक्यमा 'परन्तु' राख्ने गरिएको पनि छ । अङ्क ९७ कै पृष्ठ ६ बाट एउटा उदाहरण टिपेर हेरौं । *'परन्तु युद्धरत शक्तिशाली विद्रोहीसित वार्ताको लागि हतियार बुझाउने पूर्वशर्त राखेको एउटा पनि उदाहरण विश्वमा कहीं पनि भेटिन्न । परन्तु नेपालका प्रधानमन्त्रीचाहिँ यस्तो असम्भव, सिल्ली शर्त वार्ताको निम्ति किन अघि सारिरहेछन् ?'* 'मूल्याङ्कन'को 'परन्तु' मोह कतिसम्म प्रगाढ छ भने यसले त पद्मरत्न तुलाधरका मुखमा पनि एउटा 'परन्तु' राखिदिन भ्याएछ । शाहज्यादा पारसलाई युवराज घोषित गरिएको सन्दर्भमा प्रतिक्रिया गर्दै अङ्क ९२ मा श्री तुलाधरले भन्नुभएछ, *'युवराज भनेको भविष्यको राजा हुने मान्छे हो । परन्तु एकजना भ्रष्ट र अपराधिक चरित्रको....।'* 'परन्तु'को फेसन वा रूढि फैलिएर मुक्ता श्रेष्ठ र तुलसी महर्जनसम्म पुगेको देख्दा म त आश्चर्य-चकित भएको छु । वास्तवमा म भाषाको निरपेक्ष शुद्धता वा मौलिकताको आग्रही होइन । अन्तर्देशीय स्तरमा हुने आर्थिक आदान-प्रदानसँगै विचार र संस्कृतिको पनि आदान-प्रदान हुन्छ, र त्यस प्रक्रियामा भाषाहरू पनि एकअर्काबाट प्रभावित हुन्छन् । बाहिरबाट वस्तु, प्रविधि वा विचार भित्रिंदा तिनलाई बुझाउने शब्दहरूको अभाव हुनगयो भने शब्दहरू पनि बाहिरैबाट लिइन्छन् । तर खास वस्तु, प्रविधि वा विचारलाई बुझाउने शब्दहरू आफ्नो भाषाको क्रियाशील शब्दभण्डारमा छँदाछँदै बाहिरबाट लिनु भनेको कि त त्यो असावधानी हो कि अन्धानुकरण । भाषालाई जब शुद्ध र मौलिक ढङ्गले प्रयोग गरिन्छ, त्यसमा निजत्व, सहजता र सरसता हुन्छ । यो भाषा सम्बन्धी सौन्दर्यचेतको कुरा पनि हो । त्यस्तो भाषामा विचारलाई सम्प्रेषण गर्ने सामर्थ्य बढी नै हुन्छ । सिद्धान्तमा राष्ट्रवाद र भाषामा उग्र असावधानी वा अन्धानुकरण विरोधाभाषी तत्व होइनन् र ?

छ । नामको अघिल्तिर अलङ्कार भुण्ड्याएर व्यक्तिले चिनिन वा अरूलाई चिनाउन खोज्नु सामन्ती संस्कृतिकै अवशेष हो । जस्तो कि मुखिया बाजे, डिठ्ठा बाजे, सरदार बाजे, राइटर बाजे, डाक्टर साहेब, प्रोफेसर साहेब आदि । अवसर विशेषमा वा लेख विशेषमा पदीय विशिष्टता वा विशिष्ट ज्ञान सम्बन्धी आधिकारिकता जनाउन अलङ्कारको प्रयोग गर्नु भनेको अलि बेग्लै कुरा हो, जसको नाटीकुटी गर्नु उचित हुँदैन । फेसनजस्तै लाग्ने गरी नामका अगाडि अलङ्कार भुण्ड्याउनमा 'मूल्याङ्कन' निकै अगाडि छ । जस्तो कि विख्यात, प्रख्यात, प्रसिद्ध, लोकप्रिय, डाक्टर, प्रोफेसर आदि । माथि भनिएझैं सामान्य र विशेष सन्दर्भको भेद नगरीकन लेखकका नामका अगाडि यस्ता अलङ्कारहरू भुण्ड्याइ दिनु भनेको वास्तवमा पाठकमा आग्रह थोपर्नु हो । फलानो डाक्टर हो, त्यसले लखेको राम्रो हुन्छ । फलानो प्रसिद्ध हो, त्यसको रचनामा ज्ञानको घैंटो हुन्छ, आदि । यसरी आग्रह थोपर्नु वास्तवमा पाठकलाई स्वतन्त्र रूपले सोचन र तर्क गर्नबाट वञ्चित गर्नु हो । यसको सट्टा लेखकको प्रख्याति र प्रसिद्धि उसको विचार, दृष्टिकोण र शैलीबाटै छुट्याउन पाठकलाई ठाउँ छाडिदिनु राम्रो होइन र ?

सात । कुनै खास घटना-सन्दर्भमा वाम राजनीतिक दलहरूका नेताहरूको अभिमत प्रस्तुत गर्दा 'मूल्याङ्कन'ले सधैं नै ठूलोबाट सानोको क्रममा नाम राख्ने गरेको छ । सबभन्दा ठूलो दलको नेता सर्वोच्च स्थानमा र सबभन्दा सानो दलको नेता तल पिंधमा । स्थान निर्धारण गराइको यस क्रममा पनि सामन्ती संस्कृतिकै गन्ध आउँछ । यसरी जुँगा हेरी स्थानको भाग लगाउनुको सट्टा वर्णानुक्रमअनुसार अथवा अभिमतको सार्थकता र सान्दर्भिकतो मूल्यका आधारमा नामको क्रम निर्धारण गर्न मिल्दैन ? अर्को कुरा, 'मूल्याङ्कन' स्वयंले सैद्धान्तिक दृष्टिले यस्तो विचलित र नैतिक दृष्टिले उस्तो पतीत भनेर अनेक अलङ्कारहरू पहिराइसकेका दलका नेताहरूका नामका अगाडि श्राद्धमा बिरालो बाँध्न नछाडिएझैं कमरेडको पगरी गुथाइदिन नछाडेको देखिन्छ । यस्तो विरोधाभाष प्रकट गर्न 'मूल्याङ्कन' किन वाध्य भएको होला ? पार्टीको आन्तरिक जीवनमा प्रयोग गरिने यो अलङ्कार 'मूल्याङ्कन'जस्तो पार्टीबाहिरको पत्रिकामा प्रयोग नगरे यसमा के कमी होला ? अथवा अविचलित र सदाचारीको मान राख्न प्रयोग गरिने 'कमरेड'को अलङ्कार विचलित र पतीतहरूलाई पहिराउन छाडिदिए 'मूल्याङ्कन'लाई के खती होला ? ❑




**'परन्तु' शब्दको प्रयोग गराइ देख्दा यो शब्द त 'मूल्याङ्कन'को अति प्रिय सिद्धान्त र आदर्श नै पो हो कि भन्ने छनक पाइन्छ ।**



सुरेश ढकाल

# मूल्यांकन : केही प्रतिक्रियाहरू

**मूल्यांकन** मासिकले नियमित रूपमा सन्दर्भअनुरूपका गम्भीर सामग्रीहरू प्रस्तुत गरिरहेको छ र यसका नियमित पाठकहरू छन् । यो निश्चित रूपमा हर्षको विषय हो । तथापि धेरैभन्दा धेरै र नयाँ पाठकसम्म पुग्ने सचेत प्रयास अपेक्षित छ । र, यसका आम-पाठकहरू नै पत्रिकाको आधार हुने भएकाले उनीहरूप्रतिको दायित्वलाई प्राथमिकतामा पारिनुपर्दछ र सकारात्मक सामाजिक रूपान्तरणका लागि विचारशील पत्रिकाले त्यसो गर्नु इमान्दारिता हो । सान्दर्भिक विषयवस्तु, सहज भाषा, सुरूचिपूर्ण शैली, आकर्षक सज्जा र बृहत्तर अन्तर्क्रियाको माध्यमबाट धेरै नयाँ पाठकसम्म पुग्न सकिन्छ ।

*मूल्यांकन*को मूल्यांकन यसको आवरणबाट शुरू गर्न सकिन्छ । सम्पूर्ण विषयसूचिलाई बाहिरी आवरणमा छरपष्ट पार्ने शैलीले पत्रिकाको आकर्षण बढाएको छैन, तर थाहा पत्तो नभएरै हो कि आकर्षक आवरण सज्जाको लागि प्रयास भएझैं लाग्दैन । भित्री सज्जा पनि 'विचार अन्तर्क्रियामुखी मासिक' का लागि सुहाउँदा हुने गर्दैनन् ।

विषयवस्तुका बारेमा धेरै छलफल हुन सक्छन् । अहिले एउटा सानो टिप्पणीमात्र । *मूल्यांकन*जस्तो 'विचार अन्तर्क्रियामुखी' मासिकमा तीन चार महिनासम्म एउटै विषय वा प्रसंगका बारेमा लामो विवरण एकोहोरो पढिरहनु पर्ने अवस्था आउने गर्छ- बेलाबेलामा । (जस्तै : उदाहरणका लागि 'अर्जेन्टिनाको डिसेम्बर विद्रोह' आदि) त्यो 'विचार अन्तर्क्रियामुखी' प्रवृत्ति होइन । यसलाई पाठकले कसरी ग्रहण गरिरहेका होलान् भन्ने कुरो मूल्यांकनका प्रवुद्ध सम्पादकहरूले बुझ्नु पर्ने हो । अन्तर्राष्ट्रिय प्रसंगहरूको चर्चा गर्दा लेखकको विशद अध्ययन अनि एकोहोरो विचार प्रवाहभन्दा हाम्रो आफ्नो सन्दर्भ र प्रासंगिकता चाहिं खरोसँग प्रष्टिनु पर्दछ । त्यस्तै, विज्ञानसम्बन्धी सामाग्रीहरू विशेषतः विकासवादी सिद्धान्तका बारेमा निक्कै रोचक र चाखपूर्ण सामग्रीहरू आउँछन् । (जस्तै : 'कसरी ढेडु मानिसमा विकास भयो', 'कसरी घस्रने डायनासर उड्ने भयो' भन्ने 'प्यारेन्टल केयर'सम्बन्धी लेख आदि) । तर तिनीहरू प्रायशः विवरण र जानकारीमा सीमित हुने गर्छन् । वास्तवमा तिनै विकासवादी सिद्धान्तका मोडेलमा गरिने सामाजिक उद्‌विकासवादको व्याख्या पद्धतिमा, खासगरी प्रभावकारी रूपमा स्थापित मार्क्सवादी समाज उद्‌विकासको व्याख्यामा ती नयाँ उपलब्धिहरूले के अन्तर ल्याउनसक्छन् भन्ने सन्दर्भमा तिनको चर्चा गरिनु राम्रो हुन्थ्यो । फेरि त्यस्ता बैज्ञानिक तथ्य स्वयंमात्र पनि अन्तिम सत्यका निर्धारक होइनन् भन्ने कुरामा पनि लेखक स्पष्ट हुनुपर्दछ ।

*मूल्यांकन*का सन्दर्भमा अहं प्रश्न त 'विचार अन्तर्क्रियामुखी मासिक' कत्तिको अन्तर्क्रियामुखी बन्न सकेको छ वा 'विचारमुखी' मात्र भएको छ भन्ने नै हो । विचार अन्तर्क्रियाको एउटा माध्यम पाठक प्रतिक्रियालाई पुछारको पातोमा राखिएको मात्र होइन कि पुछारकै महत्त्व दिइएको जस्तो भान हुन्छ । पाठकसँगको अन्तर्क्रियाको यस मंचमा गम्भीर पाठकको उपस्थिति देखिँदैन । त्यसतर्फको प्रयास कत्तिको गरिएको छ कुन्नि ? पूर्व अंकहरूमा व्यक्त विचारहरूमा पाठक एवं विज्ञको धारणासँग परिचित भएर वर्तमान अंकमा प्रवेश गर्नाले विचार र अन्तर्क्रियाको निरन्तरता कायम गर्न सकिन्छ भन्ने मलाई लाग्छ ।


अब जाऔं, यसको पछिल्लो सांस्कृतिक अंक विशेषतर्फ । विषयवस्तु छनौटका हिसावले मूल्यांकनको १०१ सम्मका अंकहरूभन्दा पृथक छ यो अंक । तसर्थ विशेष पनि छ, अनि प्रशंसनीय पनि । 'संस्कृति विशेष'को यो रूप यदि सम्पादकज्यूले भनेझैं साँच्चै 'शुरूवाती पाइला' हो भने *मूल्यांकन*लाई ढिलै भए पनि थप राम्रो कार्य थालनीको लागि साधुवाद । तर, 'संस्कृति विशेष'ले साँच्चै सहृदयी महत्त्व पाएजस्तो चाहिं लाग्दैन । यसको आवरण र सम्पादकीयको ढाँचाबाट पनि पाठकले बुझ्लान् *मूल्यांकन*ले अकं 'विशेष'लाई दिएको महत्व ।

सामग्रीहरूबीच समन्वय नभएर होला पुरै सामग्रीहरू पढिसक्दा पनि संस्कृतिसम्बन्धी साङ्गोपाङ्गो आकृतिचाहिं बन्दैन । प्रभावकारी दृश्य-माध्यम सिनेमाको बारेमा सामग्री नहुनु उपयुक्त देखिँदैन । टेलिभिजनको कुरा गर्दा ने.टि.भी.मा प्रसारित टेलिफिल्ममा साँघुरिनुभन्दा सिंगो ने.टि.भी. र केवल टि.भि.को बारेमा लेखिनु राम्रो हुने थियो । लेख नै प्राप्त नहुँदा पनि सम्बन्धित विज्ञसँगको कुराकानी राख्न सकिन्थ्यो । 'नेपाली चित्रकलामा सांस्कृतिक प्रतिविम्वन' अझै राम्रोसँग प्रतिविम्वित हुन सक्दथ्यो । यसरी संस्कृति विशेष अंक निकालिने भएपछि नेपाली संस्कृतिको पहिचान र विशेषताका बारेमा विज्ञहरूका बीच छलफल नै गर्न सकिन्थ्यो, जुन पाठकका लागि रोचक सामग्री त बन्दथ्यो नै, संस्कृतिलाई बुझ्ने र व्याख्या गर्ने वर्तमान धारहरूको बारेमा पनि बुझ्न सकिन्थ्यो । त्यो संख्यामा कथा-कविता राख्नुभन्दा नेपाली साहित्य र संस्कृतिबीचको अन्तर्सम्बन्ध वा साहित्यमा सांस्कृतिक प्रभावको बारेमा सामग्रीहरू बढी सान्दर्भिक हुन्थे ।

तथापि चैतन्य मिश्रको 'हाम्रो सांस्कृतिक यात्रा' विशेष र विशिष्ट छ । सामाजिक/सांस्कृतिक विश्लेषणमा रूचि राख्नेका लागि यो पठनीय र संग्रहनीय छ । विशेष अंकको भार थामेको छ यसले । यद्यपि थप छलफलका लागि सहयोगी बनून् भन्ने सकारात्मक आशयसहित समाजशास्त्रीय दृष्टिकोणबाट प्रस्तुत विषयवस्तुभित्र अपेक्षा गरिने केही मोटा मसिना टिप्पणीहरू सारमा उल्लेख गर्नु उपयुक्त ठान्दछु ।

नेपालमा संस्कृति अध्ययनको परम्परा, यसको विकासक्रम र पद्धतिमा रहेका विभेदहरू र तिनका आधारहरू के के हुन् छोटोमै भए पनि उल्लेख गरेर आम प्रचलन र व्यवहार अनि संस्कृतिबीचको फरकका बारेमा छलफल गरेपछि एउटा फराकिलो परिभाषा निर्धारण गर्न सकेको भए, जब संस्कृति लेखमा भनिएझैं 'संरचनात्मक हिसावले भेउ पाउन सकिने' इन्द्रियगम्य विषय हो भने यसका व्यक्त र लुप्त चरित्रहरू के कस्ता हुन्छन् भन्ने छलफल भएको भए, लेख झनै प्रभावकारी हुने थियो । परिवारभित्र राजनीति कहाँ छ जस्तै सपाट तरिकाले संस्कृति कहाँ छ भन्ने छलफल बढी अपेक्षित र सान्दर्भिक हुन्थ्यो ।

सांस्कृतिक रूपान्तरणको कुरा गरिरहँदा संस्कृतिको प्रसार, संस्कृति र शक्तिबीचको सम्बन्ध, संस्कृति निर्माण वा विनाशमा शक्तिको भूमिका, सांस्कृतिक साम्राज्यवाद वा सांस्कृतिक हैकमवाद र यसका प्रकृयाबारेमा उल्लेख, वर्णशंकर संस्कृति




**मूल्यांकनका सन्दर्भमा अहं प्रश्न त 'विचार अन्तर्क्रियामुखी मासिक' कत्तिको अन्तर्क्रियामुखी बन्न सकेको छ वा 'विचारमुखी' मात्र भएको छ भन्ने नै हो**

र सांस्कृतिक बहुलता के हो भन्ने छलफल, संस्कृतिलाई कसरी बजारले नियन्त्रण गर्छ र संस्कृतिको बाणिज्यकरण कसरी भैरहेको छ भन्नेबारे थोरै छलफलले लेख गहकिलो बन्न सक्दथ्यो । सूचना र अर्थतन्त्रको जमानामा के 'राष्ट्रिय संस्कृति' भन्ने नै रहँदैन, यसको औचित्य समाप्त हुनैपर्छ वा 'राष्ट्रिय संस्कृति'को बचावटमा राज्यको भूमिका कस्तो रहनुपर्छ, पश्चिमा 'उच्च संस्कृति'को भेलका विरूद्ध बुद्धिजीवीहरूको भूमिका कस्तो रहने भन्ने छलफलले लेखलाई पूर्णता दिने थियो ।

के सधैं अर्थतन्त्र वा उत्पादन प्रणाली/उत्पादनका सम्बन्धहरू आधारभूत संरचना र संस्कृति उपरी संरचना वा उर्ध्वरचना हुने गर्दछ ? अर्थतन्त्रले नै सधैं संस्कृति निर्धारण गर्ने गर्छ वा दोहोरो अन्तर्सम्बन्ध रहन्छ ? लेखमा भनिएझैं 'अर्थतन्त्र पनि एउटा खास सांस्कृतिक परिपाटीअन्तर्गत संचालित हुनेगर्छ' भने त्यस्तो सांस्कृतिक परिपाटी संचालन गर्ने सांस्कृतिक पूंजी के हो र कसरी यसले निश्चित खाले उत्पादन-सम्बन्ध र प्रणालीलाई धान्न सहयोग गर्छ भन्ने छलफल जरूरी थियो ।

समग्रमा लेख सम्प्रेषणयुक्त छ । यद्यपि कुनै कुनै उप-शीर्षक-अनुरूपका पाठहरू त्यति विशिष्ट नहुनु यसको कमजोर पक्ष हो । संस्कृति स्वतन्त्र र एक्लो अघि बढ्ने नभई अर्थतन्त्र र राजनीतिसँग अन्योन्याश्रित हुने भएकोले निष्कर्षमा सुझाएजस्तै उन्नत संस्कृति निमार्णतर्फ 'प्रगतिशील संस्कृतिकर्मी' लागिपर्नु मात्र पर्याप्त हुने छैन भन्ने निर्क्यौल उपयुक्त हुन्थ्यो ।

अन्त्यमा *मूल्यांकन*लाई एउटा सुझाव/अनुरोध, चैतन्य मिश्रका *मूल्यांकन*मा छापिएका लेखहरूको संगालोमात्रै पनि नेपाली समाजको अध्ययन पद्धतिको राम्रो दस्तावेज बन्नसक्छ । जुन स्नातक र स्नातकोत्तरमा समाजशास्त्र पढ्दै गरेका १० हजारभन्दा बढ़ी विद्यार्थीका लागि एउटा राम्रो पाठ्य सामग्री त बन्दथ्यो नै समाज बुझ्न खोज्ने सबैलाई *मूल्यांकन*को गतिलो गुन हुन्थ्यो । *मूल्यांकन*लाई धेरै धेरै शुभकामना ।

*महांकाल, बौद्ध, का.म.पा. - ६ ।*

# प्रजातन्त्रको दन्त्यकथा



रोशन शेरचन



नेपाल देशका जनताहरूलाई
प्रजातन्त्रको दन्त्यकथा
सत्य-कथा सावित हुन्छ भन्ने विश्वासै थिएन

अचम्मै भयो त्यो दिन
प्रजातन्त्रको दन्त्यकथाले
सत्य-कथा हुन प्रसव-वेदना अनुभूत गरेको त्यो दिन
प्रजातन्त्रको दन्त्यकथाले
सत्य-कथा हुन निधारभरि गाँठाहरू बनाएको त्यो दिन
कस्तरी रक्तस्राव भएथ्यो शहीदहरूका आस्थाहरूबाट
तप् तप् तप् ... गाढा राता ढिक्का रगतहरू
र कस्तरी प्रजातन्त्रका दन्त्यकथाहरू
रहरलाग्दा जन्मदै सत्य-कथा भएका थिए

अत्यन्त खुला प्रसवहरू थिए ती
अत्यन्त उत्सुक आँखाहरू थिए वरपर
कति तेजिला प्रसवहरू सम्पन्न भएका थिए-
प्रजातन्त्रको सत्य कथाको
सम्पूर्ण आफ्ना तेजहरू खन्याउँदै कस्तरी हाँसेका थिए
ओइलाउँदै गर्दा तर शहीदहरू


दुर्भाग्य
कालान्तरमा तेजिलोलाई निजी बनाउने होड चल्यो
हठात् एक दिन तेजिलो लोप भयो
र अन्धकार भयो नेपाल देश

नेपाल देशका जनताहरूलाई प्रजातन्त्रको सत्य-कथा
दन्त्यकथा सावित हुन्छ भन्ने विश्वास नै थिएन ❑

# भो, हेलिकप्टर !



मनरूप नेप्च्युन



पहिले पहिले कालिकोटको
आकाशमाथि हेलिकप्टर उड्दा
नूनविनाकै तिहुँन
नुनिलो लाग्थ्यो
भोको पेट आफैं
अघाएजस्तो लाग्थ्यो
अचेल हाम्रो आकाशमा
हेलिकप्टर उड्दा
तिर्खा नलागेरै
ओठमुखहरू सुक्छन्
विनाअपराध
मुटु काम्न थाल्छ
निरोगी शरीर
चिहानमा पुगेजस्तो लाग्छ
अब भो, हेलिकप्टर !
हाम्रै मृत्यु बोकेर
हामीमाथि नै नउडीदेऊ
अलिनु नै सही
ढुक्कले तिहुन खान देऊ
भोको पेटमै सही
निश्चिन्त भएर
भोकमरीसँग लड्न देऊ
रोगी भएरै सही
महामारीसँग निर्भय
कुस्ती खेल्न देऊ
भो, हेलिकप्टर !
अब
हाम्रै मृत्युको शंखघोष सहित
हाम्रै टाउकोमाथि नउडीदेऊ । ❑






# एउटा विशिष्ट स्मृति-कथा

❑ *गोविन्द वर्तमान*

**नेपाली** साहित्यमा नौलो विधाले प्रवेश गरेको छ । त्यसको नाउँ स्मृति-कथा हो । *आमा र यमदूतहरू* शीर्षकमा साहित्यकार खगेन्द्र संग्रौलाले लेख्नुभएको स्मृति-कथामा कथा, संस्मरण र व्यंग्य निबन्धको त्रिवेणी पाइन्छ । यस स्मृति-कथालाई औपन्याशिक शैलीमा लेखिएको छ । त्यस दृष्टिले यस स्मृति-कथालाई औपन्याशिक संस्मरण पनि भन्न सकिन्छ । लेखकले आफ्नो संक्षिप्त मन्तव्यमा यसबारे भन्नुभएको छ : "साहित्यका पुरोहितहरू यस्तो सिर्जनाको न्वारन गर्दा यसलाई विधा-मिश्रण भन्दा हुन् ।"

हिन्दू पुरोहितहरूले आफ्नो दुर्वुद्धिजनित पेशागत स्वार्थका निम्ति पाखण्ड र अन्धविश्वासमा आधारित भएर क्रूरतापूर्वक बनाएको गरूण पुराणको कथ्यलाई यस पुस्तकमा शल्यक्रिया गर्ने प्रयत्न भएको छ । यस पुस्तकबाट पाठकले गरूड पुराणको मानवद्रोही मिजाससँग परिचय प्राप्त गर्दछ । हिन्दू धर्मको कर्मकाण्डीय परम्परामा मृत्यु-संस्कारसँग गाँसिएर आएको गरूड पुराणको आतंककारी परम्परा यथाशीघ्र नष्ट गरिनुपर्ने हिंस्रक परम्परा हो भन्ने ज्ञानको विशिष्टिकरण पनि यस पुस्तकमा भएको छ । तर यो पुस्तक यति कुरामा मात्र सीमित पुस्तक होइन ।

यसभित्र लेखकको सामाजिक जीवनका कालखण्डहरू संस्मरणात्मक ढाँचामा आएका छन् । ती खण्डहरूमा लेखकले समकालीन राजनीति र त्यसका नकारात्मक क्रियाकलापहरूलाई पनि सशक्त प्रहार गर्नुभएको छ ।

वामपन्थ र दक्षिणपन्थ, अग्रगमन र प्रतिगमन, सुसंस्कार र कुसंस्कार, वर्गसंघर्ष र वर्ग समन्वयबीचका अनिवार्य दुरीहरूलाई समकालीन राजनैतिक पर्यावरणले समाप्त गर्न खोजेको र त्यसको परिणाम भयावह हुँदै गएको यथार्थलाई पुस्तकमा कतै परिहास र कतै आक्रोशको शैलीमा व्यक्त गरिएको छ ।

राजनीति, संस्कृति र साहित्यजस्ता महत्त्वपूर्ण पक्षहरूमा प्रगतिशील विचारको प्रस्तुति तथा अन्वेषण यस पुस्तकको अभिष्ट हो । प्रतिदिन व्यक्तिपरक हुँदै गएको सामाजिकता र प्रतिदिन त्यस्तो सामाजिक मनोविज्ञानको सेवाको निम्ति प्रस्तुत भएको परिमार्जित अन्धविश्वासले आज नेपाली समाजलाई आक्रान्त पारेको छ । त्यही क्रुर सामाजिकताविरूद्ध स्वस्थ समाजको स्थापनाका निम्ति सांस्कृतिक आन्दोलनलाई अघि बढाउन *आमा र यमदूतहरू* जस्तो स्मृतिकथाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

यस स्मृति-कथाको एकचालीसौं परिच्छेद अरू सबै परिच्छेदहरूभन्दा विशिष्ट, रोचक र गम्भीर छ । त्यस परिच्छेदमा सात वर्षअघि २०५२ सालमा शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले लेखकलाई अपहरण शैलीमा गरेको गिरफ्तारी, त्यस गिरफ्तारीभित्र रहेको निरंकुश ढाँचा, त्यस अवधिमा लेखकले भोगे-बेहोरेका भौतिक तथा मानसिक कष्टहरू आदि-इत्यादिको विस्तृत विवरण समावेश छ । आमाको विशाल ममता र यमदूतहरूको तुच्छ क्रूरतालाई त्यस खण्डमा लेखकले सुन्दरतम ढंगले व्यक्त गर्न सक्नुभएको छ ।

यमदूतहरू विविध प्रकारका छन् । नेपाली समाज अहिले यमदूतहरूको फन्दामा परेको छ । ती यमदूतहरूको हिंस्रक प्रहारबाट नेपाल आमा पीडित छिन् । आमालाई सवैथरि यमदूतहरूबाट जोगाउनु उनका सन्तानहरूको दायित्व हो । यस स्मृति-कथामार्फत् साहित्यकार खगेन्द्र संग्रौलाबाट त्यही दायित्वको एक भाग पुरा भएको छ । तसर्थ उहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

स्मृति-कथाजस्तो एक विशिष्ट विधाको रचना गरिसकेपछि त्यसलाई फेरि क्वाँटी भन्नु जरूरी थिएन । समालोचकहरूको त्रास र प्रकाशकहरूको रूचीले गाँजेर स्मृति-कथालाई क्वाँटी भन्न पुगिएको जस्तो लाग्छ । विधा प्रस्तुतिको विशिष्ट कामलाई त्यसरी स्वयंले अवमूल्यन गर्नु ठीक थिएन । अरू सबै कुरा प्रशंसनीय नै छन् ।

१४२ पृष्ठको यस पुस्तकलाई भूँडी पुराँण प्रकाशनले २०५९ भदौमा प्रकाशित गरेको हो । यसको मूल्य साठी रूपैयाँ राखिएको छ । पुस्तकको गुणवत्ता र आकारका तुलनामा यो पुस्तक नेपाली साहित्यले सस्तो मोलमा पाएको महँगो पुस्तक हो । ❑




### मनोद्वेग

विधा : प्रबन्ध संङ्ग्रह
लेखक : बामा ढुंगाना
प्रकाशक : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वाशिङ्टन डि.सी.
पृष्ठ : ९८+१२
मूल्य : रु. ५०/-

### एघारौं अवतार





विधा : हास्यव्यंग्य समीक्षा संङ्ग्रह
लेखक : विष्णु प्रभात
प्रकाशक : सिस्नुपानी नेपाल, काठमाण्डौं
पृष्ठ : ९५
मूल्य : रु. ५०/-




### वातावरणीय न्याय शब्दावली

विधा : शब्दावली
लेखक : जगन्नाथ अधिकारी, शरद घिमिरे
प्रकाशक : मार्टिन चौतारी
पृष्ठ : ८२+६
मूल्य : रु. ५०/-

### टाकुरामा जाऔं



विधा : बाल साहित्य
लेखक : मित्रलाल पंज्ञानी
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि.
पृष्ठ : २४
मूल्य : रु. १२/-




### अल्बर्ट आइन्स्टाइन र अन्य वैज्ञानिकहरु

विधा : जीवनी संङ्ग्रह
लेखक : तुल्सीदास महर्जन
प्रकाशक : अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
पृष्ठ : ८८
मूल्य : रु. ४५/-



# यसरी प्रारम्भ भयो श्रीलंकामा गृहयुद्ध

○ श्याम श्रेष्ठ

गएको महिना करिव एक साता श्रीलंकामा पुगेर त्यहाँका तमिलहरूको सशस्त्र विद्रोह र शान्तिवार्ता प्रक्रियाबारे नजिकैबाट सुन्ने थाहा पाउने मौका मिल्यो । शान्तिवार्ता प्रक्रियामा स्वयम् होम्मिएका वा त्योबारे गहिरो अध्ययन गरिरहेका विज्ञहरूबाट सुन्ने बुझ्ने मौका मिल्यो । के अनुभूति भयो भने ६५ हजार मानिसको ज्यान लिइसकेको र १६ लाख मान्छेलाई विस्थापित गरिसकेको श्रीलंकाको दुई दशक लामो गृहयुद्ध राज्यको तर्फबाट तमिलहरूमाथि चर्को भेदभाव, तमिल अल्पसंख्यकको समस्यामाथि चरम उपेक्षा, पटक पटकको धोखाधडी र शान्तिपूर्ण संघर्षमाथि हिंसात्मक दमनको प्रतिक्रिया हो । यो त्यहाँको सिंहाली बहुसंख्यकले तमिल अल्पसंख्यकको पीडा नबुझ्दा, तिनीहरूलाई अति ज्यादा हेपेर, असमान व्यवहार गरेर र दवाएर जवर्जस्ती शासन गर्न खोज्दा निक्लेको परिणाम हो ।

यो पंक्ति लेख्दासम्म श्रीलंकामा चलेको गृहयुद्ध रोक्न त्यहाँ सरकार र लिट्टेबीच तीन चरणको वार्ता भइसकेको छ- दुई चरण थाइलैंण्डमा र एक चरण नर्वेमा । त्यहाँ अहिले युद्धविरामद्वारा गृहयुद्ध रोकिएको छ र सरकार विद्रोहीहरूबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

तर श्रीलंकाको गृहयुद्ध कसरी प्रारम्भ भयो ? किन त्यो संसारमै चर्चित हुने गरी चर्कियो ? यी प्रश्नबारे नेपाल व्यापक जिज्ञासा छ ।

१ करोड ९० लाख जनसंख्या भएको श्रीलंकामा ७४ प्रतिशत सिंहाली, १९ प्रतिशत तमिल र ७ प्रतिशत मुस्लिम जनसमुदाय रहेछन् । तमिलहरूमध्ये पनि १३ प्रतिशत सिलोन अर्थात् श्रीलंकाली तमिल रहेछन्, जो सिंहालीहरूजस्तै श्रीलंकामा लामो समयदेखि बसोबास गरिआएका हुन् । ६ प्रतिशत चाहिँ भित्री भू-भागका तमिल रहेछन् जो १९ सौं शताब्दीमा श्रीलंकाको मध्य पहाडी क्षेत्रमा चिया खेतीको लागि भनेर दक्षिणी भारतबाट ब्रिटिश उपनिवेशवादी सरकारले ल्याएका रहेछन् ।

## द्वन्दको प्रारम्भ

सन् १९४८ मा श्रीलंका ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भयो । त्यही वर्ष त्यहाँ सीलोन अर्थात् श्रीलंकाको नागरिकतासम्बन्धी ऐन लागू भयो, जसले १९ सौं शताब्दीमा भारतबाट ल्याइएका भनिएका भित्री भू-भागका तमिलहरूलाई श्रीलंकाको नागरिकता प्रदान गर्न अस्वीकार गऱ्यो । तमिल जातिमाथि राज्यकोतर्फबाट उल्लेखनीय भेदभावपूर्ण व्यवहार यहींबाट प्रारम्भ भयो । तमिलहरूको असंतोष र समानताको लागि संघर्ष पनि यही विन्दूबाट शुरू भयो । सन् १९४९ मा तमिल असंतोषलाई संगठित तवरले मुखरित गर्न 'फेडरल पार्टी' नामको राजनीतिक दलसमेत गठन भयो ।

जुलाई १९५६ मा श्रीलंकामा तमिल द्वन्द अझ झन् चर्काउने अर्को ज्यादै महत्वपूर्ण घटना घट्यो, जब आमचुनावबाट सत्तामा आएको नयाँ सरकारले सरकारी भाषासम्बन्धी नयाँ ऐन पारित गऱ्यो । त्यो ऐनले श्रीलंकामा पहिलो पटक सिंहला भाषालाई एकमात्र सरकारी र राष्ट्र भाषाका रूपमा किटान गऱ्यो र सिलोन अर्थात् श्रीलंकालाई बुद्ध धर्ममा आधारित सिंहला राज्यका रूपमा परिभाषित गऱ्यो । यो कानूनबाट सिंहला भाषा बोल्न नजान्ने धेरै तमिल भाषाभाषीहरूलाई, नोकरीमा, शिक्षामा र अड्डा अदालतको कामकाजमा ठूलो नोक्सानी व्यहोर्नुपर्ने स्थितिमा पुऱ्यायो । तमिल भाषाभाषीहरू स्पष्ट रूपमा दोस्रो दर्जाको नागरिकका रूपमा परिणत भए ।


यो नयाँ कानून वर्तमान राष्ट्रपति कुमारातुंगाका पिता एस.डब्ल्यू.आर.डी. भण्डारानायिकेको 'श्रीलंका फ्रीडम पार्टी'ले नेतृत्व गरेको महाजन एकसाथ पेरामुना (छोटकरीमा MEP) अर्थात् जनताको संयुक्त मोर्चाको गठबन्धन सरकारले ल्याएको थियो । यो कानून ल्याउनुको पृष्ठभूमि के थियो भने स्वतन्त्रताप्राप्तिपछि पनि अंग्रेजी भाषा अझै श्रीलंकाको सरकारी कामकाजको भाषा भइरहेको थियो । अंग्रेजी भाषा बोल्ने कोलम्बोका केही थोरै गण्यमाण्यहरूले अझै पुरानै औपनिवेशिक ढाँचाबाट राज्यको शासनसत्ता चलाइरहेका थिए । सिंहाली भाषाभाषीहरूमा के भावना हावी थियो भने राज्यसत्ता र दक्षिणी क्षेत्रको व्यापार व्यवसायमा उत्तरका सिलोन तमिल समुदायको नमिल्दो अनुपातमा पकड छ, जबकि देशमा उनीहरू अल्पसंख्यक जातिका रूपमा छन् ।

नयाँ ऐनले तमिलहरूमा व्यापक असंतोष सृजना गऱ्यो र लगत्तै उनीहरूको संघर्ष पनि शुरू भयो । त्यो ऐन पास भएको एक महिनापछि नै फेडरल पार्टीले सरकारसमक्ष चार सूत्रीय मागा पेश गर्दै ती पूरा नभए नागरिक अवज्ञा आन्दोलन प्रारम्भ गर्ने धम्की दियो । देशमा संघीय संविधान हुनुपर्छ, तमिल र सिंहला भाषालाई समान मर्यादास्तर प्रदान गरिनुपर्छ, भित्री भू-भागका तमिलहरूलाई पनि नागरिकता पाउने हक हुनुपर्छ, र तमिल भाषाभाषी इलाकामा सिंहाली भाषाभाषीलाई पुनर्वास गराउने सरकारी कार्य तुरून्त बन्द हुनुपर्छ- यिनै ४ वटा माग फेडरल पार्टीले सरकारसमक्ष प्रस्तुत गरेको थियो ।

यी मागका निम्ति भएको तमिलहरूको शान्तिपूर्ण आन्दोलन यति प्रभावकारी भयो कि एक वर्ष पनि नपुग्दै प्रधानमन्त्री भण्डारानायिकेको सरकार फेडरल पार्टीसित सम्झौता गर्न बाध्य भयो । सम्झौतामा सरकारले तमिल भाषालाई राष्ट्रिय अल्पसंख्यक भाषाका रूपमा स्वीकार गऱ्यो । तमिल भाषाभाषी क्षेत्रीय परिषद्मा सत्ताशक्ति विकेन्द्रित गर्न पनि सरकार तयार भयो । सरकारले भित्री भू-भागका तमिलहरूलाई नागरिकता प्रदान गर्ने मामलामा पुनर्विचार गर्ने प्रतिज्ञा पनि गऱ्यो र उत्तर र पूर्वमा सिंहालीहरूको पुनर्वास गराउने योजनामा पुनर्विचार गर्ने बचन पनि दियो । तर भण्डारानायिके-चेल्वानायकम् सम्झौताका रूपमा चर्चित यो सम्झौतालाई सिंहाली राष्ट्रवादी विपक्षको दवावमा सरकारले तुरून्तै सार्वजनिक तवरले भंग गऱ्यो । आन्दोलनकारी तमिलहरूले सरकारबाट पहिलो पटक धोका पाएको अनुभूति गरे ।

तमिलहरूको संघर्षको दवावमा अगष्ट १९५८ मा सरकारले तमिल भाषा (विशेष व्यवस्था) ऐन पास गरेर 'तमिल भाषाको जायज उपयोग'सम्बन्धी कानूनी व्यवस्था लागू गऱ्यो । तर यो व्यवस्था पनि व्यवहारमा कहिल्यै लागू भएन । सन् १९६० को आम चुनावताक फेडरल पार्टीले फेरि आफ्नो चार सूत्रीय मागमा आन्दोलन तेज पाऱ्यो । श्रीलंका फ्रीडम पार्टीले आमचुनावमा आफू विजयी भएर सरकार बनाउन पाएको खण्डमा भण्डारानायिके-चेल्वानायकम्



*श्रीलंकाली राष्टपति चन्द्रिका भण्डारानायिके कुमारातुंगा*

**श्रीलंकाको गृहयुद्ध राज्यको तर्फबाट अल्पसंख्यक तमिलहरूमाथि चर्को भेदभाव, पटक पटकको धोखाधडी र शान्तिपूर्ण संघर्षमाथि हिंसात्मक दमनको प्रतिक्रिया त होइन ?**

**गृहयुद्धका कारणहरूको ऐतिहासिक लेखाजोखा**


सम्झौताका आधारमा तीन महिनाभित्र व्यापक सुधार गरिदिने बचन दिएको हुनाले फेडरल पार्टीले त्यो पार्टीसित चुनावी सम्झौता गऱ्यो । उसको समर्थनबाट श्रीलंका फ्रीडम पार्टीले संसदमा सुस्पष्ट बहुमत पनि हासिल गऱ्यो पनि र सरकार बनायो पनि, तर सरकारमा आएपछि त्यस पार्टीले आफ्नो प्रतिज्ञालाई पूरै लत्यायो । उल्टो त्यसले सन् १९६१ देखि सिंहलालाई श्रीलंकाभरिका सरकारी अड्डाहरूको प्रशासनिक भाषाका रूपमा लागू गऱ्यो ।

सन् १९५० र ६० को दशकभरि श्रीलंकामा यस्तो धोखाधडीको घटना बारम्बार दोहरी रह्यो । तमिलहरूको राजनीतिक दल फेडरल पार्टीले शान्तिपूर्ण सशक्त आन्दोलन गर्ने, प्रभावकारी नागरिक अवज्ञा अभियान गर्ने, डराएर सरकारले सम्झौता गर्ने, तर त्यसलाई तुरून्त तोडी हाल्ने । तमिलहरूको माग र असन्तोषलाई आफू सरकारमा आउने बित्तिकै पूरा गरिदिन्छु भनेर चुनावी सम्झौता गर्ने, तर सरकारमा आउने बित्तिकै सम्झौता बिर्सी दिने । सन् १९६५ मा पनि त्यस्तै भयो । फेडरल पार्टीले लामो संघर्षपछि- नयाँ यू.एन.पी. (यूनाइटेड नेशनल पार्टी) सरकारसित वार्ताको माध्यमबाट सम्झौता खोज्यो । सेनानायिके-चेल्वानायकम् सम्झौता नामको सम्झौता भयो, जुन सार-बस्तुमा बन्दरनायिके-चेल्वानायिकम् सम्झौताजस्तै थियो । यही सम्झौताअन्तरगत सेनानायिकेको गठबन्धन सरकार गठन गर्न फेडरल पार्टीले आफू सामेल भएर सहयोग पनि गऱ्यो । उसको मद्दतबाट त्यो सरकार सत्तामा आयो पनि । तर सत्तारूढ भएपछि यूएनपीको नेतृत्वमा रहेको राष्ट्रिय सरकारले पनि त्यस सम्झौतालाई कागतको खोस्टोमा बदल्यो । तमिलहरू फेरि ठगिए र धोखाको शिकार भए । त्यो सम्झौता त टाढैको कुरा रह्यो, राष्ट्रिय सरकार स्वयंले सन् १९६६ मा जारी गरेको तमिल भाषा नियमावलीसमेत त्यसले कार्यान्वयनमा ल्याएन । यो धोखाधडीबाट चरम असंतुष्ट भएर सन् १९६९ मा फेडरल पार्टी राष्ट्रिय सरकारबाटै पूर्णतया अलगियो ।

यसप्रकार १९५० र १९६० को दशकसम्म तमिलहरूको संघर्ष मूलतः शान्तिपूर्ण, संसदीय र नागरिक अवज्ञा अभियान चरित्रको रह्यो । उनीहरूको माग राज्यको तर्फबाट तमिल भाषालाई र भाषाभाषीलाई समान व्यवहारको र संघीय राज्यको रह्यो । तर यी दुई दशकमा तमिलहरूका मर्का र असन्तोषको सुनवाइ राज्यको तर्फबाट व्यवहारमा भएन । श्रीलंका राज्य यो अवधिमा सिंहाली उग्रराष्ट्रवादबाट ग्रस्त रह्यो । शान्तिपूर्ण आन्दोलन गर्नेहरूलाई सिंहाली उग्र राष्ट्रवादको दवावमा राज्यको तर्फबाट बारम्बारको विश्वासघात नै सन् १९५० र ६० को दशकको मुख्य विशेषता रह्यो । राज्यको तर्फबाट तमिलहरूलाई समानताको व्यवहार र संघीय राज्य दिनमा बारम्बार इन्कारी र बारंबारको विश्वासघातले नै तमिलहरूमा राज्यप्रति चरम विश्वासको संकट र उग्र हिंसात्मक संघर्ष पैदा गऱ्यो ।

## हिंसा र अलग राज्यको मागको उदय

सन् १९७० मा सत्तारूढ भएको श्रीलंका फ्रीडम पार्टीका प्रधानमन्त्री श्रीमावो भण्डारानायिकेको संयुक्त मोर्चा गठनबन्धन सरकारले १९७१ मा श्रीलंकामा नयाँ शैक्षिक स्तरीकरण



*लिट्टेका नेता भेलुपिल्लई प्रभाकरण*

## सन् १९७० को दशकमा जन्मिएका स-साना सशस्त्र तमिल विद्रोहीहरूमध्ये एक हो- लिट्टे, जो शुरूमा त्यति चर्चित थिएन

प्रणाली लागु गऱ्यो । पहिले जुनसुकै भाषाभाषीले पनि समान रूपमा प्रवेश पाउने भइरहेकोमा यो प्रणालीले तमिल भाषाभाषीहरूलाई उच्च विश्वविद्यालयको शिक्षामा प्रवेश पाउन अरू विद्यार्थीहरूको भन्दा ज्यादा अंक ल्याउनु पर्ने गरी गाह्रो पारिदियो । प्रवेश परीक्षामा जति जना जुन भाषाभाषीका विद्यार्थी बसेका छन्- ठीक त्यही अनुपात र प्रतिशतमा मात्र उच्च शिक्षामा प्रवेश पाउने यो प्रणालीले पहिले नै आक्रोशित तमिलहरूमा आगो भर्ने काम गऱ्यो । तीव्र विरोधको कारणले यो प्रणाली धेरै दिन टिकेन, तर १९७२ मा सरकारले 'जिल्ला कोटा प्रणाली' लागू गऱ्यो । यो प्रणालीले श्रीलंकाको उत्तरी भाग जाफ्नाका तमिल विद्यार्थीहरूलाई उच्च शिक्षामा प्रवेश पाउन अरूभन्दा राम्रो अंक ल्याउनु पर्ने स्थिति सृजना गऱ्यो । फलस्वरूप श्रीलंकाको उत्तरी क्षेत्रमा यो प्रणालीको तीव्र विरोध भयो । भनिन्छ, श्रीलंकामा अलग राज्यको माग गर्ने राजनीतिक नेताहरू जाफ्नाका यिनै तमिल युवाहरूबाट थिए, जसलाई सन् १९७० को दशकमा लागू भएको शिक्षा नीतिले उच्च-शिक्षा हासिल गर्न बंचित गरेको थियो ।

त्यसमाथि थप, मे १९७२ मा श्रीमावो भण्डारानायिकेको गठबन्धन सरकारले त अझ एउटा नयाँ संविधान नै लागू गऱ्यो, जसले श्रीलंकामा फेरि पनि सिंहला भाषालाई एउटैमात्र सरकारी कामकाजको भाषा भनेर घोषित गऱ्यो र बुद्ध धर्मलाई राज्यमा सर्वाधिक उच्च स्थान दिने निर्णय गऱ्यो ।

तमिलहरूमा यसले अपार निराशा र आक्रोश सृजना गऱ्यो । सिंहला राज्यको अन्यायपूर्ण भाषा तथा शिक्षा नीति अब शान्तिपूर्ण संघर्षबाट बदलिन संभव छ भन्ने विश्वास उनीहरूमा बाँकी रहेन । राज्य चलाउने दक्षिणका दुईवटै प्रमुख पार्टी- युनाइटेड नेशनल पार्टी (UNP) श्रीलंका फ्रीडम पार्टी (SLFP) बाट बारम्बार सम्झौतामा विश्वासघात भएकाले अब सुलह-सम्झौताप्रति उनीहरूको विश्वास र भरोसा पनि बाँकी रहेन । भेदभावपूर्ण भाषा तथा शिक्षा नीतिले अनगिन्ती तमिल युवाहरूको भविष्य स्वाहा पाऱ्यो । नतिजा के भयो भने तमिल राजनीति अब गुणात्मक फड्को मारेर हिंसात्मक मोडमा प्रवेश गऱ्यो । संघीय राज्यको माग अब अलग राज्यमा रूपान्तरित भयो ।

जुन महिनामा श्रीलंकामा नयाँ संविधान लागू भएको थियो, अर्थात् मे १९७२ मा, त्यही महिनामा तमिल संयुक्त मोर्चा (त.सं.मो.) नामको नयाँ जुझारू मोर्चा गठन भयो, जसमा सिलोन तमिलहरूका साथै भित्री भूभागका तमिलहरू पनि सामेल भए । मे १९७६ मा तमिल संयुक्त मुक्ति मोर्चा (त.सं.मु.मो.) नामको अर्को नयाँ मोर्चा गठन भयो । यो मोर्चाले श्रीलंकाको इतिहासमा पहिलो पटक बद्दुकोद्दाइ प्रस्तावमार्फत् १४ मे १९७६ मा घोषणा गऱ्यो कि सरकारलाई सहयोग गरेर तमिलहरूको माग पूरा गर्ने सम्पूर्ण प्रयत्नहरू विफल भएका छन्, र अब तमिलहरूका पीर मर्काहरू तमिलहरूको गृह राज्य 'तमिल इलम्' गठन गरेरमात्र सुल्झन सक्छन् ।

यसअघि नै श्रीलंकामा तमिल विद्रोही



*लिट्टेका उत्तरी कमाण्डर किट्टुको पछाडि तैनाथ विद्रोही तमिल टाइगरहरूको जत्था- १९८३*


योद्धाहरूबाट व्यक्ति-हत्याको क्रम शुरू भइसकेको थियो । तमिल विद्रोहीहरूबाट असफल व्यक्तिहत्याको प्रयत्न सन् १९७० मा जाफ्ना जिल्लामा सरकारी प्रतिनिधिमाथि भएको थियो भने सन् १९७५ मा पहिलोपटक जाफ्नाका सत्तारूढ पार्टीका तमिल मेयरलाई हत्या गर्ने कार्य तमिल विद्रोहीहरूबाट भएको थियो । उनी जाफ्ना जिल्लाका श्रीलंका फ्रीडम पार्टीका सभापति थिए । ७० को दशकबाट प्रारम्भ भएको यो व्यक्तिहत्या र हिंसात्मक आक्रमणको क्रम ८० र ९० को दशकमा पुग्दा संसारलाई नै चकित पार्ने हदको हुनपुग्यो ।

सन् १९७० को दशकमा श्रीलंकामा थुप्रै स-साना सशस्त्र तमिल विद्रोहीहरूको जत्था जन्मिए । 'लिबरेशन टाइगर्स अफ तमिल इलम्' (LTTE) तीमध्ये एउटा थियो, जो शुरूमा त्यति चर्चित थिएन ।

अलग राज्यको माग अघि सारेपछि तसंमुमोले सन् १९७७ को आम चुनावमा उत्तर र पूर्वका चुनावी क्षेत्रहरूमा आश्चर्यजनक विजय हासिल गऱ्यो । यो अब पहिलो पटक संसदको सशक्त आधिकारिक प्रतिपक्षका रूपमा निक्लियो । यो वास्तवमा छुट्टै राज्यको मागप्रति तमिल जनताको व्यापक समर्थनको संकेत थियो । त्यसपछि पनि तसंमुमोले संसदीय राजनीतिमार्फत् नै तमिलहरूका मागमा सरकारको सहमति खोज्यो । तर हरेक पटक विफलताबाहेक केही हात लागेन । परिणाम के भयो भने अब सशस्त्र बल र हिंसामार्फत् मात्रै सरकारलाई झुकाउन सकिन्छ भन्ने स-साना जुझारू तमिल जत्थाहरूको धारणा ज्यादा लोकप्रिय हुन थाल्यो ।

उता राष्ट्रिय राजनीतिमा सन् १९७७ को आम चुनावमा जे.आर. जयबर्द्धनेले अगुवाई गरेको यू.एन.पी.ले दुईतिहाइ बहुमत हासिल गरेर देशमा दोस्रो नयाँ गणतन्त्रात्मक संविधान लागू गरे । यो संविधानमा पहिलो पटक तमिलहरूलाई भाषिक अधिकार दिइने कुरा समेटियो । राष्ट्रिय राजनीतिमा अल्पसंख्यकहरूका पार्टीहरूले समेत प्रभावकारी आवाज उठाउन सकून् भनेर अनुपातिक प्रतिनिधित्वको नयाँ व्यवस्था पनि गरियो । विश्वविद्यालयको प्रवेश परीक्षामा पहिले लागू गरिएको 'जिल्ला कोटा प्रणाली' पनि खारेज गरियो । तर यी सुधारका कदमहरू उठाउन धेरै ढिलो भइसकेको थियो । बारम्बार धोखा पाएकाले संसदीय मूलधारका प्रमुख पार्टीहरूप्रति तमिल जनसमुदायको विश्वास र भरोसा टुटिसकेको थियो । त्यसैले, नयाँ संविधानमुताबिक श्रीलंकाका प्रथम कार्यकारी राष्ट्रपति बनेका जयबर्द्धनेका यी सुधारका कदमहरूको बावजूद तमिल विद्रोहीहरूको हिंसा र सशस्त्र आक्रमण रोकिएन । प्रतिक्रियामा राष्ट्रपतिले पनि तमिल विद्रोहीहरूमाथि दमन गर्न सुरक्षा निकायहरूलाई नयाँ नयाँ अधिकार प्रत्यायोजन गर्न शुरू गरे । मानवअधिकार उल्लंघन रोक्न पहिले संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू पनि निलम्बित गर्ने क्रम प्रारम्भ भयो ।

सन् १९७० को दशकको, आधाआधीपछि श्रीलंकामा एउटा नयाँ खतरनाक र अन्तहीन दुष्चक्र चल्न थाल्यो : राज्य र सिंहाली बहुसंख्यकबाट उत्पीडित र आक्रोशित तमिल विद्रोहीहरूले हिंसात्मक आक्रमण गर्न थाल्ने, त्यसको प्रतिक्रियामा सिंहाली उग्र राष्ट्रवादी गिरोहहरूले तमिलहरूलाई अन्धाधुन्ध मार्न, लुट्न र आफ्नो



*प्रधानमन्त्री रनिल विक्रमसिंघे*

वस्तीबाट विस्थापित गर्न थाल्ने, राज्यले निर्मम र निकृष्ट ढंगले विद्रोहीहरू र तमाम तमिल जनसमुदायमाथि प्रहरी र सैनिक अपरेशन चलाउने, अनाहकमा त्यो मारमा परेका निहत्था निर्दोष तमिल जनसमुदायले लडाकु तमिल विद्रोहीहरूलाई झन्पछि झन् ज्यादा साथ दिन थाल्ने, त्यो भरथेगमा तमिल लडाकूहरूले झन् ठूलो हिंसात्मक कारवाही गर्न थाल्ने । त्यसको प्रतिक्रियामा फेरि अघिकै दुष्चक्र दोहोरिने ।

७० को दशकको अन्तिमबाट ८० को दशकको शुरू भागसम्म एउटा प्रतिक्रियाको सिक्रीझैं घटेका घटनाहरूले श्रीलंकाको द्वन्द गृहयुद्धमा रूपान्तरित भयो । ती घटनाक्रम यसप्रकार छन् :

- १९७७ मा भएको आमचुनावको लगत्तैपछि सिंहाली उग्र-राष्ट्रवादी गिरोहहरूद्वारा दक्षिण श्रीलंकामा रहिरहेका १०० भन्दा ज्यादा तमिलहरूको हत्या, दशौं हजार तमिलहरू दक्षिणबाट विस्थापित, उनीहरूको सम्पत्तिको लूट र घरहरू जलाउने कार्य ।
- अप्रिल १९७८ मा लिट्टेद्वारा जाफ्नामा पुलिस इन्सपेक्टरको हत्या । सरकारद्वारा लिट्टे र अरू लडाकू संगठनहरू प्रतिबन्धित । जुलाई १९७९ मा आतंककारी नियन्त्रण ऐन लागू । उत्तरमा संकटकालीन स्थितिको घोषणा । तमिलहरूमाथि व्यापक सैनिक अपरेशन र सुरक्षा निकायहरूद्वारा निर्दोष निःहत्था तमिलहरूको मानव अधिकारको हनन । लडाकू तमिल संगठनप्रति जनसमर्थनमा व्यापक वृद्धि ।
- सन् १९८० मा तमिलहरूको राजनीतिक स्वायत्तताको माग पूरा गर्न राष्ट्रपति जयवर्द्धनेद्वारा राष्ट्रभरि जिल्ला विकास परिषद्को व्यवस्था र त्यसमा शक्ति विकेन्द्रीकरण गर्ने कार्यक्रम । तर त्यसको १ वर्षपछि भएको जिल्ला विकास परिषद्को चुनावमा लिट्टेद्वारा हिंसात्मक आक्रमण । यूएनपीका प्रमुख उम्मेदवारको लिट्टेद्वारा हत्या । चुनावमा तसंमुमो विजयी, तर जाफ्नामा चुनावमा व्यापक हिंसा ।
- लिट्टेको हिंसाको बदलामा प्रहरीहरूद्वारा जाफ्नाको बजार क्षेत्र र तमिल वस्ती ध्वस्त, कैयन् तमिलको हत्या, तसंमुमोको केन्द्रीय कार्यालय ध्वस्त, तमिलहरूको संस्कृति र इतिहाससम्बन्धी प्रमुख सार्वजनिक पुस्तकालयमा आगो लगाउने कार्य ।

यसमध्ये सबैभन्दा निर्णायक घटना सन् १९८३ को जुलाईमा घट्यो । लिट्टेले जाफ्नानेर १३ जना सैनिकलाई एम्बुस थापेर हत्या गऱ्यो । यति ठूलो संख्यामा सैनिकहरू मारिएको यो पहिलो पटक थियो । जब मारिएका सैनिकको लाश कोलम्बोमा ल्याइयो, त्यसको प्रतिक्रियामा दक्षिण श्रीलंकामा त्यतिबेलासम्मको सबैभन्दा भयानक तमिलविरोधी दंगा फैलियो । सिंहालीहरूद्वारा सैयौं निर्दोष तमिलहरूको कोलम्बो र अन्यत्र हत्या भयो । तमिलहरूका हज्जारौं घरहरू र व्यापार व्यवसाय ध्वस्त गरियो । सेनाद्वारा उत्तरमा व्यापक पैमानामा निर्दोष तमिल जनताको हत्या गरियो । बोलिकाडे जेलमा रहेका ५२ जना तमिलहरूसमेत त्यहाँ रहेका सिंहाली बन्दीद्वारा मारिए । ज्यान जोगाउन लाखौं तमिलहरू भागेर भारत तथा यूरोपमा गए ।

परन्तु सरकारले यो नरसंहारको कुनै न्यायिक छानवीन गराएन । उल्टो सशस्त्र विद्रोहको प्रतिक्रियामा यो दंगालाई 'स्वभाविक' ठहऱ्यायो । अब उप्रान्त शान्तिपूर्ण ढंगले समेत अलग राज्यको माग गर्न प्रतिबन्ध लगाइयो । तसंमुमोका सांसदहरू, जो खुलेआम अलग राज्यको माग गर्दै संसदमा विजयी भएका थिए, उनीहरूले संसदको सीट छोड्नपऱ्यो ।

**नेपालमा पनि श्रीलंकामा जस्तै भाषा, जाति र धर्मको विवादमा गृहयुद्ध हुन के बेर ?**

श्रीलंकामा जुलाई १९८३ को यो घटनापछि द्वन्दले ठूलो फड्को माऱ्यो । द्वन्द अब पूर्ण स्वरूपको गृहयुद्धमा बदलियो ।

के महसूस हुन्छ भने नेपालमा जस्तै श्रीलंकामा पनि राज्यद्वारा उत्पीडित-उपेक्षितहरूको न्यायपूर्ण मागमाथि र शान्तिपूर्ण संघर्षमाथि चरम उपेक्षा र बारम्बारको धोखाधडीको परिणामस्वरूप नै गृहयुद्ध शुरू भएको थियो । जन-असंतोष र आक्रोशको जरो कारण हल गर्नेतिर जानुभन्दा राज्यको तर्फबाट शान्तिपूर्ण संघर्षमा उत्रिएका उत्पीडित उपेक्षितहरूमाथि जनस्तरमा व्यापक दमनको फलस्वरूप नै शान्तिपूर्ण संघर्ष हिंसात्मक संघर्षमा रूपान्तरित भएको थियो । राज्यप्रति र शान्तिपूर्ण उपायप्रति जनताको विश्वास र भरोसा टुट्नु नै हिंसात्मक संघर्ष शुरू हुनुको मुख्य कारण थियो । यस्तो संघर्ष वा गृहयुद्ध श्रीलंकामा १९ वर्षसम्म चल्यो ।

श्रीलंकाको गृहयुद्धले के पाठ सिकाएको छ भने राज्यले अल्पसंख्यकहरूको न्यायपूर्ण संघर्षलाई जति सैनिक दमनद्वारा हल गर्न खोज्यो, धोकाधडी गर्न खोज्यो, यो उति जटिल र असाध्य भएर निक्लन्छ । सैनिक दमनबाट कुनै पनि न्यायपूर्ण जन-संघर्ष कहिल्यै मासिंदैन र समाधानको बाटोमा जाँदैन । बरू, जति ढिलो भयो, राज्यले ज्यादा महँगो मूल्य चुकाउनु पर्ने हुन्छ ।

❑❑

■ डा. सुन्दरमणि दीक्षित ■

# देश पञ्चायतकालमा फर्कन लाग्यो

**○ यही आश्विन १८ गते राजाले निर्वाचित मन्त्रिमण्डलको विघटन गरेर देशको सार्वभौमसत्ता र कार्यकारिणी अधिकार आफूमा रहेको घोषणा गरे । र, २५ गते त्यही घोषणाअनुसारको मन्त्रिमण्डल गठन गरे । यसलाई तपाईले कसरी लिनुभएको छ ?**

– तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले चुनाव एक वर्षभन्दा बढी समयपछाडि सार्नका लागि राजासमक्ष सिफारिस गरेपछि देउवालाई हटाउने निर्णय राजाले गरेका हुन् । त्यो विन्दूसम्म त मलाई ठीक लागेको थियो । मलाई लाग्छ, राजाको त्यो निणर्यलाई पार्टीहरूले पनि स्वीकारेका थिए । किनकि, सबै पार्टीहरूलाई शेरबहादुर देउवा हटाउनु नै थियो । र, विगत १३ वर्षदेखि पार्टीहरूले गरिरहेका बदमासीको कारणले जनताहरूलाई पनि राजाले जे गरे, ठीकै गरे भन्ने भयो ।

त्यसपछि लोकेन्द्रबहादुर चन्दको जुन मन्त्रिपरिषदको घोषणा भयो, त्यो पूर्णतया गलत भयो । यो मन्त्रिपरिषद् पञ्चायतकालमा गठन हुने गरेका मन्त्रिपरिषद्हरूभन्दा कुनै फरक देखिएन । यसले पञ्चायतकाल फेरि फर्कन लाग्यो भन्ने सूचना पनि दियो । र, अब फेरि देशमा सक्रिय राजतन्त्र शुरू हुन लाग्यो भन्ने आशंका जनतामा उब्ज्यो । यो राजाले चाल्नै नहुने कदम थियो । राजाले सबै पार्टीहरूलाई साथ लिएर अधिकार सम्पन्न मन्त्रिपरिषद्को गठन गर्नुपर्दथ्यो । किनभने पार्टीहरूलाई साथ नलिइकन अहिलेको समस्या समाधान गर्न सकिने अवस्था छैन ।

राजाले सत्ता लिएको यत्रोदिन भइसक्यो, तर कुनै पनि पार्टीले यसलाई समर्थन गरेका छैनन् । यो एक प्रकारको दरबारकै राज्य भएको छ । यसले देशलाई पञ्चायत शैलीकै व्यवस्थामा लैजान्छ । र, यसबाट देश, जनता र राजा कसैको पनि हित गर्दैन ।

राजाको यो कदमले प्रजातन्त्र गुम्न आँट्यो भन्ने शंका सबैतिर छाउन थालेको छ । तर राजनैतिक पार्टीहरूप्रति पनि "यी भ्रष्ट नेताहरूले के राम्रो गर्लान् ?" भन्ने शंका छ । दरबारप्रति शंका गर्ने त अझ बढी नै ठाउं छ । किनभने २५ गते गठन भएको सरकारलाई सच्याएर अगाडि बढ्नुपर्नेमा राजाले मंसिर २ गते मन्त्रिमण्डल पुनर्गठन गर्ने काम गरेर अर्को गल्ती गरे । र, राजनैतिक पार्टीहरूलाई एक थप्पड हान्याजस्तै गरे । राजा र पार्टीहरूबीच मेल हुन झनै गाह्रो भयो ।

**○ गएको १३ वर्षमा सत्तामा जाने पार्टीहरुले देशलाई भ्रष्टाचारतिर लगेर बर्बाद पारेकोले राजाले बाध्य भएर यो कदम चाल्नुपरेको हो भन्ने कुरा पनि कसैकसैले गरेका छन् । यसमा तपाई के भन्नुहुन्छ ?**

– राजनैतिक पार्टीहरूले देशलाई भ्रष्टाचारतिर डोऱ्याउने काम अहिले आएर मात्र गरेका होइनन् । प्रजातन्त्र आएको डेढ-दुई वर्षमै यो काम सुरू भइसकेको थियो । त्यतिबेला दरबार के हेरेर बसेका थियो त ? त्यसैले राजाको यो कदम भ्रष्टाचारको विरूद्ध भन्न त मिल्दैमिल्दैन । साँच्चै भन्ने हो भने यी राजनैतिक पार्टीहरूको कमी कमजोरी र भ्रष्टाचारी कदमको विरूद्ध खबरदारी गर्ने काम त बरू माओवादीले गरेका हुन् । माओवादीहरूले शुरूका ४/५ वर्षमा जेजति काम गरे, त्यो सराहनीय थियो । त्यसलाई धेरै मानिसहरूले समर्थन गरेका थिए । यो डेढ-दुई वर्षमा जब उनीहरूले विकास निर्माणका संरचनाहरू ध्वस्त पार्ने र मास स्केलमा जतालाई मार्ने काम गरे, त्यसपछि मात्र उनीहरूको विरोध हुन थालेको हो । उनीहरूले ठूलो सफलताको सम्भावना गुमाए ।

तर यसो भन्दाभन्दै पनि राजनैतिक पार्टीहरूले गरेको किनबेच, भ्रष्टाचार, अनियमितता आदिको विरूद्ध खबरदारी गरेर उनीहरूलाई सुध्रिन बाध्य परेको त माओवादीले नै हो । अहिले राजाले जुन कदम चाले, त्यो पार्टीहरूले गरेका भ्रष्टाचारको विरूद्धको कदम नै होइन । तर राजाले चालेको यो कदमलाई "बदमास नेताहरूलाई केही चेतावनी दिनुपर्ने थियो, दिए" भन्ने आधारमा जनताले हेरे । त्यसैले राजाले राजनैतिक पार्टीको "विरूद्धमा अब जनताहरूले मलाई पूरै समर्थन नै गरे" भन्ने कुरा सोचे भने यो गलत हुन्छ । किनभने जनताहरू ज्यादै चञ्चल छन् । कसैले ठूलै काम गऱ्यो भने मात्र त्यसलाई उनीहरूले लामो समयसम्म सम्झिरहन्छन् । यदि आफूमाथि कुनै समस्या आइपऱ्यो भने कसैले गरेको सानोतिनो कामलाई त उनीहरू भोलिपल्टै बिर्सिदिन्छन् । अहिले पनि राजाले केही जनताको समर्थन पाए तापनि केही तलमाथि हुनेबित्तिकै उनीहरू फेरि उनकै विरूद्धमा उठ्छन् भन्ने कुरा पनि राजाले बुझ्नुपर्छ । २०४६ साल कसैले बिर्सिनु हुँदैन ।

**○ देशमा अहिले आएको सङ्कट माओवादी समस्याले गर्दा पनि हो भनिन्छ, यो समस्या हल गर्ने उपाय के होला ?**

– मैले अघि नै भनें माओवादीहरूले शुरूको ४/५ वर्षमा जुन काम गरे, त्यो काम प्रजातान्त्रिक पद्धतिबाट गर्दै गएको भए यी १३ वर्षमा नेपालमा आएको समस्या नै हल गर्थे । हाम्रो मुलुक एकदमै राम्रोसँग अगाडि बढ्न सक्थ्यो । सत्तासीन राजनैतिक पार्टीहरू ठाउँमा आउँथे र राजतन्त्र पनि आफ्नो ठाउँमा रहन्थ्यो । यसमा माओवादीहरू चुके । जसले समस्याको हल गर्नुपर्थ्यो, उनीहरू नै समस्या भइदिए । तर अहिले पनि कुरा त्यति बिग्रेको छैन । अझै पनि उनीहरूले प्रजातान्त्रिक बाटोमा फर्केर जनताको हित हुने काममात्र गरे भने जनताले उनीहरूलाई माफ गर्छन् । अघि नै मैले भने कि जनता कुनै कुरा पनि धेरै लामो समयसम्म सम्झिरहँदैनन् ।


तर यो समस्या समाधान गर्न माओवादीहरू मात्र अग्रसर भएर पुग्दैन । सरकारले पनि प्रतिबद्धता देखाउनुपर्छ । समस्या हल गर्न सरकारले दुईओटा बाटोमात्र अपनाउन सक्छ । एउटा बाटो हो– हातहतियारको भरमा माओवादीलाई भष्म नै गर्ने । परन्तु यो बाटोबाट कुनै पनि ठाउँमा गुरिल्ला युद्ध हल भएको इतिहास छैन । गुरिल्ला युद्धलाई दमनबाट सिध्याउन खोज्दा एउटा पाटो खत्तम भए तापनि अर्को पाटो बाँकी रहन्छ । त्यो पाटो च्याउ उम्रेजस्तै फेरिफेरि उम्रिरहन्छ ।

यो समस्या समाधान गर्ने भरपर्दो उपाय भनेको वार्ता नै हो तर त्यो वार्ता खाली राजा र माओवादको मिलोमितोमा मात्र सीमित भएमा

**पार्टीहरुको कमी कमजोरी र भ्रष्टाचारी कदमको विरुद्ध खबरदारी गर्ने काम त बरु माओवादीले गरेका हुन्**

**●**

**राजाले 'राजनैतिक पार्टीको विरुद्धमा अब जनताहरुले मलाई पूरै समर्थन नै गरे' भन्ने कुरा सोचे भने यो गलत हुन्छ**




देशलाई भनै ठूलो सङ्कट आइलाग्नेछ भविष्यमा । त्यसैले अबको वार्ता माओवादीले भनेजस्तो देशका सबै राजनैतिक पार्टीहरू, माओवादी र राजासहितको गोलमेच सम्मेलनबाट हुनुपर्छ । त्यही गोलमेच सम्मेलनले नै अब देशमा के के गर्ने भन्ने संपूर्ण कुरा तय गर्नुपर्छ । अबको वार्ताले देशमा भएको अन्यौलको स्थिति अन्त्य गर्नुपर्छ । अबको वार्ता "तँलाई यति फाइदा मलाई यति फाइदा" भन्ने कम्प्रोमाइज्ड सम्झौताको आधारमा मात्र टुग्याउँनु हुँदैन । हालको समयको देशव्यापी मानसिकताको फाइदा उठाई वार्ताले भविष्यमा कुनै पनि किसिमको अन्यौलको क्लेश मात्र पनि नरहने गरी टुग्याउँनुपर्दछ । राजनैतिक हल त अहिलेलाई सर्वोपरी छँदैछ, तर तत्पश्चात उठ्न सक्ने झनै खतरनाक साम्प्रदायिक र धार्मिक झै-झगडालाई पनि दृष्टिगत गरी सबै समस्याको अन्त गरिनुपर्दछ । आज सबै देशवासी शान्ति चाहन्छन् । त्यसैले वार्ताले जेजसो गरी आज र भविष्यमा शान्ति आउन सक्छ र दिगो रैरहन सक्छ, त्यसका लागि जे बलिदान पनि दिन चाहन्छन्, तर यही मनस्थिति सधैंलाई रहिरहँदैन । त्यसैले अब हुने वार्ता देशको आजको र भविष्यको स्थिरता र उन्नतिका लागि ज्यादै महत्त्वपूर्ण हुनेछ ।

वार्ताद्वारा जनमत सङ्ग्रह गर्ने हो या संविधान सभातिर जाने हो त्यसको निश्चित गरिनुपर्छ तर देशव्यापी रूपमै जनताको चाहना बुझ्ने हो भने जनमत सङ्ग्रह नै गरी प्रष्ट रूपले जनताको सामुन्ने प्रश्न राखी उत्तर माग्नु नै बढी हितकारी हुनेछ ।

जनमत सङ्ग्रहमा जाने हो भने देशमा जुन व्यवस्था ल्याउने हो, त्यसलाई छान्ने जिम्मा जनतालाई दिनुपर्छ । जस्तो कि राजतन्त्र चाहन्छन् कि चाहदैनन्, राजतन्त्र चाहेका छन् भने संवैधानिक राजतन्त्र कि सक्रिय राजतन्त्र ? माओवादीतन्त्र चाहेका छन् कि त्यो पनि राखौं । सेना कसका मातहतमा राख्ने ? त्यो पनि सोधौं । जनताले प्रजातन्त्र चाहेको छ भने कस्तो खालको प्रजातन्त्र चाहेको हो ? यस्तै किनबेचको प्रणाली कि प्रधानमन्त्री चुन्ने प्रणाली ? मलाई के लाग्छ भने अबको प्रजातन्त्रमा प्रत्यक्ष निर्वाचनद्वारा प्रधानमन्त्री चुनिनुपर्छ । यस्तो व्यवस्था गर्दा संसदबाट मन्त्री बनाइदैन । र, प्रधानमन्त्रीका लागि संसदभित्र किनबेच र मारकाट हुन पाउँदैन । जनताले जनमत सङ्ग्रह गरेर प्रधानमन्त्रीलाई निकाल्न पनि पाउँछ । मन्त्रीहरूमा जो मान्छे आउँछन्, उनीहरू उमेर पुगेका पढेलेखेका पक्का मान्छे आउँछन् । मन्त्रिपरिषद्मा देशव्यापी रूपबाट मान्छेहरू समावेश हुन्छन् । र, उनीहरू सम्पूर्ण जनताप्रति हितकारी हुन्छन् । यस व्यवस्थामा संसद पनि सानो हुन्छ । ७५ जिल्लाबाट ७५ जना सांसद सदस्यहरू हुन्छन् । यस्तो सानो संसद भएको खण्डमा पैसा पनि धेरै खर्च हुँदैन । संसद सदस्यहरूले आ-आफ्नो जिल्लाको विकासको पूरा जिम्मा लिन्छन् र मन्त्रिपरिषद्को नियन्त्रण पनि गर्छन् । अधिकांश जनताले संवैधानिक राजतन्त्र र प्रत्यक्ष चुनिने प्रधानमन्त्री प्रणालीको प्रजातन्त्र नै रोज्लान्, यति भन्दाभन्दै पनि सबै किसिमका प्रश्नहरू जनतामा राख्नु हालको सम्पूर्ण समस्या समाधानका लागि उचित हुनेछ । यसले भविष्यमा आउने द्वन्द र द्विविधालाई अन्त्य गर्नेछ ।

अबको व्यवस्थामा स्वभाविक रूपले सेना निर्वाचित सरकारको मातहतमा रहनुपर्छ । अहिलेसम्म भ्रष्टाचारको आरोपमा परेका मान्छेहरू र मल्लिक आयोग जस्तोमा परेका मान्छेहरूलाई चुनावमा लड्न नपाउने गरिनुपर्छ । यसरी माओवादीसाग वार्ता गरेर देशलाई कुन दिशातिर लैजाने भन्ने कुरा जनतालाई निर्णय गर्न दिने हो भने माओवादी समस्या समाधान हुनसक्छ र तर शर्तसहितको वार्ता भयो र युद्धविराम गरेर मात्र वार्ता भयो भने त्यो वार्ता असफल पनि हुनसक्छ । किनभने वार्ता भइरहेको बेलामा वार्ताविरोधी कुनै तत्वले कहींकतै एउटा बम मात्र पड्काइदियो भने पनि वार्ता बिथोलिन सक्छ । त्यसैले वार्ताको समयमा सबै पक्षले आ-आफ्नो कार्यक्रमहरू चलाएर राख्न दिनुपर्छ । आ-आफ्नो सुरक्षा गर्न दुवै पक्ष सक्षम छन् । हातहतियार थन्काउने, युद्धविराम गर्ने कुराहरू वार्ता हुँदै गएपछि, जब समस्याको समाधान हुँदै जान्छन् तब स्वतः सुल्झिहाल्नेछन्, यो त स्वभाविक नियम हो ।

**अब देशलाई कुन दिशामा लाने भन्ने कुरा जनतालाई निर्णय गर्न दिनुपर्छ**



**अबको व्यवस्थामा स्वभाविक रुपले सेना निर्वाचित सरकारको मातहतमा रहनुपर्छ**

**सबभन्दा पहिले राजाले तत्कालै यो मन्त्रीमण्डल हटाउनुपर्छ र पूर्ण अधिकार प्राप्त मन्त्रीपरिषद् बनाउनुपर्छ**

वार्ता गर्दा अर्को याद गर्नुपर्ने कुरा के हुन्छ भने यसमा विदेशीहरूको सहयोग लिनुहुँदैन । विदेशीहरूको सहयोगबाट वार्ता भयो भने देशमा विदेशीहरूको बोलवाला झन् बढ्छ । त्यसैले हाम्रो घरायसी झगडा आफैंले सुल्झाउनुपर्छ । बितेका १५० वर्षमा नेपालीले जेजति समस्या झेल्न पऱ्यो, त्यसले हामीलाई राजनैतिक क्षेत्रमा अति सक्षम बनाएको छ ।

**❍ माओवादी समस्याको समाधान वार्ताबाट हुन्छ भन्ने कुरा तपाईंले भन्नुभयो । अब माओवादीसँग वार्ता गरेर देशलाई अग्रगतिमा लैजानका लागि राजा, संसदीय पार्टीहरु र माओवादीले केके भूमिका खेल्नुपर्छ त ?**

– सबभन्दा पहिले राजाले तत्कालै यो मन्त्रीमण्डल हटाउनुपर्छ र गएको चुनावमा कुनकुन पार्टीले कति बहुमत ल्याएको छ, त्यसको आधारमा र कमसेकम ३ प्रतिशत भोट प्राप्त गर्ने पार्टीहरूलाई समेत साथमा लिएर पूर्ण अधिकार प्राप्त मन्त्रीपरिषद् बनाउनुपर्छ । पार्टीहरूले चाहेमा उनीहरूको सिफारिसमा पार्टी बाहिरका मान्छेहरू र राजाका प्रतिनिधिहरू पनि त्यस मन्त्रिपरिषद्मा राख्न सकिन्छ । त्यस मन्त्रिपरिषद्को मुख्य काम माओवादीसँग वार्ता गर्ने र वार्ताको निर्णयअनुसार अगाडि बढ्ने हुनेछ ।

दोस्रो, राजनैतिक पार्टीहरूले अब तँलाई के फाइदा ? मलाई के फाइदा भनेर हेर्नु भएन र उनीहरूले आफूबीच गुपचुप सम्झौता गर्नुभएन । मुलुकको मात्र फाइदालाई हेरेर उनीहरू अगाडि बढ्नुपर्छ ।

तेस्रो, माओवादीहरूले पनि अब उग्रउग्र कुराहरू गर्नुभएन । उनीहरूले उग्रउग्र कार्य गर्न छाडेर लचिलो नीति अपनाउनुपऱ्यो र वार्तामा आउनुपऱ्यो ।

यसरी सबैले आ-आफ्ना स्वार्थ त्यागेर वार्तामा आए र वार्तालाई सफलै पारे भने देशको सङ्कट समाधान हुन सक्छ र देश अग्रगतिको दिशामा जान सक्छ ।

**❍ अन्त्यमा तपाईंको केही भन्नु छ कि ?**

– अहिले नेपालमा दरवारदेखि तलकाले समेत आफ्नो इमान र कर्तव्य छाडिसके । सबै सुविधाहरू शहरमा मात्र थुप्रिए । यसले गर्दा ग्रामीण जनताहरूले दुःख पाए, उनीहरू पिसिए । अब यसो हुनुभएन । त्यसैले राजदरबार, पार्टीहरू, माओवादी, सम्पूर्ण कर्मचारी, उद्योगपति र डाक्टरदेखि सम्पूर्ण पेशाका व्यक्तिहरूलाई म इमान्दारिताका साथ काम गर्न अनुरोध गर्दछु ।

*प्रस्तोता : मुक्त श्रेष्ठ*



# लोकतन्त्रको निरन्तरताका लागि उपयुक्त विकल्प संविधानसभा हो

○ नरहरि आचार्य

असोज १८ गतेको शाही घोषणापछि अहिले नेपालको राजनीतिमा संविधानसभा बहसको विषय भएको छ । शाही घोषणालाई नेपाली कांग्रेस, अन्य राजनैतिक पार्टीहरू तथा बुद्धिजीवीहरूले नेपाल अधिराज्यको संविधान, २०४७ को विपरीत कदमका रूपमा मानेका छन् । २०४६ सालको जनआन्दोलनको सफलतापछि राजा र जनआन्दोलनका प्रतिनिधिहरूबीच सम्पन्न भएको राजनैतिक समभ्रूदारीबाट सम्पूर्ण राज्यशक्तिको स्रोत जनता हो र देशको सार्वभौमसत्ता नेपाली जनतामा निहित छ भन्ने संवैधानिक मान्यतालाई नेपाल अधिराज्यको संविधान, २०४७ मार्फत् स्थापित गरिएको थियो । तर सो सम्झौता असोज १८ गते राजाबाट एकतर्फी रूपमा उल्लंघन भएको छ । त्यसैले यस स्थितिमा लोकतन्त्रका लागि संविधानसभाबाहेक अर्को विकल्प देखिंदैन ।

## आवश्यकता

असोज १८ भन्दा पहिला संसदवादी लोकतान्त्रिक विचार र राजा मोटामोटी रूपमा एउटै पक्षमा बसेजस्तो देखिन्थ्यो । तर १८ असोज पछाडि देशमा संसदवादी लोकतन्त्र, जनवादी गणतन्त्र र सक्रिय राजतन्त्रवादी यी तीन किसिमका राजनैतिक विचारहरू देखिएका छन् । र, उनीहरू स्पष्ट रूपमा विभाजित भएका छन् । उनीहरूमा पद्धतिगत रूपले नै मतान्तर भएको देखियो । यस परिस्थितिमा मुलुकलाई चलाउनका लागि कम्तिमा पनि पद्धतिमा सहमति र समभ्रूदारी हुनु जरूरी हुन्छ । यतिबेला यी तीनैवटा विचारलाई एक ठाउँमा ल्याउने राष्ट्रिय प्राथमिकता र आवश्यकताको विषय संविधानसभा नै बनेको छ ।

संविधानसभाले एकैचोटि दुईवटा कुरालाई सम्बोधन गर्नसक्छ- पहिलो, माओवादीहरूले चलाइरहेका सशस्त्र गतिविधि र त्यसक्रममा भएका हत्या-हिंसा, आतंकपूर्ण व्यवहार र परिस्थितिलाई अन्त्य गर्ने । दोस्रो, १८ असोजमा देखिएको सक्रिय राजतन्त्रको गतिविधिको रूपमा देखिएको राजाको भूमिका र एकप्रकारले मूर्छित विद्यमान संविधानलाई संवैधानिक प्रक्रियाभित्र लिएर आउने कार्य । यो जिम्मेवारी स्वभाविक रूपले लोकतन्त्रवादीको जिम्मामा परेको छ । अहिलेको स्थितिमा तीनैवटा शक्तिहरूको मिलनविन्दु भनेको संविधानसभा नै हुनसक्छ । किनभने माओवादीहरूले पनि सहमतिमा आउनको लागि संविधानसभाको माग गरिरहेका छन् र राजाबाट पनि 'संविधानसभाको बारेमा मैलेभन्दा पनि जनताले निर्णय गर्ने कुरा हो' भन्ने फुटकर विचार आएकै हो ।

तर यहाँ एउटा विचार के पनि आइरहेको छ भने प्रचलित राजनैतिक व्यवस्था ध्वंश भएर अर्को राजनैतिक व्यवस्था आएपछि मात्र संविधानसभाको कुरा आउँछ, अहिले त्यस्तो परिस्थिति नभएकोले संविधानसभाको आवश्यकता छैन । तर मलाई लाग्छ, सधैं त्यस्तै परिस्थितिमा मात्र संविधानसभाको कुरा गर्नुपर्छ भन्ने छैन, संसार सँधै एकै किसिमको प्रक्रियाबाट चलिरहन्छ र मुलुकको परिस्थिति पनि सधैं एकैनासको भइरहन्छ भन्ने पनि छैन । हाम्रो मुलुकको भूराजनीतिलाई हेर्दा दुई ठूला देशहरूबीच रहेकोले हाम्रो देश त्यति सानो नभएता पनि उनीहरूको दाँजोमा भौगोलिक, राजनैतिक, आर्थिक, जनसांखिय आदि किसावले सानो देखिएको छ । यस्तो अवस्थामा लामो समयसम्म धेरै ठूलो आकार र परिस्थितिको द्वन्द्व थाम्न नसक्ने अवस्था हाम्रो छ । हामी एउटालाई समाप्त गरेर अर्को व्यवस्था कायम गर्ने प्रतीक्षा गर्दागर्दै मुलुकको स्वतन्त्रतासमेत समाप्त हुने हो कि भन्ने त्रासमा पनि रहेका छौं । त्यसैले समस्याको समाधानको लागि समभ्रूदारीको बाटो खोज्नुपर्ने बाध्यता नै भएको छ । यस बीचमा द्वन्द्वहरूको व्यवस्थापन गर्दै समभ्रूदारी खोज्नको लागि र लोकतन्त्रलाई निरन्तरता दिनका लागि पनि संविधानसभा आवश्यक देखिएको हो ।

> कुनै पनि विकल्प खतराशून्य हुँदैन । संविधानसभा पनि खतरारहित र यो ज्यादै सरल उपाय हो भन्ने कुरा पनि होइन । तर यसले देशलाई प्रतिगमनतिरै लैजान्छ भन्ने कुरालाई स्वीकार गर्न सकिँदैन ।

नेकपा (एकताकेन्द्र मसाल) का महासचिव मोहनविक्रम सिंह, नेकपा (एमाले) का खड्ग ओली तथा नेपाली कांग्रेसका कतिपय नेताहरूसमेत अहिले संविधानसभाको माग गर्नु २०४६ सालको जनआन्दोलनबाट प्राप्त अधिकार गुमाउनु र देशलाई फेरि प्रतिगमनतिर लैजानु हो भन्ने कुराहरू गरिरहेका छन् । त्यसलाई म पूरै निरर्थक कुरा हो भन्न सक्दिन । तर यो कुरा उठ्दा हामीसँग लोकतन्त्रको निरन्तरताका लागि अर्को उपयुक्त विकल्प के छ भन्ने कुरा पनि हेर्नु जरूरी हुन्छ । कुनै पनि विकल्प खतराशून्य हुँदैन । संविधानसभा पनि खतरारहित र यो ज्यादै सरल उपाय हो भन्ने कुरा पनि होइन । तर यसले देशलाई प्रतिगमनतिरै लैजान्छ भन्ने कुरालाई स्वीकार गर्न सकिँदैन । किनभने संविधानसभा भनेको जनताको शक्तिमाथि विश्वास गर्ने कुरा हो । जनताको शक्तिलाई प्रतिगमनको सहायक शक्तिमा हामीले कहिल्यै पनि परिभाषित गर्न सक्दैनौ र गर्नु पनि हुँदैन । तर कहिलेकाहीं प्रतिकूल स्थिति सिर्जना गरेर जनताको नाममा प्रतिगमन पनि हुनसक्छ । र, यसले धेरै किसिमका जटिलताहरू पनि सृजना गर्न सक्ला । तर त्यसलाई जोगाएर लैजाने दायित्व आफूलाई 'जनताका शक्ति हौं' भनेर दावी गर्ने राजनैतिक पार्टीहरूको हो । यदि त्यस्तो शंका छ भने जसले देश प्रतिगमनतिर नजाओस्, २०४६ को जनआन्दोलनका उपलब्धिहरू सीमित र कुण्ठित नहोस्, त्यो अग्रगामी ढंगबाटै अघि बढोस् भन्ने इच्छा राखेका छन्, उनीहरू सबै एक ठाउँमा उभिनु पर्‍यो र राजनैतिक एजेण्डा एकीकृत र स्पष्ट हुनु पर्‍यो ।

अहिले माओवादीहरू पनि 'हामी २०४६ को उपलब्धिको रक्षा गर्न चाहन्छौं र बहुदलीय प्रतिस्पर्धामा विश्वास गर्छौं, हामी पनि जनताको स्वतन्त्रता कुण्ठित नहोस् भन्ने चाहन्छौं' भन्नेजस्ता कुराहरू भनिरहेका छन् । यदि यी भनाइहरू सत्य हुन् र त्यसमा उनीहरू इमान्दार छन् भने उनीहरूलाई पनि लोकतान्त्रिक राजनीतिको मूलप्रवाहमा राख्ने परिस्थिति सृजना गर्न किन प्रयत्न नगर्ने ? त्यसैले संविधान सभाबाट खतरा हुन्छ भन्ने आशंका गर्नुभन्दा

यसलाई व्यवस्थित गर्न के के पूर्वाधारहरू पूरा गर्नुपर्छ र हामीबाट गर्नुपर्ने तयारीहरू के के हुन् भन्ने कुरातर्फ जानु बढी जरूरी छ । त्यसैले यस परिस्थितिमा मुलुकको समस्या समाधान गर्ने अरू कुनै राम्रो विकल्प छ, जसले जनताको अधिकार अरू बढाउँछ र सुनिश्चित गर्छ तथा लोकतन्त्रलाई व्यवस्थित गर्न सक्छ र त्यस उपायमा सबैको समझदारी र सहमति गराउन सकिने बाटाहरू छन् भने संविधानसभालाई निषेध गर्ने कुराको अर्थ रहन्छ । होइन भने केवल मानसिक रूपबाट आतंकित भएर यस्तो प्रकारको विचार प्रकट गर्नु उपयुक्त देखिँदैन ।


## अतीत र वर्तमान

संविधानसभाको विषय माओवादीहरूले उठाइरहेको माग भएकाले त्यसको समर्थन गर्नु माओवादीको पछि लाग्नु हो भन्ने एक पक्ष छ भने अर्को पक्ष उग्रवामपन्थी र उग्रदक्षिणपन्थी दुवैले संविधानसभाको माग गरिरहेका छन्, यसरी उग्र वामपन्थी र उग्र दक्षिणपन्थीहरूको विचार मिलिरहेको परिस्थितिमा लोकतन्त्रवादीहरूले पनि यही कुरालाई अगाडि सार्नु भनेको कतै उनीहरूको जालोमा लोकतन्त्रवादीहरू पनि प्रवेश गरेका त होइनन् ? भन्ने पनि छन् । वास्तवमा संविधानसभाको मागलाई त्यसरी हेर्नुपर्छ जस्तो मलाई लाग्दैन । एउटा कुरा स्पष्ट के छ भने संविधानसभाको सवाल माओवादीहरूले पहिलोपटक नेपालको राजनीतिमा प्रवेश गराएको विषय होइन । २००७ सालको जनक्रान्तिमा नै यो विषय प्रभावकारी रूपमा अगाडि आएको हो । २००७ सालको आन्दोलनको एउटा मूल एजेण्डा संविधानसभा थियो । त्यसैलाई पूरा गर्ने वचनवद्धतासहित अथवा संविधानसभाबाट निर्मित संविधानबाट अब मुलुकको शासन चल्छ भन्ने स्पष्ट घोषणापछि नै जनक्रान्तिलाई स्थगित गरिएको थियो । त्यो एजेण्डालाई नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी, गोर्खा परिषद् र नेपाली राष्ट्रिय कांग्रेसले अन्तिम समयसम्म पनि लिइरहेका थिए ।


तर राजा महेन्द्रले अकस्मात् संविधानसभाको चुनाव नगर्ने, संसदको चुनाव गर्ने भनेर घोषणा गरेपछि चुनावको चुनौतीलाई स्वीकार गर्नैपर्ने परिस्थितिमा परेको कारणले ती पार्टीहरूले संसदीय चुनावलाई स्वीकार गरेका हुन् । जनताले पनि संविधानसभाको पक्षमा रहेका पार्टीहरूलाई १०९ संसद सदस्यहरूमध्ये ९७ स्थानमा जिताएका थिए अथवा ८६ प्रतिशत स्थान संविधानसभाको पक्षमा रहेका पार्टीहरूले जितेका थिए । र, नेपाली कांग्रेस एक्लैले दुईतिहाइ स्थान प्राप्त गरेको थियो । त्यस हिसावले हेर्दा जनता पनि संविधानसभाको पक्षमा रहेको स्पष्ट देखिन्छ ।

त्यसपछि २०२३ सालतिर सुवर्ण शमशेर कार्यवाहक सभापति भएको बेलामा उनको अध्यक्षतामा कलकत्तामा बसेको नेपाली कांग्रेसको केन्द्रीय कार्य समितिको बैठकले संविधानसभाको आवश्यकताको बारेमा आवाज उठाएको थियो र त्यसलाई आफ्नो पार्टीभित्र सबै ठाउँमा जानकारी गराएको थियो । तर त्यतिबेला लोकतन्त्रको लागि आन्दोलन भइरहेको र लोकतन्त्रको स्थापना भएपछि मात्र बल्ल संविधान बनाउने कुरा आउने भएकोले संविधानसभाको कुरा त्यति मुखरित रूपमा अगाडि आउन सकेन ।

२०४६ सालको जनआन्दोलनपछि पनि संविधान बनाउनको लागि संविधानसभाको कुरा नउठेको होइन । तर नेपाली कांग्रेस र वाममोर्चाले संविधानसभालाई आफ्नो प्राथमिकताको विषय बनाएन । किनभने २००७ सालदेखि र २०१५ सालसम्मको राजनीतिक अनुभवका आधारमा



खड्गप्रसाद ओली




मोहनविक्र सिंह

**नेकपा (एकताकेन्द्र मसाल) का महासचिव मोहनविक्रम सिंह, नेकपा (एमाले) का खड्ग ओली तथा नेपाली कांग्रेसका कतिपय नेताहरूसमेत अहिले संविधानसभाको माग गर्नु २०४६ सालको जन-आन्दोलनबाट प्राप्त अधिकार गुमाउनु र देशलाई फेरि प्रतिगमनतिर लैजानु हो भन्ने कुराहरू गरिरहेका छन्**

सबै पार्टीहरू २०४६ सालको आन्दोलनपछि भएको लोकतान्त्रिक उपलब्धिलाई छिट्टै निर्वाचन गरेर संवैधानिक प्रजातान्त्रिक परिपाटी व्यवस्थित गर्न चाहन्थे । त्यसले गर्दा त्यतिबेला जनताको मुख्य भागिदारीमा र राजाको समेत समझदारीमा संविधान लेख्ने मनस्थितिमा कांग्रेस वाममोर्चा रहेका थिए । यसले गर्दा त्यतिबेला संविधानसभा एउटा फुटकर विचारको रूपमा रह्यो र समझदारीको संविधान बन्यो । तर असोज १८ गतेको शाही घोषणाले त्यस समझदारीको पनि उल्लङ्घन गरेको छ ।

जनताका प्रतिनिधिले पनि बेलाबेलामा संविधानको राम्रो पालना गरेनन् भन्ने विवरणहरू उपलब्ध छन् । तर पद्धतिलाई नै भत्काउने ढंगबाट उनीहरूले उल्लंघन गरेको देखिन्न । यदि राजनैतिक पार्टीहरूले यसरी संविधानको गम्भीर उल्लंघन गरे भने जनताले कानूनी रूपले सर्वोच्च अदालतमा पुऱ्याएर वा आफ्नो मतद्वारा उनीहरूलाई सजायँ दिन सक्थे । तर राजाबाट नै संविधानको उल्लंघन हुँदा कस्तो व्यवहार गर्ने अथवा राजामाथि कस्तो दृष्टिकोण राख्ने भन्ने कुरा संविधानभित्र कतै व्यवस्था गरिएको छैन । किनभने राजा आफै अग्रसर भएर कुनै त्यस्तो काम नगर्ने व्यवस्था संविधानमा राखिएको छ । तर अहिले राजाबाट संविधानको उल्लंघन भइसकेको छ ।

अहिले संविधानसभाको कुरा १८ असोजको राजाको शाही घोषणा र माओवादीलाई राष्ट्रिय धारामा ल्याउन तथा लोकतान्त्रिक प्रक्रियामा सामेल गराउनको लागि समेत आएको छ । त्यसैले अहिले संविधानसभा माओवादीले मात्र उठाएको विषयको रूपमा मात्र सीमित रहेन । वास्तवमा यो विषयलाई कुनै एउटा पक्ष, विचार वा पार्टीको भनेर हेर्न हुँदैन र यो विषय त्यस्तो होइन पनि । यस विषयलाई त्यसरी हेर्न खोजियो भने समस्याको विकराल स्वरूपलाई आफ्नो आँखा छोपेर समाधान गर्न सकिन्छ भनेजस्तो हुन्छ । संविधानसभा माओवादीको एजेण्डा हो भनेर भन्नेहरूले बुझ्नु पर्ने एउटा कुरा के छ भने धेरैजसो साम्यवादी शासन भएका देशहरूमा संविधानसभाले संविधान बनाएको पनि छैन । त्यसैले यो संविधान सभाको एजेण्डा माओवादीको हो भनेर भन्नुपर्ने जरूरी छैन । यो मुलुकको विद्यमान राजनीतिक परिस्थितिमा समझदारीको एजेण्डा हुनसक्छ र सबै एक ठाउँमा आउन सक्ने लोकतान्त्रिक एजेण्डा पनि हो ।

अहिलेसम्म बनेका विशेष गरेर अन्तरिम संविधान २००७, नेपाल अधिराज्यको संविधान २०१५ र नेपाल अधिराज्यको संविधान, २०४७ श्री ५ महाराजाधिराजाबाट घोषणा भएको छ । र, त्यसमा अप्रत्यक्ष किसिमले जनताका शक्तिहरूलाई प्रतिनिधित्व गर्नेहरूको परामर्श र सहभागिता रहेको छ । यी तीनवटै संविधानमा संवैधानिक राजसंस्थाको मान्यतालाई स्थापित गरिएको हो । र, जनताको शक्तिलाई सबैभन्दा माथि राख्न खोजिएको छ । यीमध्ये सबभन्दा बढी स्पष्ट र व्यवस्थित भनेको नेपाल अधिराज्यको संविधान, २०४७ नै हो । यसमा जनताको सहभागिता अझ बढी मुखरित रूपमा र स्पष्ट रूपमा थियो । त्यति हुँदाहुँदै पनि यी तीनवटै संविधान जनताको प्रत्यक्ष प्रतिनिधिहरूले लेखेका र जनताद्वारा घोषणा भएका होइनन् । अहिले आएर वर्तमान संविधानसमेत एक प्रकारले असफलजस्तै वा मूर्च्छित भइसकेको छ । यस परिप्रेक्ष्यमा यो कसरी पुनर्जीवित हुन्छ त भन्ने प्रश्न गम्भीर जटिलताको घेरामा छ । यो पुनर्जीवित भएपछि संचालित हुँदा कसरी चल्छ ? यसमा फेरि यस्ता कठिनाइहरू आउँछन्



*बी.पी. कोइराला*

कि आउँदैनन् भन्ने प्रश्न यथास्थानमा छ ।

अहिले संविधानलाई मूर्छा पर्ने रोग लागेको छ । मूर्छा पर्ने रोग लागेकाहरू बेलाबेलामा ब्यूँतिए पनि फेरि मूर्छा पर्ने संभावना हुन्छ । त्यस्तो स्थिति नआओस् भन्नाका लागि यसको अति गहकिलो उपचार जरूरी हुन्छ । यो संविधानको गहकिलो उपचार भनेको जनताले नै लेख्ने संविधानमा प्रवेश गर्नु हो । त्यसैले अहिले लोकतन्त्रवादीहरूले संविधानसभाको कुरालाई मुखरित भएर उठाउनुको कारण यही नै हो ।

नेकपा (एकताकेन्द्र-मसाल)का महासचिव मोहन विक्रम सिंहले 'प्रतिक्रियावादी शक्तिहरूको प्रमुखता रहेको सरकारको मातहतमा हुने संविधान सभाको चुनावबाट राजाबाट सार्वभौमसत्ता र सेनाको अधिकारसमेत जनतामा हस्तान्तरण हुने सम्भावना कम छ' भनेर भन्नुभएको छ । वास्तवमा संविधानसभाको चुनाव गराउनका लागि एउटा अन्तरिम प्रकृतिको अथवा संविधानसभाको चुनाव गराउने नै उद्देश्यको एउटा सरकार त बन्नैपर्छ । संविधानसभाको प्रक्रियामा प्रवेश गर्नका निम्ति यो एउटा अनिवार्य पूर्वाधार हो । त्यसमा सबै राजनैतिक पार्टीले आ-आफ्नो शक्ति र सामर्थ्यअनुसारको उपस्थिति हुन पाउँछन् र हुन्छन् । यसका लागि जस-जसले आफूलाई जनताको शक्ति भन्छन् ती सबै शक्तिहरू एक ठाउँमा उभिनुपर्छ । स्वभाविक रूपले जनताको शक्ति बलियो हुँदा परम्परागत संस्थाहरूको शक्ति सीमित हुने स्थिति संसारभर देखिएको छ । यदि जनताको शक्ति एक ठाउँमा उभिन नसक्ने हो र आ-आफ्नो धुनमा केन्द्रित भएर विभिन्न दिशातिर फर्किने हो भने स्वभाविक रूपले लोकतन्त्र कमजोर हुन्छ । त्यसैले अहिले देशको समस्याका केही मुद्दाहरूमा जनताका सबै शक्तिहरू केन्द्रीकृत रूपले प्रस्तुत हुने हो भने स्वभाविक रूपले जनताको हात माथि पर्ने गरी सम्मानजनक रूपले परम्परागत संस्थाहरूसँग सम्झौता गर्न सकिन्छ । त्यो आत्मविश्वास आफूलाई 'हामी जनताका प्रतिनिधि हौं' भन्नेहरूसँग हुनैपर्छ ।

## अर्को विकल्प के छ ?

अहिले संविधानसभाको आवश्यकता छैन । संविधान संशोधन, जनमत संग्रह, तथा सुधारबाटै काम चलाउन सकिन्छ भन्ने कुरा नेकपा (एमाले)बाट बाहिर आइरहेको छ । एमालेको त्यसैप्रति विश्वास छ भने उसले आफ्नो विचार राख्न सक्छ । तर अहिलेको समस्यालाई कसरी समाधान गर्ने भन्ने प्रश्न मुख्य विषय हो । त्यसैले अहिले हामीसबै समस्या समाधान गर्ने बाटोतिर लाग्नु आजको आवश्यकता हो । समस्या समाधानको निम्ति संसदीय अभ्यासमै रहेका पार्टीहरूका लागि एउटै प्रक्रिया आवश्यक बनेको छ, कि जनतामा निहित सार्वभौमसत्ताको अभ्यासलाई फेरि खलबलिन नसक्ने गरी स्थापित गर्ने माध्यम के हुन सक्छ ? त्यो सुधार वा विकास गरेर थपिने कुरा हो कि ? नयाँ ढंगबाट लेखेर थपिने कुरा हो कि ? कसरी थपिने कुरा हो ? अहिले आएर संविधानमा समावेश गर्नुपर्ने नयाँ विषयवस्तुसँगै प्रक्रिया पनि सर्वाधिक चासोको विषय भएको छ ।

२०४७ सालको संविधानमार्फत् जनताले आफ्नो सार्वभौमसत्तालाई अभ्यास गरिरहेको

> **यसरी हुनसक्छ जनतालाई साँच्चै नै सार्वभौम बनाउने संविधानसभाको गठन र नयाँ संविधानको निर्माण**

मान्यतालाई १८ असोजको घोषणाले अपहरण गर्‍यो र त्यसले संविधानको मूल चुरोमै प्रहार गरेको छ । त्यसको पुनर्स्थापना अरू अंग भत्केको जस्तो सामान्य किसिमको उपचारले मात्र हुने खालको भएन । यसको विशेष किसिमको उपचार गर्नुपर्ने अवस्था सृजना भएको छ । त्यो विशेष उपचार के के हुन सक्छ त ? यस प्रश्नमा कांग्रेसभित्र पनि विविध दृष्टिकोणहरू आएका छन् । अहिलेको समस्याको समाधान संविधानभित्र आवश्यक परेका मुद्दाहरूमा जनमत संग्रहको व्यवस्था राखेर गर्न सकिन्छ भन्ने कुरा असोज १८ गते अगाडि नै उठिरहेको थियो । १८ गतेको शाही घोषणा पछाडि संविधान सभाको विचारसमेत गम्भीरतापूर्वक उठिरहेको छ ।

तर मुलुकमा नेपाली कांग्रेस र नेकपा (एमाले) मात्र छैनन्, अरू पनि राजनैतिक शक्तिहरू यहाँ छन् । उनीहरू आ-आफ्नो हैसियत र स्वरूपमा छन् । त्यसैले 'हामीलाई यतिमा चित्त बुझ्छ' भनेर कुनै पनि पार्टीहरू बस्नु हुँदैन । अहिले एमालेको आफ्नो पार्टीभित्र संविधानसभाबारे लेख्न, बोल्न, सुन्न केही पनि गर्न पाइदैन भन्ने विचार बाहिर आइरहेको छ । यदि यस्तै कुरा हो भने आफूले निश्चित गरेको विचारबाहेक अरू विचारको आवश्यकता छैन अथवा आफूलाई जतिले चित्त बुझ्छ, त्यसैबाट सबैलाई चित्त बुझ्नुपर्छ भनेको देखियो । यो त कुनै लोकतान्त्रिक वा बहुदलीय जनवादी तरीएका नि । र अहिलेको परिस्थिति त्यो होइन ।

अहिले मैले पनि जे कुरा भनिरहेको छु, त्यो मलाई मात्र चित्त बुझ्ने र पुग्ने किसिमले भनिरहेको छैन । अहिलेको मुलुकको संकट टुंग्याउन कहाँसम्म जानुपर्ला र कहाँसम्म जाँदा मलाई आपत्ति हुँदैन भन्नेसम्मको कुरा पनि मैले हेर्न तयार हुनुपर्छ । यही कुरा नेपाली कांग्रेस, नेकपा (एमाले) र संसदमा रहेका अन्य सबै लोकतन्त्रवादी दलहरूले हेर्नुपर्छ र त्यसको लागि उनीहरू तयार हुनुपर्छ । त्यसैले अहिले मुलुकको संकट समाधानको लागि अरू पनि आउनसक्ने र हामी पनि पुग्नसक्ने ठाउँ भनेको संविधानसभा नै हो । यसैको परिप्रेक्ष्यमा यसलाई हेर्नुपर्छ र कसैले पनि आफ्नो सोचाइको सीमाभित्र मात्रै अडिएर समस्याको समाधान गर्न सकिन्छ भनेर सोच्नु हुँदैन । ठीक छ, अन्य विकल्पहरू छन् र ती विकल्पहरूले कार्यमूलक ढंगबाट समस्याको समाधान दिन सक्छन् भने मान्छेहरूलाई आपत्ति पनि छैन होला । तर अहिले अरू विकल्पहरू नदेखिइरहेको अवस्थामा संविधानसभामा प्रवेश गर्नुबाहेक अरू उपाय छैन ।

## उठन प्रक्रिया

खासमा संविधानसभा जनताद्वारा नै प्रत्यक्षरूपमा चुनिएर आएका प्रतिनिधिहरूबाट गठन हुने भएकोले यसबाट संविधान बन्दा जनताको प्रत्यक्ष सहभागिता रहन्छ । संविधानसभाको निर्वाचन कसरी हुन्छ भन्ने सन्दर्भमा कुरा गर्दा अहिलेको संसदीय निर्वाचनजस्तै पनि हुनसक्छ । त्यसमा राजनैतिक दलहरूले उम्मेदवार उठाउन पाउँछन् । उनीहरूका आ-आफ्ना प्राथमिकता र एजेण्डा हुनसक्छन् र उनीहरू कुन मान्यताको आधारमा संविधान चाहन्छन् भन्ने कुरा हुनसक्छ । तर त्यसभन्दा पहिले 'हामी जनताको स्वतन्त्रता र मुलुकको स्वतन्त्रतालाई खण्डित र सीमित हुन दिंदैनौं भन्ने मान्यतामा हामी संविधानसभाको चुनाव लड्छौं' भन्ने प्रतिज्ञा संविधानसभाको चुनावमा भाग लिने पार्टीहरूले गर्नुपर्छ भन्ने कुरामा समझदारी गर्नुपर्छ । त्यही समझदारी अन्तर्गत मुलुक र जनताको स्वतन्त्रता भयो भने यसैभित्र राष्ट्रिय स्वतन्त्रता र लोकतन्त्र आउँछ । त्यसभित्र कुन संस्थाको भूमिका कति हुने ? कसले के कति भूमिका निर्वाह गर्ने, कसरी गर्ने, कसको कति अधिकार हुने भन्ने लेखाजोखा जनताका प्रतिनिधिहरूले निर्धारण गर्छन् ।

यसरी निर्वाचन भएर आएका प्रतिनिधिहरूको सभाले संविधान मस्यौदा कमिटी गठन गर्छ । यो कमिटी त्यही सभाका मान्छेहरू वा बाहिरका विशेषज्ञहरूबाट पनि बन्न सक्छ । त्यसले संविधानको मस्यौदा बनाएर सभामा पेश गर्छ । तर संविधानको मस्यौदा गर्नुअगाडि संविधानसभाले संविधानको मस्यौदा कुन आधारमा गर्ने भन्ने कुरामा एउटा बृहत संवैधानिक मान्यता स्वीकृत गर्न सक्छ । त्यही मान्यताको आधारमा मस्यौदा कमिटीले संविधानको मस्यौदा तयार पार्छ र सभामा पेश गर्छ । त्यस मस्यौदामा सभाले विस्तृत छलफल गर्छ । छलफलमा कतिपय कुराहरू सर्वसम्मतिमा टुंगिन्छ भने कतिपय कुराहरू मतदानको आधारमा टुंग्याइन्छ । र, अन्ततः जनताकै तर्फबाट संविधानको घोषणा हुन्छ । त्यस संविधानमा राजसंस्था पनि रहन सक्छ । तर अहिले परम्परागत ढंगको राजसंस्था रहेको छ भने भोलिको संविधानअन्तर्गत स्थापित भएपछि त्यो पनि जनताले बनाएको राजसंस्था हुन्छ ।

यसरी संविधानसभाले बनाएको संविधानको प्रस्तावनामा "हामी नेपाली जनता यस्तो शासन संचालन गर्नको लागि यो मितिदेखि यो संविधान घोषणा गर्छौं र यसको पूर्ण पालना गर्ने संकल्पनसहित आफैंलाई समर्पित गर्छौं ।" भन्ने व्यहोरा लेखिन्छ । यही व्यहोराले नै संविधानमा जनताको सर्वोच्चता स्थापित गर्छ । र, त्यो संविधानसभाले सरकार तथा संविधानभित्र रहेका संस्थाहरूलाई केही अधिकार दिएको हुन्छ, बाँकी सम्पूर्ण अधिकारहरू नेपाली जनतामा नै सुरक्षित रहन्छ । उनीहरूले जुनसुकै बेला पनि त्यो अधिकार प्रयोग गर्न सक्छन् । उनीहरूले जनमत संग्रह वा प्रतिनिधिमार्फत् विभिन्न किसिमका मुद्दाहरूमा विभिन्न किसिमले त्यसको प्रयोग गर्छन् । त्यो विधि संविधानमै उल्लेख गरिएको हुन्छ । यसरी संविधान सभामार्फत् बनाइने संविधानमा राष्ट्रिय सन्दर्भमा कुनै कठिनाइ पर्‍यो भने जनतामा पुग्ने र सोच्ने परिपाटी संविधानमा व्यवस्थित गरिने भएकोले जनताले त्यसप्रति आफ्नो स्वामित्व र अपनत्व अनुभव गर्न सक्छन् । त्यसै कारणले यो बढीभन्दा बढी जनताको स्वामित्व स्थापित गर्ने संविधान हो भन्ने मान्यता विश्वभरमै चलेको हो ।

पहिले बनेका संविधानहरूमा केही त्रुटि र कमजोरीहरू रहे, जसले गर्दा लोकतन्त्रमाथि नै हमला भयो । त्यसैले अहिले संविधान बनाउँदा त्यसतर्फ होशियारी अपनाउनुपर्ने आवश्यकता देखिएको छ । यो १२ वर्षको अनुभवमा अहिलेको संविधानमा कुन कुन बिन्दुमा कहाँ कहाँ हामीलाई कठिनाइ भयो भन्ने आधारमा त्यसको लेखाजोखा गर्नुपर्छ । यो १२ वर्षको अनुभवमा मुख्य रूपमा सेनाको परिचालनको विषयलाई लिएर बेलाबेलामा विवाद उठिरहेको छ । सेना कार्यपालिकाको अधिकारभित्रको कुरा हो भन्ने मान्यता हुँदाहुँदै पनि त्यसलाई २०४७ सालको संविधानमा भिन्दै ढंगले राखियो । त्यस्तै गरेर राजगद्दी उत्तराधिकारीको विषयमा पनि यसबीचमा ठूलै चर्चा र बहस चल्यो । राजगद्दी उत्तराधिकारी घोषणा गर्ने जिम्मा संसद्भित्र आउनुपर्छ भन्ने कुरा व्यापक रूपमा उठिरहेको छ । सत्ताको स्वरूप केन्द्रीकृत र एकांङ्की बन्यो, त्यसलाई विकेन्द्रित र सहभागितामूलक ढंगमा रूपान्तरण गरिनुपर्छ । त्यसरी नै विभिन्न समयमा प्रकट अप्रकट रूपले उठेका अन्य विषयहरू पनि छन् । ती विषयहरूको सूची त अहिले नै एकीकृत रूपले बनिसकेका छैनन्, तर संविधान निर्माण हुने अथवा पुनर्लेखन गर्ने परिस्थिति आउँदा ती विषयहरूको सूचि स्वभाविक रूपले तयार हुन्छन् र त्यसले एउटा स्वरूप प्राप्त गर्छ । अथवा त्योभन्दा अगाडि नै तयार भएर एउटा सार्वजनिक बहसको विषय पनि बन्न सक्छ । यसको निम्ति अहिले नै सबै विषयहरू परिपक्व बनिसकेका त छैनन्, तर पनि विभिन्न कोणबाट यसको संकेतहरू र विषयवस्तुको प्रारम्भिक प्रवेश भइसकेको छ । ❑

*टेप वार्तामा आधारित*

**प्रस्तोता - मुक्ता श्रेष्ठ**


प्रतियोगिता पत्रिका

**सर्वज्ञान मञ्च**



लोकसेवा आयोगको परीक्षाका लागि उपयोगी सामान्य ज्ञानका राष्ट्रिय- अन्तर्राष्ट्रिय स्तरका प्रशस्त विषयहरु समेटिएको बौद्धिक विकासका लागि चाहिने ज्ञानवर्धक पत्रिका सर्वज्ञान मञ्चको पहिलो अंक बजारमा आइपुग्यो ।

सम्पर्क :

**नवदीप प्रकाशन प्रा. लि.**

फोन नं. ३३२५६९



**क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशन समितिको अनुरोध**

*नेपाली कम्युनिष्ट आन्दोलनका अथक योद्धा तथा देशभक्तिपूर्ण एवं लोकतान्त्रिक आन्दोलनका शीर्ष व्यक्तित्व क. निर्मल लामाका संकलित रचना-संग्रह प्रकाशनका निम्ति तयारी भइरहेको छ। त्यसैले क. लामाका प्रकाशित/अप्रकाशित कुनै पनि विषयका रचनाहरु संकलित गर्नुभएका महानुभावहरुले आफूसँग उपलब्ध रचनाबारे ०५९ पौष मसान्तभित्र जानकारी दिनुभई सहयोग गर्नु हुन अनुरोध गरिन्छ।*

**क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशन समिति**

*सम्पर्क फोन नं. ५२०९१८, ४२१६५७*

**मकालु यातायात**

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मर्लगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

# १२ वर्षमा कहाँ भयो गल्ती ?



■ माधवकुमार नेपाल

*विगत १२ वर्षमा कहाँ भयो गल्ती ? भन्ने महत्वपूर्ण विषयमा चारजना बौद्धिक व्यक्तित्वहरू : कृष्ण खनाल, कृष्ण हाछेथु, डा. पिताम्वर शर्मा र डा. महेश मास्केका बीच सम्पन्न भएको प्रत्यक्ष विचार अन्तर्क्रियामाथि दिपक ज्ञवाली, खगेन्द्र संग्रौला र नरहरि आचार्यका टिप्पणीहरूको प्रकाशनपछि यसपटक प्रस्तुत छ- नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालको विचार - **मूल्यांकन***

## प्रत्यक्ष अन्तर्क्रियाको विशेष रिपोर्टमाथिको थप टिप्पणी

*मूल्यांकन*को अंक १०० मा प्रकाशित यो १२ वर्षमा कहाँ भयो गल्ती नामक अन्तर्क्रियामा संवैधानिक गतिशीलतामा अवरोध आउनु पनि एउटा गल्ती भएको कुरा उठेको छ । अवश्य पनि संविधानमा लेखिएका सबै कुराहरू सदाकालका लागि लागू हुँदैन । बदलिएको परिस्थितिलाई ध्यानमा राखेर संविधानमा परिवर्तन भइरहनुपर्छ । यस अर्थमा संविधान एउटा गतिशील दस्तावेज हो । त्यो संविधान बढी टिकाउ हुन्छ, जुन लचिलो र गतिशील हुन्छ । र, जुन संविधान जड र कठोर हुन्छ त्यो संविधानको आयु कम हुन्छ । त्यसैले संविधान निर्माण गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा के हो भने संविधान लचिलोको नाममा अति लचिलो भयो भने पनि त्यो एउटा खेलवाडको वस्तु हुन्छ, कडाको नाममा धेरै कडा भयो र संविधान संशोधन गर्न नै तर्सिनु पर्ने अवस्था आयो भने पनि त्यो संविधान काम नलाग्ने हुन्छ । यदि देशमा राजनैतिक अन्यौल हटाउनु पर्ने अवस्था आयो, मुलुकलाई सही दिशातिर डोऱ्याउन आवश्यक भयो भने त्यो विन्दुमा संविधान संशोधन गर्न हच्किनु हुँदैन । अमेरिका र भारतले पनि बेलाबेलामा संविधान संशोधन गरेर बदलिएको परिवेशलाई जनताको चाहना र मागलाई दृष्टिगत गर्दै देशलाई दिशानिर्देश गर्ने काम गर्दै आएका छन् ।

हामीकहाँ यो १२ वर्षमा संविधानको संशोधन नगर्नु एउटा त्रुटि भएको छ । नेकपा एमालेले संविधान संशोधनको मागलाई सबभन्दा पहिले उठाएको थियो । र, संविधान संशोधनका बुँदा अगाडि सारेको थियो । तर यसलाई स्वीकार गरिएन । कतिपय मानिसहरूले संविधान निर्माण गर्दा कतिपय पक्षमा ध्यान दिइएन भन्ने कुरा पनि उठाएका छन् । तर कुरा त्यो होइन । संविधान निर्माण गर्दा निक्कै धेरै जटिलताहरूको सामना गर्नु परेको थियो । त्यो बेला निक्कै जटिल स्थिति थियो । तीनवटा लक्ष लिएका तीनवटा शक्तिहरू संविधान बनाउन लागिरहेका थिए । ती तीनैवटा लक्ष भएकाहरूको एउटा साझा लक्ष तय गर्नुपर्ने अवस्था थियो त्यो । साझा लक्षमा पुग्ने भनेको कुरा त्यतिबेला सहज र स्वाभाविक थिएन र भोलि पनि हुँदैन ।

त्यतिबेलाको स्थिति भनेको प्रतिगमनको चाहना राख्नेहरू वा पुरानै व्यवस्थाका हिमायतीहरू सम्पूर्ण रूपले आफ्नो हार मानिरहेका थिएनन्, नयाँ शक्तिले पनि सम्पूर्ण रूपले आफूले विजय प्राप्त गरिसकेको भन्ने महसूस गरिसकेका थिएनन् । ती दुवैको बीचमा 'जितें जितें' र 'हारें हारें' भन्ने ठानिएको अवस्था थियो । ०४६ सालको आन्दोलन सफल भएपछि नेपालको राजनीतिको उदार बुर्जुवाहरूको एउटा शक्तिले राजनैतिक स्वतन्त्रता प्राप्ति गर्नेबित्तिकै सबै थोक प्राप्त गरेको ठान्यो । उसले सामाजिक-आर्थिक रूपान्तरणको सवाललाई र राजनैतिक उपलब्धिलाई दरो गरी संस्थागत गर्नुपर्ने कुरालाई गम्भीरताका साथ लिन चाहेन । उसले ०१५ सालकै संविधानलाई नै एक दुईवटा कुराहरू तलमाथि गरेर यथावत् स्वीकार गर्न जोड दिएको थियो । उसलाई नयाँ संविधान बनाउने कुरामा चासो नै थिएन । अर्को पुरानो व्यवस्थाकै हिमायती शक्ति ०१९ सालको संविधानका कतिपय कुरालाई राखेर थोरैमात्र सार्वभौमसत्ता जनतालाई दिने र अरू सबै आफूमा राख्न चाहन्थे । तर वामपन्थी शक्तिहरूको उपस्थितिको कारणले गर्दा संविधानलाई यो विन्दुसम्म ल्याउन सकिएको थियो ।

संविधान निर्माण गर्दा विकेन्द्रीकरण, विभिन्न जातजाति, समुदायको राजनैतिक प्रतिनिधित्वका कुराहरू, महिला समानताका कुराहरू, जनमत संग्रह, छुवाछूतको लागि कडा व्यवस्था गर्ने आदि कुरामा हामीले बहस गर्नु परेको थियो । ती कुराहरूमध्ये कतिपय कुराहरू संविधानमा समावेश भए । कतिपय कुराहरू संविधान बनाउँदा समावेश भएतापनि तात्कालीन मन्त्रिमण्डलले झिकिदिए र कतिपय कुराहरू समावेश गर्न संभव नभएपछि हामीले फरक मत राखेका थियौं ।

यो १२ वर्षमा समाजको पुरानो संरचनालाई तोड्न नसक्नु पनि एउटा त्रुटि भएको छ । यो १२ वर्षमा हामीले अवश्य पनि समाजमा उथलपुथल ल्याउने खालका सामाजिक सुधारका कार्यक्रमहरू संचालन गर्नुपर्दथ्यो । तर हामीले त्यस्तो पाइला चाल्न सकेनौं । यसले गर्दा समाजमा जाति भेद, छुवाछूत तथा महिला असमानताका समस्याहरूको समाधान गर्न सकेनौं ।

यसरी एकातिर सामाजिक रूपान्तरणको काममा हामीले कदम चाल्न सकेनौं भने अर्कोतिर प्रशासनिक निकायहरूलाई कमजोर बनाउने, संस्थागत प्रक्रियालाई बेवास्ता गर्ने, नैतिक मूल्य र मान्यतालाई बिर्सिने, क्रान्तिकारी आदर्शलाई बिर्सिने काम भयो । यसले गर्दा जनताले भोग्नुपरेका समस्याहरू र उनीहरूले उठाइरहेका आवाजलाई सकारात्मक रूपले लिने, हल गर्ने काममा बेवास्ता गरियो । विपक्षीहरूलाई दमन गर्ने, सताउने, दुःख दिने, उनीहरूको अस्तित्वलाई अस्वीकार गर्ने प्रवृत्ति बढ्यो । अन्याय, अत्याचार, सामाजिक भेदभाव, भ्रष्टाचार, कुशासन, असमानताले गर्दा नेपाली जनतामा उकुसमुकुस ल्यायो । यी सबै उकुसमुकुसको बीचमा राजनैतिक रूपमा असहिष्णुतापूर्ण व्यवहार चर्को रूपमा हुनथाल्यो । यही पृष्ठभूमिमा माओवादी समस्याले जन्म लियो । माओवादी समस्याले जन्म लिएपछि देशमा अर्को किसिमको अराजनैतिक प्रवृत्ति देखापऱ्यो । त्यसले देशको भौतिक

संरचनालाई ध्वस्त बनाउने र विपक्षीलाई क्रूरतापूर्ण हत्या गर्ने काम गर्‍यो ।

देशमा यी सबै समस्याहरू आउनुमा मुख्य कारण संविधानमै निहित संरचनागत त्रुटीहरू हुन् । यसलाई सच्याएर व्यवस्थालाई सुदृढ बनाउन सत्तामा बस्ने संसदवादी सबै पार्टीहरूले वास्ता गरेनन्, चाहेनन् भन्ने टिप्पणी यो अन्तर्क्रियामा उल्लेख गरिएको छ । यसले के कुराको संकेत गर्‍यो भने नेकपा एमाले, नेपाली कांग्रेसलाई अरू पार्टीहरूलाई एउटै दृष्टिले हेरियो र उनीहरू सबैलाई एउटै घानमा राख्ने कोशिस गरियो ।

वास्तवमा यो सत्य होइन । प्रजातन्त्र पुनर्स्थापना भएको यो १३ वर्षको अवधिमा साढे दश वर्ष नेपाली कांग्रेस सत्तामा बसेको छ । नेकपा एमालेले ९ महिनामात्र आफ्नो एकलौटी सरकार चलाउन पाएको छ । त्यस अवधिमा नेकपा एमालेले खेलेको भूमिकाको निष्पक्ष मूल्यांकन हुनुपर्छ । कतै त्रुटि भएको छ भने हामी शिर निहुर्‍याएर स्वीकार गर्न तयार छौं । हाम्रो पार्टी र कार्यकर्ताहरूले गरेका गल्ती कमजोरीहरूको पनि हामी नैतिक जिम्मेवारी लिन तयार छौं । तर नेकपा एमाले सत्ताको सवालमा अलि बढ्ता केन्द्रित भयो भन्ने जुन सवाल हो त्यसलाई अस्वीकार गर्न सकिन्न । त्यसमा हामी बहकिने स्थिति बन्यो । त्यो पनि 'देशको निम्ति केही गरौं' भन्ने भावनाले भएको हो । तर त्यसले गर्दा संसदमा विकृति उत्पन्न भयो । त्यसलाई हामीले महसूस पनि गर्‍यौं ।

तर हामी सत्तामा बसेको अवधिमा हामीले थुप्रै कामहरू गरेका छौं । त्यस अवधिमा हामीले क्रान्तिकारी भूमिसुधार गरेर आर्थिक तथा सामाजिक रूपान्तरणतिर अगाडि बढ्नुपर्छ भन्ने मान्यता अगाडि ल्याएका थियौं र केशव बडालको आयोगले प्रतिवेदन तयार पनि गरेको थियो । तर हाम्रो सरकार ढलेकोले त्यसलाई लागु गर्न सकिएन । त्यस्तै गरेर '९ सको अभियान', 'आफ्नो गाउँ आफैं बनाऊँ अभियान', मान्छेको सामाजिक सुरक्षा लागि र वृद्धहरूको समस्या हल गर्न बृद्धभत्ताको व्यवस्था गरिएको थियो । शिक्षा नीतिमा परिवर्तन गर्नको लागि कसरी अघि बढ्नुपर्छ भन्ने मान्यता पनि त्यतिबेला अगाडि हामीले नै ल्याएका थियौं । अरू संस्कृति, धर्म, भाषाको उपस्थितिलाई स्वीकार गरेर उनीहरूलाई संचारमा महत्व दिइएको थियो । त्यस्तै गरेर, प्रशासन यन्त्रलाई राजनीतिकरण गर्नुहुँदैन भन्ने मान्यता राखेर प्रशासनिक क्षेत्रमा व्यवसायिक सफलता प्राप्त व्यक्तिहरूलाई नियुक्ति गर्ने काममा हामीले प्राथमिकता दिएका थियौं । विदेशीहरूसँगको सम्बन्ध समानताको धरातलमा उठाउन पनि हामीले त्यतिबेला भूमिका खेलेका थियौं ।

भ्रष्टाचारको विरूद्धमा पनि नेकपा एमालेले ठूलो भूमिका खेलेको छ । सरकारी अड्डा अदालतमा भ्रष्टाचार गर्नेहरूलाई नेकपा एमालेले कठालो समातेको छ । सरकारी गाडीको दुरूपयोग गर्नेहरूलाई बाटाबाटामा समातेर सरकारलाई गाडी बुझाउने काम गरेको छ । भ्रष्टाचारको विरूद्धमा संसदमा हंगामा गरेको छ । अख्तियार दुरूपयोग निवारण आयोगलाई यति शक्तिशाली बनाउने काम एमालेले नै गरेको थियो ।

संसदीय पार्टीहरूका नेताहरू भ्रष्ट भए, पार्टीमा पारदर्शिता भएन भन्ने, पार्टीहरूमा संस्थागत विकास भएन, पार्टीहरूको प्रजातन्त्रीकरण भएन भन्ने कुरामा यो अन्तर्क्रियामा नेकपा एमालेलाई समेत मुछिएको देखियो । कसरी भएन एमालेमा पारदर्शिता, संस्थागत विकास र प्रजातन्त्रीकरण ? जबकि नेकपा एमालेको घर बनाउने नेताहरूको छानबीन गरेको छ, एक एक हिसाव किताव सोधेको छ र रिकर्ड राखेको छ । सबै पदाधिकारीहरूको निर्वाचन गर्ने प्रणाली स्थापित गरेको छ । कुनै पनि नीतिगत निर्णयहरू गर्नुपर्‍यो भने पार्टीको कमिटीको वैठकमा छलफल हुन्छ र त्यहींबाट निर्णय हुन्छ । पार्टीलाई गतिशील र क्रियाशील बनाउनको लागि पार्टीको संगठनात्मक व्यवस्था, सैद्धान्तिक र वैचारिक विषयमा कक्षा संचालन गर्ने अभियान चलाएको छ । पार्टीको गाउँदेखि केन्द्रसम्म नियमित अधिवेशन हुने निर्वाचनबाटै पदाधिकारीहरू छान्ने काम गरिन्छ । गलत काम गर्ने कार्यकर्ताहरूलाई कारवाही गर्ने गरिएको छ ।

यसरी एमालेले गरेको सकारात्मक कामलाई वास्ता नगर्ने सबै पार्टी र नेताहरू उस्तै उस्तै हुन् भनेर यस अन्तर्क्रियामा एमालेप्रति नकारात्मक सन्देश दिन खोजिएको छ । समग्रतामा भन्नु पर्‍यो भने अहिले मुलुक गम्भीर संकटमा छ । यसमा कसैको दुईमत हुनसक्दैन । हाम्रो राज्य नै असफल हुने बिन्दूमा त पुगेको छैन ? भन्ने प्रश्न यहाँ खडा भएको छ । यो राज्य नै जब असफल हुन्छ त्यस्तो अवस्थामा विदेशीहरूको खतरा हुन्छ । अहिले देश आर्थिक हिसावले मात्र नभएर राज्य संचालनको हिसावले पनि अप्रभावकारी भएको छ । यसको जिम्मेवारी अधिकांश समय सत्ता चलाउने नेपाली कांग्रेसले लिनुपर्छ ।

यो १२ वर्षमा अधिकतम समय सत्तामा बसेको नेपाली कांग्रेसले देशको विकासको लागि भूमिसुधार, सामाजिक सुधार, साक्षरता कार्यक्रम आदि सुधारका कार्यक्रम संचालन गर्नुपर्दथ्यो । तर सरकारले यस्ता कार्यक्रमहरू संचालन गर्न कुनै पनि कदमहरू चालेन । त्यसलाई स्वतःस्फूर्त रूपमा छाडियो । समाजमा परिवर्तन भयो र जनतामा जागरण आयो भने आफ्नो मनपरी शासन टिकाउन सकिँदैन भन्ने मान्यता पंचायतकालमा थियो । त्यही मान्यता नेपाली कांग्रेसमा पनि रह्यो । समाजमा भएका जाली फटाहा, शोषक, सामन्तहरूको प्रतिनिधि पार्टी र रक्षक पार्टी बन्न पुग्यो नेपाली कांग्रेस । समाजका पुराना संरचनालाई तोडेर ठालूहरूको मनपरीतन्त्र तोड्ने कुरामा उसको ध्यान नै गएन । शोषक-सामन्त, जाली-फटाहाहरू उसको पार्टीका नेता र कार्यकर्ताहरू बन्न पुगे । त्यसमा नेकपा एमालेलाई पनि जोडेर यस अन्तर्क्रियामा कुरा आएको छ । होला, केही त्यस्ता व्यक्तिहरू नेकपा एमालेमा पनि । तर त्यस्ता व्यक्तिहरू पनि आफ्नो विचार र धारणामा परिवर्तन गरेर आउँछन् भने त्यसलाई छोड्न सक्तैनौं । नयाँ क्रान्तिकारीहरू पनि त बिग्रिने र शोषकहरूको प्रवक्ता बन्नसक्छन् भन्ने कुरा पनि देखिएकै कुरा हो ।

यो १२ वर्षमा विकेन्द्रीकरणलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन नसकिएको, विकेन्द्रीकरणको अवधारणा बीचमै अलमलियो भन्ने कुरा उल्लेख भएको छ । वास्तवमा यो कुरा सत्य हो । भौगोलिक

**नेकपा एमाले सत्ताको सवालमा अलि बढ्ता केन्द्रित भयो भन्ने जुन सवाल हो त्यसलाई अस्वीकार गर्न सकिन्न । त्यसमा हामी बहकिने स्थिति बन्यो ।**

तथा जातीय संरचनाभित्र विकेन्द्रीकरणका पाइलाहरू शुरूमै चाल्नुपर्ने थियो । पिछडिएका दुर्गम क्षेत्रहरूलाई विकासको मूलप्रवाहमा सामेल गर्नको लागि उचित रकम र सरकारी स्रोतको विन्यास गर्ने, रोग भोकको समाधान गर्न, रोजगारीको समस्या समाधान गर्न विकेन्द्रीकरणलाई ठीक ढंगले लागू गर्न सकेको भए धेरै समस्याहरूको समाधान हुनसक्थ्यो । सत्तामा पुगेका पार्टीहरूले विकेन्द्रीकरणको माध्यमबाट जनमुखी प्रजातन्त्र र जनसहभागितामूलक प्रजातन्त्रमा जाने सोच राख्नुपर्दथ्यो । यो १२ वर्षमा त्यो सोच पैदा हुनै सकेन ।

सबै अधिकारहरूको केन्द्र काठमाण्डौ भइदियो, सिंहदरवार भइदियो र केही मन्त्रीहरू भइदिए । यो प्रवृत्तिले गर्दा अत्यन्त धेरै बजेट भएका मन्त्रालयहरू पनि एउटै व्यक्तिको कब्जामा राख्ने प्रवृत्ति रह्यो । र, पैसा आउने र कमिशन आउने सबै कामहरू आफ्नै माध्यमबाट मात्र जाओस् भन्ने कुरामा ध्यानकेन्द्रित भयो । त्यस्तालाई नियन्त्रण गर्ने कसरी ? रोक्ने कसरी ? संस्थाहरूलाई बलियो बनाउने कसरी ? संस्थागत रूपमा

काम गर्ने परिपाटीलाई हुर्काउने कसरी ? सिंगो राष्ट्रको नेता बन्ने कसरी ? सिंगो जनताको भावनाको प्रतिनिधित्व गर्ने कसरी ? सबै जनताको सरकार बन्ने कसरी ? भन्ने भावना सत्तामा गएका मान्छेहरूमा आउन सकेन । सत्ता एउटा पार्टीमा, पार्टीभित्र पनि सानो गुटमा सीमित भएर आफ्नो स्वार्थमा केन्द्रित गर्न खोजियो । जसरी पनि चुनावमा जित्ने, पैसा कमाउने प्रवृत्ति हावी हुनथाल्यो । त्यसको निम्ति भ्रष्टाचार गर्नको लागि सत्तामा टिकिरहन राजनैतिक निकायहरूको राजनीतिकरण गर्ने कामहरू भए । त्यस निकायहरूमा आफ्ना आउरेबाउरेहरूलाई राख्ने काम भयो, योग्यताको कदर गर्ने काम हराएर गयो । मेरिटोक्रेसी (गुणतन्त्र)मा विश्वास गरिएन । नातावाद कृपावादलाई बढी बढावा दिन थालियो ।

यसरी सबै अधिकार केन्द्रमा नै सीमित रहेको कारणले गर्दा प्रजातन्त्रको लाभ तल्लो निकाय र जनताहरूले पाउन सकेनन् । नीति निर्माण, योजना निर्माण र कार्यान्वयन गर्ने काममा जनतालाई सहभागी गराउने दिशातर्फ कसैको ध्यान गएन । संविधान बनाउँदा नै यो कुरा छुटेकोले त्यसमा

## यो संविधानले कहिँकतै पनि सक्रिय राजतन्त्रको उल्लेख गरेको छैन । 'राजा भनेको सक्रिय राजनीतिमा लाग्ने होइन

राजनैतिक दलहरूले ठोस दृष्टिकोण बनाउन नसकेका कुराहरू पनि अन्तर्क्रियामा उठेका छन् । वास्तवमा ती कुराहरू सही छैनन् । नेकपा एमालेले ९ महिनाको आफ्नो शासनकालमा विकेन्द्रीकरणसम्बन्धी कानून बनाउनको लागि सबभन्दा बेसी पहल गरेको थियो । र, विकेन्द्रीकरणको अवधारणालाई ठोस रूपमा अगाडि सारेको थियो । यतिमात्र नभएर संविधान निर्माण गर्दा पनि विकेन्द्रीकरणलाई संविधानमा समावेश गर्नको लागि जोडदार रूपमा कुरा उठाइएको थियो । तर अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले 'अहिले यो सरकार नयाँ नयाँ बनेको छ, कस्तो किसिमको स्थानीय निकायहरू के के नाममा राख्ने ? कति तह राख्ने अहिल्यै टुंगो लगाइनदिनुस् । विकेन्द्रीकरणको विषयमा पछि निर्वाचित सरकारले टुंगो लगाउने गरी व्यवस्था गर्नु उचित हुन्छ" भन्नु भयो । त्यसैले गर्दा विकेन्द्रीकरणलाई संविधानमा नै उल्लेख गर्न धेरै प्रयास गर्दागर्दै पनि हामीले छोड्नु परेको थियो ।

अन्तर्क्रियामा यो १२ वर्षमा राजतन्त्रको वैधानिक रूपान्तरणलाई पूर्णता दिन नसकेको कुरा पनि उठेको छ । यो बीचमा त्यस्तो किसिमको कुराहरू देखियो पनि । परिवर्तनलाई स्वीकार गर्न नसकिएको स्थिति र आफ्नो अधिकार कम भयो कि भन्ने चाहनाको प्रवृत्ति राजामा देखियो । त्यस्तै गरेर प्रधानमन्त्री, पार्टीहरू, सम्वैधानिक अंगहरूमा पनि अधिकार कम भयो कि भन्ने कुरा देखिएको छ भने अदालतमा अधिकार ज्यादा भयो कि भन्ने कुराहरू पनि आउन थालेका छन् । यी सबै कुराहरू बेलाबेलामा आइरहन्छन् । यी सबै कुराहरूलाई ध्यानमा राखेर संविधान संशोधन गर्न तयार हुने हो भने यो समस्या हल हुनसक्छ । संविधान संशोधन गर्दा पनि के के कुरामा सुधार गर्ने र जनतामा स्वस्थ शक्ति र प्रवृत्तिलाई बलियो बनाउने तथा अस्वस्थ शक्ति र प्रवृत्तिलाई निरूत्साहित गर्ने कोणबाट हामीले सोच्नुपर्दछ । अब 'मलाई के हुन्छ ?' भनेर सोच्ने होइन 'राष्ट्रलाई के हुन्छ ? जनतालाई के हुन्छ ?' जनताको अधिकारलाई कसरी बलियो बनाउन सकिन्छ ? भन्ने कुरा सोच्नुपर्छ । यसरी सोचियो भनेमात्र नियन्त्रण र सन्तुलनको उचित बाटो हामी पहिल्याउन सक्दछौं ।

त्यसको लागि कसको अधिकार कति कटाउने, कसको अधिकार कति बढाउने भन्ने कुरामा व्यापक छलफल हुनुपर्दछ । निश्चित रूपमा अधिकार बढाउनुपर्ने कुरा पनि छ र कटौती गर्नुपर्ने कुरा पनि छ । त्यो कुरा छलफलद्वारा निर्णय गर्नुपर्दछ । तर छलफल चलाइरहेको बेलामा निजात्मक स्वार्थ, प्रतिगमन, निरंकुश र अधिनायकवादी प्रवृत्ति हावी हुनुहुँदैन । आफ्नो स्वार्थसिद्धि गर्ने अवस्था कसैले पनि पाउनुहुँदैन । जनताको सार्वभौमिकताको सम्मान र कदर गर्ने संस्थालाई बलियो बनाउन सकियो भने समस्याको समाधान सकारात्मक दिशामा गर्न सकिन्छ ।

यो सक्रिय संवैधानिक राजतन्त्र हो भन्ने कुरा पनि यहाँ उठाइएको छ । यो कुरा बिल्कुल गलत हो । यो संविधान सम्वैधानिक राजतन्त्रको जगमा उभिएको छ । सम्वैधानिक राजतन्त्रको जग भनेको बहुदलीय प्रजातन्त्र नै हो । बहुदलीय संसदीय व्यवस्था नै हो । बहुदलीय संसदीय व्यवस्थाको अवमूल्यन हुने बित्तिकै सम्वैधानिक राजतन्त्रको अवमूल्यन हुन पुग्दछ । बहुदलीय र संसदीय व्यवस्थाको बेवास्ता गर्ने बित्तिकै संवैधानिक राजतन्त्र रहन सक्दैन । सक्रिय राजतन्त्रभन्दा संविधानको हत्या हुनपुग्दछ । र, संविधानको मर्ममाथि आघात पुग्छ । त्यसो भएकोले यो संविधानले कहिँकतै पनि सक्रिय राजतन्त्रको उल्लेख गरेको छैन । 'राजा भनेको सक्रिय राजनीतिमा लाग्ने होइन, राजा सम्मानित भएर रहने हो, राजा सबैको साझा बन्ने हो, राजाले गल्ती गर्दैन, किनकि राजाले काम गर्दैन, राज्य संचालनको जिम्मा मन्त्रिपरिषद्मा रहन्छ ।" भन्ने कुरा संविधानमा उल्लेख भएको छ । यति हुँदाहुँदै पनि यो सक्रिय राजतन्त्रको संविधान हो भनेर अपव्याख्या गरिएको छ । यस्तै यस्तै तत्वहरू हुन् प्रतिगमनका हिमायतीहरू । यिनीहरूले नै वास्तवमा राजालाई उकास्ने र मुलुकलाई डुबाउने भूमिका खेल्छन् । यस्तो प्रवृत्तिको हामीले सशक्त खण्डन गर्नुपर्छ र जनतासामु नंग्याउनुपर्छ ।

यस अन्तर्क्रियामा लोकतन्त्रको वैकल्पिक मोडेलको पनि कुरा उठाइएको छ । हामीले अपनाइरहेको बेलायत र भारतको मोडेलबाहेक अरू वैकल्पिक मोडेलको नेपालमा छलफल नै भएन भन्ने कुरा आएको छ । वास्तवमा यो कुरा होइन । संविधान निर्माणकै समयमा पनि केही वामपन्थीहरूले हामीले किन बेलायतकै मोडेल अपनाउने ? किन स्पेन, जापान तथा स्केण्डिनेभियन देशहरूका मोडेलहरूमा नजाने ? भन्ने कुरामा व्यापक बहस गरेका थिए । ती देशका सम्वैधानिक नमूनाहरूको समायोजन नेपालमा किन नगर्ने भन्ने कुरामा जवर्जस्त तर्कहरू अघि सारिएको थियो । तर त्यो आवाज प्रभावकारी हुनसकेन । वास्तवमा भन्ने हो भने राजा ठीक नहुने हो भने जस्तोसुकै मोडेल अपनाएमा पनि त्यसले समस्या नै समस्या खडा गर्छ । यो कुरा पार्टी र व्यक्तिको आरचणसँग पनि जोडिएको हुन्छ । त्यसैले प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था नै आए पनि देशमा जटिलता आउँदैन भन्ने हुँदैन । त्यसले अर्को जटिलता खडा गर्नसक्छ । यस व्यवस्थामा पनि प्रधानमन्त्री बढी शक्तिशाली होला, संसद एकातिर होला । श्रीलंकाले पनि कहिले राष्ट्रपति कहिले प्रधानमन्त्रीलाई अधिकार दिएर नयाँ नयाँ मोडेल अपनाएको थियो । तर समस्या हल हुन सकेन ।

त्यसैले मूल कुरो हाम्रो प्रवृत्ति, दृष्टिकोण, आचरणमा सुधार गर्नुपऱ्यो र हाम्रो प्रतिवद्धता दह्रो हुनुपऱ्यो । हामीमा इमान्दारिता, नैतिकता छ, आदर्शप्रति प्रतिबद्धता ज्यादा भयो र परिवर्तनको निम्ति, सुधारको निम्ति एउटा वर्गीय दृष्टिकोण बोकेर अगाडि बढ्न सकियो भने समस्या समाधानका उपायहरू खोज्न सकिन्छ । त्यसको निम्ति सत्ता-शक्तिको साझेदारी गर्ने, खेलको नियमलाई मान्ने प्रवृत्ति हुनुपऱ्यो तथा जनतालाई साँचो अर्थमा देशको मालिक स्वीकार गर्न सक्नुपऱ्यो । सार्वभौमिकता जनतामा निहित छ भन्ने यथार्थलाई स्वीकार गर्न सकियो भने अरू सबै कुराहरू परिवर्तन गर्न सकिन्छ । नभए कहिले पैसा र कहिले बन्दूकको शक्ति हावी हुन्छ ।

यस अन्तर्क्रियामा बोझिलो विदेशी सहयोगको पनि कुरा उठेको छ । निश्चित रूपमा हामीले प्राप्त गरेको विदेशी सहयोगलाई सदुपयोग होइन दुरूपयोग गरिरहेका छौं । विदेशी सहयोग हामीले हाम्रो अनुकूल खर्च गर्न सकेनौं । विदेशी सहयोग लिएता पनि हामीले हाम्रो आवश्यकताअनुरूप लिनुपर्दथ्यो र त्यसैअनुरूप योजनाहरूको तर्जुमा गर्नुपर्दथ्यो । तर हामी विदेशीको इसाराअनुसार चल्यौं, हामीले हाम्रो दिमागलाई बन्धकी बनायौं,

हामी पूर्ण रूपले विदेशीहरूमाथि निर्भर भयौं । हामी उनीहरूसामु नतमस्तक हुने उनीहरूप्रति भक्तिभाव देखाउने प्रवृत्ति हामीमा बढ्यो । नेपालीहरू जतिसुकै योग्य र सक्षम भएतापनि उनीहरूले विदेशी सहयोगमा बन्ने योजनामा काम पाउँदैनन् । महंगा र सिकारू सल्लाहकार र कर्मचारीहरूले यहाँ काम गर्न आउँछन् । यो एउटा मानसिक उपनिवेश हो । यसबाट हामी मुक्त हुन सकेनौं । विदेशीहरूमात्र काममा निपुण हुन्छन्, उनीहरूको अगाडि हामी नालायक छौं, हामी केही पनि गर्दैनौं भन्ने प्रवृत्ति यहाँ हावी भएको छ । नेपालीहरू पनि सक्षम छन्, योग्य छन्, उनीहरूमा पनि खुवी छ तर त्यसको उपयोग हामीहरूले गरिरहेका छैनौं । विदेशीले दिएको कुरालाई आँखा चिम्लेर नक्कल गर्ने प्रवृत्तिले पनि हाम्रो देश दुर्दशातिर अगाडि बढिरहेको छ । यतिमात्र होइन, आएका सहयोगमा पनि चरम भ्रष्टाचार भएको छ । आएको सहयोगमध्ये ३० प्रतिशत पनि हामीले सदुपयोग गर्न सकिरहेका छैनौं । तैपनि विदेशीहरू सहयोग दिन खोजिरहेका छन् । त्यसको पछाडि के नियत छ भन्ने पनि हाम्रोसामु प्रश्नचिन्ह खडा हुन्छ ।

कथित उदारवादी अर्थतन्त्र, विश्वव्यापीकरण, खुल्ला अर्थतन्त्रको नाममा जुन नीतिहरू यहाँ अवलम्बन गर्न खोजियो त्यसले पनि हाम्रो देशको अर्थतन्त्रलाई धराशायी पारेको छ । हाम्रो देशको स्थितिले पचाउनसक्ने कुराहरू मात्र हामीले लिनु पर्नेमा सबै कुराहरू लिन खोज्यौं । यसले देशको अर्थतन्त्रलाई धराशायी पार्न ठूलो मद्दत गऱ्यो । यसमा प्रशासनिक र व्यवस्थापकीय अयोग्यतामात्र नभएर हाम्रो दृष्टिकोणमा नै त्रुटि भएको छ ।

यस अन्तर्क्रियामा संचारमाध्यमको बारेमा पनि कुरा उठेको छ । वास्तवमा संचार माध्यमले जनतालाई जागृत गर्न, चेतना ल्याउन र जनमत सृजना गर्न ठूलो भूमिका खेलेको हुन्छ । यो १२ वर्षको अवधिमा संचार क्षेत्रबाट विभिन्न किसिमका विचारहरू आएका छन् । त्यसले केही मात्रामा भएता पनि नेपाली जनताहरू सुसूचित भएका छन् । र, उनीहरूमा जागरण आएको छ र उनीहरू चेतनशील भएका छन् । तर पनि यहाँका संचार माध्यमले जति सकारात्मक भूमिका खेल्नुपर्ने हो र जति विश्लेषणात्मक भएर अगाडि बढ्नुपर्ने हो, जुन हिसावले जनमत निर्माण गर्नुपर्ने हो, त्यो गर्न सकेको देखिएन । यहाँका सबैजसो संचारमाध्यमले जो चोर र भ्रष्टाचारी छन् त्यसलाई चोर र भ्रष्टाचारी भनेर किटेर भन्न सकेनन् । सबैलाई चोर र भ्रष्ट भन्न थालियो । यसले भ्रष्ट र चोर अनि अयोग्य पार्टीलाई लुकाउने काम गरेको प्रष्ट देखियो । यो काम साप्ताहिक, मासिक र दैनिक सबै पत्रिकाहरूले गरिरहेका छन् । ❑❑

# निकास : जनताको प्रभुसत्ता जनतालाई नै

**विश्वनाथ उपाध्याय, निलाम्बर आचार्य, डा. कृष्णकुमार पाँडे, डा. मधु घिमिरे डा. देवेन्द्रराज पाण्डे, डा. लक्ष्मीनारायण, कुलशेखर शर्मा र दमननाथ ढुंगानाको मत**

**असोज** १८ गतेको शाही घोषणाले त्यसै पनि विषम परिस्थितिमा रहेको मुलुकलाई अरू विषम र संकटग्रस्त तुल्याएको तथ्यलाई तत्पश्चातका घटनाक्रमले पुष्टि गरेका छन् । माओवादी युद्धको वा प्रजातान्त्रिक पार्टीका नेतृत्वमा रहेकाहरूको संकीर्ण स्वार्थपरकताको वा निर्वाचित सरकारका कमजोरीहरूको जवाफ ऐतिहासिक जनआन्दोलनको सम्वैधानिक उपलब्धिमाथि प्रहार गरेर होइन, त्यसको अरू विकासद्वारा जनतालाई बलियो तुल्याएर मात्र दिन सकिन्थ्यो । राज्यशक्तिको स्रोतको रूपमा जनताको प्रभुसत्ता र सम्वैधानिक सर्वोच्चतालाई चुनौती दिने कार्यले राजा र जनताबीच द्वन्दको स्थिति सिर्जना गरेको छ । पार्टी नेतृत्वप्रति जनताको तीव्र असन्तोषलाई जनताकै अधिकार कटौती गर्न उपयोग गर्दा त्यस्तो कदमप्रति जनविरोध हुँदैन वा यसले द्वन्द बढाउँदैन भन्ठान्नु प्रजातन्त्र पुनर्स्थापना आन्दोलनका वर्षहरू र तत्पश्चातको प्रजातान्त्रिक अवधिमा जनतामा आएको परिपक्वतालाई नबुभ्नु ठहरिनेछ ।

राज्यशक्तिको स्रोत जनता हुन् र उनको हातमा प्रभुसत्ता रहेको हुन्छ, राज्यशक्तिको प्रयोग उनले आफैं वा उनको अनुमतिले उनका प्रतिनिधिहरूले मात्र गर्न सक्दछन् । २०४६ सालको जनआन्दोलनको ऐतिहासिक उपलब्धिको रूपमा रहेको २०४७ सालको संविधानले यो तथ्यलाई संस्थागत गरी इतिहासमा पहिलो पटक अन्तिम रूपले जनताको प्रभुसत्तालाई स्वीकार गरेको हो । मुलुकमा चुलिंदै आएका समस्याको समाधान गर्न, असोज १८ गतेपश्चात् उत्पन्न सम्वैधानिक रिक्तताको असहज स्थितिलाई समाप्त पार्न, राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता बचाउन, देशमा शान्तिसुरक्षा कायम गर्न, मुलुकको स्थितिलाई अरू बिग्रन नदिई सामान्य तुल्याउन नेपाली जनताले आफ्नो प्रभुसत्ताको पुनः प्रत्यक्ष प्रयोग गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूमाथि प्रहार गर्ने, जनताको प्रभुसत्ता खोस्न खोज्ने, जनतालाई विद्रोहमा धकेल्न सक्ने, मुलुकमा अशान्ति र हिंसा बढाउने चरित्रका सम्पूर्ण कामकारवाही रोकी मुलुकका सबै राजनीतिक शक्तिहरू र द्वन्दरत पक्षहरूले जनताले आफ्नो राजकीय सत्ताको प्रत्यक्ष प्रयोग गर्ने शान्तिपूर्ण एवं भयमुक्त वातावरण र उपयुक्त संयन्त्र निर्माण गर्नु वर्तमान राजनीतिक निकासका लागि पहिलो जरूरी कार्य हुन आएको छ । जनताको प्रभुसत्ता जनतालाई नै स्वयं वा उनले निर्वाचित गर्ने प्रतिनिधिमार्फत् प्रयोग गर्न दिने सिवाय अहिले अर्को कुनै उचित विकल्प छैन । जनमत संग्रह, संविधानसभा वा प्रभुसत्तात्मक सदनको निर्वाचन वा जनप्रभुसत्ता प्रयोगका अन्य कुनै उपाय संचालन गर्ने अन्तरिम संयन्त्र निर्माण गर्न नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), नेकपा (माओवादी)लगायत सबै राजनीतिक पार्टी र शक्तिहरू शान्तिपूर्ण सम्वादमार्फत् सहमतिमा पुग्नुपर्दछ । बहुदलीय प्रजातन्त्र एवं सम्वैधानिक राजतन्त्रको मर्मअनुरूप राजनीतिक विवादभन्दा माथि रहने बाटोमा फर्की राजाबाट यस्तो सम्वाद र सहमतिलाई प्रोत्साहन र मान्यता प्रदान गरिनुपर्दछ । माओवादीहरूले सशस्त्र युद्धलाई त्यागेर बृहद प्रजातान्त्रिक सहमति निर्माणमा सहभागी बन्ने बाटो रोज्नु आवश्यक छ । राजनीतिक पार्टीहरूले माओवादीहरूलाई हिंसाबाट शान्तिपूर्ण राजनीतिमा फर्काउने बाटो पहिल्याउनु जरूरी छ ।

विघटित प्रतिनिधिसभालाई ब्यूँभ्काई क्रियाशील तुल्याएर वा संसदीय पार्टीहरू र माओवादीसमेतको सहमति र समर्थनको अन्तरिम व्यवस्था गरेर जनताको प्रभुसत्ता प्रयोगको स्वरूप र त्यसको संचालनको संयन्त्र निर्माण गरिनुपर्दछ । वैधता, विश्वसनीयता, योग्यता, अधिकारसम्पन्नता, जनसमर्थन आदि कुनै कुरा नभएको र जनतालाई वा जनताका राजनीतिक शक्तिहरूलाई प्रतिनिधित्व पनि नगर्ने सरकारलाई निरन्तरता दिनु मुलुकका लागि हितकर छैन । ❑

> राज्यशक्तिको स्रोत जनता हुन् र उनको हातमा प्रभुसत्ता रहेको हुन्छ, राज्यशक्तिको प्रयोग उनले आफैं वा उनको अनुमतिले उनका प्रतिनिधिहरूले मात्र गर्न सक्दछन्

## मूल्यांकनबारे एमालेका महासचिव

नेकपा एमालेले आफ्नो नौ महिनाको शासनकालमा थुप्रै राम्रा कामहरू गरेको थियो । एमालेले गरेका राम्रा कामहरूलाई स्वीकार नगर्ने, एमाले पनि नेपाली कांग्रेसजस्तै अवसरवादी हो भनेर आरोप लगाउने काम मूल्यांकनले गरेको छ । नेकपा एमालेविरूद्ध नकारात्मक धारणा दिनको लागि मूल्यांकनका लेखकहरू लगातार लागिरहेका छन् । स्वयं मूल्यांकनको सम्पादकको दृष्टिकोण पनि यस्तै छ । राजनीतिक पार्टीहरूलाई बदनाम गर्ने र प्रतिगमनकारीहरूलाई मद्दत गर्ने काममा सहयोग गर्ने काम मूल्यांकनले गरिरहेको छ । नेकपा एमालेले खेलेको भूमिकालाई अवमूल्यन गरिदिने ?

एमालेका कति नेता र कार्यकर्ताहरू माओवादीका क्रूरताको शिकार भएर मारिएका छन् । त्यसको अभिलेख मूल्यांकनले राख्दैन । उग्रवामपन्थी प्रवृत्ति, उग्रदक्षिणपन्थी प्रतिगमन र यथास्थितिवादको विरूद्धमा लडेको एमालेको क्रान्तिकारी इतिहासलाई अगाडि सार्दैन । नेकपा एमालेबाट कुनै त्रुटि भएको छैन म भन्दिन , भएको होला । तर त्यो त्रुटि कुनै स्वार्थबाट भएको छैन । कुनै अनुचित काम नेकपा एमालेले गरेको छैन । त्यसैले सबै पार्टीहरूलाई एउटै घानमा राख्ने काम नगरौं । नेकपा एमालेले गरेको राम्रो कामलाई सबैले स्वीकार गर्नुपर्‍यो ।

**- माधव कुमार नेपाल**
*महासचिव नेकपा (एमाले)*
**(मूल्यांकनसँगको टेप-वार्तामा आधारित)**

## विध्वंसकारीहरू राष्ट्रघाती हुन्

विचारहरूको अन्तर्क्रिया गर्ने क्रममा मूल्यांकन मासिकको पूर्णाङ्क -१०२ 'सांस्कृतिक विशेष अंक' पाउँदा हर्ष लाग्यो । त्योभन्दा बढ्ता त विकल, संग्रौला, राजव र ढकालका चेतनायुक्त कथाहरू र हरि अधिकारी, शैलेन्द्र साकार, विमल निभा, अशेष मल्ल, रमेश-श्रेष्ठ, पूर्णविराम, अमर गिरी र राजकुमार के.सी.का गर्विला र मार्मिक कविताहरू पढ्न पाउँदा असाध्यै गौरवान्वित भइयो । अर्कातिर संविधान सभाका बारेमा दमननाथ ढुंगाना, विश्वनाथ उपाध्याय र पिताम्बर शर्माहरूका विचारहरूले नेपाल र नेपालीहरूलाई स्वच्छ र उत्तम मार्ग निर्देश गरेका छन् ।

माओवादीहरूले विकासका पूर्वाधारहरू ध्वस्त पारेर आफ्नै नेपाली दाजुभाइ र दिदी बहिनीहरू मारेर कस्तो परिवर्तन ल्याउन खोजेका हुन्, कस्तो राष्ट्रको कल्पना गरेका हुन् र विनाश गरेर देश विकास हुने र देशभक्ति प्रदर्शन हुने नीति कसले र कहिले निर्माण गरेका हुन् ? छानवीन र सोधपुछको जालोमा फसाएर सर्वसाधारणहरू, विज्ञहरू, पत्रकारहरूलाई दुर्भाग्यको मुखमा पुर्‍याउने सरकारी नीतिले कहिले शान्ति स्थापना गर्ला र सबैलाई राष्ट्रियताको भावना जगाएर राष्ट्रोत्थानमा लाग्न प्रेरित गर्ला ? जति सोच्दा पनि, जति विचार र भावना बुझ्न चाहँदा पनि सर्वसाधारण नेपाली जनताहरूले उत्तर भेट्टाएका छैनन् । अर्कातिर माओवादीहरूले धेरैजसो सामान्य हैसियत र सामान्य प्रवृत्तिका सोझासीधा नेपाली दाजुभाइलाई, दिदीबहिनीहरूलाई गाउँ-ठाउँमा गठन गरिएको जनसरकारमा र छापामार संगठनमा सामेल हुन बाध्य पार्दछन् । उनीहरूलाई न माओवादीहरूको नीतिको बोध हुन्छ न सरकारी नीतिकै बोध हुन्छ । तर तिनीहरूको अनभिज्ञता र अबोधपनको ख्याल नगरी दुवैथरीबाट प्रतिकूल व्यवहार गरिँदा कुन सच्चा शान्तिप्रिय नेपालीको मन नरोला ? परिवर्तनका नाममा र शान्ति स्थापनार्थका लागि भनेर गरिने अभद्र, अमानवीय र सम्पूर्ण विध्वंसक कार्यहरू जोबाट गरिन्छ, वास्तविक राष्ट्रघाती र नेपालीका शत्रुहरू तिनै हुन् ।

मूल्यांकनको श्रीवृद्धि र दीर्घ यात्राका लागि कामना गर्दै पन्त्रान्त गर्दछु, धन्यवाद !

**- नन्दलाल आचार्य 'ललादन्न'**
*तपेश्वरी- १, गल्फडिया, उदयपुर ।*

## गीत, संगीतमा ध्यान पुगोस्

पूर्णाङ्क- १०२ का सबै सामग्रीहरू पठनीय नै लाग्यो । सांस्कृतिक अंक विशेष भएकाले मेरो विशेष चाहनायुक्त भयो । दमननाथ ढुंगाना, विश्वनाथ उपाध्याय तथा पीताम्बर शर्माका संविधान सभासम्बन्धी आलेख तथा विचारहरू समसामयिक महसूस भयो । डा. चैतन्य मिश्र, सुनिल पाखरेल र नारायण अमृतहरूको मानवीय सांस्कृतिक पक्षहरूको विश्लेषण सटिक र गहन छ । अझ विशेष त केदार शर्माको 'बाटो विराएको एउटा यात्रा' रह्यो । यथार्थमा सरकारी मिडिया साच्चै नै उहाँले भन्नुभए जस्तै छ ।

कथाहरूमा खगेन्द्र संग्रौला, राजव र नारायण ढकाल पाठकहरूको मानसपटलमा सिधै प्रवेश पाएझैं लाग्यो भने प्रख्यात प्रगतिशील साहित्यकार रमेश विकलको कथा 'जंगलदेखि जंगलतिरै' राम्रो हुँदाहुँदै पनि अलिक 'अतिरञ्जित' हो कि झैं महसूस भयो ।

कविताहरू सबै कविहरूका ओजस्वी नै छन् । त्यसमा पनि कवि पूर्णविराम, शैलेन्द्र साकार, विमल निभा र अशेष मल्ल विशिष्ट तर अशेष मल्लको बाहेक अरूको अलिक बोधगम्य नभई क्लिष्टझैं लाग्यो । अन्य कविहरू रमेश श्रेष्ठ, अमर गिरी तथा राजकुमार के.सी.का कविताहरू पनि यथार्थका धरातलमा उभिएका उत्कृष्ट अभिव्यक्तिको रूपमा रहेको पाएँ ।

आगामी अंकहरूमा सांस्कृतिक पक्षअन्तर्गत गीत/संगीतलाई पनि विशेष ध्यान दिइयोस् भन्ने अपेक्षा गर्दछु ।

**- पुरू रिंजाल,** *त्रिशुली*

## एफ. एम. चाहियो

'मूल्यांकन' मासिक मेरो मूल्यांकनमा प्रगतिशील, देशभक्त, जनवादी वा भनौं समतामूलक वैज्ञानिक समाज निर्माणप्रति लक्षित सिद्धान्त तथा क्रियाकलाप वा पहलहरूको समीक्षामूलक पठन सामग्री हो ।

समाज परिवर्तनको हरेक आन्दोलनमा सैद्धान्तिक पक्ष मुख्य हुन्छ । त्यसैले हालका दिनहरूमा अन्तर्क्रिया प्रकाशनको योगदान अद्वितीय नै छ ।

यही सन्दर्भमा म के भन्न चाहन्छु भने आउँदा दिनहरूमा अन्तर्क्रिया प्रकाशनले एफ.एम. रेडियो संचालन गर्न सकेको खण्डमा झनै राम्रो हुने थियो ।

आज प्रसारणमा आइरहेका अनगिन्ती एफएम रेडियोहरू (केहीबाहेक) केवल बेरोजगार युवा मस्तिष्कलाई बिगार्ने मात्रै छन् । स्वस्थ मनोरंजन, चेतनामूलक प्रसार सामग्री, वर्गीय दृष्टिकोण तथा समतामूलक समाज निर्माणमा अभिप्रेरित गर्ने खालको रेडियो प्रसारणको अत्यन्तै खाँचो महसूस भएको छ ।

**- पुरूषोत्तम रिजाल**
*तुप्चे- ६, नुवाकोट ।*


## प्रतिगामीहरू बलिया हुने हुन् कि ?

'मूल्यांकन' को पूर्णाङ्क १०२ पढेपछि केही कुरा लेख्न मन लाग्यो ।

माओवादीले उठाएको संविधान सभाको मागमा अहिले सबैजसो राजनीतिक दलहरू सहमत भइसकेको जस्तो देखिएको छ । मूल्यांकनले पनि यसैलाई प्राथमिकता दिएको छ । संविधानलाई वास्तविक अर्थमा जनताको संविधान बनाउने हो भने संविधान सभा त अपरिहार्य नै छ । तर के त्यसको लागि वर्तमान समय उपयुक्त छ र ? संसदीय दलहरू भ्रष्टाचार, तिकडमबाजी आदिका कारण जनताका नजरमा गिरिसकेका छन् । उता गणतन्त्रवादी माओवादीहरू उपलब्ध संचार माध्यमका एकतर्फी प्रचारबाजी र भौतिक पूर्वाधार ध्वस्त पार्ने, जथाभावी व्यक्तिहत्या गर्ने गरेर जनताबाट टाढिएका छन् । यस्तो बेलामा संविधान सभाको चुनाव वा जनमत संग्रहबाट झन् उल्टै प्रतिगमनकारीहरू बलियो हुने त हैन ? भोलि प्रगतिशील शक्ति अल्पमतमा पर्‍यो भने राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरूले त्यसलाई एउटा नजीर बनाएर यथास्थितिको रक्षा गरिरहने छन् । के यो संभावना छैन र ?

साधारण जनताको हत्या गर्ने, जथाभावी बम राख्ने, भौतिक पूर्वाधारहरू ध्वस्त पार्ने (र, पछिल्लो चाहिँ उपत्यकामा अनिश्चितकालीन शैक्षिक संस्थाहरूमा बन्दको घोषणा गर्ने जस्तो अव्यवहारिक आन्दोलन) आदि गरेर अलोकप्रियता हासिल गर्नुभन्दा भ्रष्टाचारी, तस्करहरू, कालोबजारी गर्ने व्यापारीहरूमाथि कारवाही केन्द्रित गरेर लोकप्रियता हासिल गर्नु पो पर्छ माओवादीहरूले ।

**- छविलाल छविन्द्र**
*दाङ्ग । हाल: काठमाण्डौं*



FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER
TUBORG
AANL/GBPL-2001

MULYANKAN
A magazine for Thought-Interaction
ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

